UG S2–06 (AEC)

FOUR YEAR BACHELOR'S DEGREE COURSE

(CBCS in Accordance with NEP 2020)

SEMESTER – II

नेपाली भाषा रअनुवाद

Padmanath Gohaibaruah School of Humanities

Krishna Kanta Handiqui State Open University

Subject Expert:

1. Prof. Diwakar Pradhan, Head, Department of Indian Languages, Banaras Hindu University, Varanasi, UP.

Course Coordinator:

Dr Prasenjit Das, KKHSOU

SLM Preparation:

All Units : Dr. Khagen Sarma

Eiditors:

Content:

Language:

Structure and Format:

This Self Learning Material (SLM) is available under the Creative Commons Attribution-Non-Commercial-Share Alike 4.0 License (International)
http://creativecommons.org/licenses/by-nc-sa/4.0/

First Print : April, 2026

Printed and published by the Registrar on behalf of Krishna Kanta Handiqui State OpenUniversity

Head Office: Patgaon, Rani Gate, Guwahati-781017
City Compus: Resham Nagar, Khanapara, Guwahati- 781022

CONTENT

एकाइ 1 : देवनागरी लिपि र वर्ण 7-21

यस एकाइमा देवनागरी लिपिको उत्पत्ति र विकास , अक्षरको संरचना , ध्वन्यात्मक प्रणाली , वर्णमालाको वर्गीकरण , लेखन नियम , शुद्ध उच्चारण , नेपाली भाषासँगको सम्बन्ध र सांस्कृतिक महत्वको अध्ययन गरिन्छ। विद्यार्थीलाई सही लेखन अभ्यास , भाषा चेतना र लिपि प्रयोगमा दक्ष बनाउने उद्देश्य राखिएको छ, जसले भाषाको ऐतिहासिक र व्यवहारिक पक्ष बुझ्न सहयोग गर्दछ।

एकाइ 2 : मात्रार संयुक्त वर्ण 22-38

यस एकाइमा देवनागरी लिपिमा प्रयोग हुने मात्राहरू, तिनको स्वरध्वनासँगको सम्बन्ध, पञ्चमवर्णको सही प्रयोग, अर्धाक्षरको महत्व र संयुक्ताक्षर निर्माण प्रक्रिया अध्ययन गरिन्छ। उदाहरणसहित अभ्यास गराई विद्यार्थीमा शुद्ध लेखन , उचित उच्चारण , क्लस्टर शब्दको पहिचान र प्रयोग क्षमता विकास गराउने लक्ष्य राखिएको छ।

एकाइ 3 : अङ्क र सङ्ख्या 39-52

यस एकाइमा अङ्कको भूमिका र महत्त्व, अङ्क र सङ्ख्याबीचको भिन्नता, मुख्य (Cardinal) तथा क्रमाङ्क (Ordinal) सङ्ख्याको प्रयोग, नेपाली र रोमन अङ्क प्रणाली, देवनागरी विराम चिन्ह, प्रूफ रिडिङ, ठूला सङ्ख्याका नाम र सुनको तौल तथा शुद्धताको मापन प्रणाली अध्ययन गरिन्छ।

एकाइ 4 : हिज्जेका सामान्य नियम 53-74

नेपाली हिज्जेका सामान्य नियमको अध्ययन गरिएको छ। यसमा तद्भव , तत्सम र आगन्तुक शब्दहरूको लेखन , ह्रस्व–दीर्घ, हलन्त, शिरबिन्दु–चन्द्रबिन्दुको प्रयोग , ब–व उच्चारण फरक , पदयोग–पदवियोग, विज्ञान र प्रविधिका नयाँ शब्दहरूको रूपान्तरण , प्रुफ–रिडिङको ऐतिहासिक विकास र लेखन–शैली (Style Manual) का नियमहरू समेटिएका छन्। यसले शुद्ध , व्यवस्थित र मानक लेखन सिकाउँछ।

एकाइ 5 : अनुवादको परिचय 75-93

अनुवाद भाषा–भाषाबीच अर्थ, भावना, शैली र सन्देश स्थानान्तरण गर्ने प्रक्रिया हो। यसले ज्ञान , साहित्य, विज्ञान, संस्कृति र सूचना विश्वभर फैलाउँछ। अनुवादकले मूल र लक्ष्य भाषामा दक्षता , सांस्कृतिक संवेदनशीलता र विषयगत ज्ञान राख्नु पर्छ। यसले भाषा सिप , आलोचनात्मक सोच , सिर्जनात्मक क्षमता र रोजगारी अवसर विकास गर्छ।

एकाइ 6 : अनुवादका प्रविधि र विधिहरू 94-111

अनुवाद केवल शब्द रूपान्तरण होइन , यसले भाव, शैली, सन्दर्भ र सांस्कृतिक तत्व सुरक्षित राख्छ। सहज, स्पष्ट र प्रभावकारी अनुवादका लागि शब्द –प्रतिशब्द, अर्थ–केन्द्रित, भाव–केन्द्रित, तुक्का/सांस्कृतिक, लघु–प्रत्याय, अन्तःसङ्गत, पूरक/संक्षेपजस्ता प्रविधि र प्रत्यक्ष , अप्रत्यक्ष, सर्जनात्मक, प्राविधिक, सांस्कृतिक विधि प्रयोग गरिन्छ। अभ्यासले दक्षता बढाउँछ।

एकाइ 7 : भाषा प्रयोगमा क्रियाको भूमिका र प्रकार **112-128**

यस एकाइमा भाषामा क्रियाको महत्व, प्रकार र प्रयोगबारे चर्चा गरिएको छ। क्रिया वाक्यको मेरुदण्ड हो र यसले कर्ताको कार्य , अवस्था वा प्रक्रिया व्यक्त गर्छ। सकर्मक र अकर्मक , समापिका र असमापिका, करण र अकरण क्रियाका उदाहरणसहित प्रयोगलाई व्याख्या गरिएको छ। अज्ञात भूत क्रियाको विशेषता र नेपाली भाषामा पाइने मौलिक प्रयोगसमेत प्रस्तुत गरिएको छ। जुबिन गार्गको जीवन र योगदानको आधारमा क्रियाको व्यवहारिक प्रयोग स्पष्ट गरिएको छ।

एकाइ 8 : भाषामा पदवर्गको महत्त्व **129-144**

यस एकाइमा भाषा सिकाइमा *पदवर्ग*को भूमिका र महत्त्वको अध्ययन गरिन्छ। शब्दको वर्गीकरण , कार्य र वाक्यभित्रको प्रयोग बुझाइन्छ। नाम , क्रिया, विशेषण, सर्वनाम, क्रियाविशेषण र अव्ययको सही प्रयोगमार्फत शुद्ध , स्पष्ट र प्रभावकारी अभिव्यक्ति विकास गरिन्छ र व्याकरणिक शुद्धता बढाइन्छ।

एकाइ 9 : अर्थ–व्याख्या र यसका फाइदा **145-155**

अर्थ–व्याख्या भनेको कुनै पाठ , भनाइ, घटना वा संकेतको सतही मात्र होइन , भित्री अर्थ, उद्देश्य र सन्दर्भ बुझ्ने प्रक्रिया हो। यसले साहित्य , शिक्षा, धर्म, दर्शन, कानुन, सञ्चार र अनुवादमा गहिरो भूमिका खेल्छ। सही व्याख्याले ज्ञान, सोच, निर्णय क्षमता र सामाजिक समझदारी विकास गर्छ।

एकाइ 10 : कालका अवस्था र आदरार्थी **156-172**

यस एकाइमा नेपाली भाषामा वर्तमान , भूत र भविष्यकालको प्रयोग , सकरात्मक–नकारात्मक क्रियापद, संयोजन क्रिया र आदर सूचक प्रयोगलाई उदाहरणसहित व्याख्या गरिएको छ। यसमा प्रथम, तृतीय पुरुष र बहुवचनका क्रियापदको रूप , दैनिक जीवनका वाक्यहरू , कथामार्फत नैतिक शिक्षा तथा व्यवहारिक प्रयोग समेटिएको छ।प्रत्येक एकाइको तल र बिचमा आफ्नो प्रगति जाँच्नुहोस् , सारांश, केही गाँठी कुरा , थप अध्ययनार्थ सल्लाहका अध्यासका लागि केही प्रश्नहरू पनि दिइएको छ।

एकाइ 11 : पूर्वोत्तर भारतको नेपाली अनुवादको एक झलक **173-188**

पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्य बहुभाषिक र बहुसांस्कृतिक परिवेशमा विकसित भएको एक समृद्ध साहित्यिक परम्परा हो। संस्कृत , हिन्दी, असमिया, बङ्गला, अङ्ग्रेजी लगायत विभिन्न भाषाबाट नेपालीमा तथा नेपालीबाट अन्य भाषामा भएका अनुवादहरूले नेपाली भाषा र साहित्यको दायरा निरन्तर विस्तार गरेका छन्। प्रारम्भमा धार्मिक –दार्शनिक कृतिहरूमा केन्द्रित अनुवाद परम्परा पछि कथा, उपन्यास, कविता, नाटक, निबन्धजस्ता विविध साहित्यिक विधासम्म फैलिएको देखिन्छ। विभिन्न कालखण्डका अनुवादकहरूको योगदानले नेपाली साहित्यलाई राष्ट्रिय र विश्वसाहित्यसँग जोड्ने सांस्कृतिक सेतुको भूमिका निर्वाह गरेको छ। यसरी पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्य आज स्वतन्त्र, सशक्त र सम्मानित साहित्यिक विधाका रूपमा स्थापित हुँदै गएको छ।

विषय परिचय– क्रियाको प्रयोग अध्ययन

नेपाली भारतका अनुसूचित भाषाहरूमध्ये एक हो। असममा धेरै मानिसहरूले नेपाली बोल्छन् , र कृष्णकान्त सन्दिकै राज्यिक मुक्त विश्वविद्यालय (Krishna Kanta Handiqui State Open University, KKHSOU) का केही विद्यार्थीहरू पनि नेपालीभाषी छन् एवम् हुन्छन् । NEP 2020 को ढाँचाअनुसार, सबै विद्यार्थीहरूले सेमेस्टर दुईमा कुनै भारतीय भाषा अध्ययन गर्नुपर्ने हुन्छ। त्यसैले, नेपालीलाई क्षेत्रीय भाषाहरूको रूपमा मान्यता दिँदै सेमिस्टर दुईमा AEC (Ability Enhancement Compulsory) विषयका रूपमा प्रस्तुत गरिएको छ। यसमा नेपाली भाषा वा देवनागरी लिपिको ज्ञान नहुनेका लागि सहायक हुने गरी पाठ्यक्रम तयारी गरिएको छ।

यो पाठ्यक्रम भाषा, अनुवाद, र अर्थ-व्याख्या (Interpretation) मा केन्द्रित छ। यसले विद्यार्थीहरूको भाषिक क्षमता वृद्धि गर्ने लक्ष्य राख्छ र अनुवाद तथा अर्थ-व्याख्याका मुख्य अवधारणाहरू पनि परिचय गराउँछ। भाषा सिक्नु एक व्यावहारिक कौशल हो, र अनुवाद तथा अर्थ-व्याख्यालाई बुझ्दा सो क्षमता अझ बलियो हुन्छ। पाठ्यक्रम यसै अनुसार डिजाइन गरिएको छ , जसमा ११ एकाइहरू समावेश छन् र ३ क्रेडिटको मान दिइएको छ।

एकाइ १ देवनागरी लिपि र वर्ण

एकाइ संरचना

१.१ उद्देश्य
१.२ प्रस्तावना
१.३ लिपिको अवधारणा
१.४ संसारमा अक्षर र लिपिको इतिहास
१.५ नेपाली भाषा र देवनागरी लिपिको इतिहास
१.६ नेपाली भाषामा देवनागरी लिपिको प्रयोग
१.७ विश्वमा अक्षरको इतिहास
१.८ देवनागरी लिपिको पृष्ठभूमि बारे टिप्पणी
१.९ नेपाली वर्णमाला
१.१० देवनागरी लिपिको ध्वन्यात्मकता
१.११ The Devanagari script is used in Nepali Language.
१.१२ सारांश
१.१३ विस्तृत जानकारीका लागि अध्ययन
१.१४ स्वनिरीक्षण
१.१५ अभ्यासार्थ

१.१ उद्देश्य

प्रस्तुत अध्यायको अध्ययन देखि-

- यस अध्ययमा वर्णित अक्षर र लिपिको ऐतिहासिक विकासबारे समग्र समझ प्राप्त गर्छन।
- यसअन्तर्गत देवनागरी लिपिको उत्पत्ति, यसको विकासक्रम र सांस्कृतिक महत्वलाई स्पष्ट रूप ले बुझान सक्छन
- नेपाली भाषा र देवनागरी लिपिबीचको घनिष्ठ सम्बन्धलाई , यसले भाषिक पहिचान कसरी निर्माण गर्छ भन्ने पक्षलाई उजागर गरिन्छ को साथै, ध्वन्यात्मक विशेषता तथा वर्णमालाको संरचना बुझने उद्देश्यले लिपिको स्वरूप, ध्वनि–अक्षर सम्बन्ध र वाचन–उच्चारणमा यसको भूमिका को बारेमा जानकारी प्राप्त गर्छन।
- अन्त्यमा, लेखन, उच्चारण र भाषा संरचनामा देवनागरी लिपिको योगदान कस्तो छ भन्ने मूल्याङ्कन , भाषिक विकासमा लिपि कति महत्वपूर्ण आधार हो भन्ने विश्लेषण गर्न सक्षम हुन्छन्।

१.२ प्रस्तावना

मानव सभ्यताको विकाससँगै भाषा र लिपिको विकास भएको हो । प्रारम्भमा मानिसले आफ्ना भावना, विचार र वस्तु देखाउन सङ्केत, चित्र तथा हाउभाउको प्रयोग गर्थ्यो। समयक्रममा यी चित्रहरू क्रमशः अक्षर र लिपिमा परिणत भए।

सुमेरियन, मिस्रको हाइरोग्लिफ र सिन्धु उपत्यकाको लिपि जस्ता प्राचीन लिपिहरूले लेखनको इतिहासमा महत्वपूर्ण भूमिका खेले। अक्षर र लिपिको यो विकास मानव बुद्धि, सृजनशीलता र सम्प्रेषण आवश्यकताको प्रतीक हो।

१.३ लिपिको अवधारणा

लिपि भनेको कुनै भाषाको ध्वनि (आवाज) लाई अक्षरका चिन्हहरूको माध्यमबाट लेखेर अभिव्यक्त गर्ने प्रणाली हो। जब मानिसले बोल्ने भाषालाई स्थायी रूपमा अभिलेख गर्न चाह्यो , तब उसले ध्वनिहरूलाई देखिने रूपमा रूपान्तरण गर्नका लागि चिन्हहरूको आविष्कार गर्योथ , जसलाई लिपि भनिन्छ। लिपि बिना भाषा केवल मौखिक रूपमा सीमित रहन्छ, तर लिपि प्रयोग भएपछि भाषा पुस्तौँसम्म संरक्षित रहन सक्छ।

लिपिले भाषालाई लेख्ने, पढ्ने र अभिलेख राख्ने सुविधा दिन्छ। संसारमा विभिन्न भाषाका लागि फरक –फरक लिपिहरू विकसित भएका छन् । जस्तै-नेपाली, हिन्दी, संस्कृत, बडो आदिका लागि देवनागरी लिपि , अङ्ग्रेजीका लागि रोमन लिपि, बाङ्ला भाषाका लागि बेङ्गली लिपि, पन्जाबीका लागि गुरुमुखी लिपि, र उर्दूका लागि पर्सो–अरेबिक लिपि प्रयोग गरिन्छ। यसरी के भन्न सकिन्छ भने लिपि भनेको भाषाको लेखाइको आधार हो, जसले बोलाइका ध्वनिलाई चिन्ह र अक्षरका रूपमा प्रस्तुत गर्छ। लिपिबिना कुनै भाषाको स्थायित्व र साहित्यिक विकास सम्भव हुँदैन।भारत भाषिक रूपमा अत्यन्तै विविधतापूर्ण देश हो , र यहाँ एउटा मात्र लिपि होइन , धेरै लिपिहरू प्रयोगमा छन्। भारतमा करिब प्राय १२ वटा प्रमुख लिपिहरू सरकारी रूपमा मान्यता प्राप्त छन्।

--भारतमा प्रयोगमा रहेका प्रमुख लिपिहरू :

१. देवनागरी लिपि -हिन्दी, मराठी, नेपाली, संस्कृत, कोङ्कणी, बोडो, मैथिली, डोगरी आदिका लागि
२. बाङ्ला लिपि (Bangla script) -बाङ्ला, असमिया, मणिपुरीका लागि, अहिले मणिपुरी मइतेई लिपि प्रयोग गर्छन्।
३. गुजराती लिपि -गुजराती भाषाका लागि,
४. गुरुमुखी लिपि -पन्जाबी भाषाका लागि,
५. ओड़िया लिपि -ओड़िया भाषाका लागि,
६. तेलुगु लिपि -तेलुगु भाषाका लागि,
७. कन्नड लिपि -कन्नड भाषाका लागि,
८. मलयालम लिपि -मलयालम भाषाका लागि,
९. तमिल लिपि -तमिल भाषाका लागि,
११. उर्दू लिपि (पर्सो–अरेबिक) -उर्दू भाषाका लागि,
१२ सन्थाली लिपि (Ol Chiki) -सन्थाली भाषाका लागि,
१३. मणिपुरी लिपि (Meitei Mayek) -मणिपुरी भाषाका लागि,

यी लिपिहरूका अतिरिक्त केही साना समुदायहरूले रोमन लिपि , तिब्बती लिपि, सोगाङ सम्पेङ्ग, लेप्चा आदि पनि प्रयोग गर्छन्। अर्थात्- भारतमा कुल मिलाएर करिब १३ प्रमुख लिपिहरू सक्रिय रूपमा प्रयोगमा छन्, र यी लिपिहरूले भारतको भाषिक र सांस्कृतिक विविधतालाई प्रतिनिधित्व गर्छन्।

१.४ नेपाली भाषा र देवनागरी लिपिको इतिहास

नेपाली भाषा र देवनागरी लिपिको विकास एक–अर्कासँग गहिरो रूपमा सम्बन्धित छ। नेपाली भाषा हिन्द–आर्य भाषा परिवारको एउटा शाखा हो , जसको मूल संस्कृत भाषामा पाइन्छ । यस भाषाको प्रारम्भिक स्वरूपलाई गोरखाली

भाषा, खस भाषा, सिञ्जालीवा पर्वतेभाषा पनि भनिन्थ्यो। यसको विकास क्रम अनुसार हेर्दा , नेपाली भाषा समयक्रममा संस्कृत, प्राकृत, अपभ्रंश हुँदै आधुनिक नेपालीको रूपमा विकसित भएको हो।

देवनागरी लिपिको इतिहास पनि प्राचीन छ । यसको मूल स्रोत ब्राह्मी लिपि हो , जुन भारतमा इशा पूर्व तेस्रो शताब्दीदेखि प्रचलित थियो। ब्राह्मीबाट नै गु प्त, सिद्धमात्रिका, नागरी हुँदै देवनागरी लिपि बनेको हो। "देवनागरी" शब्दको अर्थ "देवहरूको शहरमा प्रयोग हुने लिपि" भन्ने हुन्छ -यहाँ देव भनेको विद्या र धर्मसँग सम्बन्धित र नागरी भनेको नागरिक वा सामान्य प्रयोगका लागि भन्ने अर्थमा प्रयोग गरिएको हो।

देवनागरी लिपि ११ औँ शताब्दीतिर स्थिर स्वरूपमा देखा पर्न थाल्यो। यस लिपिमा संस्कृतका ग्रन्थहरू लेखिन थाले, र पछि हिन्दी, मराठी, नेपाली, कोङ्कणी, बडो आदि भाषाहरूमा यसको प्रयोग विस्तार हुँदै गयो।

स्वनिरिक्षण:

प्रश्न १-लिपिको अवधारणा स्पष्ट गर्दै भारतमा प्रयोगमा रहेका प्रमुख लिपिहरूको संक्षिप्त परिचय दिनुहोस्।

१.५ नेपाली भाषामा देवनागरी लिपिको प्रयोग

नेपालीमा देवनागरी लिपिको प्रयोग करिब १० औँ शताब्दीदेखि पाइन्छ । मध्यकालीन अभिलेखहरू , ताम्रपत्रहरू, र दरबारका लेखाजोखा देवनागरी लिपिमा लेखिएका भेटिन्छन्। विशेष गरी गोरखा राज्यका शासनकालमा यो लिपि प्रशासनिक, धार्मिक र साहित्यिक लेखनका लागि प्रयोगमा आयो। गोरखा राज्यको विस्तारसँगै नेपाली भाषा र देवनागरी लिपि दुवै देशभर फैलिँदै गए।

आज देवनागरी लिपि नेपालको सरकारी लिपि मात्र होइन , भारतको पनि एउटा संवैधानिक रूपमा मान्य लिपि हो। यसको विशेषता भनेको यो ध्वन्यात्मक लिपि हो -जसमा उच्चारण अनुसार लेखिन्छ, र प्रत्येक अक्षरले एउटा निश्चित ध्वनि जनाउँछ।

नेपाली भाषा इन्डो-आर्यन भाषाहरूको परिवारमा पर्दछ। यसको उत्पत्ति करिब १० औँ शताब्दीसम्म पुरानो हिन्दूको संस्कृत भाषाबाट भएको मानिन्छ। प्रारम्भमा नेपाली भाषामा प्रायः संस्कृतका शब्द र वाक्य संरचना प्रयोग हुन्थ्यो। समयसँगै स्थानीय भाषाहरूको प्रभावले नेपाली भाषामा नयाँ शब्द र उच्चारण थपियो। यसले भाषालाई सरल र जनमैत्री बनायो। प्रारम्भिक कालमा नेपाली भाषा मुख्यतः बोलीको रूपमा प्रयोग हुन्थ्यो। लेखनको विकास ब्राह्मी र त्यसपछि देवनागरी लिपिबाट भएको थियो। नेपाली भाषा हिमालय क्षेत्रका साना समुदायमा पनि फैलिन थाल्यो। यसले सामाजिक , धार्मिक र सांस्कृतिक कुराहरू व्यक्त गर्न मद्दत गर्यो । पुराना काव्य र धार्मिक ग्रन्थहरू नेपाली भाषाको प्रारम्भिक साहित्यिक प्रमाण हुन्।

नेपाली भाषाले मध्यकालमा नयाँ शैली र व्याकरणिक संरचना विकास गर्यो । राजा पृथ्वीनारायण शाहको कालमा यो भाषा राज्यभाषा र प्रशासनिक भाषाको रूपमा प्रयोग हुन थाल्यो। आधुनिक कालमा नेपाली भाषा शिक्षा , साहित्य र सञ्चार माध्यममा व्यापक फैलियो । पुस्तक, पत्रिका र समाचारपत्रहरूले भाषाको मानक र शैली विकासमा योगदान पुर्याचए। आधुनिक नेपाली साहित्यले भाषा अझ समृद्ध बनायो । भाषामा विदेशी शब्दहरू समावेश भए । रेडियो, टेलिभिजन र इन्टरनेटले भाषाको पहुँच बढायो । नेपाली भाषाले राष्ट्रिय एकता र सांस्कृतिक परिचयको माध्यमको रूपमा भूमिका खेलेको छ। अहिले नेपाली भाषा ३० मिलियनभन्दा बढी मानिसले प्रयोग गर्छन्। यसरी नेपाली भाषाको उत्पत्ति र विकासले यसको ऐतिहासिक, सांस्कृतिक र सामाजिक महत्त्वलाई प्रमाणित गरेको छ।

सङ्क्षेपमा भन्दा- नेपाली भाषा ⟶ हिन्द–आर्य परिवारको भाषा

- देवनागरी लिपि ⟶ ब्राह्मी मूलकी लिपि
- प्रयोग आरम्भ ⟶ करिब १४ औँ शताब्दीदेखि
- प्रयोग क्षेत्र ⟶ नेपाल, भारतका नेपाली भाषी क्षेत्रहरू
- विशेषता ⟶ ध्वन्यात्मक, व्यवस्थित, वैज्ञानिक र स्पष्ट लिपि
  यसरी, देवनागरी लिपिले नेपाली भाषालाई स्थायित्व, परिचय र साहित्यिक समृद्धिको माध्यम प्रदान गरेको छ।

स्वनिरिक्षण:

प्रश्न २. नेपाली भाषामा देवनागरी लिपिको प्रयोगको ऐतिहासिक विकास र यसको वर्तमान महत्त्व स्पष्ट गर्नुहोस्।

१.६ विश्वमा अक्षरको इतिहास

अक्षर शब्द वा ध्वनिलाई लेख्नको लागि प्रयोग हुने चिन्ह हो। यसले बोलाइको आवाजलाई देखिने रूपमा रूपान्तरण गर्छ । अक्षरको माध्यमबाट भाषा पुस्तौँसम्म सुरक्षित रहन्छ । हरेक अक्षरले निश्चित ध्वनि जनाउँछ र उच्चारणसँग मेल खान्छ। यसले लेखाइ, पढाइ र ज्ञान सम्प्रेषणलाई सहज बनाउँछ।

मानव सभ्यताको विकाससँगै भाषा र लिपिको पनि विकास भयो । प्रारम्भमा मानवले आफ्ना भावना र विचार व्यक्त गर्नका लागि सङ्केत , चित्र तथा हाउभाउको प्रयोग गर्थ्यो। पछि उसले वस्तुहरू र घटनाहरूलाई देखाउनका लागि चित्रलिपि (Pictograph) प्रयोग गर्न थाल्यो। यही चित्रलिपिहरू क्रमशः विकास हुँदै अक्षर र लिपिको रूपमा परिणत भए।

सबैभन्दा प्राचीन लिपिहरूमध्ये एक सुमेरियन लिपि (Sumerian Cuneiform) मानिन्छ, जुन करिब ईसा पूर्व ३५०० तिर मेसोपोटामियामा प्रयोगमा थियो । त्यसै समयमा मिस्रको चित्रलिपि (Hieroglyphs) पनि प्रचलनमा थियो। त्यसपछि सिन्धु उपत्यका सभ्यताको लिपिको विकास भयो (इसा पूर्व २५०० तिर), तर आजसम्म पनि पूर्ण रूपमा कसैले पनि पढ्न सकेको छैन।

समयसँगै धेरै लिपिहरू विकसित हुँदै आए -जस्तै फोनिसियन (Phoenician), ग्रिक, ल्याटिन, अरबी, ब्राह्मी आदि। विशेष रूपमा ब्राह्मी लिपि भारतीय उपमहाद्वीपमा अत्यन्तै महत्त्वपूर्ण मानिन्छ , किनकि यही लिपिबाट पछि देवनागरी, बङ्गला, असमिया गुजगाती, तेलुगु, कन्नड आदि लिपिहरू विकसित भएका हुन्।

अक्षर विकासको यो यात्रामा चित्रबाट प्रतीकसम्म र प्रतीकबाट ध्वन्यात्मक चिह्न (phonetic symbols) सम्म पुग्न मानव सभ्यतालाई हजारौँ वर्ष लागेको हो। आज विश्वका अधिकांश भाषाहरू कुनै न कुनै विकसित लिपिमा लेखिन्छन्, जुन यस दीर्घ ऐतिहासिक प्रक्रियाको परिणाम हो । सङ्क्षेपमा, अक्षरको इतिहास मानव बुद्धि, सृजनशीलता र सम्प्रेषण आवश्यकताको प्रतीक हो, जसले मानव समाजलाई ज्ञान, संस्कृति र सभ्यताको दिशामा अघि बढाएको छ।

१.७ देवनागरी लिपिको पृष्ठभूमि बारे टिप्पणी

देवनागरी लिपि भारतीय उपमहाद्वीपमा प्रयोग हुने सबैभन्दा प्राचीन र विकसित लिपिमध्ये एक हो। यसको उत्पत्तिको जरो ब्राह्मी लिपिमा पाइन्छ , जुन इशापूर्व तेस्रो शताब्दीमा प्रयोगमा आएको थियो। ब्राह्मी लिपिबाट नै पछि विभिन्न क्षेत्रीय लिपिहरू विकसित भए -जसमा देवनागरी सबैभन्दा व्यापक रूपमा प्रचलित रह्यो । "देवनागरी" शब्द दुई भागबाट बनेको हो - 'देव' अर्थात् 'देवता' र 'नागरी' अर्थात् 'शहरसँग सम्बन्धित'। यसको अर्थ हुन्छ "देवताहरूको

लिपि" वा "सभ्य समाजमा प्रयोग हुने लिपि"। प्रारम्भमा यो लिपि संस्कृत लेखनका लागि प्रयोग हुन्थ्यो , तर पछि यसको प्रयोग हिन्दी, मराठी, नेपाली, संस्कृत, र अन्य धेरै भारतीय भाषाहरूमा फैलियो।

देवनागरी लिपि ध्वन्यात्मक (phonetic) प्रकृतिको लिपि हो , जसमा हरेक अक्षरले निश्चित ध्वनि प्रतिनिधित्व गर्छ। यसमा १२ स्वर र ३३ व्यञ्जन अक्षरहरू छन्, साथै मात्रा र चिह्नहरू प्रयोग गरी शब्दहरू निर्माण गरिन्छ। यस लिपिको लेखन दिशा बायाँदेखि दायाँ हुन्छ र प्रत्येक शब्द माथि "शिरोरेखा" नामक रेखा जोडिन्छ , जसले देवनागरीलाई अन्य लिपिबाट विशेष परिचय प्रदान गर्छ।

नेपाली भाषाको लेखनमा देवनागरी लिपिले अत्यन्तै महत्वपूर्ण भूमिका खेलेको छ । यसले नेपाली भाषाको उच्चारण, शब्द–संरचना र ध्वन्यात्मक विशेषतालाई सटीक रूपमा अभिव्यक्त गर्न सहयोग पुर्याएको छ । सङ्क्षेपमा, देवनागरी लिपि केवल लेखनको माध्यम मात्र नभई भारतीय उपमहाद्वीपको सांस्कृतिक, धार्मिक र भाषिक एकताको प्रतीक पनि हो। यसको वैज्ञानिक संरचना र सौन्दर्यले यसलाई विश्वका उत्कृष्ट लिपिहरूमध्ये एक बनाएको छ।

भारतमा देवनागरी लिपिको प्रयोग कर्ता- भारतमा देवनागरी लिपिको प्रयोग गर्ने प्रमुख भाषाहरू निम्न छन्-
१ हिन्दी .,२ संस्कृत .,३ मराठी ., ४ नेपाली ., ५ कोङ्कणी ., ६ बोडो ., ७ डोगरी ., ८ मैथिली . आदि।

ध्वन्यात्मक लिपि- ध्वन्यात्मक ध्वनि भनेको आवाज-सँग सम्बन्धित कुरा हो । साधारण भाषामा भनौं भने - ध्वन्यात्मक भन्नाले शब्द, लिपि, वा भाषाको उच्चारणसँग सम्बन्धित विशेषता जनाउँछ।

उदाहरणसहित बुझौं :

कुनै लिपि ध्वन्यात्मक लिपि हुन्छ भने त्यसमा जस्तो उच्चारण हुन्छ , त्यस्तै लेखिन्छ।जस्तै–देवनागरी लिपि ध्वन्यात्मक लिपि हो, किनकि "राम" भन्ने शब्द लेख्दा र बोल्दा एउटै आवाज आउँछ।

परिभाषा : ध्वन्यात्मक = "ध्वनिसँग सम्बन्धित " वा "उच्चारण अनुसार लेखिने। "सङ्क्षेपमा भन्दा ध्वनि = आवाज,ध्वन्यात्मक = आवाज अनुसार लेखिने वा बुझिने गर्छ।

उदाहरण:

- देवनागरी लिपि ⟶ ध्वन्यात्मक
- अङ्ग्रेजी लिपि ⟶ अध्वन्यात्मक (किनभने लेखाइ र उच्चारण फरक हुन्छ, जस्तै: knife ⟶ "नाइफ")

स्वनिरीक्षण :

प्रश्न मानव सभ्यतामा अक्षरको ऐतिहासिक विकासको संक्षिप्त विवेचना गर्नुहोस्। .

१.८ नेपाली वर्णमाला

नेपाली भाषामा दुई प्रकारका वर्ण हुन्छन्-. स्वरवर्णहरू र व्यञ्जनवर्ण।

१. स्वरवर्णहरू (Vowels): कसैको सहायता बिना उच्चारण गर्न सकिने ध्वनि, जस्तै अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, (अयोगबाह अं, अँ,अः), यसमा मूल ११ वटा स्वरवर्ण छन् ।'अं', 'अः' (र 'अँ') लाई अयोगबाह भनिन्छ, किनकि यी न पूर्ण रूपमा स्वर हुन्, न व्यञ्जन। यिनीहरूले 'अ' को सहायतामा मात्र अर्थ वहन गर्छन्, तर यिनीहरूलाई वर्णमालामा स्वर र व्यञ्जनबिच राखिन्छन्। त्यसैले यिनीहरूलाई 'अयोग' (योग नहुँदा पनि र ('बाह' (अर्थ बोकेर ल्याउने भन्ने अर्थमा (ः) र विसर्ग (ं) अयोगबाह भनिन्छ। यी अनुस्वार, अँ हुन्, जसले स्वरपछि आइपर्ने तर स्वतन्त्र रूपमा उच्चारण हुन नसक्ने ध्वनि सूचित गर्ने गर्छन्।

२. व्यञ्जनवर्णहरू (Consonants): स्वरको सहायता बिना उच्चारण गर्न नसकिने ध्वनि), जस्तै-

क वर्ग -क, ख, ग, घ, ङ
च वर्ग -च, छ, ज, झ, ञ
ट वर्ग -ट, ठ, ड, ढ, ण
त वर्ग -त, थ, द, ध, न
प वर्ग -प, फ, ब, भ, म
अन्तस्थ -य, र, ल, व
उष्म -श, ष, स, ह
संयुक्त वर्ण-क्ष, त्र, ज्ञ, श्र, (भारतमा अचेल ड़ र ढ़ पनि व्यञ्जनवर्णमा जोड़िने गर्छ)।
---जम्मा ३३ वटा व्यञ्जनवर्ण छन्। , कुल वर्ण सङ्ख्या : स्वर (१ १) + व्यञ्जन (३३) = ४ ४ वर्णहरू, सङ्क्षेपमाभन्दा - नेपाली भाषाको वर्णमाला देवनागरी लिपिमा आधारित छ र यसको लेखाइ ध्वन्यात्मक (उच्चारणअनुसार लेखिने) हुन्छ।

मुख्य बुँदा

उत्पत्ति र विकास देवनागरी लिपि ब्राह्मी लिपिबाट उत्पन्न भएको हो र भारतीय उपमहाद्वीपमा सबैभन्दा प्राचीन तथा: व्यापक प्रयोग हुने लिपिहरूमध्ये एक हो।
ध्वन्यात्मक लिपि) देवनागरी लिपि ध्वन्यात्मक:phonetic) प्रकृतिको छ; अक्षर लेखिएजस्तो उच्चारण हुन्छ।
लेखन दिशादेवनागरी बायाँदेखि दायाँ लेखिन्छ र प्रत्येक अक्षर माथि शिरोरेखा जोडिन्छ।:
स्वरवर्णअ) वटा स्वरवर्ण छन् ११ नेपालीमा:, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओऔ-अयोगवाह), अं, अः (र यी अक्षर स्वतन्त्र ध्वनि प्रदान गर्छन्।
व्यञ्जनवर्णवटा व्यञ्जनवर्ण छन् ३३:, जसको उच्चारण स्वरको सहयोगले स्पष्ट हुन्छ।
संयुक्त व्यञ्जनकेही व्यञ्जन अक्षर जोडेर नयाँ ध्वनि बनाइन्छ:, जस्तै क्ष, त्र, ज्ञ, श्र अनि ताड़ित वर्ण हुन्ड़-, ढ़।
मात्रा र स्वर–व्यञ्जन संयोजनस्वर:–व्यञ्जन संयोजनमा मात्राहरू प्रयोग हुन्छन्; जस्तै क का = ◌ा+, क कि। = ि◌+
भाषा र साहित्य संरक्षण देवनागरी लिपिले नेपाली भाषा:, साहित्य, धर्म र सांस्कृतिक ज्ञान पुस्तौँसम्म संरक्षित गर्न सहयोग पुर्या उँछ ।
संरचना र वर्गीकरणस्वर:, व्यञ्जन, संयुक्त व्यञ्जन तथा उच्चारणको आधारमा वर्णमाला वैज्ञानिक रूपमा वर्गीकृत छ।
प्रयोग क्षेत्रनेपाली:, हिन्दी, संस्कृत, मराठी, कोङ्कणी लगायतका भाषामा प्रयोग हुने सरकारी , धार्मिक, साहित्यिक र शैक्षिक लिपि हो।

नेपाली वर्णमाला उच्चारणको आधारमा स्वर र व्यञ्जनमा वर्गीकृत गरिएको छ। स्वरहरूमा अ, आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ, औपर्छन् । यी स्वरहरू बोल्दा मुखको विभिन्न भाग प्रयोग हुन्छ र प्रत्येक स्वरको ध्वनि स्पष्ट र अलग हुन्छ। स्वरहरूको प्रयोगले शब्दको उच्चारण र अर्थ दुवै निर्धारण हुन्छ। अयोगवर्णका रूपमा अँ,अं,अः प्रयोग हुन्छ ।

व्यञ्जनहरूलाई उच्चारणका आधारमा समूहमा विभाजित गरिएको छ। क वर्गमा क, ख, ग, घ, ङ, च वर्गमा च, छ, ज, झ, ञ, ट वर्गमा ट, ठ, ड, ढ, ण, त वर्गमा त, थ, द, ध, न, प वर्गमा प, फ, ब, भ, म पर्छन्। यसबाहेक य, र, ल, व, श, ष, स, हअनि संयुक्तवर्णका रूबपमा क्ष, त्र, ज्ञ, श्र जस्ता व्यञ्जनहरू पनि छन् । प्रत्येक व्यञ्जनको उच्चारण फरक स्थान र स्वर संयोजनमा आधारित हुन्छ।

१.९ नेपाली वर्णमाला लेखनको विशेषता

नेपाली वर्णमाला लेखनको मुख्य विशेषता यसको ध्वन्यात्मक र वैज्ञानिक स्वरूप हो। देवनागरी लिपिमा आधारित नेपाली वर्णमालामा जस्तो उच्चारण हुन्छ, त्यही प्रकारले लेखिन्छ । प्रत्येक वर्णको आफ्नै निश्चित ध्वनि हुन्छ र लेखाइमा त्यो ध्वनि स्पष्ट रूपमा प्रकट हुन्छ। यस लिपिमा स्वर र व्यञ्जनहरू व्यवस्थित रूपमा वर्गीकृत छन् -स्वरवर्णहरू स्वतन्त्र ध्वनिहरू हुन् भने व्यञ्जनवर्णहरू स्वरको सहयोगमा उच्चारण गरिन्छ । व्यञ्जनहरू उच्चारणस्थानका आधारमा पाँच वर्गमा (क, च, ट, त, प वर्ग) विभाजित छन्, जसले लिपिको वैज्ञानिकता देखाउँछ।

देवनागरी लिपि बाँया–दाँया लेखिने हुन्छ र यसमा अक्षरहरू माथिल्लो रेखा (शिरोरेखा) द्वारा जोडिन्छन् , जसले लेखाइलाई सुगम र सुन्दर बनाउँछ। नेपाली वर्णमालामा संयुक्त व्यञ्जनहरू (जस्तै क्ष , त्र, ज्ञ, श्र) पनि छन्, जसले ध्वनिको सूक्ष्म भिन्नता प्रकट गर्न सहयोग गर्छन्। यस लिपिको अर्को विशेषता भनेको यसमा सङ्ख्या लेख्ने आफ्नै देवनागरी अङ्क प्रणालीको प्रयोग हो।यसरी , नेपाली वर्णमाला लेखनको विशेषता यसको ध्वन्यात्मकता , वैज्ञानिक वर्गीकरण , सुन्दर लेखाइको संरचना, र सुस्पष्ट ध्वनि–चिन्ह सम्बन्धमा निहित छ, यसले नेपाली भाषालाई समृद्ध, व्यवस्थित र स्थायित्वयुक्त बनाएको छ।

स्वनिरीक्षण:

प्रश्न ४- नेपाली वर्णमालाको संरचना र लेखन–विशेषताको विवेचना गर्नुहोस्।

१.१० The Devanagari script is used in Nepali Language

Vowel- Consonant, secondary symbol (Maatraa) Number/ Digit

Devanagari		Name	IAST (diacritic)	ASCII (common)	Matra (attached to consonant)
अ	a		a	a	(inherent vowel - no matra)
आ	ā		ā	aa / ā	◌ा
इ	i		i	i	◌ि (written before consonant but pronounced after)
ई	ī		ī	ii / ī	◌ी
उ	u		u	u	◌ु
ऊ	ū		ū	uu / ū	◌ू
ऋ	ṛ		ṛ	ri / r	◌ृ
ए	e		e	e	◌े
ऐ	ai		ai	ai	◌ै
ओ	o		o	o	◌ो
औ	au		au	au	◌ौ
अं	anusvāra			ṃ (ṁ)	◌ं / .m ◌ँ (nasal)
अः	visarga		ḥ	ḥ / :	◌ः
◌ँ	candrabindu (nasal)			ã ()	~ (or an) ◌ँ

Notes

- ā often typed aa; ī⟶ ii; ū⟶ uu.
- ṛ sometimes mapped to ri (so ṛ⟶ ri).

Vowel-sign (मात्रा) examples (how vowels attach to consonants)/ बाहरखरी.

- क = ka (inherent a)
- कि = ki (क + ि) -note ि is written before the consonant but pronounced after: कि = ki
- की = kī (क + ी)
- का = kā (क + ा)
- कु = ku (क + ु)
- कू = kū (क + ू)
- के = ke (क + े)
- कै = kai (क + ै)
- को = ko (क + ो)
- कौ = kau (क + ौ)
- कं = kaṃ (with anusvāra)
- कः = kaḥ (with visarga)
- क् = k (क + virāma/halant ् kills the vowel)

थी		Place of Articulation	
क	ka	ka	velar
ख	kha	kha / kh	aspirated voiceless
ग	ga	ga	voiced
घ	gha	gha / gh	voiced aspirated
ङ	ṅa	ṅ / ng	velar nasal (ṅ)
च	ca	ca / cha(soft)	palatal
छ	cha	chha / chh	aspirated palatal
ज	ja	ja	voiced palatal
झ	jha	jha / jh	voiced aspirated palatal
ञ	ña	ñ / ny	palatal nasal
ट	ṭa	ṭ / t.	retroflex voiceless
ठ	ṭha	ṭha / th.	retroflex aspirated
ड	ḍa	ḍ / d.	retroflex voiced
ढ	ḍha	ḍha / dh.	retroflex aspirated
ण	ṇa	ṇ / n.	retroflex nasal
त	ta	ta	dental voiceless

थ	tha	tha / th	dental aspirated
द	da	da	dental voiced
ध	dha	dha / dh	dental aspirated voiced
न	na	na	dental/alveolar nasal
प	pa	pa	labial
फ	pha	pha / ph	aspirated (often written ph)
ब	ba	ba	voiced labial
भ	bha	bha / bh	voiced aspirated labial
म	ma	ma	labial nasal
य	ya	ya	semivowel
र	ra	ra	trill/retroflex approximant
ल	la	la	lateral
व	va	va / wa	varies (v/w) by language/dialect
श	śa	ś / sh	palatal s (IAST ś)
ष	ṣa	ṣ / sh.	retroflex s (IAST ṣ)
स	sa	sa	dental s
ह	ha	ha	glottal fricative
क्ष	kṣa	kṣ / ksh	consonant cluster historically
त्र	tra	tra	consonant cluster (t + r)
ज्ञ	jña	jña / gya / gy	often rendered gya or jñ depending on language

Other signs:

- ◌् (virāma / halant) - kills inherent vowel: क् = k
- ◌ं (anusvāra) - nasalization: कम् = kaṁ / kam
- ◌ः (visarga) - breathy -h: रामः = rāmaḥ
- ◌ँ (candrabindu) - nasalization: माँ = mā̃

Devanagariscript.

राम	Rāma	Rama / Raama
नेपाल	Nepāl	Nepal
विद्यालय	Vidyālaya	Vidyalaya
कथा	Kathā	Katha
शक्ति	Śakti / Shakti	Shakti
क्षितिज	Kṣitija	Kshitij

A few important rules & tips

1.Inherent vowel a: Every consonant letter by default carries an implicit short a (e.g., क = /ka/). To write just the consonant sound, use virāma (्) in Devanagari or omit the a in romanization when representing consonant clusters (e.g., kṣ shows cluster without a).

2.Vowel signs placement: The ि sign is written before the consonant (कि) but romanizes after (ki). Remember this when segmenting text.

3.Schwa deletion (practical speech): In running speech (Hindi / Nepali), the implicit a is sometimes not pronounced (schwa deletion). Rules vary by language; automatic romanizers often over-include final a. Example: the Hindi word वचन is written vacana (IAST) but often pronounced vachan; in Nepali there are other patterns. If you need precise pronunciation for Nepali/Hindi words, apply language-specific schwa rules.

4.v vs w: Devanagari व is pronounced /v/ or /w/ depending on speaker and language - choose v for formal / scholarly transcriptions and w when approximating colloquial pronunciation.

5.Palatal / retroflex sibilants: Use ś (palatal), ṣ (retroflex), and s (dental) in accurate transcriptions. In plain ASCII people usually write all as sh/s which loses distinction.

6.Diacritics vs ASCII: IAST (diacritics) is best for linguistics and accuracy. If you must use plain ASCII (no diacritics), use common conventions: aa, ii, uu, ri for ā, ī, ū, ṛ, and sh, chh, th, dh, gh, bh etc. But expect ambiguity.

Systematic grouping of similar-looking Devanagari letters:

1. Pairs with only one stroke difference

- ब (ba) vs व (va) →ब has a bottom loop; व has an open curl.
- घ (gha) vs ध (dha) →घ has a straight vertical left stroke; ध has a curve at the left bottom.
- ट (ṭa) vs ठ (ṭha) →ठ has an extra upward hook on top-right.
- ड (ḍa) vs ढ (ḍha) →ढ has a loop/hook at top-left.
- फ (pha) vs ध (dha) → both are wide, but फ has a loop below.
- श (śa) vs ष (ṣa) →श has three vertical lines inside; ष has a longer bottom curl.

2. Nasal confusion

- न (na) vs ण (ṇa) →न has a straight left stem; ण has a curved left hook.
- म (ma) vs न (na) →म has two humps; न has only one curve.
- ञ (ña) vs च (ca) → look similar, but ña has a slanted line under curve.
- ङ (ṅa) vs उ (u) → similar loop, but उ has vertical stroke down.

3. Vowel look-alikes

- इ (i) vs ई (ī) →ई is longer, with an extra vertical stroke.
- उ (u) vs ऊ (ū) →ऊ has an extra curve/length on top.
- ए (e) vs ऐ (ai) →ऐ has a double-stroke head.
- ओ (o) vs औ (au) →औ adds an extra upward hook.

4. Rounded vs angular

- द (da) vs ध (dha) ⟶ध has extra curve/hook.
- र (ra) vs व (va) ⟶र is tiny with a right stroke; व is larger with bottom loop.
- क (ka) vs फ (pha) ⟶ both wide, but फ has a hanging loop below.

5. Special clusters that confuse

- ज्ञ (jña) vs क्ष (kṣa) ⟶ both look complex.
  oज्ञlooks like ज + ञ merged (top heavy, small curve at bottom).
  oक्षisक + ष merged (elongated with bottom curl).
- त्र (tra) vs त्त (tta) ⟶त्र has slanted right stroke; त्त has clear double त.

6. Matras (vowel signs) that look similar

- ि (short i) vs ी (long ī) ⟶ ि is written before consonant, ी is after with long line.
- ु (short u) vs ू (long ū) ⟶ ु small hook down, ू has long tail down.
- े (e) vs ै (ai) ⟶ ै has an extra curve on top.
- ो (o) vs ौ (au) ⟶ ौ has double stroke above.

---This kind of visual-similarity chart is often used in teaching Nepali/Hindi so students can focus on tricky shapes and avoid misreading.

मुख्य बुँदा-२

१. अक्षर र लिपि मानव सभ्यतासँगै विकसित भएका सञ्चारका आधार हुन्।
२. प्रारम्भमा सङ्केत र चित्र प्रयोग हुन्थ्यो, जसबाट चित्रलिपि र पछि अक्षर विकसित भए।
३. सुमेरियन, मिस्री र सिन्धु लिपि प्राचीन लिपिका उदाहरण हुन्।
४. लिपि भनेको भाषाको ध्वनिलाई चिन्हमार्फत् लेख्ने प्रणाली हो।
५. ब्राह्मी लिपिबाट देवनागरी लगायत थुप्रै भारतीय लिपिहरू विकास भए।
६. नेपाली भाषा हिन्द–आर्य परिवारको हो र यसको मूल संस्कृत हो।
७. नेपालीलाई गोरखाली, सिञ्जाली, पर्वते वा खस भाषा पनि भनिन्थ्यो।
८. देवनागरी ध्वन्यात्मक लिपि हो - जस्तो उच्चारण, त्यस्तै लेखाइ।
९. देवनागरी बाँयादेखि दायाँ लेखिन्छ र शिरोरेखा(डिको) प्रयोग हुन्छ।
१०. यस लिपिमा आफ्नै अङ्क प्रणाली छ।
११. नेपाली वर्णमालामा मुख्य ११ स्वर र ३३ व्यञ्जन छन्।
१२. स्वर स्वतन्त्र हुन्छन् भने व्यञ्जन स्वरको सहायताले उच्चारण हुन्छन्।
१३. व्यञ्जनहरू क, च, ट, त, प वर्गमा विभाजित छन्।
१४. क्ष, त्र, ज्ञ, श्र आदि संयुक्त व्यञ्जन हुन्।

General Writing Principles of Devanagari

1. Always start with the horizontal line (shirorekhā) at the top – but usually drawn last after finishing the body of the letter.

2. Write top-to-bottom and left-to-right.
3. Use 2–3 strokes maximum for each letter.
4. Rounded letters begin with the curve, then the vertical/straight stroke.
5. Consonants without matras are first drawn as basic skeletons; matras are added after.

१.११ देवनागरी लिपिको प्रकृति

देवनागरी एक ध्वन्यात्मक लिपि हो, अर्थात् जस्तो उच्चारण हुन्छ, प्रायः त्यस्तै लेखिन्छ । यस विशेषताले गर्दा शब्दको उच्चारण र लेखाइबीच सिधा सम्बन्ध स्थापित हुन्छ , जसले भाषा सिक्न र प्रयोग गर्न सहज बनाउँछ । प्रत्येक अक्षरले एउटै निश्चित ध्वनि जनाउँछ, त्यसैले लेख्दा वा पढ्दा भ्रम कम हुन्छ । यस लिपिमा व्यञ्जन अक्षरमा स्वतः 'अ' स्वर अन्तर्निहित हुन्छ, जस्तै क = क् + अ, ग = ग् + अ। यदि अन्य स्वर चाहियो भने मात्र मात्राको प्रयोग गरिन्छ, जसले लेखाइलाई संक्षिप्त र व्यवस्थित बनाउँछ।

देवनागरी लिपिमा स्वरका लागि स्वतन्त्र अक्षर छन् र ती स्वरहरू व्यञ्जनसँग जोडिँदा मात्रा प्रयोग गरिन्छ, जस्तै क + ा = का , क + ि = कि , क + ी = की आदि। यस लिपिमा १ १ वटा स्वर र ३ ३ वटा मूल व्यञ्जन रहेको वैज्ञानिक वर्णमाला प्रणाली छ, जसले भाषिक संरचनालाई स्पष्ट रूपमा प्रस्तुत गर्छ। साधारण व्यञ्जनका अतिरिक्त संयुक्त ध्वनिहरूको अभिव्यक्तिका लागि संयुक्त अक्षर (संयुक्त वर्ण) प्रयोग गरिन्छ , जस्तै क्ष, त्र, ज्ञ, श्र आदि । यसले जटिल उच्चारणलाई पनि सजिलै लेख्ने सुविधा दिन्छ।

लेखनको दृष्टिले देवनागरी लिपिको अर्को विशेषता भनेको माथिबाट जोडिने शिरोरेखा हो। यस रेखाले शब्दका अक्षरहरूलाई एकसूत्रमा बाँधेर लेखाइलाई आकर्षक , परिचययोग्य र स्पष्ट बनाउँछ। देवनागरी बायाँबाट दायाँ तर्फ सरल रेखामा लेखिने लिपि हो , जसले पढ्न र लेख्न सहजता दिन्छ। साथै , ध्वनिका सूक्ष्म भिन्नता दर्शाउन अनुस्वार (ं) , चन्द्रबिन्दु (ँ) र विसर्ग (ः) जस्ता चिन्हहरूको प्रयोग गरिन्छ, जसले उच्चारणलाई अझ शुद्ध बनाउँछ।

यस लिपिमा स्वराघात अर्थात् उच्चारणको स्पष्टता राम्रोसँग अभिव्यक्त गर्न सकिन्छ। यही कारणले देवनागरी उच्चारण शिक्षण र भाषा अध्ययनका लागि अत्यन्त उपयोगी लिपि मानिन्छ। देवनागरी नेपाली मात्र होइन, संस्कृत, हिन्दी, मराठी, कोङ्कणी लगायत अन्य भाषाहरूमा पनि प्रयोग हुने बहुउपयोगी लिपि हो। यसरी , ध्वन्यात्मकता, संरचनागत व्यवस्था, वैज्ञानिकता र बहुभाषिक प्रयोगका कारण देवनागरी लिपि एक सशक्त र समृद्ध लिपि हो।

स्वनिरीक्षण:

प्रश्न ५. देवनागरी लिपिको प्रकृति स्पष्ट गर्दै यसको प्रमुख विशेषताहरूको विवेचना गर्नुहोस्।

१.१२ सारंश

नेपाली भाषा हिन्द–आर्य परिवारको शाखा हो र यसको मूल संस्कृतमा पाइन्छ। प्रारम्भमा यसलाई गोरखाली वा खस भाषा भनिन्थ्यो। समयक्रममा संस्कृत, प्राकृत र अपभ्रंशबाट आधुनिक नेपालीमा विकास भयो।

देवनागरी लिपि ब्राह्मी लिपिबाट उत्पन्न भएको प्राचीन लिपि हो । ई.स. ११औँ शताब्दीमा स्थिर स्वरूपमा देखा पर्न थालेपछि संस्कृत, हिन्दी, मराठी, नेपाली, कोङ्कणी लगायतका भाषामा यसको प्रयोग फैलियो। नेपालमा करिब १४ औँ शताब्दीदेखि प्रशासनिक, धार्मिक र साहित्यिक लेखनका लागि प्रयोग भइरहेको छ।

देवनागरी लिपिध्वन्यात्मकछ, उच्चारणअनुसार लेखिन्छ र शिरोरेखा प्रयोग गरी बाँया–दायाँ लेखिन्छ।

नेपाली वर्णमाला:

- स्वरवर्ण: ११ (अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, (अयोगवाह- अँ,अं,अः)
- व्यञ्जनवर्ण: ३३ (क–ङ, च–ञ, ट–ण, त–न, प–म, य, र, ल, व, श, ष, स, ह (संयुक्त वर्ण-क्ष, त्र, ज्ञ, श्र, ताड़ित वर्ण-ड़, ढ़)
- कुल वर्ण: ४४

विशेषता:

- उच्चारणअनुसार लेखिन्छ (ध्वन्यात्मक),
- स्वर स्वतन्त्र, व्यञ्जन स्वरको सहयोगमा उच्चारण हुन्छ,
- वैज्ञानिक वर्गीकरण र व्यवस्थित लेखन छ,
- नेपाली भाषालाई स्थायित्व, साहित्यिक समृद्धि र सांस्कृतिक परिचय प्रदान गर्ने

१.१३ विस्तृत जानकारीको लागी अध्ययन/ थप-अध्ययनका लागि

- अधिकारी, बलराम.अनुवाद सिद्धान्त र प्रयोग. काठमाडौं : त्रिपिटक प्रकाशन्, २०७१ ।
- अधिकारी, बलराम (अनु.).अनुवाद अध्ययन परिचय (दो.सं.). काठमाडौं : रत्न पुस्तक भण्डार्, २०७२ ।
- अधिकारी, हेमाङ्ग राज, समसामयिक व्याकरण,काठमाडौँ, कुञ्जल प्रकाशन।
- उप्रेती, गङ्गाप्रसाद(प्रधान सम्पा.) प्रज्ञा नेपाली शैक्षणिक व्याकरण, काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान।
- शर्मा, खगेन.फाङ्सनेल नेपाली. गुवाहाटी : आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभाग , गुवाहाटी विश्वविद्यालय, सन २०२५ ।
- शर्मा, खगेन.नेपाली क्रियाको रूपावली. गुवाहाटी : पूर्वायण पब्लिकेसन् सन २०२२ ।
- शर्मा, शिवराज, पूर्वोत्तर माध्यमिक नेपाली व्याकरण र रचना, गान्तोक, जनपक्ष प्रकाशन, २००८।

१.१४ स्वनिरीक्षण:

१ प्रश्नोत्तरः

लिपि भनेको कुनै भाषाको ध्वनिलाई अक्षर वा चिन्हहरूको माध्यमबाट लेखेर अभिव्यक्त गर्ने प्रणाली हो । मानिसले बोलाइलाई स्थायी रूपमा अभिलेख गर्न चाहँदा ध्वनिलाई दृश्य चिन्हका रूपमा प्रस्तुत गर्ने आवश्यकता पर्योत , जसबाट लिपिको विकास भयो। लिपि बिना भाषा केवल मौखिक रूपमा सीमित रहन्छ , तर लिपिको प्रयोगले भाषा पुस्तौँसम्म सुरक्षित रहन सक्षम हुन्छ। लिपिले भाषा लेख्न , पढ्न र अभिलेख गर्न सहयोग गर्दछ , त्यसैले लिपि भाषाको आधारस्तम्भ मानिन्छ ।

भारत भाषिक र सांस्कृतिक रूपमा विविध देश भएकाले यहाँ धेरै लिपिहरू प्रचलनमा छन्। भारतमा करिब १२ देखि १४ वटा प्रमुख लिपिहरू सरकारी रूपमा मान्यता प्राप्त छन् । प्रमुख लिपिहरूमध्ये देवनागरी (हिन्दी, नेपाली, मराठी, संस्कृत, मैथिली आदि), बंगाली (बंगाली, असमिया, मणिपुरी), गुजराती (गुजराती), गुरुमुखी (पन्जाबी), ओड़िया (ओड़िया), तेलुगु (तेलुगु), कन्नड (कन्नड), मलयालम (मलयालम), तमिल (तमिल), उर्दू लिपि अर्थात् पर्सो –अरेबिक (उर्दू), ओल–चिकी (सन्थाली) र मणिपुरी लिपि (मेइतै मयेक) पर्दछन्। यी लिपिहरूका अतिरिक्त रोमन , तिब्बती, लेप्चा

आदि लिपिहरू पनि केही समुदायले प्रयोग गर्छन्। यसरी, लिपिहरूले भारतको भाषिक विविधता र सांस्कृतिक परिचयलाई प्रतिबिम्बित गर्दछन्।

२. प्रश्नोत्तरः

नेपाली भाषामा देवनागरी लिपिको प्रयोग करिब १०औँ शताब्दीदेखि सुरु भएको मानिन्छ । मध्यकालीन अभिलेख, ताम्रपत्र र दरबारका कागजातहरू देवनागरी लिपिमा लेखिएका भेटिन्छन् । गोरखा राज्यको उदयसँगै प्रशासनिक, धार्मिक र साहित्यिक कार्यमा यो लिपिको प्रयोग व्यापक भयो। राजा पृथ्वीनारायण शाहको कालदेखि नेपाली भाषा राज्यभाषा बनेपछि देवनागरी लिपिले औपचारिक मान्यता पायो । गोरखा राज्यको विस्तारसँगै नेपाली भाषा र देवनागरी लिपि देशभर फैलियो।

देवनागरी लिपि ध्वन्यात्मक लिपि भएकाले उच्चारण अनुसार लेखिन्छ र प्रत्येक अक्षरले निश्चित ध्वनि जनाउँछ। यसले नेपाली भाषा सिक्न , लेख्न र पढ्न सहज बनाएको छ। आधुनिक कालमा शिक्षा , सञ्चार, साहित्य र प्रशासनमा देवनागरी लिपिको प्रयोग अत्यन्त व्यापक छ। पुस्तक , पत्रिका, रेडियो, टेलिभिजन र इन्टरनेटले यसको प्रयोगलाई अझ विस्तार गरेका छन्। आज देवनागरी नेपालमा मात्र होइन , भारतमा पनि संवैधानिक रूपमा मान्यता प्राप्त लिपि हो । यसरी, देवनागरी लिपिले नेपाली भाषालाई स्थायित्व, परिचय र साहित्यिक समृद्धि प्रदान गरेको छ।

३. प्रश्नोत्तरः

अक्षर भनेको ध्वनि वा शब्दलाई लेख्न प्रयोग गरिने चिन्ह हो । मानव सभ्यताको प्रारम्भिक चरणमा मानिसले आफ्ना भावना र विचार व्यक्त गर्न सङ्केत , हाउभाउ र चित्रहरूको प्रयोग गर्थ्यो । यसैबाट चित्रलिपिको विकास भयो , जसले वस्तु वा घटनालाई चित्रको माध्यमबाट जनाउँथ्यो । क्रमशः ती चित्रहरू सरल बन्दै गए र अन्ततः अक्षर र लिपिको रूपमा विकसित भए।

सबैभन्दा प्राचीन लिपिहरूमध्ये सुमेरियन क्यूनिफर्म करिब ईसा पूर्व ३५०० मा मेसोपोटामियामा प्रयोगमा आएको मानिन्छ । त्यही समयतिर मिस्रको चित्रलिपि पनि प्रचलनमा थियो। ईसा पूर्व २५०० तिर सिन्धु उपत्यकामा पनि छुट्टै लिपि विकसित भयो, जुन आजसम्म पूरै पढ्न सकिएको छैन । पछि फोनिसियन, ग्रिक, ल्याटिन, अरबी र ब्राह्मी जस्ता लिपिहरू विकसित भए । विशेषगरी ब्राह्मी लिपिबाट देवनागरी , बंगाली, गुजराती, तेलुगु, कन्नड आदि लिपिहरू बने । यसरी अक्षरको विकास मानव बुद्धि र सञ्चार आवश्यकताको परिणाम हो , जसले ज्ञान, संस्कृति र सभ्यतालाई अगाडि बढाएको छ ।

४. प्रश्नोत्तरः

नेपाली वर्णमाला देवनागरी लिपिमा आधारित छ र यसलाई स्वरवर्ण र व्यञ्जनवर्ण गरी दुई भागमा विभाजन गरिएको छ । स्वरवर्णहरू स्वतन्त्र रूपमा उच्चारण गर्न सकिने ध्वनिहरू हुन्। नेपाली भाषामा मूल रूपमा ११ वटा स्वरवर्ण मानिन्छन् र अं तथा अः सहित जम्मा १३ स्वर पाइन्छन् । व्यञ्जनवर्णहरू स्वरको सहायता बिना उच्चारण गर्न नसकिने ध्वनिहरू हुन् । नेपाली भाषामा क वर्ग, च वर्ग, ट वर्ग, त वर्ग र प वर्ग गरी पञ्चवर्गीय व्यञ्जनहरू छन् । यसका अतिरिक्त अन्तस्थ, उष्म र संयुक्त व्यञ्जनहरू पनि समावेश छन्। कुल रूपमा नेपाली वर्णमालामा ४६ वटा वर्ण पाइन्छन्।

नेपाली वर्णमाला लेखनको मुख्य विशेषता यसको ध्वन्यात्मक र वैज्ञानिक स्वरूप हो । उच्चारणअनुसार लेखिने भएकाले यसलाई सिक्न र प्रयोग गर्न सजिलो हुन्छ। व्यञ्जनहरू उच्चारणस्थानका आधारमा वर्गीकृत भएकाले लिपि व्यवस्थित र वैज्ञानिक देखिन्छ। देवनागरी लिपि बाँयादेखि दायाँ लेखिन्छ र अक्षरहरू शिरोरेखाद्वारा जोडिन्छन् । संयुक्त व्यञ्जनहरूको प्रयोगले सूक्ष्म ध्वनि भिन्नता स्पष्ट गर्न सहयोग गर्छ। यसरी, नेपाली वर्णमालाले स्पष्ट लेखन–प्रणाली, सुगम उच्चारण र भाषिक स्थायित्व प्रदान गरेको छ।

५. प्रश्नोत्तरः

देवनागरी लिपि एक ध्वन्यात्मक लिपि हो, अर्थात् जस्तो उच्चारण हुन्छ, प्रायः त्यस्तै लेखिन्छ । यसले उच्चारण र लेखाइबीच सिधा सम्बन्ध स्थापित गर्छ , जसका कारण भाषा सिक्न , पढ्न र प्रयोग गर्न सजिलो हुन्छ । प्रत्येक अक्षरले निश्चित ध्वनि जनाउने भएकाले शब्द लेख्दा वा पढ्दा भ्रमको सम्भावना कम्ह हुन्छ। यही ध्वन्यात्मक विशेषताले देवनागरीलाई वैज्ञानिक र व्यवस्थित लिपि बनाएको छ।

देवनागरी लिपिको अर्को महत्त्वपूर्ण विशेषता भनेको प्रत्येक व्यञ्जन वर्णमा 'अ' स्वर स्वतः अन्तर्निहित हुनु हो। उदाहरणका लागि 'क' भन्नाले 'क् अ +' बुझिन्छ। अन्य स्वर आवश्यक भएमा मात्र मात्रा प्रयोग गरिन्छ, जस्तै क ◌ा+ का =, क कि = ◌ि+, क की आदि। स्वरका लागि स्वतन्त्र अक्षर हुने र व्यञ्जनसँग जोडिँदा मात्राको प्रयोग हुने = ◌ी+ व्यवस्था यस लिपिको संरचनागत विशेषता हो । यस लिपिमा १३ स्वर र ३६ व्यञ्जन रहेको वर्णमाला प्रणाली छ , जसले भाषिक संरचनालाई स्पष्ट रूपमा प्रस्तुत गर्छ।

देवनागरीमा साधारण व्यञ्जनका अतिरिक्त संयुक्त व्यञ्जनहरू पनि पाइन्छन् , जस्तै क्ष, त्र, ज्ञ, श्र आदि। यसले जटिल ध्वनिहरूलाई सजिलै लेखनमा उतार्न मद्दत गर्छ । लेखन प्रणालीका दृष्टिले देवनागरीको अर्को परिचय भनेको शिरोरेखा हो । अक्षरहरू माथिबाट एउटै रेखाले जोडिने भएकाले शब्दहरू स्पष्ट र आकर्षक देखिन्छन् । यो लिपि बाँयादेखि दायाँ सरल रेखामा लेखिन्छ, जसले पढाइमा सहजता प्रदान गर्छ ।

ध्वनिको सूक्ष्म भिन्नता देखाउन अनुस्वार (◌ं), चन्द्रबिन्दु ता चिन्हहरूको प्रयोग हुन्छ। यी (◌ः) र विसर्ग (◌ँ) चिन्हहरूले उच्चारणलाई अझ शुद्ध र अर्थलाई स्पष्ट बनाउन सहयोग गर्छन्। साथै, देवनागरीमा स्वराघात राम्रोसँग देखाउन सकिने भएकाले यो लिपि भाषा शिक्षणका लागि अत्यन्त उपयुक्त मानिन्छ।

देवनागरी नेपाली मात्र नभई संस्कृत , हिन्दी, मराठी, कोङ्कणी जस्ता थुप्रै भाषामा प्रयोग हुने बहुउपयोगी लिपि हो। यसको ध्वन्यात्मकता, वैज्ञानिक संरचना, सुगम लेखन प्रणाली र व्यापक प्रयोगका कारण देवनागरी लिपि एक सशक्त , व्यवस्थित र समृद्ध लिपि मानिन्छ।

? १.१५ अभ्यासार्थ

१. लिपि भनेको के हो? लिपिको भाषामा भूमिका सङ्क्षेपमा लेख्नुहोस्।
२. देवनागरी लिपिको उत्पत्ति र विकास सङ्क्षेपमा उल्लेख गर्नुहोस्।
३. नेपाली भाषामा देवनागरी लिपिको प्रयोग कहिलेदेखि भएको हो? यसको महत्व लेख्नुहोस्।
४. देवनागरी लिपिलाई ध्वन्यात्मक किन भनिन्छ? उदाहरणसहित स्पष्ट गर्नुहोस्।
५. नेपाली वर्णमालाको संरचना (स्वर, व्यञ्जन, संयुक्त व्यञ्जन) छोटकरीमा वर्णन गर्नुहोस्।
६. विश्वमा अक्षर र लिपिको ऐतिहासिक विकास चित्रलिपिबाट आधुनिक लिपिसम्म उदाहरणसहित वर्णन गर्नुहोस्।
७. देवनागरी लिपिको उत्पत्ति, विकासक्रम र यसको विशेषताहरू विस्तारमा लेख्नुहोस्।
८. नेपाली भाषा र देवनागरी लिपिको ऐतिहासिक सम्बन्धबारे समीक्षा गर्नुहोस्।
९. नेपाली वर्णमालाको वैज्ञानिक वर्गीकरण (स्वर, व्यञ्जन, वर्ग, संयुक्त) उदाहरणसहित व्याख्या गर्नुहोस्।
१०. देवनागरी लिपिको ध्वन्यात्मकता , लेखन प्रणाली (मात्रा , शिरोरेखा, दिशा) र यसको व्यवहारिक महत्व विस्तारमा चर्चा गर्नुहोस्।

*** ***** ***

एकाइ २ मात्रा र संयुक्ताक्षर

एकाइ संरचना

२. १ उद्देश्य
२. २ प्रस्तावना
२.३ मात्रा
२.४ देवनागरी लिपिमा संयुक्ताक्षर / क्लस्टर शब्दहरूको विशेषता–
२.५ नेपालीका संयुक्ताक्षर
२.६ मात्रासम्बन्धी केही प्रसङ्ग
२.७ संयुक्ताक्षरसम्बन्धी केही प्रसङ्ग
२.८ सारंश
२.९ उपसंहार
२.१० विस्तृत जानकारीका लागि अध्ययन
२.११ स्वनिरीक्षण
२.१२ अभ्यासार्थ

२.१ उद्देश्य

यस पाठका उद्देश्यहरू निम्नलिखित छन्:

- देवनागरी लिपिमा मात्राको अवधारणा बुझाउनु।
- मात्राबाट स्वरध्वनि कसरी व्यक्त हुन्छ भन्ने कुरा स्पष्ट गर्नु।
- पञ्चमवर्ण (ङ, ञ, ण, न, म) को प्रयोग सिकाउनु।
- संयुक्ताक्षर (क्लस्टर शब्द) के हो भनेर परिचित गराउनु।
- अर्धाक्षर प्रयोगको महत्व बुझाउनु।
- मात्राहरू र संयुक्ताक्षरको प्रयोगद्वारा शुद्ध लेखनमा दक्षता विकास गराउनु।
- नेपाली लिपिको संरचना र विशेषता बुझाउन सहयोग पुर्याषउनु।

२.२ प्रस्तावना

देवनागरी लिपि नेपाली तथा भारतका धेरै भाषाहरूको लेखन प्रणाली हो। यस लिपिमा प्रत्येक व्यञ्जनमा स्वतः 'अ' स्वर अन्तर्निहित हुन्छ। जब व्यञ्जनसँग अन्य स्वरहरू जोडिन्छन्, तब मात्राहरू प्रयोग गरिन्छ। मात्राले शब्दको स्पष्ट उच्चारण, अर्थको भिन्नता र लेखन –पठनमा सहजता प्रदान गर्छ। यसैगरी , देवनागरी लिपिमा संयुक्ताक्षर (क्लस्टर शब्द) निर्माणको विशेष प्रक्रिया छ , जसमा दुई वा दुईभन्दा बढी व्यञ्जन मिलेर नयाँ अक्षर बनाइन्छ। मात्रा र संयुक्ताक्षरको राम्रो ज्ञानले भाषा शुद्ध, स्पष्ट र प्रभावकारी बनाउन सहयोग गर्दछ।

२.३ मात्रा

भारत तथा नेपाल को नेपाली भाषामा मात्रा (द्वितीय प्रतीक) हुनुको कारण के हो भने मात्रा स्वर ध्वनिको प्रतिनिधित्व गर्ने लिपिगत चिह्न हो। देवनागरी जस्ता लिपिहरूअक्षर –प्रधान (consonant-based) प्रणालीमा आधारित छन्, जसमा प्रत्येक व्यञ्जनमा स्वाभाविक रूपमा "अ" स्वर अन्तर्निहित रहन्छ। जब व्यञ्जनसँग अन्य स्वरहरू जोडिन्छन्, तब ती स्वरहरूको ध्वनि जनाउनका लागिमात्राप्रयोग गरिन्छ।

यसरी, मात्राको प्रयोगले व्यञ्जन र स्वरको संयोजनलाई सहज बनाउँछ र उच्चारणमा स्पष्टता ल्याउँछ। उदाहरणका लागि—

क + ा = का, क + ि = कि, क + ी = की, क + ो = को

अर्थात्, भारत तथा नेपालका भाषाहरूमा मात्रा प्रयोग हुनुको मुख्य उद्देश्य स्वरध्वनिको सङ्केत र लेखन-पठनमा स्पष्टता कायम राख्नु हो।

अङ्ग्रेजी भाषामा देवनागरी जस्तामात्रा (secondary symbol) प्रणाली छैन। अङ्ग्रेजीअक्षर –प्रधान (alphabetic) लिपि हो , जहाँ स्वर र व्यञ्जन अलग-अलग अक्षरले व्यक्त गरिन्छ। प्रत्येक स्वर (a, e, i, o, u) व्यञ्जनसँग जोडिनु आवश्यक हुँदैन ; प्रत्येक अक्षरले आफ्नै ध्वनि जनाउँछ। यस कारण , अङ्ग्रेजीमा स्वरका लागि अलगमात्रा–जस्तो प्रतीकप्रयोग गर्नु आवश्यक पर्दैन।

अर्थात् देवनागरी: व्यञ्जन + मात्रा →स्वर ध्वनि जनाउँछ तर अङ्ग्रेजी: स्वर अक्षरले स्वतन्त्र रूपमा स्वर ध्वनि जनाउँछ, मात्रा आवश्यक छैन।

व्यञ्जन	ा (आ)	ि (इ)	ी (ई)	ु (उ)	ू (ऊ)	े (ए)	ै (ऐ)	ो (ओ)	ौ (औ)
क	का	कि	की	कु	कू	के	कै	को	कौ
ख	खा	खि	खी	खु	खू	खे	खै	खो	खौ
ग	गा	गि	गी	गु	गू	गे	गै	गो	गौ
घ	घा	घि	घी	घु	घू	घे	घै	घो	घौ
ङ	ङा	ङि	ङी	ङु	ङू	ङे	ङै	ङो	ङौ
च	चा	चि	ची	चु	चू	चे	चै	चो	चौ
छ	छा	छि	छी	छु	छू	छे	छै	छो	छौ
ज	जा	जि	जी	जु	जू	जे	जै	जो	जौ
झ	झा	झि	झी	झु	झू	झे	झै	झो	झौ
ञ	ञा	ञि	ञी	ञु	ञू	ञे	ञै	ञो	ञौ
ट	टा	टि	टी	टु	टू	टे	टै	टो	टौ

व्यञ्जन	ा (आ)	ि (इ)	ी (ई)	ु (उ)	ू (ऊ)	े (ए)	ै (ऐ)	ो (ओ)	ौ (औ)
ठ	ठा	ठि	ठी	ठु	ठू	ठे	ठै	ठो	ठौ
ड	डा	डि	डी	डु	डू	डे	डै	डो	डौ
ढ	ढा	ढि	ढी	ढु	ढू	ढे	ढै	ढो	ढौ
ण	णा	णि	णी	णु	णू	णे	णै	णो	णौ
त	ता	ति	ती	तु	तू	ते	तै	तो	तौ
थ	था	थि	थी	थु	थू	थे	थै	थो	थौ
द	दा	दि	दी	दु	दू	दे	दै	दो	दौ
ध	धा	धि	धी	धु	धू	धे	धै	धो	धौ
न	ना	नि	नी	नु	नू	ने	नै	नो	नौ
प	पा	पि	पी	पु	पू	पे	पै	पो	पौ
फ	फा	फि	फी	फु	फू	फे	फै	फो	फौ
ब	बा	बि	बी	बु	बू	बे	बै	बो	बौ
भ	भा	भि	भी	भु	भू	भे	भै	भो	भौ
म	मा	मि	मी	मु	मू	मे	मै	मो	मौ
य	या	यि	यी	यु	यू	ये	यै	यो	यौ
र	रा	रि	री	रु	रू	रे	रै	रो	रौ
ल	ला	लि	ली	लु	लू	ले	लै	लो	लौ
व	वा	वि	वी	वु	वू	वे	वै	वो	वौ
श	शा	शि	शी	शु	शू	शे	शै	शो	शौ
ष	षा	षि	षी	षु	षू	षे	षै	षो	षौ
स	सा	सि	सी	सु	सू	से	सै	सो	सौ
ह	हा	हि	ही	हु	हू	हे	है	हो	हौ

व्यञ्जन	ा (आ)	ि (इ)	ी (ई)	ु (उ)	ू (ऊ)	े (ए)	ै (ऐ)	ो (ओ)	ौ (औ)
ड़	ड़ा	ड़ि	ड़ी	ड़ु	ड़ू	ड़े	ड़ै	ड़ो	ड़ौ
ढ़	ढ़ा	ढ़ि	ढ़ी	ढ़ु	ढ़ू	ढ़े	ढ़ै	ढ़ो	ढ़ौ
ज्ञ	ज्ञा	ज्ञि	ज्ञी	ज्ञु	ज्ञू	ज्ञे	ज्ञै	ज्ञो	ज्ञौ
क्ष	क्षा	क्षि	क्षी	क्षु	क्षू	क्षे	क्षै	क्षो	क्षौ

मात्रा लागेका केही शब्द

आ- मात्रा (ा)

काज, काबु, कालो, काम, कार, काँटा, कागज, काँच, काया, काग, किताब, कब्जा, कारोबार, कट्टा, काव्य, काख, काच, काउली, कान, काला

इ- मात्रा (ि)

किताब, किम्ब, किराना, किस, किरण, किनारा, किर्ती, किमि, किना, किनमेल, किराया, किम, किरपा, किन्तु, किशोर, किलो, किन, किरणी, कति, दिन, मिठो, सिमाना, गिलास, बिस्तारा, बिर्को, नजिक, सिङ, लिपि, मिर्चा, सिरक, पिङ, गिरी, बिकास, बित्ता, सिसा, चिन्न

ई- मात्रा (ी)

वीणा, दीपा, तीर्थ, जीवन, रीत, शीश, भीम, हीरा, लील, नीला, सीता, फीता, चीनी, भीत, दीवार, कीड़ा, पीठ

उ- मात्रा (ु)

फुल, गुलाब, मुना, सुन, पुस्तक, पुल, कुरा, खुसी, मुला, चुना, छुट्टी, पुरानो, कुर्सी, शुरु, सुरु, मुटु, सुन्दर, गुरु, दुख, स्कुल, पुरै, दुध, पुल, बुढ़ो

ऊ- मात्रा (ू)

मूल, भूत, मूर्ति, चूर्ण, सूर्यमुखी, सूत, दूर, सूचक, भूगोल, मूर्ख, सूत्र, धुलो

ऋ- मात्रा (ृ)

कृत, ऋतु, कृपा, कृषि, पृथ्वी, दृष्टि, कृत्य, ऋण, मृग, गृहनगर, वृक्ष, कृत्रिम, स्मृति, ऋषि, सृष्टि, गृहा, पृच्छा, कृमि, तृष्णा, मृत्यू

ए- मात्रा (े)

केरा, मेल, तेल, खेले, लेख, नेपली, सेतो, मेच, देउसी, देउता, सेवा, सेना, नेवार, मेवा, लेखा, बेर, बेल, मेरो, तेज

ऐ- मात्रा (ै)

मैना, बैना, पैसा, बैरागी, नैना, गैरा, चैत्य, नैतिक, बैशाख, लैजाऊ, ऐना, भैंसी, गैंडा, चैत्र, मैत्री, नैसर्गिक, ऐतिहासिक, पैदल

ओ- मात्रा (ो)

घोड़ा, भोला, सोना, लोम, बोल, मोती, जोति, धोका, लोक, कोरा, पोथी, दोश्रो, मोडल, रोक, सोध, जोकर, खोला, छोटो, थोपा, लोभी

औ- मात्रा (ौ)
नौका, गौरी, कौवा, चौकी, दौड़, मौन, सौन्दर्य, औंला, चौतारी, नौलो, औषधि, सौगात, पौडी, औद्योगिक, चौथो, मौसमी, चौड़ा, पौवा, दौरा, सौदा

चन्द्रबिन्दु (ँ) प्रयोग भएका शब्दहरू
हिँड्नु, आँखा, काँढ़ा, चाँदी, साँझ, लिँदा, छाँया, बाँस, काँड़ो, पिँढ़ी, झिँगा, मुँड़ो, चुँड़ी, भाँड़ा

अनुस्वर (ं) प्रयोग भएका शब्दहरू

पञ्चमवर्ण भनेको व्यञ्जनवर्णका क च ट त व वर्गका अन्तिम वर्ण हुन् । पञ्चमवर्ण(ङ,ञ,ण,न,म) लागेका शब्द- नेपालीमा हिन्दीको जस्तो सबै पञ्चमवर्णमा डिकोमाथि शिरबिन्दु लगाइँदैन। यहाँनेर विद्यार्थीले के बुझ्नुपर्छ भने हिन्दी र नेपाली लेखन शैलीमा फरक छ। विभक्ति लेखनमा पनि हिन्दी र नेपालीमा फरक छ। नेपालीमा चाहिँ जस्तो उच्चारण सोही अनुरूप अर्ध *ङ ञ ण न म* लेखिन्छ ।
तल यसका उदाहरण दिएको छ-
ङ- अङक, सङ्गीत, चङ्गा, डुङ्गा, सङ्गठन, सङ्घ, दङ्गा, भङ्ग, सङ्कल्प, सङ्केत,
ञ:काञ्चन, किञ्चित, चञ्चल, पञ्च, पञ्चायत, पतञ्जलि, अञ्जलि, श्रद्धाञ्जलि,भाञ्जा,, सञ्चार,मञ्च,
ण:दण्ड,अण्डा,घण्टा,पाण्डव,मुण्डन,कुण्ड,खण्डन
न:बन्धन, बन्चरो, कान्छो, कान्छी,भान्जा,भान्जी, गेन्जी,गठबन्धन, बन्धन,चन्द्र,
म:सम्पादक, सम्बन्ध, विडम्बना

स्वनिरीक्षण:

१.प्रश्न- देवनागरी लिपिमा "मात्रा" भन्नाले के बुझिन्छ ? भारत तथा नेपालका भाषाहरूमा मात्रा प्रयोग हुनुको आवश्यकता किन परेको हो ? देवनागरी लिपिमा मात्राको प्रयोग र अङ्ग्रेजी भाषामा मात्राको अभाव बिचको भिन्नता उदाहरणसहित व्याख्या गर्नुहोस् ।

२.४ देवनागरी लिपिमा संयुक्ताक्षर / क्लस्टर शब्दहरूको विशेषता

देवनागरी लिपिमा दुई वा दुईभन्दा बढी व्यञ्जनहरू एकसाथ आएरसंयुक्ताक्षरनिर्माण गर्छन् । यस प्रकारका अक्षरलाई प्रायःक्लस्टर शब्दपनि भनिन्छ। क्लस्टर शब्दमा प्रत्येक व्यञ्जनको स्वर स्वतन्त्र रूपमा उच्चारण हुँदैन , तर व्यञ्जनहरू मिलेर नयाँ ध्वनि तयार गर्छन् ।

उदाहरणका लागि, अङ्ग्रेजी शब्द *class* मा 'क्' र 'ल' संयुक्त भएर 'क्ल' बनेको छ। यस्तै, 'दण्ड' शब्दमा 'ण्'र 'ड' मिलेर 'ण्ड' बनेको छ। यसरी क्लस्टर शब्दले लेखाइलाई संक्षिप्त र सुगम बनाउँछ।

देवनागरी लिपिमा क्लस्टर बनाउनअर्धाक्षर (half-letter) को प्रयोग गरिन्छ। उदाहरणका लागि , 'सङ्गठन' शब्दमा 'ङ्' र 'ग' मिलेर 'ङ्ग' बनाएइको छ। 'सम्पर्क' शब्दमा 'म्' र 'प्' मिलेर 'म्प' बनेको छ । यसरी क्लस्टर प्रयोगले शब्दको अर्थ स्पष्ट पार्न मद्दत गर्दछ ।

क्लस्टर शब्द पढ्दा व्यञ्जनको उच्चारण सावधानीपूर्वक गर्नुपर्छ। 'शिक्षण' शब्दमा 'ष्' र 'क्' मिलेर 'क्ष' बनेको छ भने 'प्रशासन' शब्दमा 'प्' र 'र्' मिलेर 'प्र' बनेको छ। 'विज्ञान' शब्दमा ज+ञ मिलेर'ज्ञ' संयुक्ताक्षरको रूपमा निर्माण हुन्छ ।

क्लस्टर शब्दले शब्दको सौन्दर्य र लय बढाउँछ । नेपाली र संस्कृत भाषामा क्लस्टर शब्द प्रायः प्रयोग हुने भएकाले विद्यार्थीले यसलाई सिक्दाव्यञ्जन संयोजनका नियमहरू राम्ररी बुझ्नुपर्नेआवश्यकता हुन्छ। क्लस्टर शब्द लेख्दा स्वर

जोड्दा वा मात्रामा ध्यान दिनु अत्यन्त आवश्यक हुन्छ।देवनागरी लिपि अन्य धेरै लिपिहरूको तुलनामा क्लस्टर निर्माणमा धेरै लचिलो र सहज छ।

नेपालीमा परेली र लेख्ने नियम छ । यो नियम माराठीमा पनि छ। देवनागरी लिपि प्रयोग गर्ने अरू भाषामा परेली र पाइँदैन। गऱ्यो, मऱ्यो, दोहोऱ्यायो आगि शब्दमा लेखिने वा प्रयोग हुने आधार 'र' लाई 'परेली र' भनिन्छ। अङग्रेजीमा 'आइलेस आर'(Eyelash r) भनिन्छ। नेपालीका संयुक्त वर्णको लेखनमा यस्ता सामान्य नियम छन्।

अर्को शैलीमा भन्दा यसरी भन्दा सकिन्छ-

१. देवनागरी लिपिमा दुई वा दुईभन्दा बढी व्यञ्जनहरू एकसाथ आएरसंयुक्ताक्षरनिर्माण गर्छन्।
२. संयुक्ताक्षरलाई हामीक्लस्टर शब्दपनि भन्छौं।
३. क्लस्टर शब्दमा प्रत्येक व्यञ्जनको स्वर स्वतन्त्र रूपमा उच्चारण हुँदैन।
४. उदाहरणका लागि, क्लासशब्दमा 'क्' र 'ल' संयुक्त भएर 'क्ल' बनेको छ।
५. 'दण्ड' शब्दमा 'न्' र 'ड्' संयुक्त भएर 'ण्ड' बनेको छ।
६. क्लस्टर शब्दले लेखाइलाई संक्षिप्त र सुगम बनाउँछ।
७. देवनागरी लिपिमा क्लस्टर बनाउन half-letter वाअर्धाक्षरप्रयोग गरिन्छ।
८. 'सङ्गठन' शब्दमा 'ङ्' र 'थ' संयुक्त भएर 'ङ्घ' बनाउँछ।
९. क्लस्टर शब्द पढ्दा व्यञ्जनको उच्चारण सावधानीपूर्वक गर्नुपर्छ।
१०. 'सम्पर्क' शब्दमा 'म्' र 'प्' मिलेर 'म्प' बनाएको छ।
११. संयुक्ताक्षर प्रयोगले शब्दको अर्थ स्पष्ट पार्न मद्दत गर्छ।
१२. देवनागरी लिपि अन्य धेरै लिपिहरूभन्दा क्लस्टर निर्माणमा धेरै लचिलो छ।
१३. संस्कृत र नेपाली दुवै भाषामा क्लस्टर शब्द प्राय: प्रयोग हुन्छन्।
१४. 'शिक्षण' शब्दमा 'ष्' र 'क्' मिलेर 'क्ष' बनेको छ।
१५. क्लस्टर शब्द लेख्दास्वर जोड़दा वा मात्रामाध्यान दिनुपर्छ।
१६. 'प्रशासन' शब्दमा 'प्' र 'र्' मिलेर 'प्र' बनेको छ।
१७. 'विज्ञान' शब्दमा 'ज्ञ' संयुक्ताक्षरको रूपमा प्रयोग भएको छ।
१८. क्लस्टर शब्दले शब्दको सौन्दर्य र लय बढाउँछ।
१९. 'अनुशासन' शब्दमा 'न्' र 'श्' मिलेर 'श्' क्लस्टर बनेको छ।
२०. क्लस्टर शब्द सिक्दा विद्यार्थीलेव्यञ्जन संयोजन नियमराम्ररी बुझ्नुपर्छ।

यहाँ केही संयुक्ताक्षर दिएको छ-यसमा ट-वर्गमा जोड़िएने र-मा ध्यान दिनु जुरुरी छ।

मोठमाठमा देवनागरी लिपिमा मात्राको प्रयोगले व्यञ्जन र स्वरको संयोजन स्पष्ट पार्छ। प्रत्येक व्यञ्जनमा स्वतः "अ" स्वर अन्तर्निहित हुन्छ र अन्य स्वरहरूको ध्वनि जनाउन मात्राहरू प्रयोग गरिन्छ। उदाहरणका लागि, क + ा = का, क + ि = कि, क + ी = की, क + ो = को । भारत र नेपालका भाषामा मात्राले लेखन र पठनमा स्पष्टता ल्याउँछ। अङ्ग्रेजी जस्ता अक्षर–प्रधान लिपिमा स्वर स्वतन्त्र रूपमा व्यक्त हुन्छन्, त्यसैले मात्राको आवश्यकता पर्दैन । देवनागरीमा पाँचमवर्ण (ङ, ञ, ण, न, म) उच्चारण अनुसार लेखिन्छ। यस्ता वर्ण प्रयोग भएका शब्दहरूमा अङ्क, सङ्गीत, काञ्चन, पाण्डव, सम्पादक आदि छन्।

संयुक्ताक्षर वा क्लस्टर शब्द दुई वा दुईभन्दा बढी व्यञ्जन मिलाएर बनाइन्छ। क्लस्टरमा प्रत्येक व्यञ्जनको स्वर स्वतन्त्र रूपमा उच्चारण हुँदैन। उदाहरणका रूपमा, 'दण्ड' मा 'ण्' र 'ड्', 'क्लास' मा 'क्' र 'ल्', 'सङ्गठन' मा 'ङ्' र 'थ' मिलेर क्लस्टर बनेको छ । क्लस्टरले लेखन संक्षिप्त र पढ्न सजिलो बनाउँछ । अर्धाक्षरको प्रयोगले क्लस्टर निर्माणमा मद्दत गर्छ। क्लस्टर शब्दले अर्थ, लय र उच्चारण दुवैमा स्पष्टता ल्याउँछ। नेपाली र संस्कृत भाषामा क्लस्टर शब्द व्यापक प्रयोगमा छन् । विद्यार्थीले क्लस्टर सिक्दा व्यञ्जन संयोजन र मात्रामा ध्यान दिनुपर्छ। यसरी मात्राको प्रयोग र क्लस्टर शब्दको ज्ञानले नेपाली लिपिमा दक्षता र प्रभावकारी लेखन सुनिश्चित गर्दछ।

स्व-अभ्यासका लागि केही प्रश्न-

१. देवनागरीमा मात्रा किन प्रयोग गरिन्छ ?
२. व्यञ्जन मात्रा +⟶ स्वर ध्वनि जनाउने उदाहरण दिनुहोस्।
३. अङ्ग्रेजीमा मात्रा)secondary symbol) प्रणाली किन छैन ?
४. 'क ◌ो+' लाई शब्दमा प्रयोग गरेर उदाहरण बनाउनुहोस्।
५. 'पञ्चमवर्ण' भनिँदा कुन वर्णहरू समावेश हुन्छन् ?
६. 'ङ्' अक्षर प्रयोग भएको शब्द उदाहरण दिनुहोस्।
७. 'ञ्' अक्षर प्रयोग भएको शब्द लेख्नुहोस्।
८. 'ण्' अक्षर प्रयोग भएको नेपाली शब्द दिनुहोस्।
९. 'न' अक्षर पञ्चमवर्णमा प्रयोग भएको शब्द लेख्नुहोस्।
१०. 'म' अक्षर पञ्चमवर्णमा प्रयोग भएको शब्द उदाहरण दिनुहोस्।
११. क्लस्टर शब्द के हो? व्याख्या गर्नुहोस्।
१२. 'क्लास' शब्दमा कुन अक्षरहरूले संयुक्ताक्षर बनाउँछन् ?
१३. 'दण्ड' शब्दमा कुन अक्षरहरू मिलेर क्लस्टर बनेको छ ?
१४. 'सङ्गठन' शब्दमा 'ङ्' कुन अक्षरसँग जोडिन्छ ?
१५. देवनागरीमा क्लस्टर बनाउन कुन प्रकारको अक्षर प्रयोग हुन्छ?
१६. 'विज्ञान' शब्दमा कुन संयुक्ताक्षर प्रयोग भएको छ ?
१७. क्लस्टर शब्द प्रयोग गर्दा किन उच्चारणमा ध्यान दिनुपर्छ ?
१८. 'अनुशासन' शब्दमा कुन अक्षरले क्लस्टर बनाएको छ ?
१९. मात्राको प्रयोगले लेखन र पठनमा के फाइदा हुन्छ ?
२०. क + इ= ?

स्वनिरीक्षण:

२. प्रश्न: देवनागरी लिपिमा संयुक्ताक्षर वा क्लस्टर शब्द भन्नाले के बुझिन्छ ? क्लस्टर शब्द निर्माण हुने प्रक्रिया , अर्धाक्षर (half-letter) को भूमिका , र क्लस्टर शब्दको लेखन तथा उच्चारणको महत्व उदाहरणसहित व्याख्या गर्नुहोस्।

२.५ नेपालीका संयुक्ताक्षर

नेपाली भाषामा धेरैवटा संयुक्ताक्षर(वर्ण) प्रयोग हुने गर्छन् । यहाँ प्राय सबै वर्णहरूको संयुक्ताक्षर रूपमा नेपाली शब्द र अङग्रेजी अर्थका सहित प्रस्तु गरिएको छ।

क् + क = क्क – पक्का (strong, stab)
क् + ख = क्ख – मक्खन (butter)
क् + च = क्च – डेक्ची (cooking pot)
क् + छ = क्छ– पाक्छ (gets ripe / cooked)
क् + त = क्त – डाक्तर (Doctor)
क् + त = क्त – भक्त (devotee)
क् + द = क्द – सक्दो (at ones)
क् + न = क्न – लुक्नु (to hide)
क् + प = क्प – सोक्पा (yeti)
क् + य = क्य – वाक्य (sentence)
क् + र = क्र – कार्यक्रम (program)
क् + ल = क्ल – क्लास (class)
क् + व = क्व – पक्वान (food)
क् + श = क्श – बक्शिश (tips)
क् + स = क्स – नक्सा (picture, map)
ख् + छ = ख्छ – देख्छ (sees)
ख् + त = ख्त – तख्ता (planks)
ख् + द = ख्द –लेख्दा (while writing)
ख् + न = ख्न – लेख्नु (to write)
ख् + य = ख्य – सङ्ख्या (number)
ख् + र = ख्र – बाख्रो (goat)
ख् + ल = ख्ल – आँख्लो (eye, knot)
ख् + व= ख्व – ख्वाइस (desire)
ग् + घ = ग्घ – सुग्घर (clean)
ग् + छ = ग्छ – भाग्छ (runs away)
ग् + द = ग्द – भाग्दा (while running away)
ग् + ध = ग्ध – वाग्धारा (phrase)
ग् + न = ग्न – नग्न (naked)
ग् + य = ग्य – भाग्य (luck)
ग् + र = ग्र – गाग्रो (water vessel)
ग् + ल = ग्ल – अग्लो (tall)
ग् + व = ग्व – ग्वाला (milkman)
घ् + छ = घ्छ – नाँघ्छ (crosses)
घ् + न = घ्न – वीघ्न (trouble)
घ् + य = घ्य – घ्याम्पो (pot)
घ् + र = घ्र – शीघ्र (fast)
घ् + व = घ्व – घ्वाम्म (act of catching)
ङ् + क = ङ्क –अङ्क (number)
ङ् + ख = ङ्ख – शङ्ख (conch)
ङ् + ग = ङ्ग – अङ्ग (body part)
ङ् + घ = ङ्घ – सङ्घ (association)
ङ् + य = ङ्य – ङ्याउरो (kitten)
ङ् + ख = ङ्ख – शङ्ख (conch)

ट् + ट = ट्ट – टट्टी (latrine)
ट् + ठ = ट्ठ – चिट्ठी (letter)
ट् + र = ट्र – ट्रक (truck)
ड् + ड = ड्ड – अड्डा (office)
ड् + र = ड्र – ड्रामा (drama)
ण् + ट = ण्ट – घण्टा (bell, horn)
ण् + ठ = ण्ठ – कण्ठ (throat)
ण् + ड = ण्ड – दण्ड (punishment)
ण् + द = ण्द – शण्द (foolish)
त् + क = त्क – चित्कार (crying)
त् + त = त्त – पित्त (bile)
त् + य = त्य – सत्य (truth)
त् + ल = त्ल – भुत्ला (fur)
त् + व = त्व – गुरूत्व (gravity)
त् + स = त्स – उत्सव (celebration)
थ् + छ = थ्छ – कथ्छ (composes, writes)
थ् + न = थ्न – मथ्नु (to churn)
थ् + य = थ्य – पथ्य (diet)
थ् + र = थ्र – पोथ्रा (bush)
थ् + ल = थ्ल – माथ्लो (upper)
द् + ध = द्ध – प्रसिद्ध (famous)
द् + य = द्य – विद्या (education)
द् + र = द्र – दरिद्र (poor)
द् + व = द्व – विद्वान (scholar)
ध् + छ = ध्छ – सोध्छ (asks)
ध् + न = ध्न – बाँध्नु (to tie)
ध् + य = ध्य – ध्यान (meditation)
ध् + र = ध्र – ध्रव (pole)
ध् + ल = ध्ल – सोध्ला (may ask)
ध् + व = ध्व – ध्वनि (sound)
न् + क = न्क – फन्को (round)
न् + च = न्च – सन्चो (well)
न् + छ = न्छ – भन्छ (says)
न् + ज = न्ज – पन्जा (glove)
न् + ट = न्ट – भन्टा (brinjal)
न् + ठ = न्ठ – डन्ठा (stick)
न् + त = न्त – अन्त (else)
न् + थ = न्त – पन्थ (road, street)
न् + द = न्द – बन्द (closed)
न् + ध = न्ध – अन्धो (blind)
न् + न = न्न – अन्न (food)
य् + य = य्य – न्याय्य (judicious)
र् + क = र्क – नर्क (hell)

ङ् + ग = ङ्ग – अङ्ग (body part)
ङ् + घ = ङ्घ – सङ्घ (association)
च् + क = च्क – लच्किनु (to bend)
च् + च = च्च – बच्चा (baby)
च् + छ = च्छ – गच्छे (ability)
च् + न = च्न – नाच्नु (to dance)
च् + य = च्य – च्याउ (mushroom)
च् + र = च्र – घिच्रो (neck)
च् + व = च्व – च्वास (act of pinching)
छ् + य = छ्य – ओछ्यान (bed)
ज् + छ = ज्छ – बज्छ (rings)
ज् + न = ज्न – भज्नु (to chant)
ज् + य = ज्य – ज्याला (wage)
ज् + र = ज्र – गुज्रान (shutter)
ज् + ल = ज्ल – भज्ला (may chant)
ज् + व = ज्व – ज्वाला (flame)
झ् + द = झ्द – बाझ्दै (quarrelling)
झ् + न = झ्न – जुझ्नु (to fight)
झ् + य = झ्य – झ्याल (window)
झ् + ल = झ्ल – बुझ्ला (may understand)
झ् + व = झ्व – झ्वाम्म (act of falling into water)
ञ् + च = ञ्च – अञ्चल (region)
ञ् + छ = ञ्छ – वाञ्छा (desire)
ञ् + ज = ञ्ज – व्यञ्जन (consonant)
ञ् + झ = ञ्झ – झञ्झ (storm)
न् + म = न्म – जन्म (birth)
न् + य = न्य – न्यानो (warm)
न् + ल = न्ल – कान्ला (side of a plot of land)
न् + व = न्व – न्वारन (christening a baby, name giving ceremony in Hinduism)
न् + स = न्स – मन्साउनु (to ward off evil spirit)
प् + क = प्क – ताप्के (pan)
प् + च = प्च – थ्याप्चो (flat)
प् + ट = प्ट – लप्टन (Lieutenant)
प् + ठ= प्ठ-अप्ठेरो (difficult)
प् + त =प्त–हप्ता (week)
प् + न= प्न –टिप्नु (to pick up)
प् + य= प्य – प्यास (thirst)
प् + र= प्र – प्रकार (kind, sort)
प् + ल = प्ल – थोप्लो (drop, dot)
प् + व = प्व – प्वाल (hole)
फ् + य = फ्य – फ्याउरो (fox)

र् + ग = र्ग – स्वर्ग (heaven)
र् + घ = र्घ – अर्घ (butter)
र् + च = र्च – चर्चा (discussion)
र् + छ = र्छ – पर्छ (should)
र् + ज = र्ज – अर्जन (earning)
र् + झ = र्झ – निर्झर (water fall)
र् + ट = र्ट – आर्ट (art)
र् + ड = र्ड – कार्ड (card)
र् + ण = र्ण – चुर्ण (powder)
र् + त = र्त – वर्तमान (present)
र् + थ = र्थ – अर्थ (meaning)
र् + द = र्द – मर्द (man)
र् + ध = र्ध – स्पर्धा (competition)
र् + न = र्न – गर्नु (to do)
र् + प = र्प – सर्प (serpent)
र् + फ = र्फ – वर्फ (ice)
र् + ब = र्ब – खर्ब (billion)
र् + भ= र्भ – गर्भ (womb)
र्+ म= र्म – धर्म (religion)
र्+ य= र्य – गर्छ (does),कार्य (work), गर्‍यो (did)
र् + र = र्र – भुर्र (act of flying)
र् + ल = र्ल – गर्ला (may do)
र् + व = र्व – सर्व (all)
र् + श = र्श – स्पर्श (touch)
र् + ष = र्ष – वर्ष (year)
र् + स = र्स – पर्सि (day after tomorrow)
ल् + क + ल्क – टल्किनु (to shine)
ल् + छ = ल्छ – बल्छि (hook)
ल् + झ + ल्झ – अल्झिनु (to entangle)
ल् + ट = ल्ट – उल्टो (opposite)
ल् + त = ल्त – गल्ति (mistake)
ल् + द = ल्द – जल्दि (soon, fast)
ल् + न = ल्न – बोल्नु (to speak)
ल् + प = ल्प – अल्प (few)
ल् + फ = ल्फ – गल्फन (muffler)
ल् + ब = ल्ब – खल्बल (din, noise)
ल् + म = ल्म – चल्मलाउनु (To fidget)
ल् + य = ल्य – ल्याउनु (to bring)
ल् + व = ल्व – ल्वाँग (clove)
व् + य = व्य – व्यवहार (behaviour)
व् + र = व्र – व्रत (fasting)
श् + च = श्च – आश्चर्य (surprise)
श् + छ = श्छ – निश्छल (clear)

फ् + र= फ्र – उफ्रिनु (to jump)
फ् + ल= फ्ल – फ्लास्क (flask)
फ् + व = फ्व – फ्वाक्क (act hit)
ब् + ज = ब्ज – कब्जा (hinge)
ब् + द = ब्द – शब्द (word, sound)
ब् + ब = ब्ब – धब्बा (spot)
ब् + य = ब्य – ब्याह (marriage)
ब् + र = ब्र – हाब्रो (oral cave)
ब् + ल= ब्ल – दुब्लो (lean and weak)
ब् + व = ब्व – ब्वाँसो (wolf)
भ् + य = भ्य – सभ्य (civilised)
भ्+ र = भ्र – भ्रम (illusion)
भ् + व = भ्व – भ्वाङ (hole)
म् + क = म्क – चम्कनु (to shine)
म् + त = म्त – निम्तो (invitation)
म् + द = म्द – आम्दनी (income)
म् + न = म्न – जम्नु (to freez)
म् + प = म्प – सुम्पिनु (to deliver)
म् + ब = म्ब – निम्बु (lime)
म् + भ = म्भ – स्तम्भ (pole, pillar)
म् + म = म्म – सम्मान (respect)
म् + य = म्य – रम्य (nice)
म् + र = म्र – हाम्रो (our)
म् + ल = म्ल – काम्लो (hug)
म् + व = म्व – म्वाइँ (kiss)

श् + न = श्न – प्रश्न (question)
श् + म = श्म – श्मसान (graveyard)
श् + य = श्य – अवश्य (surely)
श् + र = श्र – आश्रम (shelter)
श् + ल = श्ल – अश्लील (obscene)
श् + व = श्व – श्वास (breathing)
ष् + ट = ष्ट – कष्ट (trouble)
ष् + ठ = ष्ठ – कुष्ठ (leprosy)
ष् + य = ष्य – मनुष्य (mankind)
स् + क = स्क – भास्कर (sun)
स् + छ = स्छ – बस्छ (sits)
स् + ट = स्ट – छरपस्ट (scattered)
स् + त = स्त – सस्तो (cheap)
स् + थ = स्थ – स्थान (place)
स् + न = स्न – नास्नु (to destroy)
स् + प = स्प – परस्पर (each other)
स् + फ = स्फ – विस्फोट (explosion)
स + य = स्य – स्याल (fox)
स् + र = स्र – घस्रिनु (to crawl)
स् + ल = स्ल – मुस्लो (coming out rolling)
स् + व = स्व – स्वास्नी (wife)
स् + स = स्स – हुस्सु (foolish)
ह् + न = ह्न – मध्याह्न (noon)
ह् + म = ह्म – ब्राह्मण (Brahmin)
ह् + य = ह्य – सह्यार (care)
ह् + ल = ह्ल – प्रह्लाद (Prahlad)
ह् + व = ह्व – आह्वान (appeal)

केही उदाहरण अर्थात् वाक्यमा प्रयोग भएको हेरौँ-

१. दण्डले नियमको पालन गर्न सिकाउँछ।
२. अण्डा बिहानको नास्तामा राम्रो हुन्छ।
३. घण्टा बज्दा विद्यालय खुल्छ।
४. पाण्डवहरू युद्धमा अघि बढे।
५. मुण्डन समारोहमा पूजाको आयोजन भयो।
६. सम्पादकले पत्रिकाको सम्पादन गरे।
७. सम्बन्ध राम्रो राख्न प्रयास गरौं।
८. भक्तले पूजा गर्न भित्र प्रवेश गरे।
९. सक्दो चाँडो काम पूरा गर्नुपर्छ।
१०. लुक्नु कहिले राम्रो विकल्प हुँदैन।
११. वाक्यमा अर्थ स्पष्ट हुनु आवश्यक छ।

१२. कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो।
१३. क्लास बिहान ९ बजे सुरु हुन्छ।
१४. पक्वानको स्वाद राम्रो आएको छ।
१५. बक्सिस दिनु शुभ कार्य हो।
१६. नक्सा पढेर मार्ग चिनौँ।
१७. मौसम आज राम्रो छ।
१८. लेख्दा ध्यान पुऱ्याउनु जरुरी हुन्छ।
१९. सङ्ख्या लेख्दा त्रुटि नगर्नुहोस्।
२०. घरको सरसफाइ भयो।
२१. भाग्छ भन्दा कसैले पत्याएनन्।
२२. नग्न शरीरलाई ढाकेर राख्नुपर्छ।
२३. भाग्यले मानिसको जीवन प्रभावित गर्छ।
२४. घ्याम्पोमा पानी उमालेको थियो।
२५. शीघ्र काम सम्पन्न गर्नु आवश्यक छ।
२६. अञ्चलमा नयाँ विद्यालय निर्माण भयो।
२७. जन्म हुँदा बच्चा स्वस्थ थियो।
२८. न्यानो कपड़ा लगाउँदा जाड़ो कम हुन्छ।
२९. ताप्के पकाउने क्रममा तेल ततायौं।
३०. रम्य वातावरणले सबैलाई आकर्षित गर्योर।

की बोर्डमा 'परेली र'

नेपाली र मराठी भाषामा परेली र (Eyelash ra) प्रयोग हुन्छ। नेपालीमा खास गरी भूतकालका शब्दमा यस्ता परेली र संयुक्ताक्षरका रूपमा लेखिन्छ। कम्प्युटरको किबोर्डमा सिफ्ट J थिची लिङ्क गर्दा परेली र लेखिन्छ, जस्तै- पऱ्यो, मऱ्यो आदि।

स्वनिरीक्षण:

३ नम्बर प्रश्न- देवनागरी लिपिमा संयुक्ताक्षर (क्लस्टर शब्द) भन्नाले के बुझिन्छ ? संयुक्ताक्षर बन्ने प्रक्रिया र तिनको लेखन तथा उच्चारणको महत्व उदाहरणसहित व्याख्या गर्नुहोस्।

प्रमुख बुँदा

१. देवनागरी लिपिमा दुई वा दुईभन्दा बढी व्यञ्जनलाई मिलाएरसंयुक्ताक्षरक्लस्टर शब्द /बनाइन्छ।
२. क्लस्टर शब्दले लेखाइलाई संक्षिप्त र पढ्न सजिलो बनाउँछ।
३. प्रत्येक क्लस्टर शब्दमा अर्धाक्षरको प्रयोग हुन्छ।
४. उदाहरणका लागि, 'दण्ड' मा 'ण्' र 'ड्' मिलेर क्लस्टर बनेको छ।
५. यस्तै 'अण्डा', 'घण्टा', 'पाण्डव', 'मुण्डन' जस्ता शब्द क्लस्टर प्रयोगका उदाहरण हुन्।

६. क्लस्टर शब्दले उच्चारणमा व्यञ्जन संयोजन स्पष्ट पार्छ।

७. व्याकरण अनुसार क्लस्टर शब्दको प्रयोगले अर्थ बुझ्न सजिलो बनाउँछ।

८. 'सम्पादक' र 'सम्बन्ध' जस्ता शब्दमा क्लस्टरले शब्दको रूप र अर्थमा सहयोग गर्छ।

९. नेपाली र संस्कृत दुवै भाषामा क्लस्टर शब्द धेरै प्रयोगमा छन्।

१०. क्लस्टर शब्द सिक्दा विद्यार्थीले व्यञ्जन संयोजन र उच्चारणमा ध्यान दिनुपर्छ।

११. क्लस्टर शब्दको उदाहरणमा 'भक्त', 'सक्दो', 'लुक्नु', 'वाक्य' समावेश छन्।

१२. 'कार्यक्रम', 'क्लास', 'पक्वान', 'बक्शिश', 'नक्सा' शब्दमा पनि क्लस्टर देखिन्छ।

१३. क्लस्टरले शब्दको लय, सौन्दर्य र अर्थलाई सुसंगत बनाउँछ।

१४. 'देख्छ', 'लेख्दा', 'सङ्ख्या', 'सुग्घर', 'भाग्छ' जस्ता शब्दमा स्पष्ट क्लस्टर प्रयोग भएको छ।

१५. क्लस्टर प्रयोगले व्याकरण र शब्द निर्माणमा निपुणता देखाउँछ।

१६. 'नग्न', 'भाग्य', 'घ्याम्पो', 'शीघ्र', 'अञ्चल' जस्ता शब्द क्लस्टरको प्रयोगले अर्थ प्रष्ट पार्छ।

१७. 'जन्म', 'न्यानो', 'ताप्के', 'रम्य' शब्दहरूमा पनि क्लस्टर प्रयोग गरिएको छ।

१८. क्लस्टर शब्दहरूले लेखन र उच्चारण दुवैमा सहुलियत पुर्याउँछ।

१९. नेपाली लिपिमा क्लस्टरको अभ्यासले भाषा दक्षता बढाउँछ।

२०. क्लस्टर शब्द बुझ्न र प्रयोग गर्न सक्ने व्यक्ति लेखन र संवादमा प्रवीण हुन्छ।

२.६ मात्रासम्बन्धी केही प्रसङ्ग

देवनागरी लिपिव्यञ्जनप्रधान लिपिहो । यसको अर्थ, यस लिपिमा मुख्य रूपमा व्यञ्जनहरू आधार मानिन्छन् । प्रत्येक व्यञ्जनमा स्वतः "अ" स्वर अन्तर्निहितरहन्छ। जस्तै , 'क' लेख्दा त्यसको उच्चारण "क्" नभई "क" नै हुन्छ, किनकि यससँग पहिले नै "अ" स्वर जोडिएको हुन्छ।

जब कुनै व्यञ्जनसँग "अ" बाहेक अन्य स्वर जोड्नुपर्छ , तब ती स्वर जनाउनमात्रा प्रयोग गरिन्छ। उदाहरणका लागि —
क + ा = का
क + ि = कि
क + ी = की
यसरी मात्राले स्वरको परिवर्तन जनाउँछ र उच्चारण स्पष्ट बनाउँछ।

नेपाली र हिन्दी दुवै भाषामा मात्राको प्रयोग प्रणाली लगभग उस्तै छ, किनकि दुवै देवनागरी लिपिमा लेखिन्छन्। नेपाली र हिन्दीमा व्यञ्जनमा अन्तर्निहित "अ" हुन्छ र स्वर परिवर्तन गर्न मात्रा चाहिन्छ। त्यसैले , हिन्दीमा पनि 'क + ा = का, क + ि = कि' नै लेखिन्छ।

तर अङ्ग्रेजी भाषा भनेअक्षरप्रधान (alphabetic) लिपिहो । अङ्ग्रेजीमा स्वरका लागि छुट्टै अक्षर हुन्छन्— a, e, i, o, u। स्वर व्यञ्जनसँग जोडिनै पर्छ भन्ने छैन। त्यसैले अङ्ग्रेजीमा मात्राजस्तो द्वितीय प्रतीक प्रणाली आवश्यक पर्दैन। यसरी, देवनागरीमा व्यञ्जन + मात्रा = स्वरध्वनि हुन्छ भने अङ्ग्रेजीमा स्वर अक्षर स्वतन्त्र रूपमा प्रयोग हुन्छ।
पञ्चमवर्णसम्बन्धी केही प्रसङ्ग-
देवनागरी लिपिमापञ्चमवर्णभन्नाले पाँच नासिक्य व्यञ्जन बुझिन्छन्—ङ, ञ, ण, न, म ।

नेपाली भाषामा पञ्चमवर्णहरूउच्चारण अनुसार अर्धरूपमै लेखिन्छन् । अर्थात् जस्तो बोलिन्छ, उस्तै लेखिन्छ। उदाहरणका लागि—अङ्क, सङ्गीत, काञ्चन, दण्ड, सम्पादक।तर हिन्दी भाषामा लेखनमा शिरबिन्दु (ं) बढी प्रयोग गरिन्छ। जस्तै नेपालीमा "अङ्क" लेखिए पनि हिन्दीमा "अंक" लेखिन्छ। नेपालीमा पञ्चमवर्ण स्पष्ट लेखिन्छ , जबकि हिन्दीमा धेरैजसो स्थानमा मात्रा (ं) प्रयोग गरिन्छ।अङ्ग्रेजीमा भने पञ्चमवर्णको कुनै अवधारणा छैन। तर अङ्ग्रेजीमा पनि नासिक ध्वनि त हुन्छ (जस्तै: m, n, ng), तर तिनलाई छुट्टै वर्गका रूपमा नियमबद्ध नाम दिइएको छैन।

मोठमाठमा नेपाली र हिन्दी दुवै देवनागरी लिपिमा आधारित भएकाले मात्राको प्रयोग उस्तै भए पनि , पञ्चमवर्णको प्रयोगमा नेपाली उच्चारणप्रधान र हिन्दी प्रतीकप्रधान देखिन्छ। अङ्ग्रेजी पूर्ण रूपमा फरक लिपि प्रणाली भएकाले त्यहाँ न मात्रा प्रणाली पाइन्छ, न पञ्चमवर्ण–जस्तो व्यवस्था ।

यसरी मात्राको ज्ञान र पञ्चमवर्णको उचित प्रयोगले नेपाली भाषाको शुद्ध लेखन र सही उच्चारण सुनिश्चित गर्दछ।

स्वनिरीक्षण:

४. प्रश्न- देवनागरी लिपिमा संयुक्ताक्षर (क्लस्टर शब्द) भनेको के हो? यसको निर्माण प्रक्रिया, महत्व र केही उदाहरण दिई स्पष्ट गर्नुहोस् ।

२.७ संयुक्ताक्षरसम्बन्धी केही प्रसङ्ग

देवनागरी लिपिमादुई वा दुईभन्दा बढी व्यञ्जन आपसमा मिलेर संयुक्ताक्षरबन्छ। जब कुनै शब्दमा लगातार व्यञ्जनहरू आउँछन् र तिनीहरूको बीचमा स्वर उच्चारण हुँदैन , तब ती व्यञ्जनहरू संयुक्त भएर एउटै अक्षरजस्तो देखिन्छन्।संयुक्ताक्षर (क्लस्टर) शब्दमा हरेक व्यञ्जनको स्वर स्वतन्त्र रूपमा उच्चारण हुँदैन। जस्तै "दण्ड" शब्दमा 'न्' र 'ड्' अलग–अलग "न" र "ड" भनेर उच्चारण हुँदैन, बरु 'ण्ड' भनेर एउटै संयुक्त ध्वनिका रूपमा उच्चारण हुन्छ। त्यसैगरी "क्लास" शब्दमा 'क्' र 'ल' मिलेर 'क्ल' बनेको छ ।

देवनागरी लिपिमा संयुक्ताक्षर बनाउनअर्धाक्षर (half-letter) प्रयोग गरिन्छ। अर्धाक्षर भन्नाले स्वररहित व्यञ्जन हो। जस्तै 'क' को अर्धाक्षर 'क्' हो। 'क्' + 'ल' = 'क्ल' बनेजस्तै, अर्धाक्षर प्रयोग गरेर विभिन्न संयुक्ताक्षर बनाइन्छ। जस्तै— "दण्ड", "क्लास", "सङ्गठन", "सम्पर्क" जस्ता शब्दहरूमा संयुक्ताक्षर प्रयोग भएका छन्। यस्ता शब्दहरूमा व्यञ्जनहरू छुट्टाछुट्टै नदेखिए पनि संयुक्त स्वरूपमा लेखिएको हुन्छ।

संयुक्ताक्षर (क्लस्टर) शब्दले लेखनलाई छोटो , सुन्दर र प्रभावकारी बनाउँछ। यदि संयुक्ताक्षर नहुने हो भने देवनागरी लिपिमा एउटै ध्वनि जनाउन धेरै अक्षर प्रयोग गर्नुपर्ने हुन्थ्यो, जसले लेखाइ लामो र जटिल बनाउँथ्यो।

हिन्दी र अङ्ग्रेजीसँग तुलना

हिन्दी भाषामा पनि देवनागरी लिपि नै प्रयोग हुने भएकाले संयुक्ताक्षरको नियम नेपालीजस्तै हुन्छ। हिन्दीमा पनि "क्ल", "त्र", "ज्ञ", "ण्ड" जस्ता संयुक्ताक्षर प्रयोग हुन्छन्। यस आधारमा नेपाली र हिन्दी संयुक्ताक्षर प्रणालीमा धेरै हदसम्म समान छन् ।

तर अङ्ग्रेजी भाषामा संयुक्ताक्षरको प्रणाली देवनागरीजस्तो छैन। अङ्ग्रेजीमा पनि दुई वा बढी व्यञ्जन एकसाथ आउन सक्छन्, जस्तै*class, strong, school*आदि शब्दमा "st", "str", "sch" जस्ता क्लस्टर भेटिन्छन्। तर तिनलाई एउटै अक्षरको रूपमा लेखिँदैन, न त नयाँ रूप बनाइन्छ। अङ्ग्रेजीमा हरेक अक्षर छुट्टाछुट्टै लेखिन्छ।

यसरी, देवनागरी (नेपाली र हिन्दी) मा संयुक्ताक्षररूप परिवर्तन गरेरलेखिन्छ भने अङ्ग्रेजीमा क्लस्टर भए पनिअक्षर रूप परिवर्तन हुँदैन।

स्वनिरीक्षण:

५. प्रश्न- देवनागरी लिपिमा संयुक्ताक्षर (क्लस्टर शब्द) के हो ? यसको बनावट प्रक्रिया , महत्व तथा हिन्दी र अङ्ग्रेजीसँग तुलना गरी लेख्नुहोस्।

२.८ सारांश

देवनागरी लिपिमा मात्रा र संयुक्तवर्ण नेपाली लेखनको आधारभूत संरचना हुन् । प्रत्येक व्यञ्जनमा स्वतः 'अ' स्वर अन्तर्निहित हुन्छ र अन्य स्वर जनाउन मात्राको प्रयोग गरिन्छ। मात्राले शब्दको उच्चारण स्पष्ट बनाउँछ र लेखन – पठनमा सजिलो हुन्छ। नेपाली र हिन्दी दुवै भाषामा मात्राको प्रयोग प्रणाली उस्तै पाइन्छ। अङ्ग्रेजी भाषा भने अक्षरप्रधान भएकाले त्यहाँ मात्राको आवश्यकता पर्दैन। देवनागरी लिपिमा पञ्चमवर्ण (ङ , ञ, ण, न, म) प्रमुख नासिक्य व्यञ्जन हुन्। नेपाली भाषामा पञ्चमवर्ण उच्चारणअनुसार नै लेखिन्छन्। हिन्दीमा भने धेरैजसो अवस्थामा शिरबिन्दु प्रयोग गरिन्छ। संयुक्ताक्षर दुई वा बढी व्यञ्जन मिलेर बनाइन्छ। अर्धाक्षरको प्रयोगबाट बनेका संयुक्ताक्षरहरूले लेखनलाई छोटो , स्पष्ट र प्रभावकारी बनाउँछन्।

२.९ उपसंहार

मात्रा र संयुक्तवर्ण बिना देवनागरी लिपि पूर्ण हुँदैन। मात्राले स्वरध्वनि प्रष्ट पार्ने मुख्य भूमिका निर्वाह गर्दछ। यिनको सही प्रयोगले शब्दको अर्थ फरक पर्नबाट जोगाउँछ। गलत स्थानमा प्रयोग भएको मात्राले सन्देश नै बदल्न सक्छ। त्यसैले भाषा सिक्ने क्रममा मात्राको अभ्यास अत्यन्त आवश्यक हुन्छ। पञ्चमवर्णको ज्ञानले नासिक ध्वनि बुझ्न सहयोग पुर्याउँछ। नेपालीमा उच्चारणअनुसार लेख्ने नियम भाषा सरल र वैज्ञानिक बनाउँछ। संयुक्ताक्षरले शब्दलाई संक्षिप्त तुल्याउँछ र सौन्दर्य थप्दछ। अर्धाक्षरको सही बुझाइ बिना संयुक्तवर्ण लेख्न गाह्रो हुन्छ। विद्यार्थीले यी दुवै पक्षमा नियमित अभ्यास गर्नुपर्छ। मात्रा र संयुक्तवर्णप्रति दक्षता आएपछि लेखनमा शुद्धता स्वतः बढ्छ। यसरी नेपाली भाषाको प्रभावकारी प्रयोगका लागि मात्रा र संयुक्तवर्णको ज्ञान अनिवार्य हुन्छ।

२.१० थप अध्ययनका लागि-

- अधिकारी, बलराम. अनुवाद सिद्धान्त र प्रयोग. काठमाडौं : त्रिपिटक प्रकाशन्, २०७१ ।
- अधिकारी, बलराम (अनु.). अनुवाद अध्ययन परिचय (दो.सं.). काठमाडौं : रत्न पुस्तक भण्डार्, २०७२ ।
- अधिकारी, हेमाङ्ग राज. समसामयिक व्याकरण. काठमाडौँ : कुञ्जल प्रकाशन।
- अधिकारी, हेमराज. भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार्, २०६७ ।
- उप्रेती, गङ्गाप्रसाद (प्रधान सम्पा.). प्रज्ञा नेपाली शैक्षणिक व्याकरण. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।
- कोइराला, अयुत बाबु. पत्रपत्रिकाको विश्व इतिहास. ताहाचल : जे. के. जैन बुक्स एन्ड स्टेशनरी, २०६० ।
- क्षेत्री, यमबहादुर. "विश्वसाहित्यबाट नेपालीमा अनूदित कृतिहरू : एक परिचर्चा ". नेपाल प्रज्ञा–प्रतिष्ठान एवं चेतना ।
- शर्मा, खगेन. फाङ्सनेल नेपाली. गुवाहाटी : आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभाग , गुवाहाटी विश्वविद्यालय, सन् २०२५ ।
- शर्मा, खगेन. नेपाली क्रियाको रूपावली. गुवाहाटी : पूर्वायण पब्लिकेसन्, सन् २०२२ ।

- शर्मा, शिवराज. पूर्वोत्तर माध्यमिक नेपाली व्याकरण र रचना. गान्तोक : जनपक्ष प्रकाशन्, २००८।
- थापा, रेणुका."अनुवादबारे केही कुरा ".नेपाल प्रज्ञा –प्रतिष्ठान एवं चेतना संरक्षण प्रतिष्ठान , विराटनगरको तत्वावधानमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र, २०६८।
- दाहाल, राजकुमार. अनुवाद विमर्श (दो.सं.). सिलगढी : प्रतिमा प्रकाशन्, २०१०।
- भट्टराई, गोविन्दराज. "विश्वसाहित्य एवं अनुवादबीचको अन्तरसम्बन्ध ...".नेपाल प्रज्ञा –प्रतिष्ठान एवं चेतना संरक्षण प्रतिष्ठान, विराटनगर, गोष्ठी कार्यपत्र, २०६८।**११.**

✓ २.११ स्वनिरीक्षण:

१ नम्बर प्रश्नको उत्तर-

देवनागरी लिपिमामात्राभन्नाले स्वरध्वनिलाई जनाउन प्रयोग गरिने द्वितीय लिपिगत चिह्न बुझिन्छ। देवनागरी जस्ता लिपिहरू व्यञ्जन –प्रधान (consonant-based) लिपि भएकाले प्रत्येक व्यञ्जनमा स्वतः "अ" स्वर अन्तर्निहित रहन्छ। उदाहरणका लागि, 'क' अक्षर आफैंमा "क" नभई "क् + अ" को संयुक्त रूप हो। जब व्यञ्जनसँग "अ" बाहेक अन्य स्वर आउँछन्, तब ती स्वरको ध्वनि जनाउनका लागि मात्रा प्रयोग गरिन्छ।

भारत तथा नेपालका भाषाहरूमा मात्रा प्रयोग हुनुको मुख्य कारण स्वरध्वनिको स्पष्ट प्रतिनिधित्व गर्नु हो। मात्राको प्रयोगले व्यञ्जन र स्वरको संयोजनलाई सजिलो बनाउँछ तथा उच्चारण र लेखनमा स्पष्टता ल्याउँछ। उदाहरणका लागि—

क + ा = का ,

क + ि = कि ,

क + ी = की ,

क + ो = को।

यस्तै, केवल 'क' लेख्दा "क" ध्वनि आउँछ, तर मात्रा जोडिएपछि स्वर परिवर्तन भएर उच्चारण पनि परिवर्तन हुन्छ। यसले सही उच्चारण र अर्थ बुझ्न सहयोग पुर्याोउँछ।तर अङ्ग्रेजी भाषा अक्षर –प्रधान (alphabetic) लिपिमा आधारित भएकाले स्वर र व्यञ्जन छुट्टाछुट्टै अक्षरले लेखिन्छन्। जस्तै: a, e, i, o, u जस्ता स्वर अक्षर स्वतन्त्र रूपमा प्रयोग हुन्छन् र व्यञ्जनसँग अनिवार्य रूपमा जोडिनु पर्दैन। त्यसकारण अङ्ग्रेजी भाषामा मात्राजस्तो प्रणालीको आवश्यकता पर्दैनायसरी, देवनागरीमा व्यञ्जनसँग मात्रा जोडेर स्वरध्वनि जनाइन्छ भने अङ्ग्रेजीमा स्वर आफैं स्वतन्त्र अक्षरको रूपमा प्रयोग हुने भएकाले मात्रा आवश्यक पर्दैन।

२ नम्बर प्रश्नको उत्तर:

देवनागरी लिपिमासंयुक्ताक्षर वा क्लस्टर शब्दभन्नाले दुई वा दुईभन्दा बढी व्यञ्जनहरू आपसमा मिलेर बनेका अक्षर बुझिन्छन्। यस्ता संयुक्ताक्षरमा प्रत्येक व्यञ्जनको स्वर स्वतन्त्र रूपमा उच्चारण हुँदैन , तर व्यञ्जनहरू मिलेर नयाँ ध्वनि बनाउँछन्। यस प्रकारका अक्षरले लेखनलाई संक्षिप्त, सुगम र अर्थपूर्ण बनाउँछन्।

देवनागरी लिपिमा क्लस्टर शब्द निर्माणका लागिअर्धाक्षर (half-letter) को प्रयोग गरिन्छ। अर्धाक्षरमा व्यञ्जनको अन्तर्निहित "अ" स्वर हटाइन्छ, जसले व्यञ्जनलाई अर्को व्यञ्जनसँग जोड्न सहयोग गर्दछ। उदाहरणका लागि, 'क्लास' शब्दमा 'क्' र 'ल' मिलेर 'क्ल' बनेको छ। यस्तै, 'दण्ड' शब्दमा 'ण्' र 'ड' मिलेर 'ण्ड' बनेको छ।

क्लस्टर शब्दको सही लेखन र उच्चारण अत्यन्त महत्त्वपूर्ण हुन्छ। उदाहरणका लागि, 'सङ्गठन' शब्दमा 'ङ्' र 'ग' मिलेर 'ङ्ग' बनेको छ भने 'सम्पर्क' शब्दमा 'म्' र 'प्' मिलेर 'म्प' बनेको छ। 'शिक्षण' शब्दमा 'ष्' र 'क्' मिलेर 'क्ष' बनेको छ तथा 'विज्ञान' शब्दमा 'ज' र 'ञ' मिलेर 'ज्ञ' संयुक्ताक्षर बनेको छ।

क्लस्टर शब्द प्रयोगले शब्दको स्पष्टता, सौन्दर्य र लय बढाउँछ। नेपाली र संस्कृत भाषामा क्लस्टर शब्द व्यापक रूपमा प्रयोग हुने भएकाले विद्यार्थीले व्यञ्जन संयोजनका नियमहरू राम्ररी बुझ्न आवश्यक हुन्छ। यसरी संयुक्ताक्षरको सही ज्ञानले शुद्ध लेखन र शुद्ध उच्चारण सुनिश्चित गर्छ।

३ नम्बर प्रश्नको उत्तर: उत्तर

देवनागरी लिपिमासंयुक्ताक्षर (क्लस्टर शब्द)भन्नाले दुई वा दुईभन्दा बढी व्यञ्जनहरू आपसमा मिलेर बनेका वर्ण बुझिन्छन्। यस्ता अक्षरमा प्रत्येक व्यञ्जनको स्वर स्वतन्त्र रूपमा उच्चारण हुँदैन , तर सबै व्यञ्जन मिलेर एउटै संयुक्त ध्वनि उत्पादन गर्छन्।

संयुक्ताक्षर बनाउन देवनागरीमाअर्धाक्षर (half-letter) को प्रयोग गरिन्छ। अर्धाक्षरमा व्यञ्जनको अन्तर्निहित 'अ' स्वर हटाइन्छ र अर्को व्यञ्जनसँग जोडिन्छ। उदाहरणका लागि—

'क्लास' शब्दमा क् + ल = क्ल ,

'दण्ड' शब्दमा ण् + ड = ण्ड ,

'विज्ञान' शब्दमा ज् + ञ = ज्ञ ,

'कार्यक्रम' शब्दमा क् + र = क्र

गर्‍यो शब्दमा ग+र्+य+ओ=गर्‍यो

मर्‍यो शब्दमा म+र्+य+ओ=मर्‍यो --संयुक्ताक्षर बनेको छ।

संयुक्ताक्षरको सही लेखन र उच्चारण अत्यन्त महत्त्वपूर्ण हुन्छ , किनकि यसले शब्दको अर्थ परिवर्तन हुन दिँदैन। उदाहरणका लागि 'दण्ड' र 'दन' फरक अर्थका शब्द हुन्। त्यसैले संयुक्ताक्षरको ज्ञानले लेखनलाई शुद्ध , आकर्षक र अर्थपूर्ण बनाउँछ।

४. नम्बर प्रश्नको उत्तर:

देवनागरी लिपिमादुई वा दुईभन्दा बढी व्यञ्जन आपसमा मिलेर बनेको अक्षरलाई संयुक्ताक्षर वा क्लस्टर शब्दभनिन्छ। यस्ता शब्दमा हरेक व्यञ्जनको स्वर स्वतन्त्र रूपमा उच्चारण हुँदैन , तर सबै व्यञ्जन मिलेर एउटा संयुक्त ध्वनि बनाउँछन्।

संयुक्ताक्षर बनाउन देवनागरीमाअर्धाक्षर (half-letter) प्रयोग गरिन्छ। अर्धाक्षर भन्नाले स्वररहित व्यञ्जन हो , जस्तै: क्, न्, म् आदि। उदाहरणका लागि 'दण्ड' शब्दमा 'ण्' र 'ड्' मिलेर 'ण्ड' बनेको छ। यस्तै 'अण्डा', 'घण्टा', 'पाण्डव', 'मुण्डन' आदि शब्दमा पनि क्लस्टर प्रयोग भएको छ।

संयुक्ताक्षरले लेखनलाई छोटो, सुन्दर र प्रभावकारी बनाउँछ। साथै, यसले उच्चारणमा व्यञ्जन संयोजन स्पष्ट पार्न मद्दत गर्छ। 'सम्पादक', 'सम्बन्ध', 'कार्यक्रम', 'क्लास', 'वाक्य' जस्ता शब्दमा क्लस्टरले शब्दको रूप र अर्थ दुबैलाई स्पष्ट बनाएको देखिन्छ।यसरी, संयुक्ताक्षरको सही प्रयोगले लेखन शुद्ध, अर्थ स्पष्ट र भाषा सुगम बनाउँछ।

५. नम्बर प्रश्नको उत्तर:

देवनागरी लिपिमादुई वा दुईभन्दा बढी व्यञ्जन मिलेर बनेको अक्षरलाई संयुक्ताक्षर (क्लस्टर शब्द) भनिन्छ। यस्ता शब्दमा हरेक व्यञ्जनको स्वर स्वतन्त्र रूपमा उच्चारण हुँदैन, बरु सबै व्यञ्जन मिलेर एकै संयुक्त ध्वनि निर्माण गर्छन्। जस्तै "दण्ड" शब्दमा 'ण्' र 'ड्' मिलेर 'ण्ड' बनेको छ भने "क्लास" शब्दमा 'क्' र 'ल' मिलेर 'क्ल' बनेको छ।

संयुक्ताक्षर बनाउन देवनागरीमाअर्धाक्षर (स्वररहित व्यञ्जन)प्रयोग गरिन्छ। जस्तै 'क' को अर्धाक्षर 'क्' हो र 'क्' + 'ल' = 'क्ल' बन्छ। "दण्ड", "क्लास", "सङ्गठन", "सम्पर्क" जस्ता शब्दहरूमा संयुक्ताक्षर प्रयोग भएका छन्। संयुक्ताक्षरले लेखाइ छोटो, सुन्दर र प्रभावकारी बनाउँछ र उच्चारण पनि स्पष्ट हुन्छ।

हिन्दी भाषामा पनि देवनागरी लिपि प्रयोग हुने भएकाले संयुक्ताक्षरको नियम नेपालीजस्तै हुन्छ।हिन्दीमा पनि 'त्र', 'ज्ञ', 'ण्ड', 'क्ल' जस्ता संयुक्ताक्षर पाइन्छन्। तरअङ्ग्रेजी भाषामा संयुक्ताक्षरको रूपान्तरण प्रणाली हुँदैन।अङ्ग्रेजीमा class, school, strong जस्ता शब्दमा अक्षर समूह भए पनि नयाँ अक्षर बनाइँदैन, प्रत्येक अक्षर अलग–अलग लेखिन्छ।

यसरी, देवनागरी (नेपाली र हिन्दी) मा संयुक्ताक्षर रूप परिवर्तन गरी लेखिन्छ भने अङ्ग्रेजीमा क्लस्टर भए पनि अक्षरको रूप परिवर्तन हुँदैन।

? २.१२ अभ्यासार्थ

१. मात्रा भनेको के हो? उदाहरणसहित लेख्नुहोस्।
२. देवनागरी लिपि व्यञ्जनप्रधान लिपि हो भन्ने कुराको व्याख्या गर्नुहोस्।
३. पञ्चमवर्ण के हुन्? उदाहरण दिनुहोस्।
४. संयुक्ताक्षर (क्लस्टर शब्द) भन्नाले के बुझिन्छ?
५. अङ्ग्रेजी भाषामा मात्रा प्रणाली किन छैन?
६. देवनागरी लिपिमा मात्राको प्रयोग आवश्यक भएको कारणहरू उदाहरणसहित व्याख्या गर्नुहोस्।
७. पञ्चमवर्णको परिभाषा दिँदै नेपाली भाषामा यसको प्रयोगको विशेषता लेख्नुहोस्।
८. संयुक्ताक्षर के हो? यसको निर्माण प्रक्रिया उदाहरणसहित स्पष्ट गर्नुहोस्।
९. मात्राको प्रयोग र संयुक्ताक्षरको उपयोगबीचको अन्तर स्पष्ट पार्नुहोस्।
१०. देवनागरी लिपिको विशेषताका रूपमा संयुक्ताक्षरको भूमिका व्याख्या गर्नुहोस्।

*** ***** ***

एकाइ ३ अङ्क र सङ्ख्या

एकाइ संरचना

३.१ उद्देश्य
३.२ प्रस्तावना
३.३ अङ्क
३.३.१ अङ्कहरूको भूमिका र महत्त्व
३.४ सङ्ख्या
३.५ नेपाली क्रमवाचक शब्द (Ordinal Numbers in Nepali)
३.६ देवनागरी लिपिमा प्रयोग हुने मुख्य विराम चिन्हहरू-
३.७ प्रुफ रिडङ गर्दा ध्यान दिनुपर्ने मुख्य विषयहरू
३.८ नेपाली लेखनमा विरामचिन्हहरूको (Punctuation Marks) भूमिका
३.९ सारंश
३.१० उपसंहार
३.११ थप अध्ययनका लागि
३.१२ स्वनिरीक्षण
३.१३ अभ्यासार्थ

३.१ उद्देश्य

यस एकाइको मुख्य उद्देश्य विद्यार्थीलाई अङ्क र सङ्ख्याको आधारभूतदेखि उन्नत ज्ञानसँग परिचित गराउनु हो। विद्यार्थीहरूले अङ्क र सङ्ख्याबीचको भिन्नता बुझनुका साथै Cardinal र Ordinal सङ्ख्याको प्रयोग सिक्नेछन्। साथै, नेपाली अङ्क, क्रमवाचक शब्द, रोमन अङ्क प्रणाली, विराम चिन्ह, तथा प्रूफ रिडिङ सम्बन्धी ज्ञान प्राप्त गर्नेछन्। यस पाठमार्फत हजारदेखि पद्म तथा शङ्खसम्मका ठुला सङ्ख्या नाम बुझ्न सकिनेछ। त्यसैगरी सुनको तौल–, शुद्धताको मापन प्रणाली तथा अङ्ककको दैनिक जीवनमा हुने उपयोगका बारे व्यावहारिक ज्ञान विकसित गराउनु पनि यस पाठको अभिप्राय हो। अन्ततः, विद्यार्थीहरूलाई भाषिक तथा गणनात्मक दक्षता विकास गराई जीवनका विभिन्न क्षेत्रमा अङ्ककको सही प्रयोग गर्न सक्षम बनाउनु यस एकाइको मुख्य लक्ष्य हो।

३.२ प्रस्तावना

अङ्क र सङ्ख्या मानव सभ्यताको आरम्भदेखि नै दैनन्दिन व्यवहारका अविभाज्य अंग बनेका छन् । प्रारम्भिक मानवले आफ्नो परिवेशमा रहेका वस्तु , समय, दूरी वा परिमाण गणना गर्न खोज्दा अङ्क र सङ्ख्याको प्रारम्भिक रूप विकसित भयो । समयसँगै कृषि, व्यापार, प्रशासन, विज्ञान तथा संस्कृतिको विकाससँगै सङ्ख्या प्रणाली झन् परिष्कृत हुँदै– गयो। आजका आधुनिक भाषाहरू , विज्ञान, प्राविधिक प्रणाली र डिजिटल उपकरणहरू सबै अङ्क र सङ्ख्यात्मक संरचनामा आधारित छन् । अङ्कले कति"?" भन्ने कुरा व्यक्त गर्छ भने सङ्ख्याले मात्रा, क्रम र मूल्यलाई व्यवस्थितरूपले प्रस्तुत गर्छ। नेपाली अङ्क, रोमन प्रणाली, Cardinal तथा Ordinal सङ्ख्या, ठुला सङ्ख्याका नाम, विराम चिन्ह तथा प्रूफ रिडिङ जस्ता विषयहरू भाषिक तथा गणनात्मक दक्षताको आधार हुन् । यसै कारण, अङ्क र सङ्ख्याको ज्ञान केवल गणितको सीमाभित्र सीमित नभई सम्पूर्ण जीवनका व्यवहारिक , वैज्ञानिक तथा सांस्कृतिक पक्षसँग गहिरोसँग जोडिएको हुन्छ ।

३.३ अङ्क

अङ्क मानव जीवनको अत्यन्तै महत्वपूर्ण आधारभूत तत्व हुन्, किनकि दैनिक सञ्चारदेखि लिएर व्यापार, विज्ञान, गणित र आधुनिक प्रविधिसम्म सबै क्षेत्रमा तिनीहरूको प्रयोग अनिवार्य रूपमा हुन्छ। अङ्कले भाषागत सीमालाई समेत नाघेर विश्वभर समान रूपमा बुझिने सार्वभौमिक माध्यमको रूपमा काम गर्छन् । आजको डिजिटल युगमा त कम्प्युटरका सम्पूर्ण क्रियाकलापहरू पनि बाइनरी प्रणाली , अर्थात् ० र १ मा आधारित हुन्छन् , जसले अङ्कको महत्व झनै स्पष्ट बनाउँछ । अङ्क र सङ्ख्याको बीचमा महत्वपूर्ण भिन्नता पनि हुन्छ सम्मका प्रतीकहरू हुन् ९ देखि ० अङ्क भनेको—, जबकि यी नै अङ्कहरू मिलेर बनेको मानलाई सङ्ख्या भनिन्छ। यस हिसाबले अङ्क आधार हो भने सङ्ख्या त्यस आधारबाट उत्पन्न हुने परिणाम हो। सङ्ख्या स्वयं पनि दुई किसिमका हुन्छन् :Cardinal सङ्ख्या, जसले कति"?" भन्ने प्रश्नको उत्तर दिन्छ , र Ordinal सङ्ख्या, जसले कुन क्रममा"?" वा कुन आधारमा"?" भन्ने प्रश्नको उत्तर दिन्छ। यसरी अङ्क, सङ्ख्या र तिनका प्रकारहरूले मानव ज्ञान, गणना र आधुनिक प्रविधि सबैमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

सङ्ख्या नाम–

१. १ — एक —One
२. १० — दश —Ten
३. १०० — सय —Hundred
४. १,००० — हजार —Thousand
५. १०,००० — दस हजार —Ten Thousand
६. १,००,००० — एक लाख —One Lakh / Hundred Thousand
७. १०,००,००० — दस लाख —Ten Lakh / One Million
८. १,००,००,००० — एक करोड —One Crore / Ten Million
९. १०,००,००,००० — दस करोड —Ten Crore / Hundred Million
१०. १,००,००,००,००० — एक अर्ब —One Arab / One Billion
११. १०,००,००,००,००० — दस अर्ब —Ten Arab / Ten Billion
१२. १,००,००,००,००,००० — एक खर्ब —One Kharab / Hundred Billion
१३. १०,००,००,००,००,००० — दस खर्ब —Ten Kharab / One Trillion
१४. १,००,००,००,००,००,००० — एक नील —One Neel / One Trillion
१५. १०,००,००,००,००,००,००० — दस नील —Ten Neel / Ten Trillion
१६. १,००,००,००,००,००,००,००० — एक पद्म —One Padma / Hundred Trillion
१७. १,000,000,000,000,000 — एक शङ्ख — One Shankh / Quadrillion (10^{15})
१८. १०,000,000,000,000,000 — महाशङ्ख — Ten Shankh / Ten Quadrillion (10^{16})

अन्त्यमा सरल शब्दअर्थ–

१९. हजार –Thousand
२०. दस हजार –Ten Thousand
२१. लाख –Lakh / Hundred Thousand
२२. दस लाख –Ten Lakh / Million
२३. करोड –Crore / Ten Million
२४. दस करोड –Ten Crore / Hundred Million

२५. अर्ब –Arab / Billion
२६. दस अर्ब –Ten Arab / Ten Billion
२७. खर्ब –Kharab / Hundred Billion
२८. नील –Neel / Trillion
२९. दश नील –Ten Neel / Ten Trillion
३०. पद्म –Padma / Hundred Trillion
३१. शङ्ख –Shankh / Quadrillion
३२. महाशङ्ख –Maha-shankh / Ten Quadrillion

स्वनिरीक्षण

२ प्रश्न- अङ्क र सङ्ख्याको बीचमा के भिन्नता छ? छलफल गर्नुहोस्।

३.३.१ अङ्कहरूको भूमिका र महत्त्व

अङ्क वा सङ्ख्यात्मक प्रतीकहरू मानव सञ्चारका सबैभन्दा मौलिक तत्वहरूमा पर्छन् , जुन भाषाहरू , संस्कृतिहरू र ऐतिहासिक कालको सीमा पार गर्छन् । हरेक भाषामा, अङ्कहरूले सङ्ख्याको प्रतिनिधित्व गर्छन् र मात्रा , क्रम र मूल्य व्यक्त गर्न एक सार्वभौमिक प्रणाली प्रदान गर्छन्। यसको महत्त्व केवल गन्ने काममा सीमित छैन ; अङ्कहरूले गणित, व्यापार, विज्ञान, प्रविधि र दैनिक जीवनको आधार तयार गर्छन्।

कुनै पनि भाषामा , अङ्कले मानिसलाई वस्तु , समय र अमूर्त विचारको मात्रा व्यक्त गर्न सक्षम बनाउँछ । उदाहरणका लागि, व्यापारमा अङ्कको प्रयोगले लेनदेन, मूल्य निर्धारण, लेखा जोखा र अभिलेख राख्न सजिलो बनाउँछ।- अङ्क नभए व्यवस्थित व्यापार वा आर्थिक व्यवस्थापन गर्नु लगभग असम्भव हुनेछ। त्यसैगरी, विज्ञानको क्षेत्रमा अङ्क मापन, प्रयोग र नतिजा सटीक रूपमा व्यक्त गर्न अत्यन्त आवश्यक छन् । आधुनिक गणित , भौतिकी र इन्जिनियरिङको विकास पनि सङ्ख्यात्मक प्रतिनिधित्वमा निर्भर गर्दछ।

अङ्क भाषिक सीमाहरू पार गरेर सञ्चारलाई मानकीकरण गर्न पनि महत्त्वपूर्ण छन् । भाषाहरू शब्दावली , व्याकरण र लिपिमा फरक भए पनि , अङ्कले यस्तो सार्वभौमिक माध्यम प्रदान गर्छ जुन विश्वभरि बुझ्न सकिन्छ। उदाहरणका लागि, "५" भन्ने सङ्ख्या विश्वका कुनै पनि ठाउँमा चिनिन सक्छ , चाहे त्यो रोमन , देवनागरी, अरबी वा चिनियाँ लिपिमा लेखिएको होस्। यस सार्वभौमिकताले विश्वव्यापी व्यापार, वैज्ञानिक सहयोग र प्रविधिक प्रगतिलाई सहज बनाउँछ।

आधुनिक डिजिटल युगमा , अङ्कको महत्त्व अझ बढी बढेको छ । कम्प्युटर, स्मार्टफोन र अन्य इलेक्ट्रोनिक उपकरणहरू मुख्यतया बाइनरी प्रणाली मा सञ्चालन हुन्छन्। कोडिङ (१ र ०), डाटा भण्डारण, एन्क्रिप्सन र डिजिटल सञ्चार सबै अङ्कमा निर्भर छन्, जसले यसको अपरिहार्य महत्त्व देखाउँछ । समय मापन, पात्रो र नेभिगेशन प्रणाली पनि अङ्कसँग गहिरो सम्बन्धित छन्।

व्यावहारिक प्रयोग बाहेक, अङ्कले विभिन्न समाजमा सांस्कृतिक र प्रतीकात्मक अर्थ पनि राख्छ । धेरै सभ्यताले केही सङ्ख्याहरूलाई भाग्य , दैवीयता वा ब्रह्माण्डीय महत्त्वसँग जोड्ने गर्छन् । भाषामा, अङ्कले साहित्य, लोककथा र दैनिक अभिव्यक्तिमा प्रभाव पार्न सक्छन्, जसले देखाउँछ कि अङ्क केवल कार्यात्मक मात्र नभई सांस्कृतिक दृष्टिले पनि महत्त्वपूर्ण छन्।

निचोड़ेर भन्दाअङ्क केवल गन्ने प्रतीक मात्र होइनन्। यी सटीक सञ्चारको साधन, वैज्ञानिक र प्रविधिक प्रगतिका आधार, आर्थिक र प्रशासनिक व्यवस्थापनका उपकरण र सांस्कृतिक अभिव्यक्तिको माध्यम हुन्। विश्वका सबै भाषामा , अङ्कले मानव ज्ञानलाई एकीकृत गर्छ, भाषागत भिन्नतालाई पार गर्छ र आफैंमा एक सार्वभौमिक भाषा निर्माण गर्छ।

अङ्क मानव सञ्चारका आधारभूत साधन हुन् , जसले मात्रा, क्रम र मूल्य व्यक्त गर्छन्। व्यापार , विज्ञान, गणित र प्रविधिबिना अङ्कको प्रयोग सम्भव छैन । अङ्क र सङ्ख्या फरक छन् ; अङ्क प्रतीक हुन् भने सङ्ख्या अङ्कहरूको संयोजन हो। मुख्य (Cardinal) सङ्ख्याले "कति?" भन्ने प्रश्नको उत्तर दिन्छ भने क्रमाङ्क (Ordinal) सङ्ख्याले "कुन क्रममा?" भन्ने कुरा बताउँछ। नेपालीमा १ देखि १०० सम्मका अङ्क र क्रमवाचक शब्द व्यवस्थित रूपमा प्रयोग हुन्छन् । रोमन अङ्क प्रणाली छोटकरी, स्पष्ट र ऐतिहासिक रूपमा महत्त्वपूर्ण छ । विराम चिन्ह लेखनको शुद्धता कायम राख्न प्रयोग गरिन्छ। प्रूफ रिडिङले व्याकरण, वर्तनी, तथ्य र संरचना जाँच गर्न सहयोग गर्छ। ठुला सङ्ख्याका नाम र सुनको तौल तथा शुद्धताको मापन प्रणाली व्यावहारिक जीवनसँग जोडिएका छन् । यसरी अङ्क मानव जीवनको सबै क्षेत्रमा अनिवार्य बनेका छन् ।

अङ्क केवल गन्ने साधन मात्र नभई मानव सभ्यताको मेरुदण्ड जस्तै हुन्। अङ्कबिनाको व्यापार , विज्ञान, प्रविधि कल्पनासमेत गर्न सकिँदैन। अङ्क र सङ्ख्याले ज्ञानलाई व्यवस्थित गर्छन् र विश्वभरि साझा भाषा जस्तै कार्य गर्छन्। डिजिटल युगमा अङ्कको आवश्यकता अझै बढ्दै गएको छ। अङ्क , Cardinal, Ordinal, रोमन अङ्क, विराम चिन्ह तथा प्रूफ रिडिङको ज्ञानले मानिसलाई भाषा, गणना र सञ्चारमा दक्ष बनाउँछ। यसैले अङ्क मानव जीवनको अभिन्न अंश हो र भविष्यमा पनि यसको महत्त्व झन् बढ्ने निश्चित छ।

स्वनिरीक्षण

२ प्रश्न- अङ्कहरूको मानव जीवनमा के कस्ता भूमिका र महत्त्व छन्? लेख्नुहोस् ।

३.४ सङ्ख्या

सङ्ख्या मानव सभ्यताको विकाससँगै उत्पत्तिपछि क्रमशः परिष्कृत हुँदै आएको एक महत्वपूर्ण अवधारणा हो । प्रारम्भिक मानवले दैनन्दिन जीवनका आवश्यकताहरू पूरा गर्न गणनाको सरल तरिका खोज्दै गर्दा सङ्ख्या जन्मिएको मानिन्छ। शिकार , फलफूल सङ्कलन , बस्तु वस्तु साटासाट–, जनावरको सङ्ख्या राख्ने चलन जस्ता गतिविधिहरूले सङ्ख्याको आधारभूत रूपलाई जन्म दिए । समयसँगै कृषिको विकास, स्थायी बस्ती निर्माण, व्यापार विस्तार र प्रशासनिक संरचनाको जटिलताले सङ्ख्यालाई अझ औपचारिक र वैज्ञानिक बनाउँदै लग्यो। मेसोपोटामिया, मिस्र, भारत र चीन जस्ता पुराना सभ्यताहरूमा विभिन्न प्रकारका सङ्ख्या प्रणालीहरूको प्रयोग पाइन्छ–, जसले मानवले क्रम , मापन, समय निर्धारणदेखि लिएर खगोल अध्ययनसम्म गर्न सकेको तथ्य स्पष्ट पार्छ। विशेष गरी भारतीय सभ्यतामा विकसित दशमलव प्रणाली र शून्यको अवधारणाले संसारभरको गणितीय सोचलाई क्रान्तिकारी बनायो । यसैले, सङ्ख्या केवल गणनाको साधन मात्र नभई मानव बुद्धिको प्रगतिशील यात्राको प्रतीक पनि हो।

आजको आधुनिक युगमा सङ्ख्याको भूमिका झनै विस्तार र विविधता लिएर अगाडि बढेको छ । दैनन्दिन जीवनका सामान्य क्रिया कलापदेखि लिएर–विज्ञान, प्रविधि, अर्थतन्त्र, स्वास्थ्य, शिक्षा, प्रशासन, यातायात र अन्तरिक्ष अनुसन्धानसम्म सबै क्षेत्रमा सङ्ख्या अपरिहार्य रूपमा प्रयोग हुन्छ। कम्प्युटर प्रविधिमा प्रयोग हुने बाइनरी प्रणाली र ०) (१, मोबाइल तथा इन्टरनेटको कोडिङ संरचना , वित्तीय कारोबारमा ब्याजदर , बजेट, तथ्यांक विश्लेषण सबै सङ्ख्यामा आधारित हुन्छन् । त्यस्तै भाषिक रूपमा पनि अङ्क र सङ्ख्यातर्फ छुट्टै ध्यान दिनुपर्छ –० अङ्क—९ सम्मका आधारभूत प्रतीकहरू हुन् भने त्यसै आधारमा बनेका विभिन्न मान, परिमाण वा अवधारणालाई सङ्ख्या भनिन्छ। Cardinal सङ्ख्या कति"?" भन्ने प्रश्नको उत्तर दिन्छ भने Ordinal सङ्ख्या कुन क्रममा"?" भन्ने उत्तर दिन्छ, जसले व्याकरणिक संरचनामा पनि सङ्ख्याको महत्त्व स्थापित गर्छ । यसरी , सङ्ख्या केवल गणितको विषय नभई सम्पूर्ण ज्ञान , सूचना र प्रविधिको संरचनालाई चलायमान बनाउने मुख्य शक्ति हो, जसले मानव जीवनलाई व्यवस्थित, मापनयोग्य र वैज्ञानिक बनाएको छ।

रोमन अङ्क

- विश्वव्यापी रूपमा चिनिने प्रणाली
- छोटकरी र दृश्यात्मक रूपमा आकर्षक
- ऐतिहासिक महत्त्व बोकेको प्रणाली

अन्य महत्त्वपूर्ण विषय

- विराम चिन्हले लेखनलाई स्पष्ट बनाउँछ।
- प्रूफ रिडिङले त्रुटिविहीन लेखन सुनिश्चित गर्छ।
- ठुला अङ्क मानव आवश्यकता अनुसार नामाकरण गरिएका छन्।
- सुनको तौल ग्राम, तोल, औंसमा नापिन्छ।
- सुनको शुद्धता क्यारट र प्रतिशतमा छुट्याइन्छ।

१ .Cardinal Numbers (मुख्य(गणना सङ्ख्या/

- **अर्थ:** Cardinal numbers भन्नाले त्यस्ता सङ्ख्याहरू जनाइन्छ जसले "कति सङ्ख्या छ ?" भन्ने कुरा देखाउँछन्।
- **उपयोग:**वस्तुको सङ्ख्या, मान, मात्रा, वा गणना जनाउन।
- **उदाहरण:**
    - १ ⟶एक
    - २ ⟶दुई
    - ३ ⟶तीन
    - १० ⟶दस
    - २५ ⟶पच्चिस

सजिलो तरिकाले सम्झनु: Cardinal numbers भन्नाले "कति?" भन्ने प्रश्नको उत्तर दिन्छ।

२ .Ordinal Numbers (क्रमाङ्क(क्रमिक सङ्ख्या/

- **अर्थ:** Ordinal numbers भन्नाले त्यस्ता सङ्ख्याहरू जनाइन्छ जसले "कुन स्थानमा?" वा "कुन क्रममा?" भन्ने कुरा देखाउँछन्।
- **उपयोग:**क्रम, स्थान, पद, वा अनुक्रम जनाउन।
- **उदाहरण:**
    - १ ⟶पहिलो
    - २ ⟶दोस्रो
    - ३ ⟶तेस्रो
    - १० ⟶दशौँ
    - २५ ⟶पच्चिसौँ

सजिलो तरिकाले सम्झनु: Ordinal numbers भन्नाले "कहाँकुन क्रममा/?" भन्ने प्रश्नको उत्तर दिन्छ।

सारांश तालिका:

अङ्ग्रेजी	नेपाली	प्रयोग
Cardinal	मुख्यगणना/	कति सङ्ख्या छ?
Ordinal	क्रमाङ्ककक्रमिक/	कुन स्थानमाकुन क्रममा/?

स्वनिरीक्षणः ३ श्रेसङ्ख्या कुन प्रकारका हुन्छन् र तिनको प्रयोग कसरी गरिन्छ:? उदाहरणसहित बुझाउनुहोस्।

नेपाली सङ्ख्या (Nepali Numerals)

१, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९, ४०, ४१, ४२, ४३, ४४, ४५, ४६, ४७, ४८, ४९, ५०, ५१, ५२, ५३, ५४, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२, ६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ७३, ७४, ७५, ७६, ७७, ७८, ७९, ८०, ८१, ८२, ८३, ८४, ८५, ८६, ८७, ८८, ८९, ९०, ९१, ९२, ९३, ९४, ९५, ९६, ९७, ९८, ९९, १००

अक्षरमा नेपाली सङ्ख्या (Nepali Numerals in Words)

एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ, दस, एघार, बारह, तेरह, चौध, पन्ध्र, सोरह, सत्र, अठार, उन्नाइस, बिस, एक्काइस, बाइस, तेइस, चौबिस, पच्चिस, छब्बिस, सत्ताइस, अट्ठाइस, उनन्तिस, तीस, एकतिस, बत्तिस, तेत्तिस, चौंत्तिस, पैंत्तिस, छत्तिस, सैंत्तिस, अठतिस, उनन्चालिस, चालिस, एकचालिस, बयालिस, त्रिचालिस, चवालिस, पैंतालिस, छयालिस, सच्चालिस, अठचालिस, उनन्चास, पचास, एकाउन्न, बाउन्न, त्रिपन्न, चउन्न, पचपन्न, छपन्न, सन्ताउन्न, अन्ठाउन्न, उनन्साठी, साठी, एकसठ्ठी, बयसठ्ठी, त्रिसठ्ठी, चौंसठ्ठी, पैंसठ्ठी, छसठ्ठी, ससठ्ठी, अठसठ्ठी, उनन्सत्तरी, सत्तरी, एकहत्तर, बहत्तर, त्रिहत्तर, चौहत्तर, पचहत्तर, छहत्तर, सतहत्तर, अठहत्तर, उनासी, अस्सी, एकासी, बयासी, त्रियासी, चौरासी, पचासी, छयासी, सत्तासी, अठासी, उनान्नब्बे, नब्बे, एकान्नब्बे, बयान्नब्बे, त्रियान्नब्बे, चौरान्नब्बे, पन्चान्नब्बे, छयान्नब्बे, सन्तान्नब्बे, अन्ठान्नब्बे, उनान्सय, सय

३.५ नेपाली क्रमवाचक शब्द (Ordinal Numbers in Nepali)

पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैठौं, सातौं, आठौं, नवौं, दसौं,एघारौं, बारहौं, तेरहौं, चौधौं, पन्ध्रौं, सोरहौं, सत्रौं, अठारौं, उन्नाइसौं, बिसौं, एक्काइसौं, बाइसौं, तेइसौं, चौबिसौं, पच्चिसौं, छब्बिसौं, सत्ताइसौं, अट्ठाइसौं, उनन्तीसौं, तीसौं,एकत्तिसौं, बत्तिसौं, तेत्तिसौं, चौंत्तिसौं, पैंत्तिसौं, छत्तिसौं, सैंत्तिसौं, अठतिसौं, उनन्चालिसौं, चालिसौं,एकचालिसौं, बयालिसौं, त्रिचालिसौं, चवालीसौं, पैंतालिसौं, छयालिसौं, सच्चालिसौं, अठचालिसौं, उनन्चासौं, पचासौं,एकाउन्नौं, बाउन्नौं, त्रिपन्नौं, चउन्नौं, पचपन्नौं, छपन्नौं, सन्ताउन्नौं, अन्ठाउन्नौंउनन्साठिऔं, साठिऔं, एकसट्ठिऔं, बयसट्ठिऔं, त्रिसट्ठिऔं, चौंसट्ठिऔं, पैंसट्ठिऔं, छसट्ठिऔं, सत्सट्ठिऔं, अठसट्ठिऔं,उनसत्तरिऔं, सत्तरिऔं, एकहत्तरौं, बहत्तरौं, त्रिहत्तरौं, चौहत्तरौं, पचहत्तरौं, छहत्तरौं, सतहत्तरौं, अठहत्तरौं,उनासिऔं, असिऔं, एकासिऔं, बयासिऔं, त्रियासिऔं, चौरासिऔं, पचासिऔं, छयासिऔं, सत्तासिऔं, ठासिऔं,उनान्नब्बौं, नब्बौं, एकान्नब्बौं, बान्नब्बौं, त्रियान्नब्बौं, चौरान्नब्बौं, पन्चान्नब्बौं, छयान्नब्बौं, सन्तान्नब्बौं, अन्ठान्नब्बौं,उनान्सयौं, सयौं

रोमन अङ्क प्रयोगका विशेषता

१.सार्वभौमिक परिचय

- रोमन अङ्क विश्वका धेरै भागमा सजिलै चिनिन्छ।
- यसलाई भाषा वा लिपि फरक भए पनि धेरै मानिसले बुझ्न सक्छन्।
- उदाहरणघडीमा :, पुस्तकको अध्याय, चलचित्रको संस्करण, आदि।

२.**सरलता र छोटकरी**

- रोमन अङ्क छोटो र स्पष्ट रूपमा लेख्न सकिन्छ।
- ठुलो सङ्ख्यालाई पनि केही अक्षरको संयोजनबाट व्यक्त गर्न सकिन्छ।
- उदाहरण :50 = L, 100 = C, 500 = D, 1000 = M

३क्रमिकता देखाउन सहज...

क्रमिकता देखाउन रोमन अङ्कको प्रयोग धेरै प्रभावकारी मानिन्छ। प्रायः पुस्तकका अध्यायहरू जस्तै Chapter I, II, III वा चलचित्रका भागहरू जैसे Movie II मा रोमन अङ्क प्रयोग गरिन्छ , जसले सामग्रीहरू बीचको क्रम वा अनुक्रम स्पष्ट रूपमा प्रस्तुत गर्छ । यसको प्रयोगले पाठक वा दर्शकलाई अगाडिको र पछाडिको भाग छुट्याउन सहज बनाउने मात्र होइन, विषयवस्तु व्यवस्थित ढङ्गले प्रस्तुत भइरहेको छ भन्ने अनुभूति पनि गराउँछ।

४.**सजिलो अङ्क छुट्याउनेदर्शाउने/**

- रोमन अङ्क अङ्कहरूको लम्बाइ कम राख्छ र दृश्यात्मक रूपमा स्पष्ट हुन्छ।
- विशेष गरी शीर्षक, घडी, मूर्तिकलाहरू वा स्मारकमा आकर्षक देखिन्छ।

५.**ऐतिहासिक र सांस्कृतिक महत्त्व**

- रोमन अङ्कले ऐतिहासिक र सांस्कृतिक शैली प्रस्तुत गर्छ।
- पुराना स्मारक, ऐतिहासिक कागजात र समयसमयमा घटनाहरूलाई रोमन अङ्कमा ल-ेखिने चलन छ।

६.**भिन्न प्रणालीसँग मिश्रण गर्दा उपयोगी**

- गोमन अङ्कलाई अन्य सङ्ख्यात्मक प्रणालीसँग सजिलै प्रयोग गर्न सकिन्छ।
- उदाहरणकुनै सूचीमा मुख्य भाग रोमन अङ्क :, उपभाग सामान्य अङ्कमा लेख्न सकिन्छ।

मुख्य बिन्दु-

- **विश्वव्यापी बुझाइ**
- **संक्षिप्त र स्पष्ट लेखन**
- **क्रमिकता जनाउन सजिलो**
- **दृश्यात्मक आकर्षकता**
- **ऐतिहासिक र सांस्कृतिक महत्त्व**

६-देवनागरी लिपिमा प्रयोग हुने मुख्य विराम चिन्हहरू-

१(।) पूर्णविराम .

- अङ्ग्रेजीमा:**Full Stop / Period (.)**
- प्रयोगःवाक्यको अन्त्य देखाउन। :
- उदाहरण :"म स्कुल जाँदैछु।"

२ श्लोक / द्विराम .विराम (॥)

- अङ्ग्रेजीमा:**Double Danda / Double Vertical Line**
- प्रयोग:
  - श्लोक वा कविता वाक्यको अन्त्यमा।
  - खण्ड वा अनुच्छेद छुट्याउन।
- उदाहरण :"धन्यः सदा भूयात्॥"

३) अर्धविराम .,) / (English comma equivalent)

- देवनागरीमा अर्धविराम प्रायः अङ्ग्रेजीमा जस्तै प्रयोग हुन्छ।

- प्रयोगअलग कुरा छुट्याउन।-वाक्यमा अलग :
- उदाहरण :"राम, श्याम र मोहन विद्यालय गयो।"

४) प्रश्नवाचक चिन्ह .?)

- अङ्ग्रेजीमा :Question mark
- प्रयोगपश्नवाचक वाक्यको अन्त्यमा।
- उदाहरण :"तिमी स्कुल जाँदैछौ?"

५ / (!) विस्मयादिबोधक .Exclamation mark

- प्रयोग :आश्चर्य, खुसी, क्रोध, वा जोर दिनका लागि।
- उदाहरण :"वाह!कस्तो सुन्दर दिन छ !"

६) उद्धरण चिन्ह ." " / ' ')

- प्रयोगप्रत्यक्ष उद्धरण :, संवाद, वा शब्द उद्धृत गर्न।
- उदाहरणगामले भने :, "म पढ्न जाँदैछु।"

७( ) कोष्ठक .

- प्रयोगअतिरिक्त जानकारी वा टिप्पणी दिन। :
- उदाहरण :"श्रीमान् आज उपस्थित हुनुहुन्न। (सर)"

८ / -) ड्यास / हाइफन .—)

- प्रयोगशब्द जोड्न :, अन्तराल देखाउन, वा व्याख्या दिन।
- उदाहरण :"उहाँ नेपालीभाषी शिक्षक हुनुहुन्छ।-"

९(ऽ) अवग्रह .

- प्रयोग :"अ" को अपवाद वा लघुवचनमा।
- उदाहरण :"तस्मिन्ऽ अवस्था"

१००) अङ्क .–९(

- प्रयोगसङ्ख्या व्यक्त गर्न। :
- उदाहरण :"आज मैले ५ किलो चामल किनें।"

७.प्रूफ रिडिङ)Proofreading) गर्दा ध्यान दिनुपर्ने मुख्य विषयहरू /points

१) व्याकरण .Grammar)

- वाक्य संरचना सही छ कि छैन जाँच्ने।
- क्रियापद)verbs), वचन)singular/plural), लिंग)gender) मिलेको छ कि छैन।
- समय)tense) र अनुक्रम)sequence) मिलेको छ कि छैन।

२वर्तनी .-हिज्जे) स्पेलिङ / Spelling)

- सबै शब्द सही लेखिएका छन् कि छैनन्।
- समान उच्चारण भएका शब्दको सही अर्थ र प्रयोग जाँच्ने।

३) पङ्क्तिचिन्ह / विराम .Punctuation)

- पूर्णविराम (।), प्रश्नवाचक)?), विस्मयादिबोधक (!), उद्धरण)" ") सही ठाउँमा छन् कि छैनन्।

- कोष्ठक ( ), ड्यास (-), कोमा),) आदि सही प्रयोग भएनभएको जाँच।/

४) वाक्य संरचना .Sentence Structure)

वाक्य संरचना कुनै पनि लेखनको प्रभावकारितासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । यदि वाक्यहरू अत्यधिक लामो भयो भने तिनलाई बुझ्न कठिन हुन सक्छ, त्यसैले अर्थ स्पष्ट हुने गरी उपयुक्त लम्बाइमा लेख्नु आवश्यक हुन्छ । एकै वाक्यमा दुबै अर्थ मिसिएर अस्पष्टता पैदा हुने त होइन भन्ने पक्षमा पनि ध्यान दिनुपर्छ, ताकि पाठकले आशय सजिलै ग्रहण गर्न सकुन् । त्यस्तै, Passive र Active Voice बीच सन्तुलन कायम राख्नु पनि महत्त्वपूर्ण हुन्छ, किनकि यसले भाषालाई सहज, प्रभावकारी र सुसङ्गत बनाउन मद्दत गर्दछ।

५) शैली / शब्द चयन .Word Choice / Style)

शब्द चयन र शैली लेखनको प्रभावकारिता र सौन्दर्यको महत्वपूर्ण पक्ष हो । कुनै पनि पाठमा अनावश्यक रूपमा शब्दहरूको दोहोऱ्याउनु हुँदैन, किनकि यसले लेखनलाई बोझिलो र उस्तै–उस्तै बनाइदिन्छ। सन्दर्भअनुसार औपचारिक वा अनौपचारिक शैली उपयुक्त छ कि छैन भन्ने कुरा विशेष ध्यान दिनुपर्ने हुन्छ, त्यसले पाठकसँगको सम्बन्ध र लेखनको उद्देश्यलाई स्पष्ट गर्दछ । त्यसैगरी, शब्दहरू सरल, स्पष्ट र सुसङ्गत हुनु आवश्यक हुन्छ, ताकि पाठकले मूल आशय सजिलै बुझ्न सकुन् र लेखन सहज रूपमा प्रस्तुत भएको अनुभव होस्।

६) तथ्याङ्क / तथ्य .Facts / Data)

तथ्य र तथ्याङ्कको शुद्धता कुनै पनि लेखन वा अनुसन्धानात्मक सामग्रीको विश्वसनीयताको आधार हो । प्रस्तुत गरिएको जानकारीमा मिति, नाम, स्थान लगायतका तथ्यहरू सही छन् कि छैनन् भनेर पुष्टि गर्नु अत्यावश्यक हुन्छ, किनकि साना त्रुटिले समेत सम्पूर्ण सामग्रीको प्रामाणिकता कमजोर पार्न सक्छ । त्यस्तै, प्रयोग गरिएका तथ्य तथा उद्धृत सामग्रीका स्रोत सही र प्रमाणित छन् कि छैनन् भन्ने पक्ष जाँचिनु आवश्यक हुन्छ , ताकि लेखन विश्वसनीय र शैक्षिक मान्यतामा टेकेर प्रस्तुत भएको सुनिश्चित गर्न सकियोस्।

७) सङ्ख्या र अङ्क .Numbers / Digits)

सङ्ख्या र अङ्ककको सही प्रयोग लेखनमा स्पष्टता र शुद्धता सुनिश्चित गर्ने महत्वपूर्ण पक्ष हो । सामग्रीमा Cardinal र Ordinal numbers उपयुक्त स्थानमा र सही रूपमा प्रयोग भएका छन् कि छैनन् भन्ने जाँच गर्नु आवश्यक हुन्छ, किनकि यसले सूचनाको क्रम र मात्रा दुवैलाई स्पष्ट पार्छ। त्यसैगरी प्रतिशत को रूप (%), मिति, समय तथा अङ्कहरू यथार्थ रूपमा प्रस्तुत भएका छन् कि छैनन् भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ , ताकि तथ्याङ्कीय विवरणहरू विश्वसनीय र पाठकका लागि स्पष्ट रूपमा बुझिने बनोस्।

८) संरचना / अनुच्छेद .Paragraph / Structure)

अनुच्छेद र संरचना कुनै पनि लेखनको रूपरेखा निर्धारण गर्ने आधारभूत तत्व हुन् । अनुच्छेदहरू एक–आपसमा सुसङ्गत छन् कि छैनन् भन्ने सुनिश्चित गर्नु आवश्यक हुन्छ , ताकि विचारहरूको प्रवाह सहज र तार्किक रूपमा अघि बढोस्। शीर्षक तथा उपशीर्षक स्पष्ट , उपयुक्त र विषयानुकूल हुनु अत्यावश्यक छ , किनकि तिनले पाठकलाई सामग्रीको मुख्य दिशाबारे सूचित गर्छन् । साथै, प्रत्येक अनुच्छेदमा एक मुख्या विचार केन्द्रित रूपमा प्रस्तुत भएको छ कि छैन भन्ने पक्षले लेखनको स्पष्टता र प्रभावकारितामा सीधा प्रभाव पार्दछ।

९) पुनरावृत्ति र लिङ्क .(Repetition / Flow)

पुनरावृत्ति र लिङ्क लेखनको प्रवाहलाई सन्तुलित र आकर्षक बनाउने महत्त्वपूर्ण पक्ष हुन् । एउटै विचार वा कुरा अनावश्यक रूपमा बारम्बार दोहोरिनु हुँदैन, किनकि यसले लेखनलाई नीरस मात्र होइन, पाठकका लागि वाक्क लाग्दो पनि बनाइदिन सक्छ । त्यस्तै, वाक्य तथा अनुच्छेदबीच सुमधुर प्रवाह (flow) रहेको छ कि छैन भन्ने सुनिश्चित गर्नु आवश्यक हुन्छ, ताकि विचारहरू सहज रूपमा एकबाट अर्को लक्ष्यतर्फ सार्न सकियोस् र पाठकले सामग्रीलाई निरन्तर रूपमा , बिना व्यवधान, बुझ्न सकुन् ।

१०) अन्तिम जाँच .Final Check)

अन्तिम जाँच लेखनको समग्र गुणस्तर सुनिश्चित गर्ने एउटा महत्वपूर्ण चरण हो । सम्पूर्ण दस्तावेजमा प्रयोग गरिएका सन्दर्भ, उद्धरण तथा तालिकाहरू सही छन् कि छैनन् भनेर पुनः पुष्टि गर्नु अत्यावश्यक हुन्छ , किनकि यिनमै लेखनको विश्वसनीयता र शैक्षिक मान्यता निर्भर रहन्छ। यदि सामग्री नेपाली वा देवनागरी लिपिमा लेखिएको छ भने स्वर , व्यञ्जन तथा मात्राहरू शुद्ध रूपमा प्रयोग भएका छन् कि छैनन् भन्ने पक्षमा विशेष ध्यान दिनुपर्छ , ताकि भाषिक त्रुटिहरूबाट बच्न सकियोस्। अन्त्यमा , दस्तावेज प्रिन्ट वा डिजिटल दुवै माध्यममा पठाउन योग्य , स्पष्ट र व्यवस्थित अवस्थामा छ कि छैन भन्ने जाँच गर्नु आवश्यक हुन्छ, जसले लेखनलाई प्रस्तुत गर्न सहज र प्रभावकारी बनाउँछ।

८.नेपाली लेखनमा विरामचिन्हहरूको (Punctuation Marks) भूमिका

नेपाली लेखनमा विरामचिन्हहरूको)Punctuation Marks) भूमिका अत्यन्त महत्वपूर्ण मानिन्छ, किनकि यी चिन्हहरूले वाक्यको अर्थ , लय, स्पष्टता र भाव बोकेको संरचनालाई व्यवस्थित बनाउँछन् । लेखनमा सही ठाउँमा विरामचिन्ह प्रयोग नगर्दा वाक्यको अर्थ बदलिन सक्छ अथवा पाठकले बुझ्न कठिनाइ हुन सक्छ। विरामचिन्हहरूले वाक्यलाई शुद्ध, अर्थपूर्ण, सौन्दर्यमय र व्यवस्थित बनाउने काम गर्छन्। नेपाली भाषामा प्रचलित प्रमुख विरामचिन्हहरूमा पूर्णविराम (।), अल्पविराम),), प्रश्नवाचक चिन्ह (?), विस्मयादिबोधक चिन्ह (!), उद्धरण चिन्ह (“ ”), ड्यास (—), कोलोन (:), सेमिकोलन (;), कौंसा (()), अपोस्ट्रफ ('), र हाइफेन आदि पर्दछन्। (-)

पूर्णविराम ।वाक्यको अन्त्य सूचित गर्न प्रयोग हुन्छ। उदाहरण (।)राम विद्यालय गयो।

अल्पविराम (,) समानार्थक वा सम्बन्धित पद , वाक्यांश वा नामहरू छुट्याउन प्रयोग हुन्छ । उदाहरण म : आमाबाबा, दाजुभाइ र दिदीबहिनीसँग बसेको छु।

प्रश्नवाचक चिन्ह (?) प्रश्नवाचक वाक्यको अन्त्यमा प्रयोग हुन्छ। उदाहरणतिमी कहिले फर्किने :?

विस्मयादिबोधक चिन्ह आश्चर्य (!), खुसी, दुख:, डर वा तीव्र भाव व्यक्त गर्न प्रयोग हुन्छ । उदाहरण कति !वा : !सुन्दर दृश्य

उद्धरण चिन्ह कसैको भनाइ (“ ”), संवाद वा विशेष शब्दलाई देखाउन प्रयोग हुन्छ । उदाहरण उनले भने :, “म भोलि आउनेछु।“

ड्यास अतिरिक्त जानकारी वा (—) जोर दिन प्रयोग गरिन्छ। उदाहरण — जो अत्यन्त अनुभवी थिए—शिक्षक : हामीलाई हेका थिए।

कोष्ठ) नेपाल : स्पष्टीकरण वा अतिरिक्त टिप्पणी राख्न प्रयोग गरिन्छ। उदाहरण (()) एसियाको एक सुन्दर देश (पर्वतका लागि प्रसिद्ध छ।

समग्रमा, विरामचिन्हहरूले लेखनलाई स्पष्ट , आकर्षक र प्रभावकारी बनाउँछन् । लेखकै गुणस्तर निर्धारणमा विरामचिन्हहरूको सही प्रयोग अनिवार्य हुन्छ।

स्वनिरीक्षण

४-प्रश्न- नेपाली सङ्ख्या (Nepali numerals) र तिनका अक्षरमा लेखिने नामहरू के के हुन्–? उदाहरणसहित बताउनुहोस्।

नेपाली भाषामा**हलन्त (्)**को प्रयोग अत्यन्त महत्वपूर्ण छ, किनकि यसले व्यञ्जन अक्षरको मौलिक उच्चारण, अर्थ र शब्दको सही संरचना निर्धारण गर्छ । हलन्तले कुनै व्यञ्जनमा रहेको inherent 'अध्वनिलाई हटाइदिन्छ ', जसले गर्दा व्यञ्जन*पूर्ण रूपमा मात्र* उच्चारण हुन्छ । यदि हलन्त ठीक ठाउँमा प्रयोग भएन भने शब्दको अर्थ नै बदलिन सक्छ वा उच्चारण गलत हुन सक्छ।

उदाहरणका लागि,

- **क क्** = ्+ (केवलक्ध्वनि
- **तपस्** (तप र (स् +**तपस** (तप को अर्थ फरक हुन्छ। (स + अ +
- **शब्द**मा जस्तो सुनिन्छ 'शबदा' मा हलन्त नहुँदा 'ब्', तर हलन्त प्रयोग गर्दा सही उच्चारण*शब्द*हुन्छ।

हलन्त विशेषगरी संयुक्त व्यञ्जन)conjunct consonants) बनाउन प्रयोग गरिन्छ।

उदाहरण:

- **स् स्थ = थ** + (जस्तै:*स्थिर*)
- **न् न्द= द** + (जस्तै:*सुन्दर*)
- **क् क्ष = ष** + (जस्तै:*क्षेत्र*)

हलन्तले नेपाली लेखनलाई सुव्यवस्थित , अर्थपूर्ण र उच्चारण शुद्ध बनाउँछ। विशेषगरी संस्कृत मूलका शब्द–, वैदिक पदावली, नाम, तथा शुद्ध अकादमिक लेखनमा हलन्तको प्रयोग अझै आवश्यक हुन्छ। जस्तै-

(कउनी प्रोफेसर हुन चाहन्छन्। यसमा(**हुन**मा हलन्त लाग्दैन।

(खउनी प्रोफेसर हुन्। यहाँ(**हुन्**मा हलन्त चाहिन्छ।

(गउनी घर गइन्। यहाँ(**गइन्**मा हलन्त लागेको छ।

(घऊ घर गइन। यसमा(**गइन**मा हलन्त चाहिँदैन।

छन्, हुन्, भन्छन्, जान्छिन्, आउँछिन्, गइछिन्, जस्ता क्रियामा हल्नत आवश्यक र अनिवार्य हुन्छ, अनि केही नामको छोटो उच्चारणमा पनि हलन्त प्रयोग हुन्छ भनिसकिएको छ।

समग्रमा, हलन्त नेपाली भाषाको ध्वन्यात्मक प्रणालीमा अत्यावश्यक चिन्ह हो , जसले शब्दको स्पष्टता, अर्थ र सही उच्चारण सुनिश्चित गर्दछ।

मुख्य बुँदा

१अङ्क मानव जीवनको आधारभूत तत्व हुन्. – दैनिक सञ्चारदेखि वैज्ञानिक गणना र प्रविधिसम्म सबै क्षेत्रमा आवश्यक हुन्छन्।

२अङ्क र सङ्ख्या फरक हुन्छन्. – अङ्क भनेको ० देखि ९ सम्मका प्रतीकहरू हुन्, जबकि सङ्ख्या ती अङ्कहरूको संयोजनबाट बनिन्छ।

३. Cardinal सङ्ख्या र Ordinal सङ्ख्या – Cardinal सङ्ख्याले कति"?" जनाउँछ भने Ordinal सङ्ख्याले कुन क्रममा"?" जनाउँछ।

४नेपाली सङ्ख्या प्रणाली ठुलो र छोटो दुवै अंकहरूका लागि नामहरू छन्. – जस्तैलाख :, करोड, अर्ब, खर्ब, पद्म आदि।

५.अङ्कहरूले भाषागत सीमालाई पार गर्छन्– विश्वभर समान रूपमा बुझिने सार्वभौमिक माध्यम हुन्।

घ्रोमन अङ्कहरूको ऐतिहासिक र सांस्कृतिक महत्त्व छ. – क्रम दर्शाउन, शीर्षकमा र मूर्तिकला तथा स्मारकहरूमा प्रयोग गरिन्छ।

ঙविरामचिन्हहरूले लेखनलाई स्पष्ट र प्रभावकारी बनाउँ.छन् – पूर्णविराम, अर्धविराम, प्रश्नवाचक चिन्ह आदिको प्रयोग आवश्यक छ।

८.प्रुफ रिडिङले व्याकरण, वर्तनी, विरामचिन्ह र तथ्यहरूको शुद्धता सुनिश्चित गर्छ।

ऐडिजिटल युगमा अङ्कहरूको महत्त्व झनै बढेको छ. – कम्प्युटर र डिजिटल उपकरणहरू बाइनरी अङ्कमा काम गर्छन्।

१ ह्लन्तको प्रयोगले नेपाली शब्दहरूको उच्चारण र अर्थ सही राख्न मद्दत गर्छ. – खासगरी संयुक्त व्यञ्जनमा यसको भूमिका महत्वपूर्ण छ।

३.९ सारंश

एकाइ ३ ले अङ्क र सङ्ख्या सम्बन्धी आधारभूतदेखि उन्नत ज्ञान प्रस्तुत गर्छ। यसमा विद्यार्थीलाई अङ्क–०) बीचको भिन्नता स्पष्ट गरिन्छ। (अङ्क मिलेर बनेको मान) र सङ्ख्या (९Cardinal सङ्ख्याले कति"?" भन्ने प्रश्नको उत्तर दिन्छ भने Ordinal सङ्ख्याले कुन क्रममा"?" भन्ने बताउँछ भन्ने कुरा विस्तृत रूपमा सिकाइन्छ। नेपाली अङ्क , क्रमवाचक शब्द, रोमन अङ्क प्रणाली, विराम चिन्ह, ठुलो सङ्ख्याका नाम हजारदेखि पद्म), शङ्ख र महाशङ्ख(, साथै सुनको तौल र शुद्धताको मापनसम्बन्धी ज्ञान पनि यस एकाइमा समावेश गरिएको छ।

पाठको प्रस्तावनामा मानव सभ्यताको विकाससँगै अङ्क र सङ्ख्याले कसरी दैनन्दिन जीवन, व्यापार, प्रशासन, विज्ञान तथा प्रविधिमा महत्वपूर्ण भूमिका खेलेका छन् भन्ने कुरा प्रस्तुत छ। अङ्कलाई सार्वभौमिक संकेतका रूपमा व्याख्या गर्दै, आधुनिक डिजिटल युगमा ० र १ मा आधारित बाइनरी प्रणालीले अङ्कको महत्त्व झनै बढाएको तथ्य पनि उल्लेख छ।

अङ्कहरूको सामाजिक, सांस्कृतिक र वैज्ञानिक पक्षसमेत यस पाठमा छ । अङ्कले लेनदेन , मापन, समय, संरचना र सञ्चारलाई व्यवस्थित बनाउँछ। प्रूफ रिडिङ–, विराम चिन्ह, रोमन अङ्क, र नेपाली अङ्कप्रणालीको सही प्रयोग भाषिक दक्षता विकासका लागि अनिवार्य मानिएको छ।

सङ्ख्याको ऐतिहासिक पृष्ठभूमि , प्राचीन सभ्यतामा यसको विकास , भारतीय दशमलव प्रणाली र शून्यको योगदान जस्ता विषयहरूले विद्यार्थीलाई व्यापक दृष्टिकोण प्रदान गर्छन् । Cardinal र Ordinal सङ्ख्याका व्यावहारिक उदाहरणहरूले विद्यार्थीलाई लेखन, वाचन र दैनिक कार्यमा प्रयोग गर्न सहज बनाउँछ।

यसरी, एकाइ ३ को मूल सार मनुष्यको भाषा , गणना, विज्ञान, प्रविधि र सांस्कृतिक अभिव्यक्तिका केन्द्रमा अङ्क र सङ्ख्या रहेको छ भन्ने बुझाउनु हो । पाठले विद्यार्थीलाई गणितीय मात्र होइन , भाषिक, वैज्ञानिक र व्यवहारिक तहमा पनि दक्ष बनाउनु प्रमुख उद्देश्य राख्दछ।

३.१० उपसंहार

अङ्क र सङ्ख्याको अध्ययन केवल गणितको क्षेत्रमै सीमित नभई सम्पूर्ण मानव जीवनसँग जोडिएको ज्ञान हो । दैनन्दिन व्यवहार, व्यापार, शिक्षा, प्रशासन, विज्ञान, प्रविधि र भाषिक संरचनासम्म सबै क्षेत्रहरूमा अङ्क र सङ्ख्याको प्रयोग अनिवार्य हुन्छ। यस एकाइमार्फत विद्यार्थीहरूले अङ्क र सङ्ख्याबीचको भिन्नता , Cardinal र Ordinal सङ्ख्याको अर्थ तथा प्रयोग , नेपाली र रोमन अङ्क प्रणाली , ठुला सङ्ख्याका नाम, विराम चिन्ह तथा प्रूफ रिडिङको– आवश्यकता जस्ता आधारभूतदेखि विस्तृत विषयहरूबारे स्पष्ट समझ हासिल गर्छन् । साथै, सुनको तौल र शुद्धताको मापन, बृहत् सङ्ख्याहरूको नामाकरण , तथा वैज्ञानिक प्राविधिक प्रणालीमा अङ्कको भूमिकाले विद्यार्थीलाई– व्यावहारिक ज्ञान दान गर्छ।

यस एकाइले अङ्कलाई मात्र गन्ने साधन नभई आधुनिक सभ्यताका आधारस्तम्भका रूपमा पहिचान गराउँछ। कम्प्युटरका कोडदेखि आर्थिक लेनदेन , समयमा ेखा, तथ्याङ्क विश्लेषण, यातायात, शिक्षण अध्ययन सबै क्षेत्रमा– अङ्कको प्रयोगले नै व्यवस्थितता र सटीकता सम्भव बनाउँछ। अङ्क र सङ्ख्याको समझले विद्यार्थीलाई केवल गणितीय दक्षतामात्र होइन, भाषिक स्पष्टता, विश्लेषणात्मक सोच र वैज्ञानिक दृष्टिकोण विकसित गर्न मद्दत गर्छ। अन्ततः , यस पाठले विद्यार्थीलाई जीवनका हरेक क्षेत्रमा अङ्कको सही , प्रभावकारी र सुसङ्गत प्रयोग गर्न सक्षम बनाउँछ , जसले उनीहरूलाई शैक्षिक, व्यावसायिक तथा सामाजिक रूपमा अझ परिष्कृत र सक्षम बनाउनेछ।

३.११ थप अध्ययनका लागि

- अधिकारी, बलराम. अनुवाद सिद्धान्त र प्रयोग. काठमाडौं : त्रिपिटक प्रकाशन्, २०७१ ।
- अधिकारी, बलराम (अनु.). अनुवाद अध्ययन परिचय (दो.सं.). काठमाडौं : रत्न पुस्तक भण्डार्, २०७२ ।
- अधिकारी, हेमाङ्ग राज. समसामयिक व्याकरण. काठमाडौँ : कुञ्जल प्रकाशन।
- अधिकारी, हेमराज. भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार्, २०६७ ।
- उप्रेती, गङ्गाप्रसाद (प्रधान सम्पा.). प्रज्ञा नेपाली शैक्षणिक व्याकरण. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।
- कोइराला, अयुत बाबु. पत्रपत्रिकाको विश्व इतिहास. ताहाचल : जे. के. जैन बुक्स एन्ड स्टेशनरी, २०६० ।
- क्षेत्री, यमबहादुर. "विश्वसाहित्यबाट नेपालीमा अनूदित कृतिहरू : एक परिचर्चा ". नेपाल प्रज्ञा–प्रतिष्ठान एवं चेतना ।
- शर्मा, खगेन. फाङ्सनेल नेपाली. गुवाहाटी : आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभाग , गुवाहाटी विश्वविद्यालय, सन् २०२५ ।
- शर्मा, खगेन. नेपाली क्रियाको रूपावली. गुवाहाटी : पूर्वायण पब्लिकेसन्, सन् २०२२ ।
- शर्मा, शिवराज. पूर्वोत्तर माध्यमिक नेपाली व्याकरण र रचना. गान्तोक : जनपक्ष प्रकाशन् २००८ ।
- थापा, रेणुका."अनुवादबारे केही कुरा ".नेपाल प्रज्ञा –प्रतिष्ठान एवं चेतना संरक्षण प्रतिष्ठान , विराटनगरको तत्वावधानमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र, २०६८ ।
- दाहाल, राजकुमार. अनुवाद विमर्श (दो.सं.). सिलगढी : प्रतिमा प्रकाशन्, २०१० ।
- भट्टराई, गोविन्दराज. "विश्वसाहित्य एवं अनुवादबीचको अन्तरसम्बन्ध ...".नेपाल प्रज्ञा –प्रतिष्ठान एवं चेतना संरक्षण प्रतिष्ठान, विराटनगर, गोष्ठी कार्यपत्र, २०६८ ।.
- नेपाली लेखन शैली, भारतीय भाषा संस्थान र सिक्किम अकादमी, २०११

३.१२ स्वनिरीक्षण:

१ नम्बर प्रश्नको उत्तर :अङ्क र सङ्ख्या दुवै गणनासँग सम्बन्धित भए पनि यी दुईबीच महत्वपूर्ण भिन्नता हुन्छ । अङ्क भनेको ० देखि ९ सम्मका मात्र प्रतीकहरू हुन् , जसलाई हामी गणना गर्न र सङ्ख्या बनाउन प्रयोग गर्छौं। उदाहरणका लागि, ५, ७, ० यी सबै अङ्क हुन् । तर सङ्ख्या भनेको यी अङ्कहरूलाई मिलाएर बनेको मान हो, जसले कुनै वस्तुको सङ्ख्या वा परिमाण जनाउँछ। जस्तै , २५ एक सङ्ख्या हो जसमा २ र ५ दुईवटा अङ्कहरू मिलेर बनेको हो। यसरी अङ्क आधारभूत प्रतीक हुन् भने सङ्ख्या तिनको संयोजनबाट बनेको परिणाम हो । सङ्ख्या आफूमा पनि दुई प्रकारका हुन्छन् —Cardinal सङ्ख्या जसले कति"?" भन्ने प्रश्नको उत्तर दिन्छ , र Ordinal सङ्ख्या जसले कुन क्रममा"?" भन्ने कुरा जनाउँछ। यसैले , अङ्क र सङ्ख्याको भिन्नता बुझ्नु महत्त्वपूर्ण हुन्छ किनकि अङ्क बिना सङ्ख्या निर्माण सम्भव छैन।

२ नम्बर प्रश्नको उत्तर- अङ्कहरू मानव जीवनको अत्यन्तै महत्वपूर्ण आधारभूत तत्व हुन्। दैनिक जीवनदेखि लिएर व्यापार, विज्ञान, गणित र आधुनिक प्रविधि सम्म सबै क्षेत्रमा अङ्कहरूको प्रयोग अनिवार्य हुन्छ। अङ्कले मात्र वस्तुहरूको सङ्ख्या गणना गर्न मात्र नभई मूल्य, क्रम र समय जस्ता अमूर्त अवधारणाहरूलाई पनि व्यक्त गर्छ। उदाहरणका लागि , व्यापारमा अङ्कहरूले लेनदेन, मूल्य निर्धारण, लेखा जोखा सजिलै गर्न सहयोग-पुर्याउँछन्, जसले आर्थिक व्यवस्थापनलाई व्यवस्थित बनाउँछ । विज्ञानको क्षेत्रमा पनि मापन , प्रयोग र नतिजा जनाउन अङ्कहरूको ठुलो भूमिका हुन्छ । आधुनिक प्रविधिमा कम्प्युटर र स्मार्टफोनहरू बाइनरी प्रणाली मा आधारित भएकाले अङ्कको महत्त्व अझ बढेको छ। यसको साथै (१ र ०) , अङ्क भाषागत सीमाहरू नाघेर एक सार्वभौमिक भाषा जस्तै कार्य गर्छन् जसले विश्वव्यापी सञ्चार र सहकार्यलाई सहज बनाउँछ। यसरी अङ्क मानव सभ्यताको मेरुदण्ड जस्तै छन् र भविष्यमा पनि यसको महत्त्व अझै बढ्ने निश्चित छ।

३ नम्बर प्रश्नोत्तर- सङ्ख्या दुई प्रकारका हुन्छन् —Cardinal (मुख्य सङ्ख्या र (गणना/Ordinal (क्रमाङ्क सङ्ख्या। (क्रमिक/Cardinal सङ्ख्या त्यो हो जसले कति"?" भन्ने प्रश्नको उत्तर दिन्छ , अर्थात् कुनै वस्तु , जनसङ्ख्या वा परिमाण कति छ भनेर जनाउँछ । जस्तै , १ (एक), २ (दुई), १० (दस), २५ आदि (पच्चिस)Cardinal सङ्ख्या हुन्। यसको प्रयोग वस्तुको सङ्ख्या , मान, मात्रा वा गणना जनाउन गरिन्छ। अर्कोतर्फ, Ordinal सङ्ख्या त्यो हो जसले कुन स्थानमा"?" वा कुन क्रममा"?" भन्ने प्रश्नको उत्तर दिन्छ। यो सङ्ख्या अनुक्रम, स्थान वा पद जनाउन प्रयोग हुन्छ। जस्तै, १ (पहिलो), २ (दोस्रो), ३ (तेस्रो), १० (दशौँ), २५ आदि (पच्चिसौँ)Ordinal सङ्ख्या हुन् । यसले कुनै वस्तु वा घटनाको स्थान वा क्रम जनाउँछ।यसरी Cardinal सङ्ख्या कति"?" भन्ने प्रश्नको जवाफ हो भने Ordinal सङ्ख्या कुन क्रममा"?" भन्ने प्रश्नको जवाफ हो र दुवै प्रकारका सङ्ख्याको मानव जीवनमा व्यापक प्रयोग हुन्छ।

४ नम्बर प्रश्नोत्तर: नेपाली सङ्ख्या ० देखि १०० सम्म देवनागरी लिपिमा यसरी लेखिन्छन्१ :, २, ३, ... ९९, १००।
यी सङ्ख्याहरू अक्षरमा पनि लेखिन्छन् जस्तैएक:, दुई, तीन, चार, पाँच, ... उनान्सय, सय।
उदाहरणका लागिएक = १:, २५ पच्चिस =, ५० पचास =, ७२ बहत्तर =, १०० सय =
यसरी सङ्ख्यालाई नेपाली अक्षरमा लेख्दा गणना सजिलो र स्पष्ट हुन्छ।

५ नम्बरको प्रश्नोत्तर- Cardinal सङ्ख्या कति" भनेको (गणना सङ्ख्या/मुख्य)?" भन्ने प्रश्नको उत्तर दिन प्रयोग हुने सङ्ख्या हो। जस्तै , १ (एक), १० (दस), २५ आदिले वस्तुको (पच्चिस)सङ्ख्या जनाउँछन्। Ordinal सङ्ख्या कुन क्रममा" भनेको (क्रमिक सङ्ख्या/क्रमाङ्क)?" वा कुन स्थानमा"?" भन्ने प्रश्नको उत्तर दिन प्रयोग हुन्छ। जस्तै , १ (पहिलो), १० (दशौँ), २५ आदिले क्रम वा स्थान जनाउँछन्।यसरी (पच्चिसौँ) Cardinal सङ्ख्याले मात्राको संकेत गर्छ भने Ordinal सङ्ख्याले वस्तुको स्थान वा क्रमको जानकारी दिन्छ। उदाहरणका लागि, "तीन वटा किताब) "Cardinal) र) "तीस्रो अध्याय"Ordinal)।

? ३.१३ अभ्यासार्थ

१ .अङ्क र सङ्ख्यामा के फरक हुन .?
२ . Cardinal सङ्ख्या र Ordinal सङ्ख्याको अर्थ र उदाहरण दिनुहोस्।
३ .रोमन अङ्कहरूको प्रयोगका तीन विशेषता लेख्नुहोस्। .
४. अङ्क र सङ्ख्याको महत्त्व र भूमिका बारे वर्णन गर्नुहोस्।
५. नेपाली सङ्ख्या प्रणालीमा ठुलो सङ्ख्याहरूको नामहरू र तिनीहरूको प्रयोग व्याख्या गर्नुहोस्।
६. नेपाली लेखनमा विरामचिन्ह र हलन्तको प्रयोग किन आवश्यक हुन्छ? त्यसले लेखनमा कस्तो प्रभाव पार्छ?

*** ***** ***

एकाइ ४ हिज्जेका सामान्य नियम

एकाइ संरचना

४.१ उद्देश्य
४.२ प्रस्तावना
४.३ हिज्जेको प्रकृति र विशेषता
४.४ भाषामा हिज्जे (वर्णविन्यास) को महत्त्व
४.५ विज्ञान र प्रविधिका नयाँ शब्द र तिनको हिज्जे (वर्णविन्यास)
४.६ प्रुफ–रिडिङको उत्पत्ति र ऐतिहासिक पृष्ठभूमि
४.७ लेखन शैली
४.८ नेपाली वर्णविन्यास
४.९ सारंश
४.१० उपसंहार
४.११ थप अध्ययनका लागि
४.१२ स्वनिरीक्षण
४.१३ अभ्यासार्थ

४.१ उद्देश्य

यस पाठका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

- हिज्जे (वर्णविन्यास) को महत्त्व बुझाउनु।
- नेपाली भाषाका सामान्य हिज्जे नियमहरू सिकाउनु।
- विज्ञान र प्रविधिका नयाँ शब्दहरूको नेपालीकरण प्रक्रिया बुझाउनु।
- तद्भव, तत्सम र आगन्तुक शब्दहरूको वर्णविन्यास छुट्याउन सक्ने बनाउनु।
- ह्रस्व–दीर्घ, हलन्त, शिरबिन्दु, चन्द्रबिन्दु, ब–व आदि प्रयोग सिकाउनु।
- पदयोग र पदवियोगको भिन्नता स्पष्ट पार्नु।
- प्रुफ–रिडिङको इतिहास र आधुनिक उपयोग बुझाउनु।
- लेखन–शैली (Style Manual) को अवधारणा र उपयोग सिकाउनु।
- शुद्ध, व्यावसायिक र मानकीकृत लेखनतर्फ प्रेरित गर्नु।

४.२ प्रस्तावना

भाषा केवल बोलिचालीको साधन मात्र होइन, यो समाजको संस्कृति, ज्ञान र पहिचानको संवाहक हो। भाषालाई लेखनका रूपमा विश्वसनीय , स्पष्ट र सुसङ्गठित बनाउन *हिज्जे (वर्णविन्यास)* का नियमहरू अत्यन्त आवश्यक हुन्छन् । नेपाली भाषामा पनि ध्वनि , अर्थ र लेखन पद्धतिको समन्वय गर्दै स्थापित हिज्जे नियमहरूले भाषालाई एकरूप , शुद्ध र सुबोध बनाउने कार्य गरेका छन् । साथै विज्ञान , प्रविधि तथा सञ्चार क्षेत्रमा नयाँ शब्दहरू भित्रिँदै गर्दा वर्णविन्यासको व्यवस्थापन गर्नु अझ आवश्यक बनेको छ । यसै सन्दर्भमा प्रुफ –रिडिङ र लेखन शैली (Style Manual) ले लेखनलाई त्रुटिरहित, व्यावसायिक र मानक बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछन् । यही पृष्ठभूमिमा यस एकाइले नेपाली हिज्जेका

नियम, नयाँ शब्दको रूपान्तरण , प्रुफ–रिडिङको ऐतिहासिक विकास र लेखन –शैलीका मानकहरूको अध्ययन प्रस्तुत गर्दछi

४.३ हिज्जेको प्रकृति र विशेषता

यस एकाइमा नेपाली भाषाका हिज्जे नियमहरूको सैद्धान्तिक तथा व्यावहारिक चर्चा गरिएको छ i भाषा व्यवस्थित रूपमा लेख्न हिज्जे अत्यावश्यक तत्व हो भन्ने कुरा प्रष्ट पारिएको छ i तद्भव, तत्सम र आगन्तुक शब्दका फरक नियमहरू, ह्रस्व–दीर्घ, हलन्त, शिरबिन्दु, चन्द्रबिन्दु, ब–व प्रयोग, पदयोग–पदवियोग आदिको विस्तृत व्याख्या गरिएको छi विज्ञान र प्रविधिका शब्दहरू नेपालीमा कसरी रूपान्तरण गर्ने भन्नेबारे उदाहरणसहित विवेचना गरिएको छ i प्रुफ–रिडिङको ऐतिहासिक विकास , यसको शैक्षिक तथा व्यावसायिक महत्त्व र आधुनिक प्रविधिसँगको सम्बन्ध पनि समेटिएको छ i साथै लेखन –शैली (Style Manual) को अवधारणा र अन्तर्राष्ट्रिय अभ्यासका उदाहरण दिइएको छ i समग्रमा, यस पाठले विद्यार्थीलाई शुद्ध, व्यवस्थित र व्यावसायिक नेपाली लेखनतर्फ उन्मुख गराउँछi

हिज्जे नियम भाषा संरक्षण र विकासका मेरुदण्ड हुन् i नेपाली भाषामा वर्णविन्यासले अर्थ , सौन्दर्य र विश्वसनीयता दिन महत्त्वपूर्ण भूमिका खेल्दछ i विज्ञान, प्रविधि र विश्वव्यापी प्रभावका कारण नयाँ शब्दहरू भित्रिँदै गर्दा हिज्जे प्रणालीलाई अद्यावधिक गर्दै जानु आवश्यक छ i त्यसैगरी प्रुफ–रिडिङले लेखनलाई परिष्कृत बनाउने कार्य गर्दछ र लेखन–शैलीले मानकीकरणको आधार दिन्छ i यसैले , भाषालाई जीवित , उपयोगी र आधुनिक बनाइराख्न हिज्जेका नियमको ज्ञान र प्रयोग अनिवार्य छi

४.४ भाषामा हिज्जे(वर्णविन्यास)को महत्त्व

कुनै पनि भाषा केवल शब्दहरूको समूह मात्र होइन , त्यो ध्वनि, अर्थ र लेखन प्रणालीको सन्तुलित संयोजन हो i लेखन प्रणालीको प्रमुख पक्ष भनेकोहिज्जे(वर्णविन्यास) हो , जसले शब्द कसरी लेखिन्छ भन्ने निश्चित गर्छ iवर्णविन्यासका नियम नहुने भाषामा लेखाइ र उच्चारणमा असमानता आउने मात्र होइन , बुझाइमा पनि भ्रम पैदा हुन्छ i त्यसैले हिज्जे(वर्णविन्यास) का नियम कुनै पनि भाषाकोशुद्धता , एकरूपता र स्पष्टताको आधारहुन् iवर्णविन्यासका नियमहरूले भाषालाई एक निश्चित ढाँचामा राख्छन् i उदाहरणका लागि , एउटै शब्द विभिन्न व्यक्तिले फरक-फरक रूपमा लेख्न थाले भने त्यसको अर्थ परिवर्तन हुन सक्छ वा बुझ्न गाह्रो पर्न सक्छ iवर्णविन्यासका नियमहरूले यस्तो अनिश्चितता हटाउँछन् र भाषा प्रयोगकर्ताबिच समान समझदारी बनाउँछन्i यसरी हिज्जे(वर्णविन्यास) को नियमले भाषाको एकरूपता र मानक रूप कायम गर्न मद्दत गर्छi

कुनै भाषाको हिज्जे(वर्णविन्यास) नियम त्यस भाषाको इतिहास , ध्वनि-रूप र व्याकरणसँग सम्बन्धित हुन्छ i समयसँगै नयाँ शब्दहरू जोडिँदा वा उच्चारणमा परिवर्तन आउँदा पनि हिज्जे(वर्णविन्यास) प्रणालीलाई सन्तुलित रूपमा अद्यावधिक गरिनु पर्छ iअङ्ग्रेजी भाषामा जस्तै 'color' र 'colour' जस्ता दुई रूप रहे पनि दुवैलाई निश्चित सन्दर्भमा मान्यता दिइन्छ, जसले वर्णविन्यास प्रणालीको लचिलोपन पनि देखाउँछ i नेपाली र हिन्दी भाषामा देवनागरी लिपिको प्रयोग भएकाले हिज्जे(वर्णविन्यास) नियमहरू ध्वन्यात्मक प्रणालीमा आधारित छन् , जसले उच्चारण र लेखनबिचको सम्बन्ध प्रष्ट बनाउँछ iहिज्जे(वर्णविन्यास) का नियम शिक्षा , सञ्चार, साहित्य, पत्रकारिता र प्रशासनिक क्षेत्रमा अझ बढी महत्त्वपूर्ण हुन्छन्i विद्यार्थीहरूका लागि त वर्णविन्यासको सही ज्ञान भाषाको आधारभूत सिप हो i यसले लेखनको शुद्धता मात्र होइन, भाषाको सौन्दर्य र व्यावसायिकता पनि बढाउँछi

वर्णविन्यासका नियमहरू स्थायित्वका लागि मात्र होइन , भाषाको विकासका लागि पनि आवश्यक छन् i कुनै पनि भाषा निरन्तर परिवर्तनशील हुन्छ-नयाँ शब्दहरू आउँछन् , पुराना हराउँछन्-तर हिज्जे(वर्णविन्यास) का नियमहरूले

त्यस परिवर्तनलाई व्यवस्थापन गर्छन् । त्यसैले हिज्जे(वर्णविन्यास) नियम न केवल रहनु पर्छ , बरु समयमा-समयमा पुनरावलोकन र अद्यावधिक पनि हुनुपर्छ ।यसरी, वर्णविन्यासका नियम कुनै पनि भाषाको संरचना , स्पष्टता र स्थायित्वका मेरुदण्ड हुन् । भाषा जीवित रहन , लेखन व्यवस्थित हुन र सञ्चार प्रभावकारी बन्न हिज्जे(वर्णविन्यास) का नियमहरू अनिवार्य रूपमा रहनु र पालना गरिनु पर्छ ।

४.५ विज्ञान र प्रविधिका .नयाँ शब्द र तिनको हिज्जे (वर्णविन्यास)

आजको युग विज्ञान र प्रविधिको युग हो । हरेक दिन नयाँ –नयाँ आविष्कार, अवधारणा र प्रविधिसँग सम्बन्धित शब्दहरू विश्वका विभिन्न भाषामा प्रवेश गरिरहेका छन् । यस्ता नयाँ शब्दहरूलाई प्रत्येक भाषाले आफ्नै ध्वनि , लिपि र उच्चारण प्रणाली अनुसार आत्मसात् गर्नुपर्छ । यही कारणले नयाँ वैज्ञानिक तथा प्रविधिसम्बन्धी शब्दहरूलाईआ –आफ्नो भाषामा उपयुक्त हिज्जे)spelling) र लेखन रूपदिने अभ्यास हुन्छ ।कुनै पनि भाषामा नयाँ शब्द आउँदा पहिलो प्रश्न हुन्छ - "यो शब्दलाई कस्तो रूपमा लेख्ने?" यदि अङ्ग्रेजीबाट "Computer", "internet", "Laser", "Mobile", "Robot" जस्ता शब्दहरू लिइएका छन् भने तिनलाई नेपालीमा लेख्दा "कम्प्युटर", "इन्टरनेट", "लेजर", "मोबाइल", "रोबोट" भन्ने गरी देवनागरी लिपिको ध्वनि–अनुरूप लेखिन्छ । यसरी लेख्दा न त शब्दको अर्थ गुम्छ, न त उच्चारणमा समस्या आउँछ । नयाँ शब्दको हिज्जे बनाउँदा केही कुरामा ध्यान दिन आवश्यक हुन्छ—

१. शब्दको उच्चारण अनुसार लेखाइ मिलाउनु,
२. भाषाको मौलिक लिपि प्रयोग गर्नु,
३. वर्णविन्यास नियमअनुसार समानता कायम गर्नु,
४. अर्थ र सन्दर्भ नबिग्रिने गरी रूपान्तरण गर्नु ।

उदाहरणका रूपमा "Physics" लाई "फिजिक्स", "Biology" लाई "बायोलोजी", "Digital" लाई "डिजिटल", "Software" लाई "सफ्टवेयर" लेखिन्छ । यी सबै शब्दहरू अङ्ग्रेजीबाट आएका भए पनि नेपाली लिपि र ध्वन्यात्मक प्रणालीमा रूपान्तरण हुँदा भाषा प्रयोग सहज र सुस्पष्ट हुन्छ ।यसरी विज्ञान र प्रविधिसँग सम्बन्धित नयाँ शब्दहरूलाई आफ्नो भाषामा रूपान्तरण गर्दा हिज्जे वा वर्णविन्यासमा सन्तुलन र सावधानी राख्नु अति आवश्यक हुन्छ । यसले भाषाको मौलिकता, लचिलोपन र विकासको प्रमाण दिन्छ । कुनै पनि भाषा तब मात्र जीवित रहन्छ जब उसले नयाँ विचार र शब्दलाई ग्रहण गर्ने क्षमता राख्छ ।अन्ततः, नयाँ वैज्ञानिक र प्रविधिक शब्दहरूलाई आफ्नै लिपि र उच्चारणअनुसार लेख्नु भनेको केवल अनुवाद होइन, भाषालाई युगसङ्गत र आधुनिक बनाउने प्रक्रिया हो । यसले भाषा र विज्ञानबिचको पुलको काम गर्छ र मातृभाषालाई ज्ञान–विज्ञानको माध्यमका रूपमा सुदृढ बनाउँछ ।

स्वनिरीक्षणः

प्रश्नः १- हिज्जे भाषा संरक्षण र विकासमा (वर्णविन्यास) किन महत्त्वपूर्ण छ ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

४.५ प्रुफ–रिडिङको उत्पत्ति र ऐतिहासिक पृष्ठभूमि

प्रुफ–रिडिङ (Proofreading) अर्थात् लेखिएका वा मुद्रित ग्रन्थमा भएका हिज्जे , व्याकरण, विरामचिह्न, रचना र सन्दर्भका त्रुटिहरू सच्याउने प्रक्रिया मानव लेखन –संस्कृतिको विकाससँगै उद्भव भएको हो । यसको मूल उद्देश्य लेखिएको सामग्रीलाईत्रुटिरहित, स्पष्ट र विश्वसनीयबनाउनु हो । आजको डिजिटल युगमा यो कार्य कम्प्युटर र सफ्टवेयरको सहयोगमा सजिलो भए पनि यसको इतिहास निकै पुरानो र रोचक छ ।

१. छापाखाना स्थापनाभन्दा अघिको प्राचीन हस्तलिखित युग

प्रुफ–रिडिङको जरो मानव सभ्यताका प्रारम्भिक लेखन परम्परासँग जोडिएको छ i जब लेखन प्रणाली विकसित हुन थाल्योजस्तै मिस्री-, सुमेरी, संस्कृत, ग्रिक र ल्याटिन संस्कृतिहरूमा -ग्रन्थहरू हातैले लेखिन्थेi ती पाण्डुलिपिहरूमा लेखक (scribe) ले लेखेपछि अर्को व्यक्ति , जसलाई "corrector" वा "reviser" भनिन्थ्यो, उसले लेखनका गल्तीहरू जाँच्थ्योiयी "प्राचीन प्रुफरिडर"हरूले शब्दको दोहोरिनु, अक्षर छुटिनु, वा अर्थ बिग्रनुजस्ता त्रुटि सच्याउने काम गर्थे i यो प्रक्रिया पूर्ण रूपमा मानव अनुभव, भाषाज्ञान र ध्यानमा आधारित थियोi

२. मुद्रण–यन्त्रको युग)१५औँ शताब्दीपछि

प्रुफ–रिडिङको औपचारिक रूप जोहान्स गुटेनबर्ग (Johannes Gutenberg) द्वारा सन् १४४०तिरमुद्रण–यन्त्र(printing press)आविष्कार भएपछि देखा पर्छi यो आविष्कारले ज्ञान र पुस्तक उत्पादनमा क्रान्ति ल्यायोi तर, मुद्रण गर्दा धातुको अक्षर मिलाउँदा स –साना गल्तीहरू हुने समस्या आम भए iत्यसैले, प्रत्येक पुस्तक छाप्नु अघि "proof copy" निकालिन्थ्यो — जसलाई लेखक वा प्रशिक्षित व्यक्ति)proof-reader) ले ध्यानपूर्वक पढ्थ्यो i त्रुटि भेटिएपछि त्यसमा चिनो लगाइन्थ्यो, सुधारका लागि "printer's mark" प्रयोग गरिन्थे जस्तै)¶, ʃ, # आदि(i यो नै आधुनिक प्रुफ–रिडिङको आरम्भिक स्वरूप थियोi

३.१७औँ–१९औँ शताब्दीमा व्यावसायिक प्रुफ–रिडिङ

युरोपमा छापाखानाहरू विस्तार भएपछि "proof-reader" नामक पद स्थापन भयो i यी प्रुफरिडरहरू विशेष रूपमा प्रशिक्षित व्यक्ति हुन्थे , जसले भाषा , टाइपसेटिङ, व्याकरण र शैलीमा दक्षता राख्थे iअङ्ग्रेजी, फ्रेन्च, जर्मन र ल्याटिन भाषाका प्रकाशनहरूमा प्रुफरिडरको भूमिका अत्यन्त महत्त्वपूर्ण ठानिन्थ्यो, अहिले पनि ठानिन्छiकिनकि कुनै पनि गल्तीले धार्मिक, कानुनी वा वैज्ञानिक सन्देशमा ठुलो भ्रम उत्पन्न गर्न सक्थ्योi

४. आधुनिक युगको प्रुफ–रिडिङ (औँ शताब्दीपछि२०)

२०औँ शताब्दीमा टाइपराइटर, अफसेट प्रेस र कम्प्युटरको विकाससँगै प्रुफ–रिडिङ प्राविधिक रूपमा सजिलो हुँदै गयोi आजका प्रकाशन गृह , शैक्षिक संस्थान, समाचारपत्र र वैज्ञानिक जर्नलहरूमा प्रुफरिडिङ सम्पादनको अन्तिम र अनिवार्य चरण होi कम्प्युटर सफ्टवेयर जस्तै)Grammarly, Microsoft Editor, Google Docs Spellcheck) ले स्वचालित रूपमा हिज्जे र व्याकरणका गल्तीहरू पहिचान गर्छन् , तर मानव प्रुफरिडिङ अझै पनि अपरिहार्य मानिन्छ किनभने अर्थ-, सन्दर्भ र शैलीको सूक्ष्मता केवल मानव संवेदना र ज्ञानले मात्र बुझ्न सक्छ तर नेपालीको चाहिँ स्पेलचेकर बनिएको छैनi

५. प्रुफ–रिडिङको सांस्कृतिक र शैक्षिक महत्त्व

प्रुफ–रिडिङ केवल गल्ती सच्याउने प्रक्रिया होइन; योभाषाको सौन्दर्य, सठिकता र विश्वसनीयता कायम राख्ने कलाहोi यसले लेखनलाई पठनीय, विश्वसनीय र प्रभावशाली बनाउँछi शिक्षा, अनुसन्धान, पत्रकारिता र साहित्यमा यसको भूमिका आधारभूत मानिन्छiउदाहरणका लागि, कुनै अनुसन्धानपत्र, पुस्तक वा समाचारमा सानो हिज्जे त्रुटिले अर्थ बिगार्न सक्छ , त्यसैले प्रुफ–रिडिङ भाषिक जिम्मेवारीको प्रतीक होiयसरी हेर्दा, प्रुफ–रिडिङको सुरुवात हस्तलिखित युगमा त्रुटि सच्याउने प्रयासका रूपमा भयो , मुद्रण–यन्त्रको विकाससँगै यसको औपचारिक रूप स्थापित भयो , र आधुनिक प्रविधिसँगै यो डिजिटल उपकरणहरूसँग संयोजनमा कार्यरत छiतर यसको मूल भाव भने उही छ-"त्रुटि रहित, स्पष्ट र विश्वसनीय लेखनi" प्रुफ–रिडिङले केवल शब्दहरू होइन, विचारहरूको शुद्धता पनि सुनिश्चित गर्छ, त्यसैले यो भाषा र ज्ञान दुवैको संरक्षक होi

स्वनिरीक्षण:

प्रश्न: २- विज्ञान र प्रविधिबाट आएका नयाँ शब्दहरूको नेपाली हिज्जे वर्णविन्यास कसरी तय गरिन्छ/? केही उदाहरणसहित व्याख्या गर्नुहोस्i

४.७ लेखन शैली (Style Manual)

लेखन शैलीवाशैली–निर्देशिका (Style Manual / Style Guide) भन्नाले कुनै पनिभाषा , संस्था, प्रकाशन, वा अनुसन्धान कार्यमा प्रयोग हुने लेखनका नियम , ढाँचा र मानकहरूलाई निर्देश गर्ने दस्तावेज वा पुस्तिकाहो i यसको उद्देश्य लेखनलाईएकरूप, स्पष्ट, सठिक र व्यावसायिकबनाउनु होi

१. लेखन शैलीले निम्न कुराहरू निर्धारण गर्छ—
२. हिज्जे र वर्णविन्यास (Spelling and Punctuation) — कुन प्रकारको हिज्जे प्रयोग गर्ने, विरामचिह्न कहाँ राख्नेi
३. सन्दर्भ र उद्धरण (Citation and Reference Style) — पुस्तक, लेख वा स्रोत उद्धृत गर्दा कुन ढाँचा प्रयोग गर्नेi
४. फन्ट, शीर्षक र उपशीर्षकको ढाँचा (Formatting) — लेखनको दृश्य संरचना र प्रस्तुति कस्तो हुनेi
५. भाषाको टोन र औपचारिकता (Tone and Register) — लेख औपचारिक, शैक्षिक वा समाचारिक शैलीमा लेखिनेi
६. सङ्ख्या, मिति र नामको लेखाइ (Numerical and Proper Noun Style) — मिति, समय, सङ्ख्या वा नाम कसरी लेख्ने iयसरी, शैली–निर्देशिका (Style Manual) कुनै पनि शैक्षिक , पत्रकारिक, वा प्रकाशन कार्यकोलेखनका लागि मार्गदर्शक नक्साहोi

प्रमुख लेखन शैलीका उदाहरणहरू-

1. APA Style (American Psychological Association)
    - प्रायः समाजशास्त्र, मनोविज्ञान, शिक्षा र अनुसन्धानका लेखमा प्रयोग हुन्छi
    - सन्दर्भको ढाँचा उदाहरण:

      → Sharma, K. (२०२३). *Language and Society*. Kathmandu: Academic Press.
2. MLA Style (Modern Language Association)
    - साहित्य, भाषा, मानविकी र कलासम्बन्धी लेखमा प्रयोग हुने शैलीi
    - उद्धरणको ढाँचा उदाहरण:

      → Sarma, Khagen. *History of Nepali Literature*. Kathmandu: Bhāratī Publications, २०२२.
3. Chicago Manual of Style (CMS)
    - इतिहास, पुस्तक प्रकाशन र पत्रकारितामा व्यापक प्रयोगi
    - दुई प्रमुख प्रणाली हुन्छन्: Notes and Bibliography / Author–Date System
4. Harvard Style
    - सन्दर्भमा लेखकको नाम र प्रकाशन वर्ष प्रयोग गरिन्छi
    - उदाहरण: (Sarma, २०२४)
5. Associated Press (AP) Style
    - समाचार लेखन, म्यागजिन र अनलाइन रिपोर्टिङका लागि प्रयोगi
    - छोटो, स्पष्ट र औपचारिक भाषामा जोड दिन्छi

नेपाली भाषाको सन्दर्भमा-

नेपाली भाषामा पनि लेखनका केहीमानक शैली–निर्देशिकाहरू प्रयोगमा छन्।
उदाहरणका रूपमा —

- भारतीय भाषा संस्थान र सिक्किम अकादमीको संयुक्त प्रकाशन- नेपाली लेखन शैली(२०११)
- नेपाल प्रज्ञा–प्रतिष्ठानको "नेपाली हिज्जे र लेखन मार्गदर्शिका"
- विश्वविद्यालयहरूद्वारा प्रयोग हुनेअनुसन्धान प्रतिवेदन लेखन मापदण्ड
- पत्रपत्रिकाहरूले बनाएकोसम्पादकीय शैली–निर्देशिका, यी सबैले नेपाली लेखनमा एकरूपता र स्पष्टता ल्याउने काम गर्छन्।लेखन शैली वा Style Manual कुनै पनि लेखन, अनुसन्धान, वा प्रकाशन कार्यकोनियम, रूपरेखा र सौन्दर्यनिर्धारण गर्ने दस्तावेज हो। यसले लेखनलाई केवल भाषिक रूपमा मात्र होइन, वैज्ञानिक र व्यवस्थित रूपमा प्रस्तुत गर्नमद्दत गर्छ। सही लेखन शैलीको प्रयोगले लेखकको विश्वसनीयता बढाउँछ, पाठकको बुझाइ सहज बनाउँछ, र सम्पूर्ण ग्रन्थलाई व्यावसायिक रूप दिन्छ।

स्वनिरीक्षण:

प्रश्न: ३-प्रुफ–रिडिङ)Proofreading) के हो र यसको ऐतिहासिक विकास र महत्त्व वर्णन गर्नुहोस्।

४.८ नेपाली वर्णविन्यास (Spelling)

वर्णविन्यासलाई हिज्जे (Spelling) पनि भनिन्छ। नेपालीमा लामो वा छोटो उच्चारण रहे तापनि लेख्ने नियम चाहिँ आफ्नै परम्पराको छ अर्थात् नेपालीमा आफ्नै नियम र शैलीको लेख्य परम्परा छ। यसबारे केही लेख्य नियमहरू छन् र लेख्दै जाँदा बानी पनि पर्नुपर्छ। अचेल कसैकसैले ताडित ड़ र ढ़ पनि लेख्न थालेका छन्, जस्तै- पहाड़, भाँड़ो, तर यहाँ प्रयोग भएको छैन।

१. तद्भव र आगन्तुकशब्दको वर्ण विन्यास-

- तद्भव शब्द (आफ्नो बनाइएका शब्दहरू) -शब्दादि(सुरु) र शब्दमध्य(बिच)मा ह्रस्व हुने नियम-
  - ✓ तद्भव शब्दको शब्दादि र शब्दमध्यकोइकार र उकार ह्रस्व लेख्ने, जस्तैःसुन, नुन, थपिनी, नुनिलो, कलिलो, बलियो, सदिलो, बारुलो, बाहिर, भित्र, बितिक्कै, खातिर, निम्ति, पहिलो, माहिलो, गबिरो, रसिलो, बटुवा, हचुवा, झिलिक्क, तिरिरी, फिरिरी, सिरिसिरी आदि।
- संस्कृत बाहेक अरू भाषाबाट आएका आगन्तुक शब्दका सुरु वा बिचमा ह्रस्व अनि अन्त्यमा दीर्घ ई वा दीर्घ ऊ लेख्ने नियम छ, जस्तै- इटाली. अङग्रेजी, हिन्दी, उर्दू, स्कुटी, बाइक, पिजा, चियर, बियर, सिगारेट, चिन, जार्मानी, हिटलर आदि।
  - ✓ संस्कृत तत्सम निकट ठानेर परम्परागत रूपमा शब्दादि र शब्दमध्यमा दीर्घ लेखिएका तद्भव शब्दलाई अबउसो ह्रस्व लेख्ने,जस्तैःनिलो(नील होइन), किरो(कीट),घिन(घृणा), किलो /खिल(कील),खिर(क्षीर), दियो(दीप), पिर(पीडा), पिरो(पीडक), गहिरो(गभीर), चिसो(शीत), बिउ(बीज), जिउ(जीव), धुलो(धूलो), धुवाँ(धूम), सुरो(शूर), मुसो(मूषक), मुला(मूल)आदि।
  - ✓ परम्परागत रूपमा दीर्घ लेखिने शब्दहरू पनि तद्भव नै भएकाले तिनको शब्दादिर शब्दमध्यको इकार (इ), उकार(उ)लाई ह्रस्व लेख्ने, जस्तैःतितो, मिठो, तिखो, पिठो, बुढो, ढिटो, दुध, मित, रुख, रुखो, रुगा, कपुत, सपुत, चुन, चिल, बिच, सिप, दिगो, ठिक, ठुलो, मुत, भिख, भुल

- ✓ तत्सम शब्दमा तत्भव प्रत्यय लागेमा तिनको इकार र उकार ह्रस्व लेख्ने, जस्तैःपुर्बेली(पूर्व +एली), मुर्खाइँ (मूर्ख+याइँ), बर्सेनि (वर्ष+एनि), बर्से(वर्ष +ए), पुस्ट्याइँ (पूस्टि+याइँ), दुस्ट्याइँ (दुस्ट+याइँ), धुर्त्याइँ (धूर्त+याइँ), दर्साउनु (दृश्+आउनु), बिरक्तिनु (विरक्ति+नु), ब्यक्तिनु (व्यक्त+इनु), अम्सियार (अंश+इयार), स्विकार्नु (स्वीकार+नु), प्रस्टिनु (प्रस्ट+इनु) आदि।
- ✓ सङ्ख्यावाचक शब्दलाई निम्नानुसार लेख्ने, जस्तैःएक, दुई, तिन, चार, पाँच, छ, सात, आठ, नौ, दस, एघार, बार,तेर, चौध, पन्ध्र, सोर, सत्र, अठार,उन्नाइस, बिस, एक्काइस, बाइस, तेइस, चौबिस, पच्चिस, छब्बिस, सत्ताइस, अट्ठाइस, उनन्तिस, तीस, एकतिस, बत्तिस, तेत्तिस, चौतिस, पैँतिस, छत्तिस,सैतिस, सठतिस, उनन्चालिस, चालिस, एक चालिस, बयालिस, त्रितालिस, चवालिस, पैँतालिस, छयालिस, सतचालिस, अठचालिस, उनन्चास, पचास, एकाउन्न, बाउन्न, त्रिपन्न, चउन्न, पचपन्न, छपन्न, सन्ताउन्न, अन्ठाउन्न, उनन्साट्ठी, साठी, एकसट्ठी, बयसट्ठी, त्रिसट्ठी, चौसट्ठी, पैँसट्ठी, छयसट्ठी, सतसट्ठी, अठसट्ठी, उनन्सत्तरी, सत्तरी, एकहत्तर, बहत्तर, त्रिहत्तर, चौहत्तर, पचहत्तर, छयहत्तर, सतहत्तर, अठहत्तर, उनासी, असी, एकासी, बयासी, त्रियासी, चौरासी, पचासी, छयासी, सतासी, अठासी, उनानब्बे, नब्बे, एकानब्बे, बयानब्बे, त्रियानब्बे, चौरानब्बे, पन्चानब्बे, छयानब्बे, सन्तानब्बे, अन्ठानब्बे, उनन्सय,सय
- ✓ शब्दान्तमा दीर्घ लेखिने शब्द प्रत्यय लागेपछि ह्रस्व लेखिन्छन्,जस्तैःअसिऔँ(असी +औँ), साठिऔँ(साठी+औँ), सत्तरिऔँ(सत्तरी+औँ),त्रिसट्ठिऔँ(त्रिसट्ठी+औँ),दुइटा(दुई+वटा), आदि।
- ✓ आद्यक्षरमा थोप्लो नदिई एउटै डिकोमा लेखिएमा सङ्क्षिप्त शब्दका आदि र मध्य इकार ह्रस्व लेख्ने जस्तैः डी.सी, युनेस्को, युनिसेफ, बिबिसी, सी.डी, बी.बी.सी., आदि।
- ✓ अनुकरणात्मक शब्दको बिचमा आउने इकार र उकार ह्रस्व लेख्ने, जस्तैःटिलिक्क, मिलिक्क, सिनित्त, सुलुक्क, हुलुक्क, झिलिमिली, सिरिरी, भुरुरु, तुरुरु, टुलुटुलु आदि।

- शब्दान्तमा ह्रस्व इ, उ हुने शब्दहरू सम्बन्धी नियम-
  - ✓ नाताबोधक पुलिङ्गी शब्दको शब्दान्तमा रहेका इ, उ ह्रस्व लेख्ने, जस्तैःज्वाइँ, दाइ, भाइ, पति, पनाति, जेठाजु, दाजु, फुपाजु, भिनाजु आदि।
  - ✓ आइ, याइँ, आउ, आरु, आलु, एलु प्रत्यय लागेर बनेका शब्दहरूको इकार उकार प्रत्ययअनुसार नै ह्रस्व लेख्ने, जस्तैःपढाइ, लेखाइ, कमाइ, लमाइ, दुस्ट्याइँ, बुढ्याइँ, रोपाइँ, घेराउ, चुनाउ, टिकाउ, बिकाउ, सिकारु, बढालु, इखालु, मैतालु, घरेलु आदि।
  - ✓ केही अव्यय शब्द र विभक्तिसमेतको अन्त्यको इ ह्रस्व लेख्ने, जस्तैःअगाडि, पछाडि, अगि, पछि, वारि, पारि, माथि, मुनि, खेरि, फेरि, भरि, वरिपरि, लागि, निम्ति, देखि, किनकि, अनि, पनि, तापनि, हगि, कुन्नि, चाहिँ ।तर ही र हीँ प्रत्यय लागेका यही, यहीँ, कहीँ, त्यहीँ, र लाई विभक्ति भने दीर्घ लेख्ने।
  - ✓ परिमाण जनाउने शब्द ह्रस्व लेख्ने, जस्तैःकति, यति, उति, जति, त्यति, अलि आदि।
  - ✓ लघु वा प्रिय अर्थमा आउने उकार ह्रस्व लेख्ने, जस्तैःकालु, रामु, बाबु, बच्चु, सानु, नानु, छोटु आदि।
  - ✓ उकारान्त नाम, विशेषण र अव्यय ह्रस्व लेख्ने,जस्तैः **नाम** – भाउ, दाउ, घिउ, जिउ, आलु, केराउ, बिउ, सिरु, हिउँ, उनिउँ, पनिउँ ,गाउँ, ठाउँ, मुगु, चाँगु, साँखु, तनहुँ, टेकु, हेलम्बु, चिसङ्खु, सोलु, काहुँ, लिखु, मलेखु, बल्खु आदि।**विशेषण** – चालु, उल्लु, छट्टु, ढड्डु, मट्ठु, लद्दु, पत्रु, पिट्ठु, पिछलग्गु, दुधालु, सिकारु, बिकाउ, लागु, ठालु, लडाकु आदि।अव्यय – सामु, आच्छु, आत्थु, उहुं
  - ✓ समापक छु र हु क्रियापदको उकार ह्रस्व लेख्ने, जस्तैःम राम्रो छु म नेपाली हुँ। म फलफुल खान्छु।

शब्दान्तमा दीर्घ ई, ऊ, हुने शब्दहरू सम्बन्धी नियम--

- ✓ सबै स्त्रीलिङ्ग शब्दहरूको अन्त्यमा इकार र उकार दीर्घ लेख्ने, जस्तैःउकारान्त नामपदः केटी, रानी, दिदी, गाई, माई, भैँसी आदिनाताबोधक शब्दःभाउजू, फुपू, सासू, माइजू आदि
- ✓ निर्जीव वस्तु जनाउने इकारान्त शब्दहरू दीर्घ लेख्ने, जस्तैः ठेकी, दही, मही, कोदाली, टोपी, छाती, मसी, बारी, बाली, कागती, नासपती आदि

- ----केही सजीव नामका अन्त्यमा आउने इकार दीर्घ लेख्ने,जस्तैः जोगी, सम्धी, हात्ती, खसी (यी अपवाद हुन्)
  - ✓ नामबाट बनेका भाववाचक इकारान्त नाम दीर्घ लेख्ने, जस्तैःगरिबी, साझेदारी, इमानदारी, मास्टरी, डाक्टरी, खेती, नोकरी आदि
  - ✓ नदी र स्थानवाचक इकारान्त नाम दीर्घ लेख्ने, जस्तैः धनसिरी, कपिली, सोवनसिरी, मेची, बैतर्नी आदि
  - ✓ स्थानवाचक विशेषण र अन्य विशेषणको अन्त्यको इकार दीर्घ लेख्ने, जस्तैः असमेली , अमेरिकाली, रसियाली, अफ्रिकी आदिःखाली, अल्छी, जाती, पाजी, लाछी, सिल्ली, दामी, असली, कानुनी, देखावटी आदी
  - ✓ थर, पेसा बुझाउने शब्दको अन्त्यको इकार दीर्घ लेख्ने ,जस्तैःअधिकारी, राई, कामी, छेत्री, भट्टराई, बजगाईँ, पुजारी, डकर्मी, धोबी, तेली आदि
  - ✓ जाति, वर्ग, भाषा आदि जनाउने शब्दको अन्तिम इकार दीर्घ लेख्ने तर उकार भने ह्रस्व लेख्ने,जस्तैःनेपाली, अङ्ग्रेजी, बङ्गाली, हिन्दी, तेलगु, उर्दु आदि
  - ✓ सर्वनाम शब्दको अन्त्यको इकार र उकार दीर्घ लेख्ने, जस्तैःतिमी, हामी, उनी, यी, ती, तपाईँ, आफू, ऊ,अरू आदि
  - ✓ समापक स्त्रीलिङ्गी क्रियापदको अन्त्यको इकार दीर्घ लेख्ने, जस्तैःगई, पढी, हिँडी, बसी, पढाई, सुताई,
  - ✓ 'एर' प्रत्ययान्त कृदन्त क्रियाका सट्टामा प्रयोग हुने कृदान्त क्रियाको इकार पनि दीर्घ लेख्ने, जस्तैःआई (आएर), सकी (सकेर), देखाई (देखाएर), उनीहरूले कलम किनी (किनेर) मलाई दिए
  - ✓ शब्दान्तमा आउने इच्छार्थक तथा आज्ञार्थक क्रियापदको उकार दीर्घ लेख्ने , जस्तैःजाऊ, खाऊ, बसूँ, हेर्रू, देखाऊ, जानू, पढ्नू आदि इच्छार्थक क्रियापदको बिचको उकार दीर्घ लेख्ने, जस्तैःजाऊन्, खाऊन्, उडून्, बाँचून्, बसून् देखून् आदि
  - ✓ री/अरी, तरी, ती र ई मा टुङ्गिने क्रियायोगी शब्दहरूको इकार दीर्घ लेख्ने, जस्तैः यसरी, उसरी, यस्तरी, उस्तरी, कसरी, कस्तरी, राम्ररी, बरबरी, दनदनी, सरसरती, फनफनती, ट्वालट्वालती, तरतरी, सरासरी, फिरिरी, सिरिरी, तिरिरी आदि
  - ✓ पृथक् र स्वतन्त्र रूपमा प्रयोग हुने दीर्घ इकारान्त शब्दहरू समास भएपछि पनि यथावत् लेख्ने, जस्तैःस्वामीभक्त, जडीबुटी, हात्तीवन, मैत्रीपूर्ण, नालीबेली, बोलीचाली, हाँसीखेली, कोरीबाटी आदि
  - ✓ नेपालीमा श्रुतिसम भिन्नार्थी समध्वनिक शब्दहरू धेरै छन् तद्भव र आगन्तुक स्रोतका समध्वनिक भिन्नार्थी शब्द समलिपि चिह्नमा लेख्ने, जस्तैःदर फुल, जुन, पुरा, तिन आदि कुखुरालै फुल पाच्यो दिदीले बगैँचाको फुल टिपेर माला उनिन् मकैका फुल उठे मैले तिन वटा कलम किनेँ तिनले बिहामा मलाई बोलाए जुन अस्ताए जुन मान्छे मकहाँ आयो, त्यो मेरो साथी हो
  - ✓ बहु वचन जनाउने 'हरू' तथा आदर जनाउने 'ज्यू' दीर्घ लेख्ने, जस्तैः भाइहरू, उनीहरू , सम्पादकज्यू, प्रधान मन्त्रीज्यू इत्यादि

- शब्दादि र शब्दमध्यमा आउने इकार र उकार-

- ✓ शब्दादि र शब्दमध्यमा आउने इकार र उकार आगम शब्द हुन् भने तद्भवकै नियमअनुसार ह्रस्व लेख्ने,जस्तैः गरिब, कानुन, सिफारिस, महिना, तालिम, अजिब, रसिद, सहिद, इन्जिन, इन्जिनियरिङ, एसोसिएसन, भिटामिन, टेलिभिजन, युरोप, न्युजिल्यान्ड, थाइल्यान्ड, न्युरोड, न्युयोर्क आदि।
- ✓ आगन्तुक शब्दमा रहेको श, ष र स मध्ये दन्त्य सकार मात्र लेख्ने, जस्तैःसिफारिस, सहर, सहिद, सुरु, रुस, स्टेसन, स्टुडियो, मास्टर, रजिस्टर, एभरेस्ट, पोस्ट, इन्स्टिच्युट, एसोसिएसन आदि। तर तालव्य 'श' लेख्ने गरिएका नाम,थर र पदवीमा भने तालव्य 'श' नै प्रयोग गर्ने, जस्तैः शर्मा, जोशी, शाह, कुशवाह, शेर्पा, शेरबहादुर आदि।
- ✓ तद्भव र आगन्तुक शब्दको संयुक्त व्यञ्जनमा अल्पप्राण पछि महाप्राण वर्ण आउने हँदा सोहीअनुसार लेख्ने, जस्तैःसम्हाल्नु, ल्हासा, ल्होसार, म्हेन्दु।

स्वनिरीक्षणः

प्रश्नः ४-नेपालीमा हलन्त र अजन्त के हुन्? हलन्त सम्बन्धी सामान्य नियम उदाहरणसहित लेख्नुहोस्।

- हलन्त र अजन्त सम्बन्धी

व्यञ्जन वर्णलाई हल् र स्वर वर्णलाई अच् पनि भन्दछन्। कुनै अक्षर वा शब्दका अन्त्यमा व्यञ्जन आएमा त्यस्ता वर्णलाई हलन्त भनिन्छ। हलन्त वर्ण प्रायः तिन किसिमले लेखिन्छन्। नेपालीमा ङ, छ, ट, ठ, ड, ढ, द, ह लाई आधा अक्षरमा लेख्न नमिल्ने भएकाले यिनलाई हलन्त बनाउँदा सधैँ खुट्टा काटेर (ङ् छ् आदि), (सङ्लिनु,भद्दा,भट्टी पङ्किनु आदि) लेख्ने चलन छ। च, ज, भ जस्ता ठाडो धर्को (पाई) भएका वर्णलाई ठाडो धर्को हटाएर (च् ज् भ्) शब्दको आदि र मध्यमा हलन्त (बच्चा, मन्दिर, बाल्टिन) बनाइन्छ। क,झ,फ, मा भने हात भाँचेर (क् .....) हलन्त (पक्का, सक्छिन्) बनाइएको पनि पाइन्छ। शब्दमा हलन्त सम्बन्धी केही सामान्य उदाहरण निम्नानुसार छन् ,-

- ✓ नाम, सर्वनाम र विशेषण शब्दको उच्चारण गर्दा अन्त्यमा हलन्त उच्चारित भए पनि लेख्दा अजन्त लेख्ने, जस्तैःराम, श्याम, भात, इयाल, काम, धान, धुतार, असल, खराब, इमान आदि।
- ✓ सङ्क्षिप्त शब्दमा पनि हलन्त उच्चारण भए पनि अजन्त नै लेख्ने, जस्तैः एम.ए, एम.एड, बी.एड, बी.एस्सी, एस.एल.सी आदि।
- ✓ उच्चारण हलन्त हुने आगन्तुक शब्दलाई पनि अजन्त नै लेख्ने, जस्तैः रिजल्ट, सिमेन्ट, बल्ब, फिल्ड, फर्म आदि।
- ✓ प्रत्यय लागेपछि शब्दमध्यमा परेको आधार अंश पहिले अजन्त लेखिने भए सोहीअनुसार अजन्त नै लेख्ने, जस्तैः

इमानदार, जमिनदार, लेखनदास आदि।

- ✓ द्वित्व स्थितिका अनुकरणात्मक शब्दमा हलन्त उच्चारण भए पनि अजन्त लेखने, जस्तैः फरफर, सरसर, फनफन, मिरमिर, खलखल, चमचम, सरसरी आदि।
- ✓ इच्छार्थक उकारान्तबाहेकका क्रियापदमा उच्चारणअनुसार लेख्ने, जस्तै --भन्, भनेस्, आएस्, भनिन्, पढिन्, बसिन् भनिन, गरिन, खाइन, बसिन, भन्छ, भन्दिनु, भन्यो, भन्नु आदि।

- ब र व सम्बन्धी

तद्भव र आगन्तुक शब्दमा उच्चारणअनुसार (ब) अथवा (व) लेख्ने, जस्तैः 'ब' को उच्चारण -बकुल्लो, बखत, बापत, बाकस, बहिनी, बाछिटा, बाटो, बाहिर, बाङ्गो आदि। 'व' को उच्चारण - वकिल, पावर, वजन, वाकवाक, वारपार, वारिस, बेवास्ता, फेवा, मेवा, सरुवा आदि।

- शिरबिन्दु, चन्द्रबिन्दु र पञ्चम वर्गको प्रयोग
  - ✓ शिरबिन्दु - य,र,ल,व,श,ब,स ह का अघि अनुनासिक उच्चारण भएमा शिरबिन्दु प्रयोग गर्ने,जस्तैः संवाद, संयम, संरचना, संरक्षण, संलग्न, संवत, वंश, संसार, हंस, अंश, संहार आदि
  - ✓ तद्भव र आगन्तुक शब्दमा आउने अनुनासिक स्वरलाई उच्चारणअनुसार नै चन्द्रबिन्दु लेख्ने, जस्तैःगएँ, खाएँ, गाउँछ, आउँछ, काँठ, आँप, अँध्यारो, उँभो, सँग, काठमाडौँ, हुँदा, गरिँदै, दसैँ, नवौँ, पाँचौँ आदि
  - ✓ तद्भव र आगन्तुक शब्दना रहेको पञ्चम वर्णलाई उच्चारणअनुसार (ङ), (न) र (म) नै लेख्ने,जस्तैः करङ, अङ्ग्रेजी, चङ्गा, अङ्गुर, सन्काहा, सिन्का, सन्चै, मान्छे, कान्छा, हुन्छ, भान्जा, झन्झट, जन्जाल, अन्डा, झन्डा, टन्टा, हन्डर, इन्जेक्सन, गन्जागोल, पन्ध्र, कम्पाउन्डर, बन्डल, लन्डन, पन्डाल, प्यान्ट, सेन्टर, सुपरिन्टेन्डेन्ट, जिन्सी आदि।
  - ✓ हलन्त 'ङ' मात्र उच्चारण हुने शब्दमा 'ङ्ग' नलेखी 'ङ' मात्र लेख्ने, जस्तैःगुरुङ, तामाङ, मनाङ, मोरङ, बागलुङ, दाङ, बझाङ, दार्जिलिङ, हङकङ, करङ, इन्जिनियरिङ, बोर्डिङ, बिल्डिङ, ट्रेडिङ इछर्लङ्ङ, तुर्लुङ्ङ, फुरुङ्ङ, खङ्ङ्ङ, छयाङ्ङ, दङ्ङ आदि
- पदयोग र पदवियोग

पदयोग हुने शब्दलाई एउटै डिकोमा र पदयोग नहुने शब्दलाई भिन्न भिन्न डिकोमा लेख्ने,जस्तैः रामसित (पदयोग - सही) राम सित (पद वियोग - गलत)रामका लागि (पद वियोग - सही) रामकालागि (पद योग - गलत)

पदयोग

- ✓ विभक्ति र वचनबोधक प्रत्यय पदयोग गरी लेख्ने,जस्तैःरामले, रामलाई, रामको, घरमा, रुखबाट, सडकदेखि, काठहरू, भाईहरू, बहिनीहरू आदि।
- ✓ नामयोगीलाई पदयोग गरी लेख्ने,जस्तैःरामसँग, रामसित, घरसम्म, बाटामुनि, घरतिर, प्वालबिच, पूर्वपट्टि, घरतर्फ, सुन्तलाबाहेक, पानसमेत, भनेबमोजिम, कानुनबमोजिम, आदेशमुताबिक, शिक्षकलगायत, विभागअन्तर्गत, नियमअनुरूप, हाकिमसमक्ष, हुलाकमार्फत, कानुनप्रतिकूल आदि i (पछि, अघि, पूर्व, मुनि, माथि, वारी, बिच, भित्र, बाहिर, तर्फ, तिर, सामु, भन्दा, सम्म, पट्टि, तक, सँग, सित, बाहेक, समेत, समक्ष, मार्फत, पर्यन्त, उपर, लगायत, बमोजिम, सम्मत,अनुसार, मुताबिक, अन्तर्गत, अनुरूप, अनुकूल, प्रतिकूल, आदि नामयोगी हुन्।
- ✓ कुनै दुई शब्दका बिचमा समास भएर बनेका दुई दुई लिपि चिन्हमा लेखिने शब्दहरूलाई पदयोग गरी लेख्ने, जस्तैः

दालभात, धनमाल, घरबारी, खानाखर्च, आमाबाबु, खेलकुद, गृहत्याग, जन्मजात, रोगमुक्त, घरधनी, भान्साघर, अर्थमन्त्री आदि।

- द्रष्टव्यः संयुक्त वर्णलाई पनि यहाँ एउटै लिपि मानिएको छ।
- आधार तत्त्वसँग समस्त (समास भएका) हुँदा बद्ध प्रकृतिका अथवा प्रत्ययवत् भई आएका शब्दको अंश पदयोग गरी लेख्ने,जस्तैःनाटककार, इतिहासकार, श्रममूलक, आत्मपरक, बलपूर्वक, केन्द्रीकरण, नामकरण, हानिकारक, वस्तुगत, विकासशील, समयबद्ध, कार्यरत, सन्तोषजनक, उत्तरदायी, विस्मयकारी, प्रश्नवाची, शीर्षस्थ, शिक्षाप्रद, जबाफदेही आदि।
  - ✓ रूपमा रूपले भन्ने अभिप्रायमा क्रियायोगीको कार्य जनाउन पदान्तमा देखिने स्वरूप शब्द अगिल्लो नामिक अंशसँग जोडेर लेख्ने, जस्तैःफलस्वरूप, परिणामस्वरूप, प्रमाणस्वरूप, उपहारस्वरूप आदि

- परिणामस्वरूप ऊ मसँग रिसायो i उसले मलाई उपहारस्वरूप दुईटा कलम दियो i मैले प्रमाणस्वरूप एउटा चिठी पेस गरेँ i

  ✓ परिवर्तित वा आंशिक परिवर्तित भएर बनेका अनुकरण जनाउने वा नजनाउने द्वित्व शब्द पदयोग गरी लेख्ने,जस्तैः

सुलसुल, फुरफुर, चटचट, फनफन, तनतन, कुरुङकुरुङ, तिरमिर, लटरपटर, तडकभडक, आलोपालो, आनीबानी, ओल्टोकोल्टो, गरगहना, भातसात, बल्लतल्ल, जोडजाड, असिनापसिना, ससानो, आआफ्नो, ठुल्ठुलो, दौडादौड, रिसारिस आदिi

  ✓ अकरणको न लाई पदयोग गरी लेख्ने, जस्तैःनखेल, नजा, नदेखाऊ, जाँदैन, पढ्दैनथ्यो, पढ्दैन, खान्नँ,भन्दिनँ आदिi

  ✓ सन्धि हुँदा विकार भएर बनेका समस्त शब्द वा संयुक्त क्रियासमेत पदयोग गरी लेख्ने, जस्तैःमन्त्रालय, विद्यालय, सूर्योदय, जन्मोत्सव, दिव्योपदेश, सान्दिदी, मनोव्यथा, अत्यावश्यक, निजात्मक, नियमानुसार, कपडछान, घोडचढी, रतन्धो, भन्दिनु, भन्ठान्नु आदिi

  ✓ संयुक्त क्रियामा आउने निम्न लिखित कृदन्त अंशलाई पदयोग गरी लेख्ने,जस्तैःजानुपर्छ, गर्नुपर्छ, आउनुपर्छ, जानुपऱ्यो, गर्नुपरेको छजानुहोस्, आउनुहोस्, खानुहुन्छ, आउनुहुन्छi पढिहाल्छ, गइसक्छ, लेखिदिन्छ, दिइसकिहाल्यो, हेरिरहन्छi

  ✓ नाम र थरका बिचमा आउने मध्यवर्ती नामलाई एकै डिकोमा जोडेर लेख्ने, जस्तैः दलबहादुर छेत्री , लीलबहीदुर छेत्री,नरबहादुर दर्जी, सुरेशराज मैनाली, हरिमाया देवी आदिi

- पद वियोग

1.1.1 विभक्तिपछि आउने नामयोगीलाई पद वियोग गरी लेख्ने, जस्तैःरामका लागि, घरदेखि माथि, भाइको समेत, त्यसको भन्दा आदिi

1.1.2 शब्दान्तमा बद्ध अक्षर भएका (व्यञ्जनान्त) दुईभन्दा बढी लिपि चिह्नमा लेखिने तथा दुई वा दुईभन्दा बढी अक्षर (सिलेबल) मा उच्चरित हुने समस्त शब्दहरूलाई अलग डिकोमा लेख्ने, जस्तैः असम सरकार, नगर विकास, सडक सुधार, समाज सेवा, मानव धर्म, अध्ययन प्रतिवेदन, परिवार नियोजन, मानव अधिकार, संविधान सभा, समापन समारोह, श्रम विभाग, वन संरक्षण, देश विकास, हर्ष बढाइँ, मौरी पालन, शिक्षा विभाग, जीवन रक्षक, सञ्चार गृह, सुरक्षा व्यवस्था, फलफुल पसल आदि

1.1.3 सार्थक द्वित्व शब्दलाई पद वियोग गरी लेख्ने, जस्तैः
जो जो, को को, जे जे, के के, जुन जुन, कुन कुन, जति जति, जहाँ जहाँ, के कस्तो, वन वन, सडक सडक, राम्रो राम्रो, मिठो मिठो, हुन्छ हुन्छ, बस्यो बस्यो आदि

1.1.4 संयुक्त क्रियामा आउने निम्न लिखित कृदन्त अंशलाई पद वियोग गरी लेख्ने, जस्तैःपढ्नु छ, देखाउनु छ, सुनाउनु थियोi

पढ्ने छ, जाने छ, बताउने छ, देखाउने थियो iसुनेको छ, भनेको थियो iखाँदो छ, खाँदो थियो, हिँड्दै छ, आउँदै थियो iखान हुन्छ, आउन हुन्छ, पढ्न सक्छ, हिँड्न सक्थ्योiखाए हुन्छ, आए हुन्छ, गए हुन्थ्यो, देखाए होलाiहेरेको हेर्‍यै, सुनेको सुन्यैi यस्तै नामिक क्रियासँग आउने नाम अलग डिकोमा लेख्ने, जस्तैःमन पर्नु, देखा पर्नु, हाम फाल्नु, देखिने गरी आदि

1.1.5 रीति जनाउने इकारान्त क्रियालाई अघिल्लो शब्दसँग पद वियोग गरी लेख्ने, जस्तैःढिलो गरी, सजिलो गरी, सुनिने गरी, देखिने गरी आदिi

1.1.6 विशेषण र विशेष्य (नाम) ढाँचाका शब्दलाई पद वियोग गरी लेख्ने, जस्तैःनिम्न माध्यमिक, निम्न लिखित, पेय जल, शुद्ध दुध, नगदे बाली, पूर्ण रूपले, भव्य रूपमा, उच्च शिक्षा, शिष्ट व्यवहारआदि i तर एकार्थी स्थान,नाम दिनेको नाम शब्दलाई पदयोग गरेर लेख्ने i साथै एकार्थी लघु रूपमा रबेका समस्त शब्दहरूलाई पदयोग गरेर लेख्ने i जस्तैः भक्तपुर-ललितपुर, विश्वविद्यालय i दुई शब्दबाट बनेका एकार्थी शब्दलाई पदयोग गरेर लेख्ने, जस्तैः शुभकामना, प्रधानमन्त्री, शुभयात्रा आदि

1.1.7 निपातहरू पद वियोग गरी (छुट्याएर) लेख्ने, जस्तैःम त, राम नै, बहिनी पो, हरि झैँ i हरि चाहिँ मसँग रिसायोi भाइ मात्र चौरमा दौड्योi ऊ कहिले जान्छ खै ? यति पाठ पढ लi

1.1.8 जना, ओटा वटा जस्ता कोटिकार शब्दलाई अलग डिकोमा लेख्ने, जस्तैःपाँच जना केटा, चार ओटा गाई, पाँच वटा कलम, सात भाइ छोरा, दस जना मान्छे आदि

1.1.9 विभाजक न लाई पद वियोग गरेर लेख्ने, जस्तैःन राम न श्याम आयो आदि

1.1.10 जस्तो, जस्तै, जत्रो, जसरी, झैँ, सरि आदि तुलनाबोधक शब्दका अगाडि आउने नाम, सर्वनाम आदिसँग पद वियोग गरी लेख्ने, जस्तैःराम जस्तो, हिमालय जत्रो, हामी जस्तै, बताए जस्तै, देखाए जसरी i राधा झैँ राम्री, बाँस झैँ लामो, गाई सरि साधु

1.1.11 व्यक्ति, जाति, स्थान आदि शीर्ष नामको परिचय जनाउने शब्दलाई अलग डिकोमा लेख्ने,जस्तैः कामरूप जिल्ला, पदुम पोखरी, ब्रह्मपुत्र नदी, गुरुङ जाति, नारी समाज, शिक्षक वर्ग, माघ महिना, बुद्ध धर्म आदिi

1.1.12 दुईभन्दा बढी शब्दबाट बनेका समस्त (समास भएका) शब्दलाई पद वियोग लेख्ने, जस्तैःदाल, भात, तरकारी मन, वचन, कर्मन्न तन, मन, बास, कपास मानव अधिकार आयोग, लोक सेवा आयोग, असम विद्युत् प्राधिकरण, अख्तियार दुरुपयोग अनुसन्धान आयोगi

२. तत्सम शब्दको वर्ण विन्यास

2.1 निम्न लिखित तत्सम शब्दहरूलाई संस्कृतकै नियमानुसार वर्ण विन्यास मिलाई लेख्ने, जस्तैःस्मरण, प्रशासन, वन, वेला, सन्देह, राष्ट्रिय, भवदिय, कृति, मति, उच्चारण, शङ्का, विलय, क्षति, स्वयम, क्षेत्र, शरीर आदि

2.2 परवर्ती स्पर्श वर्ण तत्सम शब्दमा आएको ङ, ञ, ण, न, म लाई यी वर्णभन्दा(क देखि .....म सम्मका वर्ण) भए सो स्पर्श वर्णको सवर्गीय पञ्चम वर्ण लेख्ने, जस्तैः

2.2.1 'क' वर्गभन्दा अगाडि 'ङ' लेख्ने,जस्तैःशङ्का, अलङ्कार, शङ्ख, मृदङ्ग, गङ्गा, अङ्ग, सङ्गठन, सङ्घ, सङ्घर्ष आदिi

2.2.2 'च' वर्गभन्दा अगाडि 'ञ' लेख्ने,जस्तैःसञ्चय, चञ्चल, लाञ्छना, वाञ्छा, सञ्जाल, पुञ्ज, झञ्झावात आदिi

2.2.3 'ट' वर्गभन्दा अगाडि 'ण' लेख्ने, जस्तैःकण्टक, घण्टा, कण्ठ, खण्ड, पिण्ड, गण्डकी, खण्डित, खण्डन, कुष्माण्ड, दण्ड, मृदण्ड, मार्केण्डेय आदिi

2.2.4 'त' वर्गभन्दा अगाडि 'न' लेख्ने, जस्तैःसन्ताप, देहान्त, अन्तिम, तन्तु, सन्तृप्त, सन्त्रास, ग्रन्थी, पन्थ, मन्थन, सन्देश, सन्दर्भ, सन्देह, आनन्द, आन्दोलित, मन्द, प्रबन्ध, सन्ध्या, निबन्ध, सन्धि, उन्नति, सन्निकट आदिi

2.2.5 'प' वर्गका अगाडि 'म' लेख्ने,जस्तैःसम्पर्क, सम्पादन, सम्प्रदाय, सम्परीक्षण, सम्प्रेषण, पम्फा, सम्बन्ध, सम्बन्धित, सम्बोधन, सम्भव, सम्भोग, सम्भ्रान्त, सम्मेलन, सम्मुख, सम्राट् आदि

तर तत्सम शब्दमा पञ्चम वर्णभन्दा परवर्ती (य, र, ल, व, श, ष, स, ह वर्ण भए पञ्चम वर्णको सट्टा अनुस्वर लेख्ने,जस्तैः'य' परतिर हुँदा – संयम, संयुक्त, संयोग आदिi

'र' परतिर हुँदा – संरचना, संरक्षित, संरक्षण आदि।

'ल' परतिर हुँदा – संलग्न, संलापआदि।

'व' परतिर हुँदा – संविधान, संवत्, संवाद आदि।

'श' परतिर हुँदा – संशोधन, संश्रय, संशय आदि।

'स' परतिर हुँदा – संसार, संसर्ग, संसद् आदि।

'ह' परतिर हुँदा – संहार, संहिता आदि।

2.3 ह्रस्वदीर्घ सम्बन्धी

2.3.1 शब्दादिमा ह्रस्व इ वा उ हुने शब्दहरू

- ✓ दुर, उपसर्ग लागेका शब्दहरूको शब्दादिको इकार र उकार ह्रस्व लेख्ने,जस्तैःविचार, विनाश, विजय, निपात, निश्चय, नियोग, सुमार्ग, सुकुमार, सुपाच्य, उपचार, उपहार, उपकार, उत्खनन, उत्पात, उत्पत्ति, दुर्गम, दुर्विचार, दुर्बल आदि।
- ✓ द्वि, त्रि, भएका सङ्ख्यावाची शब्दमा इकार ह्रस्व लेख्ने, जस्तैःद्विबाहु, द्विमुख, त्रिकोण, त्रिजटा, त्रिभुज, त्रिपिटक, त्रिशङ्कु, त्रिफला आदि।

2.3.2 शब्दमध्यमा ह्रस्व इ वा उ हुने शब्दहरू

- ✓ अति, अधि, अनु, प्रति, परि, अभि उपसर्ग लागेका शब्दहरूको इकार र उकार ह्रस्व लेख्ने, जस्तैःअतिरिक्त, अतिवाद, अतिशय, अधिकार, अधिवक्ता, अनुहार, अनुकरण, प्रतिक्रिया, प्रतिगामी, परिकल्पना, परिक्रमा, अभियोग, अभिनन्दन आदि।
- ✓ इक, इका, इत, इम, इमा, इष्ठ, उक प्रत्ययहरूको इकार र उकार ह्रस्व लेख्ने, जस्तैःप्राज्ञिक, भाषिक, लेखिका, नायिका, गायिका, रचित, हेलित, पण्डित, स्वर्णिम, अग्रिम, आदिम, गरिमा, नीलिमा, महिमा, कनिष्ठ, वरिष्ठ, गरिष्ठ, जागरुक, भावुक, कामुक आदि।
- ✓ शब्दान्तमा दीर्घ लेखिने शब्द प्रत्यय लागेपछि ह्रस्व लेख्ने, जस्तैःउपयोगिता, प्रभावकारिता, दायित्व, स्वामित्व आदि।तर स्त्रीलिङ्गी शब्दहरूमा भने प्रत्यय लागे पनि यथावत् लेख्ने, जस्तैःसतीत्व, स्त्रीत्व आदि।

2.3.3 शब्दान्तमा ह्रस्व इ वा उ हुने शब्दहरू

- ✓ चि, टि, णि, ति, थि, द्धि, धि, नि, पि, भि, मि, रि, लि, वि, शि, षि, ष्टि अन्तमा आउने केही शब्दहरू ह्रस्व लेख्ने, जस्तैःरुचि, शुचि, त्रुटि, कोटि, पाणि, कृति, गति, मति, क्षति, प्रकृति, भक्ति, नीति, प्रणति, कीर्ति, तिथि, सारथि, अतिथि, प्रीति, गीति, सिद्धि, बुद्धि, वृद्धि, ऋद्धि, विधि, निधि, सन्धि, व्याधि, अग्नि, अधीति, शनि, मुनि, ग्लानि, हानि, लिपि, यद्पि, कपि, नाभि, सुरभि, दुन्दुभि, ऊर्मि, निमि, रश्मि, गिरि, अरि, कलि, बलि, हवि, छवि, कवि, गाशि, कृषि, ऋषि, वृष्टि, दृष्टि आदि

अपवादः तर नेपालीमा शब्दान्तमा दीर्घ चलेका युवती, श्रेणी, सूची, अञ्जली(श्रद्धाजली), आवली(शब्दावली), औषधी, ग्रन्थी(मनोग्रन्थी) आदिलाई दीर्घ नै लेख्ने।

- ✓ अन्त्यमा नु, भु, धु, रु, लु भएका केही शब्दहरू ह्रस्व लेख्ने,जस्तैःभानु, शान्तनु, शम्भु, विभु, प्रभु, साधु, सुचारु, भीरु, श्रद्धालु, कृपालु, ईर्ष्यालु आदि।
- ✓ शब्दादिमा दीर्घ ई र ऊ हुने शब्दहरू
- ✓ रेफभन्दा अगाडि आएका संयुक्त व्यञ्जनमा इकार वा उकार दीर्घ लेख्ने,जस्तैःकीर्तन, कीर्ति, जीर्ण, शीर्ण, दीर्घ, कीर्ण, शीर्षक, मूर्ख, पूर्ति, पूर्व, पूर्ण, शुर्पणखा, ऊर्जा, धूर्त, स्फूर्त, वीर्य, ऊर्ध्व, चूर्ण, कूर्म आदि

- ✓ शब्दका सुरुमा ईक्ष्, ईश्, जीव्, तीक्ष्, दीप्, दूर्, धीर्, प्री, भू, भूष्, मूर्, री, रूप्, सूर्, आदि भएका शब्दहरूको इकार वा उकार दीर्घ लेख्ने, जस्तैःईक्षण, ईक्षा, ईश्वर, ईशान, ईश, जीवन, जीवित, तीक्ष्ण, तीक्ष्णता, दीप्ति, दीपिका, दीप, दूरदर्शी,दूरदर्शन, दूरान्वयी धीर, धीरता, प्रीति, प्रीत, भूत, भूपति,भूमि, भूषण, भूषित,मूर्ति, रीति, रूप, रूपित,रूपिम, रूपायन, सूर्य आदि
- ✓ अन्य केही तत्सम शब्दमा शब्दादिका इकार वा उकार दीर्घ लेख्ने, जस्तैःपूजा, दूत, धूप, सूचना, सूची, शूली, सूतक, भ्रूण, कूप, पूरक, मूल, क्षीण, दीन, नीच, भीरु, शीतल, गीत, टीका, पीडा, सीता, सीमा, पीयुष, नीर, सूक्ष्म, क्रूर, न्यून, स्तूप, स्थूल, स्फूर्ति आदि
- ✓ शब्दमध्यमा दीर्घ ई वा ऊहुने शब्दहरू
- ✓ भू र कृ धातुबाट बनेका भवन, भूत, करण, कृत, भाव, कारभन्दा अगिको शब्दको –(त्यसबाट हुने गरिने वा भएको गरिएको भन्ने अभिप्रायमा ई प्रत्यय लागी बनेका) ई दीर्घ लेख्ने, जस्तैःसमीभवन, समीकरण, समाजीकरण, एकीकरण, केन्द्रीकरण, सबलीकरण, केन्द्रीभूत, उष्मीभूत, स्वीकृत, एकीभाव, स्वीकार, अङ्गीकार आदि
- ✓ ईय, ईन, अनीय, तीय प्रत्यय लागेका शब्दको इकार दीर्घ लेख्ने,जस्तैःकेन्द्रीय, प्रान्तीय, भवदीय, संसदीय, स्वर्गीय, वर्गीय, दलीय, प्राचीन, नवीन, ग्रामीण, सर्वाङ्गीण, मानवीय, स्मरणीय, रक्षणीय, आदरणीय, कथनीय, दयनीय, पठनीय, द्वितीय, भवदीय आदि

अपवादः राष्ट्रिय, इन्द्रिय, क्षेत्रिय, गोत्रिय शब्दमध्यका इकार ह्रस्व लेख्ने

- ✓ अन्य केही तत्सम शब्दका बिचमा आउने इकार वा उकार दीर्घ लेख्ने, जस्तैःअजीव, अक्रूर, अपूर्ण, अमूल्य, सङ्कीर्ण, विपरीत, परीक्षा, सम्पूर्ण, प्रतीक्षा, प्रतिकूल, अतीत, प्रतीक, त्रिशूल, विभीषण, शरीर, समीक्षा, दीक्षा,अभीष्ट, भगीरथ, विदूषक, समीर, सुग्रीव, उद्दीरन, कुतूहल, कस्तूरी, पियूष आदि
- ✓ शब्दान्तमा दीर्घ ई वा ऊ हुने शब्दहरू
- ✓ अन्त्यमा मती, वती, प्रत्यय लागेका शब्दहरू दीर्घ लेख्ले, जस्तैःश्रीमती, रूपवती, अमरावती, भगवती, सौभाग्यवती, कान्तिमती, गर्भवती आदि
- ✓ स्त्रीलिङ्गी शब्दहरू दीर्घ लेख्ने, जस्तैःदेवी, भागिरथी, ईश्वरी, लक्ष्मी, कामिनी, पार्वती, गौरी, वधू आदिःअन्त्यमा 'वी', 'ई' प्रत्यय लागेका शब्दहरू दीर्घ लेख्ने, जस्तैःतेजस्वी, यशस्वी, मायावी, मेधावी, ओजस्वी, तपस्वी, संयमी, विद्रोही, स्वामी,गुणी आदि
- ✓ हलन्त र अजन्त सम्बन्धी-

अन्त्यमा वत्, वान्, मान्, मान्, क्, ग्, ट्,दार् त्, द्, न्, प्, म्, आउने केही शब्द हलन्त लेख्ने, जस्तैः पूर्ववत्, विद्वत्, यावत्, दण्डवत्, भ्रातृवत्, भगवान्, विद्वान्, ऋक्, प्राक्, पृथक्, दिक्, ऋग्, सम्राट्, जगत्, अर्थात्, अकस्मात्, साक्षात्, पश्चात्, विद्युत्, विपत्, आपत्, संसद्, सभासद्, बृहत्, भाषाविद्, महान्, अनुष्टुप्, स्वयम्, शुभम्, एवम्, अहम्, स्वागतम्, आदि

- ब र व सम्बन्धी

हाम्रो उच्चारणमा ब र व दुवै पाइन्छ, तर उच्चारणको आधारमा होइन परम्परित लेख्य नियमको आधारमा ब र व लेखिन्छ, त्यसकराण बानी पर्नु पर्ने हुन्छ, रट्नु पर्ने हुन्छ

- ✓ शब्दादिमा बन्ध, ब्रह्म, बृह, बाध, बाल, बुध आएका शब्दमा 'ब' लेख्ने, जस्तैःबन्धु, बन्ध, बद्ध, ब्रह्मा, ब्राह्मी, ब्राह्मण, बहिरङ्ग, बहिष्कार, बृहस्पति, बहुव्रीहि, बहुमत, बहुरङ, बाधक, बाध्य, बालक, बालिका, बुध, बुद्ध, बोध, बोधार्थ आदि

- ✓ 'म' पछि र द ध भन्दा पहिले आएमा 'ब' लेख्ने, जस्तैःअम्बिका, चुम्बक, सम्बन्ध, अम्बर, शब्द, शताब्दी, स्तब्ध, क्षुब्ध, लब्ध, अब्धि, उपलब्धि आदि
- ✓ संस्कृतका वद, वञ्च, वृ, वच, विद,विश्, वह, विच्, वृत,जीव् धातुबाट बनेका शब्दमा 'व' लेख्ने, जस्तैः

वाद, वदन, वञ्चन, वञ्चित, वृत, परिवृत, संवृत, वरण, संवरण, वर, वचन, वाच्य, वक्ता, वक्तव्य, वाक्य, प्रवचन, वाचन, विद्या, विद्वान, विद्वत्ता, वेद, वेदना, निवेदन, प्रवेश, प्रविष्टि, आवेष्टन, आवेग, वाहक, वहन, प्रवाह, वृत्ति, वर्तन, वार्तिक, जीवन, जीवित, जीविका आदि।

- संस्कृतमा नै व र ब दुवै वैकल्पिक रूपमा चलेका शब्दमा 'ब' लेख्ने, जस्तैः बाण, बिन्दु, बिम्ब, बेला(कुबेला, सुबेला), बार(आइतबार, बुधबार), बिना संस्कृत तत्सम शब्द भएकाले यिनलाई तत्सम वर्ण विन्यासअनुसार नै ब मात्र लेख्ने।
  - ✓ अव, वि उपसर्गमा 'व' लेख्ने, जस्तैःअवहेलना, अवकाश, अवगत, अवचेतन, अवतार, अवनति, अवरोध, विकास, विकल, विक्रेता, विकिरण, विज्ञान, विधान, विधाता, विवेक, विवाद, विरोध, विराग, विशेष आदि।
  - ✓ तव्य, त्व, वत्, वान्, वती प्रत्यय लागेका शब्दमा 'व' लेख्ने, जस्तैः गन्तव्य, भवितव्य, वक्तव्य, नेतृत्व, स्वत्व, सतीत्व, पूर्ववत्, आत्मवत्, गुणवान्, दयावान्, धनवान्, पुत्रवती, गर्भवती, भगवती, गुणवती, मेधावी आदि।
  - ✓ संयुक्त अक्षरमा व उच्चारण हुने ठाउँमा 'व' नै लेख्ने, जस्तैःस्वर, स्वैर, स्वस्ति, श्वास,विश्व, स्वामी, स्वाद, स्वेच्छा आदि।
- य र ए

  हाम्रो उच्चारणमा 'य' र 'ए' छुट्याउन गारो हुन्छ, त्यसकारण 'य' र 'ए' लेख्न पनि बानी नै परेको जाती।
  - ✓ निम्न लिखित शब्दमा 'य' लेख्ने, जस्तैःयज्ञ, यम, यक्ष, यत्र, यान, योग, याचना, यात्रा, योजना, यन्त्र, वायु, युवा, प्रत्येक, जयेन्द्र, ध्येय, विजय, अविजेय, गेय, प्रणेय, आदि
  - ✓ निम्न लिखित शब्दमा 'ए' लेख्ने, जस्तैः एक, एतत्, एकान्त, एवम्, एकता, एकीभूत , आएका, गएका आदि
- 'क्ष' सम्बन्धी

  यी लिखित शब्दमा 'क्ष' लेख्ने, जस्तैःरक्षा, अध्यक्ष, लक्ष्य, नक्षत्र, पक्ष, प्रतीक्षा, क्षण, अक्षता, शिक्षा, शिक्षक, कक्षा, क्षय, मोक्ष, दक्ष, पक्षघात, परीक्षा, क्षत्रिय, क्षेत्रीय, प्रक्षेप, आक्षेप, क्षेप्यास्त्र, विक्षेप, क्षेम, अक्षर, कक्षा, क्षितिज, चक्षु आदि।

  तत्सम शब्दमा मात्र 'क्ष' को प्रयोग हुने गर्छ तर तद्भव र आगन्तुकमा यसको प्रयोग हुँदैन।
- 'ऋ' सम्बन्धी

  निम्न लिखित शब्दमा 'ऋ' लेख्ने, जस्तैःऋक्, ऋग्वेद, ऋद्धि, ऋतु, ऋण, ऋषि, ऋचा, ऋकार, कृति, कृषि, कृतज्ञ, गृह, घृत, घृणा, भृकुटी, मृत, मृग, कृष्ण, तृण, नैर्ऋत्य, वृत्ति आदि

  तत्सम शब्दमा मात्र 'ऋ' को प्रयोग हुन्छ तर तद्भव र आगन्तुकमा 'रि' वा 'री' प्रयोग हुन्छ, तर यसको पयोग हुँदैन।
- 'ज्ञ' सम्बन्धी

तलका तत्सम शब्दमा 'ज्ञ' लेख्ने, जस्तैः यज्ञ, प्रज्ञा, प्राज्ञ, ज्ञाता, ज्ञान, आज्ञा, विज्ञान, प्रतिज्ञा, अनभिज्ञ, ज्ञनी, जिज्ञासा, जिज्ञासु, विज्ञ, विज्ञापन, साम्राज्ञी, युवराज्ञी आदि (तत्सम शब्दमा मात्र 'ज्ञ' को प्रयोग हुन्छ । तद्भव र आगन्तुकमा यसको प्रयोग हुँदैन।

- श/ष/स सम्बन्धी

संस्कृतमा श/ष/स-क उच्चारण छुट्टिन्छ तर हाम्रो जिब्राले भ्याउ पाउँदैन, 'श' र 'ष' चाहिँ आगन्तुक वा नेपाली झर्रा तथा ठेट शब्दमा प्रयोगमा आउँदैन, यस्तामा केवल 'स' प्रयोग हुन्छ।

- ✓ शस्, शिष्, शास्, शुच्, शुष्, दृश्, श्रु, शुभ्, श्वस्, शिक्ष्, शंस्, आदि धातुबाट बनेका शब्दमा 'श' लेख्ने, जस्तैः शास्त्र, शस्य, शिष्य, शेष, शिष्ट, विशिष्ट, शासन, शास्त्र, शरभ, शासक, शुचि, शुष्क, शोषित, दर्शन, दर्शक, दृश्य, श्रुति, श्रवण, शुभ, शोभा, शोभित, श्वास, विश्वास, प्रशंसा, शिक्षक,शिक्षा, शिक्षण, आवि
- ✓ ऋ, च, र,ल भन्दा पहिले सामान्यतः 'श' लेख्ने, जस्तैः पश्चात्, पश्चिम, निश्चय, आश्चर्य, पाश्चात्य, शृङ्गार, विश्राम, आश्रम, अश्रु, श्लेष, श्लिष्ट आदि।
- ✓ निम्न लिखित शब्दका अन्तमा श लेख्ने, जस्तैः अक्षरशः, क्रमशः, प्रायशः, शतशः, सहस्रशः,आदि
तुक्का वा सांस्कृतिक अनुवादमा भाषासँग जोडिएका तुक्का , कहावत र सांस्कृतिक सन्दर्भलाई शब्द –शब्द अनुवाद नगरी, अर्थ र सन्देश अनुसार रूपान्तरण गरिन्छ। यसले पाठकलाई सही भाव बुझ्न सहयोग पुर्याशउँछ। जस्तै*'Spill the beans"*लाई*"रहस्य खोल्नु"*र*"Break the ice"*लाई*"माहोल सहज बनाउनु"*भन्ने अनुवाद उपयुक्त हुन्छ।

लघु–प्रत्याय)Paraphrasing) अनुवाद प्रविधिमा कठिन , जटिल वा लामो वाक्यलाई सरल , स्पष्ट र बुझ्न सजिलो भाषामा रूपान्तरण गरिन्छ, तर मूल अर्थ र भाव जस्ताको तस्तै राखिन्छ। उदाहरणका लागि*"He elucidated the intricate details of the procedure."*लाई*"उसले प्रक्रियाका जटिल विवरणहरू स्पष्टसँग बतायो।"*भनेर अनुवाद गर्न सकिन्छ।

यसरी, यी तीनै प्रविधिहरूले अनुवादलाई अर्थपूर्ण , पाठकमैत्री र प्रभावकारी बनाउँदै पाठको भाव , सन्देश र सांस्कृतिक मूल्य सुरक्षित राख्न महत्वपूर्ण भूमिका खेल्छन्।

३ नम्बर प्रस्नोत्तर

सांस्कृतिक वा प्रसङ्ग –केन्द्रित अनुवाद भन्नाले अनुवाद गर्दा केवल शब्दको अर्थ मात्र नभई त्यसमा निहित सांस्कृतिक, सामाजिक र पारम्परिक सन्दर्भलाई ध्यानमा राखी अर्थ र शैली अनुकूल रूपमा रूपान्तरण गर्ने प्रक्रिया हो। प्रत्येक भाषा आफ्नै संस्कृतिसँग गहिरो रूपमा जोडिएको हुने भएकाले शब्द –प्रतिशब्द अनुवादले सन्देश अस्पष्ट वा अर्थहीन बन्न सक्छ।

यस अनुवाद प्रविधिमा चाडपर्व, परम्परा, तुक्का, सामाजिक संकेत र स्थानीय व्यवहारलाई बुझेर पाठकले सहज रूपमा अर्थ बुझ्ने गरी अनुवाद गरिन्छ। उदाहरणका लागि *"Happy Thanksgiving!"*लाई*"धन्यवाद दिने चाडको शुभकामना!"*भनेर अनुवाद गर्दा मात्र यसको सांस्कृतिक सन्दर्भ स्पष्ट हुन्छ।

सांस्कृतिक प्रसङ्ग /–केन्द्रित अनुवादको प्रमुख महत्व भनेको पाठकलाई मूल पाठको भाव र सन्देश सही रूपमा अनुभव गराउनु हो। यसले अनुवादलाई केवल भाषिक रूपान्तरण नभई सांस्कृतिक समझ र अन्तरसम्बन्धको प्रभावकारी माध्यम बनाउँछ।

४ नम्बर प्रस्नोत्तर

आधुनिक अनुवाद प्रक्रिया अभ्यास, भाषिक चुनौती र प्रविधिको संयुक्त परिणाम हो। अनुवाद अभ्यासमा शब्द–प्रतिशब्द, अर्थ–केन्द्रित र सर्जनात्मक अनुवादजस्ता विधिहरू प्रयोग गरिन्छ , जसले अनुवादकको भाषा दक्षता , विश्लेषणात्मक सोच र सांस्कृतिक समझ विकास गर्छ। यस्ता अभ्यासले पाठको अर्थ , भाव र शैली सुरक्षित राख्न सहयोग पुर्याषउँछ।

नेपाली–असमिया अनुवादमा व्याकरणिक संरचना , शब्द प्रयोग र सांस्कृतिक भिन्नताका कारण समस्या देखिन्छन्। उदाहरणका लागि शब्द –शब्द उल्था गर्दा भाव र सन्देश नमिल्ने अवस्था आउँछ , त्यसैले भाषाको प्रकृति र सन्दर्भ बुझ्नु अनिवार्य हुन्छ।

एआई युगमा अनुवादकका लागि Google Translate, CAT Tools र ChatGPTजस्ता उपकरणले प्रारम्भिक अनुवादलाई द्रुत बनाएका छन्। तर शैली , सन्दर्भ र शुद्धता सुनिश्चित गर्न मानव अनुवादकको भूमिका अझै

अपरिहार्य छ। यसरी अभ्यास , सही प्रविधि र एआईको सहकार्यले आधुनिक अनुवादलाई प्रभावकारी , गुणस्तरीय र बहुआयामिक बनाएको छ।

५ नम्बर प्रस्नोत्तर

अनुवाद केवल शब्दको रूपान्तरण मात्र नभई अर्थ , भाव, शैली र सांस्कृतिक सन्दर्भलाई अर्को भाषामा जीवन्त रूपमा प्रस्तुत गर्ने बहुआयामिक प्रक्रिया हो। यसमा वैज्ञानिक सठिकता र कलात्मक सौन्दर्य दुवैको सन्तुलन आवश्यक हुन्छ।

अनुवादको आधारभूत अवधारणाअनुसार एउटै पाठलाई फरक उद्देश्य र पाठकका लागि फरक प्रविधि अपनाएर अनुवाद गरिन्छ। प्राविधिक र कानुनी पाठमा शब्द –प्रतिशब्द वा संरचनामुखी अनुवाद उपयुक्त हुन्छ भने साहित्यिक र सिर्जनात्मक पाठमा अर्थ –केन्द्रित, भाव–केन्द्रित वा सर्जनात्मक अनुवाद प्रभावकारी हुन्छ। तुक्का वा सांस्कृतिक अनुवादले सामाजिक र सांस्कृतिक सन्दर्भअनुसार अर्थ रूपान्तरण गर्छ।अनुवादलाई स्पष्ट र पाठकमैत्री बनाउन लघु – प्रत्याय, अन्तःसङ्गत, पूरकसंक्षेप/व्याख्यात्मक र लोप/जस्ता प्रविधि प्रयोग गरिन्छ।

अनुवाद अभ्यास चरणबद्ध प्रक्रिया हो। पहिलो चरणमा मूल पाठ ध्यानपूर्वक पढेर अर्थ , भाव र सन्दर्भ बुझिन्छ। त्यसपछि कठिन शब्द र तुक्का नोट गरी पहिलो मसौदा तयार गरिन्छ। मसौदाको समीक्षा र संशोधनपछि अन्तिम प्रतिलिपि बनाइन्छ र आवश्यक परे प्रतिक्रिया लिएर सुधार गरिन्छ।

एआई युगमा मेसिन अनुवाद र CAT Tools ले अनुवादलाई द्रुत र सहज बनाएका छन्। तर शैली , भाव र सांस्कृतिक संवेदनशीलता सुनिश्चित गर्न मानव अनुवादकको भूमिका अझै अपरिहार्य छ।

यसरी अनुवाद विज्ञान र कलाको संयोजन हो, जहाँ सही प्रविधि, विधि र अभ्यासले गुणस्तरीय अनुवाद सम्भव हुन्छ। प्रविधि र मानव क्षमताको सहकार्यले अनुवादलाई प्रभावकारी, विश्वसनीय र अर्थपूर्ण बनाउँछ।

? ६. १४ अभ्यासार्थ

१. अनुवाद प्रविधि भनेको के हो ?
२. शब्द–प्रतिशब्द अनुवादको परिभाषा लेख्नुहोस्।
३. अर्थ–केन्द्रित अनुवाद किन प्रभावकारी हुन्छ ?
४. तुक्का वा सांस्कृतिक अनुवाद के हो ? एउटा उदाहरण दिनुहोस्।
५. लघु–प्रत्याय (Paraphrasing) भनेको के हो ?
६. प्रत्यक्ष र अप्रत्यक्ष अनुवादमा के फरक छ ?
७. अन्तःसङ्गत (Transposition) प्रविधि भन्नाले के बुझिन्छ ?
८. अनुवाद अभ्यासका कुनै चार चरणहरूको नाम लेख्नुहोस्।
९. अनुवाद विधि छनोट गर्दा विचार गर्नुपर्ने दुई आधार लेख्नुहोस्।
१०. एआई युगमा अनुवादकका कुनै चार विकल्पहरू उल्लेख गर्नुहोस्।

*** ***** ***

एकाइ ७ भाषा प्रयोगमा क्रियाको भूमिकार प्रकार

एकाइ संरचना

७.१ उद्देश्य
७.२ प्रस्तावना
७.३ भाषा प्रयोगमा क्रियाको भूमिका
७.४ असमियाको मुटुको धड़कन जुबिन गार्ग : एक अविस्मरणीय अध्याय
७.५ केही सामान्य क्रियापद वाक्यमा
७.६ क्रियापदको वर्गीकरण
७.७ क्रियाबारे थप प्रसङ्ग
७.८ सारंश
७.९ उपसंहार
७.१० थप अध्ययनका लागि
७.११ स्वनिरीक्षण
७.१२ अभ्यासार्थ

७.१ उद्देश्य

भाषामा क्रियाको अहम भूमिका हुन्छ र यसले वाक्यको संरचना र अर्थ निर्धारणमा महत्त्वपूर्ण योगदान पुर्याछउँछ। क्रिया सिकाउन कुनै पाठको आधार लिनु आवश्यक छ। यस सन्दर्भमा , जुबिन गार्गको जीवनलाई आधार बनाएर क्रियाका विभिन्न भाग र प्रयोगबारे ज्ञान दिने प्रयास गरिएको छ।यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन्:

१. क्रियाको भूमिका देखाउँदै जुबिन गार्गको जीवन, जन्म र बाल्यकालको जानकारी प्रस्तुत गर्नु।
२. असमिया तथा अन्य भाषाका सङ्गीत र चलचित्र क्षेत्रमा उनका योगदानलाई पहिचान गर्नु।
३. उनको समाजसेवा, मानवता र प्रकृतिप्रतिको प्रेमलाई उजागर गर्नु।
४. उनको गीत, काव्य र चलचित्रमार्फत व्यक्त विचार र सन्देशको अध्ययन गर्नु।
५. असमिया सांगीतिक तथा चलचित्र इतिहासमा उनको स्थान र योगदानको महत्त्व बुझ्नु।
६. पाठकलाई प्रेरित गर्दै, सांगीतिक, कलात्मक र सामाजिक क्षेत्रमा उद्यम गर्न उत्प्रेरित गर्नु।

यसरी, यो पाठ केवल जुबिन गार्गको जीवन र योगदानको अध्ययन मात्र नभई भाषामा क्रियाको प्रयोग र महत्त्व बुझन पनि सहयोगी साबित हुन्छ।

३.२ प्रस्तावना

यस प्रस्तुत लेखमा पाठमा प्रयोग भएका क्रियापदहरूको भूमिका, प्रकार र अर्थबारे चर्चा गरिने छ। विशेष रूपमा, जुबिन गार्गको जीवन र कलात्मक योगदानलाई आधार बनाएर अध्ययन गरिनेछ। जुबिन गार्ग केवल असमिया मात्र होइन , समग्र भारतीय सङ्गीत र चलचित्र क्षेत्रका एक प्रमुख कलाकार थिए। उनी गायक , सङ्गीतकार, गीतकार, चलचित्र निर्देशक, अभिनेता, समाजसेवी र कविका रूपमा बहुआयामी प्रतिभा राख्थे।

उनको सङ्गीत यात्रा ३३ वर्ष लामो रह्यो र उनले ३८ ,००० भन्दा बढी गीतहरू गाएर विभिन्न भाषाका सङ्गीत प्रेमीहरूलाई प्रेरणा दिए। जुबिन गार्गको जीवन केवल व्यक्तिगत सफलता वा कलात्मक उपलब्धिमै सीमित थिएन , उनी समाजसेवा, मानवता र मातृभूमिप्रतिको प्रेममा पनि अग्रणी थिए। उनको योगदानले असमिया भाषा , संस्कृति, चलचित्र र सङ्गीतलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनायो।

उनको जीवन र कार्यकलापको अध्ययनले केवल असमिया सांगीतिक इतिहास मात्र होइन , सम्पूर्ण नेपाली र भारतीय सांगीतिक इतिहासमा कलाकारको सामाजिक र सांस्कृतिक योगदानको महत्त्व बुझ्न सहयोग गर्छ। यसरी , जुबिन गार्गको व्यक्तित्व , सङ्गीत, चलचित्र र समाजसेवा विविधतामूलक र प्रेरणादायी रहेकाले उनको जीवन र योगदानको विश्लेषण गर्नु आवश्यक छ।

७.२ भाषा प्रयोगमा क्रियाको भूमिका

भाषा प्रयोगमा क्रियाको भूमिका अत्यन्त महत्त्वपूर्ण मानिन्छ। क्रिया वाक्यको मेरुदण्ड हो , किनकि यो कर्ताद्वारा सम्पन्न गरिने कार्य, अवस्था, प्रक्रिया वा परिवर्तनलाई व्यक्त गर्छ। वाक्यमा क्रिया नहुँदा अर्थ अपूर्ण हुन्छ , र सन्देश अधुरो रहन्छ। क्रियाले कर्ताको प्रकार, क्रियाकलापको समय, भाव, वाच्य र उद्देश्य स्पष्ट पार्दछ। यसैले क्रियालाई भाषाको "जीवन तत्व" भनिन्छ। मानव संप्रेषणमा विचार वा जानकारी अभिव्यक्त गर्न क्रियाको प्रयोग अनिवार्य हुन्छ। सोही कारण , व्याकरणिक संरचनामा क्रियाको उपस्थिति सर्वाधिक प्रभावकारी र केन्द्रीय हुन्छ।

नेपाली भाषामा क्रियाका विभिन्न प्रकार छन्। समयका आधारमा क्रियालाई वर्तमान , भूत, भविष्यका कालहरूमा विभाजन गरिन्छ। भावका आधारमा आज्ञार्थक , विनयार्थक, सम्भावनार्थक, प्रतिक्रियात्मक आदि रूपमा वर्गीकरण हुन्छ। कार्यको सम्बन्धका आधारमा सकर्मक र अकर्मक क्रियाको विभाजन महत्त्वपूर्ण छ। सकर्मक क्रियाले कर्म माग्छ भने अकर्मक क्रियामा कर्म अनिवार्य हुँदैन। संरचना र अर्थका आधारमा धातुजन्य , व्युत्पन्न, संयुक्त, सहायक, मुहान आदिका रूपमा पनि विभाजन हुन्छ। यी सबै प्रकारहरूले भाषा प्रयोगलाई विविध, गतिशील र अभिव्यक्तिपूर्ण बनाउँछन्।

क्रियाको प्रयोगमा Affirmative (करण) र Negative (अकरण) भन्ने आधारमा पनि विभाजन गर्न सकिन्छ।करण (Affirmative) क्रियाभन्नाले सकारात्मक, सम्पन्न वा स्थापित कार्यलाई सूचित गर्ने क्रिया हो। यस्ता क्रियाले कर्ताले कुनै कार्य गरेको , सम्पन्न पारेको वा सक्रिय रूपमा कार्य प्रदर्शन गरेको बुझाउँछ। उदाहरण —"ऊ लेख्छ", "विद्यार्थीहरू पढ्छन्", "बालक हाँस्यो" आदि। यहाँ सबै वाक्यहरूले कार्य सम्पन्न भएको वा भइरहेको सकारात्मक अवस्था जनाउँछन्। करण क्रियाले भाषा प्रयोगमा सकारात्मकता, सम्भाव्यता र कार्यको सक्रियता व्यक्त गर्छ। यी क्रियाबाट वाक्यको उद्देश्य स्पष्ट, पुष्टि हुने र शक्तिशाली रूपमा प्रस्तुत हुन्छ।

अकरण (Negative) क्रियाभनेको कुनै कार्य नभएको , अस्वीकृत, निषेधित वा नकारात्मक अवस्थालाई व्यक्त गर्ने क्रिया हो। यस्ता क्रियाले कार्यको अभाव , नकार, निराशा, प्रतिबन्ध वा असम्भवतालाई जनाउँछन्। नेपाली भाषामा "न", "छैन", "भएन", "गरिन" आदि नकारात्मक सूचकहरूको प्रयोग गरेर अकरण क्रिया निर्माण हुन्छन्। उदाहरण —"ऊ लेख्दैन", "विद्यार्थीहरूले पढेनन्", "बालक रोएन" आदि। यस्ता क्रियाको प्रयोगबाट वाक्यले स्पष्ट रूपमा कार्य सम्पन्न नभएको वा स्वीकार नगरेको सन्देश दिन्छ। अकरण क्रियाले भाषा प्रयोगमा अस्वीकार , असहमति, नकारात्मक भाव वा अवस्था प्रस्तुत गर्न मद्दत गर्छ।

वास्तवमा, क्रिया केवल कार्य सूचक शब्द मात्र नभई , भाषाको संरचनात्मक अर्थनिर्माणको आधार हो। करण क्रियाले सकारात्मक कार्यगत ऊर्जा प्रस्तुत गर्दा अकरण क्रियाले नकारका आयामहरू उजागर गर्छ। दुवै किसिमका क्रियाले भाषा प्रयोगलाई सन्तुलित, स्पष्ट र अभिव्यक्तिपूर्ण बनाउँछन्। भाषामा मानव विचार, भाव र उद्देश्यअनुसार करण र अकरण दुवैको सुसङ्गत प्रयोग आवश्यक हुन्छ। समग्रमा, क्रियाको विविध रूप, प्रकार र प्रयोगले भाषालाई जीवन्त, प्रभावकारी र अभिप्रेरणायुक्त रूपमा प्रस्तुत गर्छ, जसले सम्पूर्ण सम्प्रेषण प्रक्रियालाई सफल बनाउँछ।

स्वनिरीक्षण

प्रश्न नम्बर १- भाषा प्रयोगमा क्रियाको भूमिका स्पष्ट पार्दै , जुबिन गार्गको जीवन र योगदानलाई आधार बनाएर क्रियाको महत्त्वमाथि प्रकाश पार्नुहोस्।

७.४ असमियाको मुटुको धड़कन जुबिन गार्ग : एक अविस्मरणीय अध्यायका प्रयुक्त क्रिया

जुबिन गार्गको अन्त्येष्टि यात्रामा विश्वकै चौथो सबैभन्दा ठुलो जनसहभागिता भएको थियो —माइकल ज्याक्सन, पोप फ्रान्सिस र रानी एलिजाबेथ–२ पछिअर्थात् यस्ता महान विभूति हाम्रो राज्यका हुन्।

१९ सेप्टेम्बर २०२५, शुक्रबारका दिन अचानक सुदुर सिङ्गापुरबाट आएको एउटा समाचारले चारैतिर शोक – स्तब्धता छाइदियो। स्वतःस्फूर्त रूपमा सबै पसल –बजार, उज्यालो, उत्सवका तयारीहरू ३ –४ दिनका लागि बन्द भए। जाति–धर्म–वर्ण–उमेर–भाषा–कुनै भेदबिना प्रत्येक असमिया रोए। जनसमुदाय भोकै–निद्राविहीन अवस्थामै बाहिर निस्किए र गुवाहाटीका सड़कहरू जनताले भरिए। मात्र असममा होइन , पुरै भारतमा, विदेशमा समेत उनलाई मन पराउने असङ्ख्य मानिसहरू स्तब्ध र शोकाकुल बने। किनकि असमियाको हृदयको धड़कन —जुबिन गार्ग—सिङ्गापुरमा आयोजित नर्थ–इस्ट फेस्टिभलमा भाग लिन गएका बेला १९ सेप्टेम्बरका दिन उनी समुद्रमा पानी खेल्न जाँदै गर्दा आकस्मिक रूपमा चिर निद्रामा सुते।

केवल असम र असमिया समाजका लागि निरन्तर सोच्ने र काम गर्ने यी विश्वविख्यात कलाकार जुबिन गार्गको जन्म मेघालयको तुरामा १८ नोभेम्बर १९७२ को दिन भएको थियो। 'कपिल ठाकुर' नामले प्रसिद्ध एक जना कवि, जसको वास्तविक नाम मोहिनी मोहन बरठाकुर हो —उनी जुबिन गार्गका पिता हुन् ; र आमा सुप्रसिद्ध गायिका एली बरठाकुर। बाल्यकालमै जुबिनको सङ्गीतप्रति रहेको गहिरो रुचि देखेर उनको नाम प्रसिद्ध सङ्गीत निर्देशक जुबिन मेहताको नामअनुसार 'जुबिन बरठाकुर ' राखिएको थियो। पछि जुबिनले 'बरठाकुर' को सट्टा आफ्नो गोत्र नामपछि 'गार्ग' जोड़ेर'जुबिन गार्ग' नामले परिचित भए।

असमिया सङ्गीत जगतमा आफ्नो पहिचानको पहिलो पाइला स्वरूप जुबिन गार्गले सह –शिल्पी कविता कृष्णमूर्तिसँग मिलेर १९९२ मा पहिलो गीत –एल्बम 'अनामिका' सार्वजनिक गरे। त्यसपछि उनको सफलताको यात्रा निरन्तर अघि बढ़्दै गइरह्यो,—उनी एकसाथ गायक, सङ्गीतकार, गीतकार, सङ्गीत निर्देशक, अभिनेता, पटकथा लेखक, चलचित्र निर्देशक, निर्माता, कवि तथा समाजसेवीका रूपमा स्थापित भए। १९९५ मा जुबिन गार्गले पहिलो पटक बिहू –गीतको एउटा एल्बममा स्वर दिए। एल्बमको नाम 'उजान पिरिती ' थियो। राष्ट्रिय स्तरमा पनि आफ्नो विशिष्ट चिन्हारी बनाएका जुबिन गार्गले करिब दुई सयभन्दा बढ़ी हिन्दी गीत गाएका छन्। तर २००६ मा रिलिज भएको फिल्म 'ग्याङस्टर' मा गाएको उनको चर्चित गीत 'या अली' ले उनलाई विशेष लोकप्रिय स्तानमा पुऱ्यायो। यस गीतका लागि उनले २००६ मा उत्कृष्ट पार्श्वगायक (पुरुष) को रूपमा Global Indian Film Award (GIFA) प्राप्त गरी बलिउडमा आफ्नो स्थान मजबुत बनाए। उनले गाएका अन्य हिन्दी फिल्मका गीतहरूमा फिजा , चाँदनी रात, काँटे, दिल तो दिवाना है , क्रिस थ्री, स्ट्रिङ्स, गलती सिर्फ तुम्हारी, गेट्स अफ नर्थ इस्ट आदि हुन्।

जुबिनलेआफैले एउटा साक्षातकारमा भने उनले अनुसार करिब पाँच हजार गीत आफै रचना गरी गाएको मात्र होइन, उनलेविभिन्न गीतकारका गीतहरूमा पनि स्वर तथा सङ्गीत दिएका छन्। उनको एउटा लोकप्रिय गीत 'जोनाक गला ज़ारर निशा ' हो—जसको गीतकार उनका पिता कपिल ठाकुर हुन्। जुबिन गार्गले आफैँलाई एक कविका रूपमा पनि स्थापित गरेर गए। 'शब्द अनुभूति' उनको पहिलो काव्य सङ्कलन हो। जुबिन गार्ग अनि सुधाकण्ठ भूपेन हाजरिका असमी आमाका दुई सुयोग्य सन्तान हुन्। 'खपोन' नामको एल्बम यी दुई कीर्तिमानको संयुक्त चिनो हो।

मूलतः असमिया, बाङ्ला र हिन्दी भाषाका चलचित्र तथा सङ्गीतमा काम गरे तापनि , भनिन्छ जुबिन गार्गले करिब ४० भन्दा धेरै भाषामा गीत गाएका थिए। सङ्गीतको ३३ वर्ष लामो यात्रामा (१९९२–२०२५) उनले ३८ हजारभन्दा बढी गीतहरू हामीलाई उपहारस्वरूप दिएर गए भनिएको छ।

जोरहाटको कार्मेल स्कुलबाट शैक्षिक यात्राको सुरुआत गरेका जुबिन गार्गले तामुलपुर उच्च माध्यमिक विद्यालयबाट मेट्रिक, जे.बी. महाविद्यालयबाट उच्च माध्यमिक उत्तीर्ण गरी गुवाहाटीको बी. बरुवा महाविद्यालयमा विज्ञान सङ्कायमा स्नातक स्तरमा अध्ययन थाले। तर उनको मन र विवेकको चाहना भने सङ्गीतलाई नै आफ्नो करियर बनाउने थियो। त्यसैले औपचारिक शिक्षा त्यहींसम्म थमाई राखी उनी सङ्गीत साधनामा पूर्णतः समर्पित भए। जुबिन गार्गले सानै उमेरमा गीत गाउन सुरु गरेका थिए। किशोरावस्थामा आफ्नै कोठाको ढोका बन्द गरी साँझभरि हार्मोनियमका साथ गीत साधना गर्थेअनि उनका पहिलो गुरु उनकी आमा थिइन्। पण्डित बाबीन बेनर्जीबाट उनले तबला सिकेका थिए। पछि उनले १२ वटा वाद्यवादन—आनन्दलहरी, ढोल, दोतारा, ड्रम, गिटार, तबला, म्यान्डोलिन, हार्मोनियम, हार्मनिका, किबोर्ड तथा विभिन्न पार्कासन—सजिलै बजाउन थाले।

व्यावसायिक सङ्गीत–कर्मीसँग तुलना गर्दा उनी असमका सर्वाधिक पारितोषिक पाउने गायक थिए। २००३ मा उनी बाङ्ला सङ्गीत क्षेत्रमा औपचारिक प्रवेश गरे। २००९ मा "इकोज अफ साइलेन्स" नामक नन–फिचर चलचित्रका लागि उत्कृष्ट सङ्गीत निर्देशकको रूपमा ५५औँ राष्ट्रिय चलचित्र पुरस्कार प्राप्त गरे। २००२ मा जुबिन गार्गले फेसन डिजाइनर गरिमा सैकियासँग विवाह गरे।

असमिया चलचित्रको दयनीय अवस्थालाई देखेर कलाकारमन जुबिन गार्गले असमिया फिल्म उद्योगलाई पुनर्जीवित गर्न जीवनभर प्रयत्न गरिरहे। अभिनयमा पनि प्रवीण जुबिनले सन् २००० मा 'तुमि मोर माथो मोर' नामक चलचित्रको निर्माण, निर्देशन, अभिनय र सङ्गीत निर्देशनसमेत गरे। उनले निर्देशन गरेका अन्य उल्लेखनीय असमिया चलचित्रहरू—मिसन चाइना (२०१७), कञ्चनजङ्घा (२०१९) आदि। सन् २०२५ मा सार्वजनिक भाइमनदा प्रमुख , रुद्र, योद्धा: The Warrior of Life आदि गरी करिब १५ वटा चलचित्रमा उनले सङ्गीत दिएका छन्।

जुबिन गार्ग केवल कलाकार मात्र थिएनन् , उनी थिए प्रकृतार्थमा मानिसलाई माया गर्ने समाजसेवक। उनले धेरैपटक भनेका छन् —उनी समाजतन्त्री हुन्। गरिब , विपन्न, बिरामी, विद्यार्थी—जो–कोही कठ्याङ्ग्रिदो अवस्थाबाट गुज्रिँदा उनी आफ्नै कमाइबाट सहयोग गर्थे। रुख –बिरुवा, जीव–जन्तुप्रति उनको माया असाधारण थियो। रुखमा पनि प्राण हुन्छ भन्ने विश्वासले उनी कहिलेकाहीँ रुखसँगै कुरा गर्थे। उनको बाल –मन, निःस्वार्थता र प्रकृतिप्रेम हरेक पुस्ता लागि प्रेरणा बनेको छ।

होलिउड–बलिउड होइन , मातृभाषामा गीत गाएर पनि कलाकार विश्वभर सम्मानित हुन सकिन्छ भन्ने बाटो देखाउने व्यक्ति जुबिन नै थिए। असमिया गीतप्रति आकर्षण घट्दै गइरहेको बेला उनले आधुनिक असमिया सङ्गीतलाई पुनर्जीवित गराए। मुम्बईमा बस्दा पनि मातृभूमिप्रति समर्पणले उनी सधैँ असममै बसे। धेरै कलाकार र प्राविधिकका लागि उनी नै साहस, ऊर्जा र अभिभावकजस्तै थिए।

७.५ केही सामान्य क्रियापद वाक्यमा

१. भएको थियो – त्यो ठाउँमा एउटा राम्रो काम भएको थियो।

२. हुन् – सबै विद्यार्थी हाम्रा हुन्।

३. थियो – हिजोको मौसम अत्यन्तै मनमोहक थियो।

४. भरिएका –रङ्गीन फुलहरूले भरिएका दृश्य सुन्दर थियो।

५. भरिएको – उनको डायरीमा रमाइला सम्झनाहरूले भरिएको छ।

६. आएको – आज बिहान खारुपटियाबाट ताजा तरकारी आएको छ।

७. छाइदियो – हिजो त्यो बेला अचानक आकाशमा कालो बादल छाइदियो।

८. ढाकिएको – पहाड़ बाक्लो हिउँले ढाकिएको थियो।

९. भयो – अन्ततः उसको मेहनत सफल भयो।

१०. भए – केटाकेटी जाने भए।

११. बन्द भए – अत्यधिक गर्मीका कारण विद्यालय दुई दिनका लागि बन्द भए।

१२. उठ्यो – हिजो ऊ त बिहानै उठ्यो।

१३. निस्किए – उनी बिहान सबैरै हिँड्डुल गर्न निस्किए।

१४. भरिए – पानीका सतहहरू झरीकै कारण छिट्टै भरिए।

१५. बने – छात्राहरू नै शिक्षिका बने।

१६. मन पराउने – उनी नयाँ गीतहरू मन पराउने स्वभावका छन्।

१७. परे – सोध्दै जाँदा उनी त आफ्नै पो परे।

१८. जन्म भएको थियो – त्यो महान् कविको जन्म भारतमै भएको थियो।

१९. रहेर – उनी गाउँमै रहेर धेरै सामाजिक काम गरे।

२०. राखिएको थियो – प्रदर्शनी हलमा प्राचीन मूर्ति राखिएको थियो।

२१. जोड़ेर – उनले आफ्ना तर्कहरू प्रमाणसहित जोड़ेर प्रस्तुत गरे।

२२. परिचित भए – उनको उत्कृष्ट लेखनका कारण समाजमा परिचित भए।

२३. मिलेर – हामी सबै मिलेर त्यो कार्यक्रम सफल बनायौँ।

२४. सार्वजनिक गरे – दुवै सरकारले नयाँ नीति आजै सार्वजनिक गरे।

२५. बढ्दै गइरहेको – शहरमा जनसङ्ख्या तीव्र गतिमा बढ्दै गइरहेको छ।

२६. स्थापित भए – कठोर परिश्रमपछि उनी सफल कलाकारका रूपमा स्थापित भए।

२७. स्वर दिए – गायकले त्यस गीतमा मधुर स्वर दिए।

२८. गाएका छन् – उनले धेरै प्रसिद्ध गीतहरू गाएका छन्।

२९. दिलायो – उनको प्रतिबद्धताले उनलाई सफलता दिलायो।

३०. प्राप्त गरी – उनले प्रतियोगितामा प्रथम स्थान प्राप्त गरी सबैलाई खुसी बनाए।

३२. पर्दछन् – यस्तो अवसर दुर्लभ रूपमा मात्र पर्दछन्।

३३. रचना गरी – उनले एक सुन्दर कविता रचना गरी साथीहरूलाई सुनाए।

३४. गाएको – मसँग उनले गाएको पुरानो गीतको सम्झना अझै छ।

३५. दिएका छन् – धेरै विद्वानहरूले यस विषयमा महत्त्वपूर्ण सुझाव दिएका छन्।

३६. छन् – उनी आज कलेजमा छन्।

३७. गए – उनी हिजो दिल्ली गए।

३८. काम गरे – श्रमिकहरूले दिनभर कड़ा मेहनत काम गरे।

३९. गाएका थिए – त्यो समारोहमा उनले दुइटा गीत गाएका थिए।

४०. दिएर गए – उनले हामीलाई असाइन्मेन्ट दिएर गए।

४१. सुरुआत गरेका – उनले सानै उमेरदेखि लेखनको सुरुआत गरेका हुन्।

४२. अध्ययन गर्न थाले – विद्यालय पुगेपछि बच्चाहरूले अध्ययन गर्न थाले।

४४. थमाई राखी – उनले हातमा पसलका सामान थमाई राखी ग्राहकलाई बुझाइदिए।

४५. समर्पित भए – उनी आफ्नो पेशामा पुरै समर्पित भए।
४६. सुरु गरेका थिए – उनले सन् २०१० मा नयाँ परियोजना सुरु गरेका थिए।
४७. गर्थे – हिजोआज उनी बिहानै उठेर व्यायाम गर्थे।
४८. सिकेका थिए – उनले बाल्यकालमै बाँसुरी बजाउन सिकेका थिए।
४९. बजाउन थाले – उनले साथीहरूले सिकाएपछि गिटार बजाउन थाले।
५०. तुलना गर्दा – पुरानो घरको तुलना गर्दा नयाँ घर त धेरै राम्रो छ।
५१. पाउने – मेहनत गर्नेले नै राम्रो नतिजा पाउने भए।
५२. प्रवेश गरे – विद्यार्थीहरू बिस्तारै कक्षा कोठामा प्रवेश गरे।
५३. प्राप्त गरे – उनले उत्कृष्टताको पुरस्कार प्राप्त गरे।
५४. विवाह गरे – उनले २०१५ मा विवाह गरे।
५५. देखेर – त्यो दृश्य देखेर सबै आश्चर्यचकित भए।
५६. प्रयत्न गरिरहे – कठिनाइ हुँदाहुँदै पनि उनी सफलता पाउन प्रयत्न गरिरहे।
५७. गरे – सबै जनाले आफ्नो–आफ्नो काम पूरा गरे।
५८. निर्देशन गरे – पछिल्लो चलचित्रमा उनले अभिनयका साथ निर्देशन गरे।
५९. दिएका छन् – सरकारले विपद्पग्रस्त परिवारलाई सहयोग दिएका छन्।
६०. थिए – उनी बच्चादेखि नै अत्यन्त प्रतिभाशाली थिए।
६१. भनेका छन् – उनका गुरुले "मेहनत नै सफलताको आधार हो" भनेर भनेका छन्।
६२. गुज्रिँदा – समय गुज्रिँदा मानिसका सोच बदलिन्छ।
६३. सहयोग गर्थे – उनी कठिन समयमा सबैलाई सहयोग गर्थे।
६४. हुन्छ – निरन्तर अभ्यास गरे राम्रो परिणाम हुन्छ।
६५. कुरा गर्थे – उनी हिजोको बेलुकीको भोजमा धेरै रमाइला कुरा गर्थे।
६६. बनेको छ – यो शहर अहिले आधुनिक सुविधायुक्त बनेको छ।
६७. गाएर – उनले गीत गाएर सबैलाई मन्त्रमुग्ध बनाए।
६८. सम्मानित हुन सक्छ – असल काम गर्ने व्यक्ति समाजमा सम्मानित हुन सक्छ।
६९. देखाउने – यो प्रदर्शनले देशको संस्कृति देखाउने उद्देश्य राख्छ।
७०. घट्दै गइरहेको बेला – यसको मूल्य घट्दै गइरहेको बेला धेरैले किन्न थाले।
७१. पुनर्जीवित गराए – संगीतले उनको पुरानो सम्झनालाई पुनर्जीवित गराए।
७२. बसे – कार्यक्रम सकेर सबै शान्त भई साथ बसे।

७.६ क्रियापदको वर्गीकरण

(क) सकर्मकक्रिया
(ख) अकर्मक क्रिया
(ग) समापिका क्रिया (काम पूरा हुने)
(घ) असमापिका क्रिया(काम जारी रहने)

स्वनिरीक्षणप्रश्न नम्बर -

२- *सामान्य क्रियापद वाक्यहरू* का आधारमा क्रियापदको अर्थ र प्रयोग स्पष्ट पार्दै , तिनलाई सकर्मक–अकर्मक तथा समापिका–असमापिका क्रियाको सन्दर्भमा उदाहरणसहित व्याख्या गर्नुहोस्।

(क) **सकर्मक क्रिया**

सकर्मक क्रिया (Transitive Verb) भनेको त्यस्तो क्रिया हो जसमाकर्ताले कार्य सम्पन्न गर्नको लागि कर्म (object) अनिवार्य रूपमा चाहिन्छ। अर्थात् क्रियापद पूर्ण अर्थ दिनको लागि वाक्यमा कर्मको उपस्थितिले आवश्यक हुन्छ।

विशेषताहरू:

१. क्रियाले कुनै कर्म माग्छ।
२. वाक्यमा कर्ता र कर्म दुवै स्पष्ट हुँदा अर्थ पूरा हुन्छ।
३. सकर्मक क्रियाले कार्यको सम्पन्नता वा प्रभाव व्यक्त गर्छ।

उदाहरण:

- उनले पाठ पढे।
- शिक्षकले विद्यार्थीलाई सल्लाह दिए।
- उसले कविता लेख्यो।
- हामीले घर सफाइ गर्यौं।

सकर्मक क्रियाले क्रियाकलापको लक्ष्य (कर्म) स्पष्ट पार्छ र वाक्यलाई सम्पूर्ण अर्थ प्रदान गर्छ।

सकर्मक क्रियाका केही उदाहरण:

१. भरिएको – कोठा कुर्सीले भरिएको छ।
३. राखिएको थियो – पुस्तक टेबलमा राखिएको थियो।
४. जोड़ेर – उसले दुई हात जोड़ेर नमस्कार गऱ्यो।
५. सार्वजनिक गरे – उनले आफ्नो नयाँ एल्बम आज सार्वजनिक गरे।
६. स्वर दिए – चर्चित गायकले चलचित्रको गीतमा स्वर दिए।
७. रचना गरी – कविले नयाँ कविता रचना गरी पत्रिकामा छापे।
८. गाएको – उसले लोकगीत गाएको सुन्दा मन आनन्दित भयो।
९. दिएका छन् – शिक्षकले विद्यार्थीलाई उपयोगी सल्लाह दिएका छन्।
१०. काम गरे – उसले समाजका लागि राम्रो काम गरे।
११. दिएर गए – पाहुनाले उपहार दिएर गए।
१२. थमाई राखी – उसले पढाइ अस्थायी रूपमा थमाई राखी व्यवसाय सुरु गर्यो ।
१३. निर्देशन गरे – निर्देशकले चलचित्रको प्रभावकारी निर्देशन गरे।
१४. सहयोग गर्थे – उनी गरिबलाई सधैं सहयोग गर्थे।
१५. देखाउने – राम्रो शिक्षकले सही बाटो देखाउने काम गर्छन्।
१६. पुनर्जीवित गराए – उनले पुरानो विद्यालयलाई पुनर्जीवित गराए।
१७. मन पराउने – मलाई किताब पढ्न धेरै मन पराउने बानी छ।
१८. दिलायो – त्यो गीतले मेरो बाल्यकालको सम्झना दिलायो।

१९. प्राप्त गरी – उसले छात्रवृत्ति प्राप्त गरी अध्ययन बढायो।

२०. प्राप्त गरे – उनले प्रतियोगितामा प्रथम स्थान प्राप्त गरे।

(ख) अकर्मक क्रिया-

अकर्मक क्रिया (Non-finite/Un-accusative Verb) भनेको त्यस्तो क्रिया हो जसमा **कर्म** (object) **अनिवार्य हुँदैन**। यी क्रियाले केवल क्रियाकलाप , अवस्था वा घटना व्यक्त गर्छन् , तर वाक्यमा कर्ता वा कर्म स्पष्ट नभए पनि अर्थ सम्पूर्ण रहन्छ।

विशेषताहरू:

१कर्म आवश्यक हुँदैन। .

२वाक्यमा क्रियाले मुख्य अर्थ दिन सक्छ ., तर कर्ताकर्त्री स्वतः प्रकट हुँदैन।/

३अकर्मक क्रियाले घटना ., अवस्था वा प्रक्रिया व्यक्त गर्न प्रयोग हुन्छ।

उदाहरण:

- पानी**बर्सियो**।
- बच्चा चाँडै**सुते**।
- बजार आज**बन्द भयो**।
- खबर सुनेर सबै जना**रोए**।

अकर्मक क्रियाले **क्रियाकलापको पूर्णता वा घटना मात्र व्यक्त गर्छ**, तर कर्मको आवश्यकता पर्दैन।

अकर्मक क्रियाका केही उदाहरण

१.**हुन्छ** – हरेक भाषामा क्रियाको विशेष महत्त्व**हुन्छ**।

२.**रह्यो** – उसको सङ्गीत यात्रा लामो समय**सम्म रह्यो**।

३.**छाइदियो** – अचानक गाउँमा शोक**छाइदियो**।

४.**रोए** – सबै जना खबर सुने**र रोए**।

५.**निस्किए** – विद्यार्थीहरू बिहानै कक्षाबाट**निस्किए**।

६.**भरिए** – सभा हल मानिसहरूले**भरिए**।

७.**सुते** – थाकेर बच्चा चाँडै**सुते**।

८.**भएको थियो** – उनीहरूको भेट पहिले नै**भएको थियो**।

९.**राखिएको थियो** – मूर्ति मन्दिरमा**राखिएको थियो**।

१०.**परिचित भए** – उनी गाउँभरि चर्चित भए**र परिचित भए**।

११.**पाउने** – मेहनत गरे सफलता**पाउने**।

१२.**थिइन्** – मेरी आमा सधैँ दयालु**थिइन्**।

१३.**थाले** – ऊ नयाँ कक्षा जान**थाले**।

१४.**सिकेका थिए** – उनीहरूले पहिले नै गीत**सिकेका थिए**।

१५.**प्रवेश गरे** – राम आज कलेजमा**प्रवेश गरे**।

१६.**प्राप्त गरे** – उनले पुरस्कार**प्राप्त गरे**।

१७.**विवाह गरे** – उनले गत वर्ष**विवाह गरे**।

१८.**गरिरहे** – ऊ निरन्तर अभ्यास**गरिरहे**।

१९.**बनेको छ** – यो ठाउँ अहिले सुन्दर**बनेको छ**।

२०.**बसे** – उनी गाउँमै सधैँ**बसे**।

(ग) **समापिका क्रिया**–

समापिका क्रिया)Finite Verb) भनेको त्यस्तो क्रिया हो जसले वाक्यमा**कर्ताको व्यक्ति, सङ्ख्या, र काल वर्तमान), भूत, भविष्य(**स्पष्ट रूपमा जनाउँछ। यी क्रियाले वाक्यलाई पूर्ण अर्थ दिने मुख्य क्रियाको रूपमा काम गर्छन्।

विशेषताहरू:

१कर्ता अनुसार रूप परिवर्तन हुन्छ। .

२काल अनुसार रूप बदल्छ। .

३वाक्यलाई पूर्ण अर्थ दिन सक्षम हुन्छ। .

४वाक .ंयमा मुख्य क्रियाको रूपमा प्रयोग हुन्छ।

उदाहरण:

- ऊ**खेल्छ**। वर्तमान काल), एकवचन, कर्ता स्पष्ट(
- हामीले त्यो काम**गरेका थियौं**। भूतकाल), बहुवचन(
- उनी भोली विद्यालय**जान्छन्**। भविष्यकाल), बहुवचन(

समापिका क्रियाले वाक्यको**अर्थ र संरचना पूर्ण बनाउँछ**, र यसले कार्य सम्पन्न भएको वा हुने अवस्था प्रष्ट देखाउँछ।

स्वनिरीक्षणप्रश्न नम्बर -

४-माथिको पाठका आधारमा सकर्मक, अकर्मक र समापिका क्रियाको परिभाषा र विशेषता स्पष्ट पार्दै, प्रत्येकका उदाहरण उल्लेख गर्नुहोस्।

समापिका क्रिया का केही उदाहरणः

१.**हुन्छ** – भाषामा क्रियाको अहम भूमिका**हुन्छ**।

२.**पुर्याउँछ** – यसले वाक्यको संरचना र अर्थ निर्धारणमा महत्त्वपूर्ण योगदान**पुर्याउँछ** ।

३.**सिकाउन** – क्रिया**सिकाउन**कुनै पाठको आधार लिनु आवश्यक छ।

४.**दिइएको छ** – क्रियाका विभिन्न भाग र प्रयोगबारे ज्ञान**दिइएको छ**।

५.**देखाउँदै** – क्रियाको भूमिका**देखाउँदै**जुबिन गार्गको जीवन प्रस्तुत गर्नु।

६.**उजागर गर्नु** – उनको समाजसेवा, मानवता र प्रकृतिप्रतिको प्रेम**उजागर गर्नु**।

७.**बुझ्न** – असमिया सांगीतिक तथा चलचित्र इतिहासमा उनको योगदानको महत्त्व**बुझ्न**।

८.**सिद्ध हुन्छ** – यो पाठ भाषामा क्रियाको प्रयोग र महत्त्व बुझ्न पनि सहयोगी**सिद्ध हुन्छ**।

९.**गरिनेछ** – पाठमा प्रयोग भएका क्रियापदहरूको भूमिका, प्रकार र अर्थबारे चर्चा**गरिनेछ**।

१०.**थे** – जुबिन गार्ग केवल असमिया मात्र होइन, समग्र भारतीय सङ्गीत क्षेत्रका एक प्रमुख कलाकार**थिए**।

११.**रह्यो** – उनको सङ्गीत यात्रा ३३ वर्ष लामो**रह्यो**।

१२.**दिए** – उनले विभिन्न भाषाका सङ्गीत प्रेमीहरूलाई प्रेरणा**दिए**।

१३.**बुझ्न** – अध्ययनले कलाकारको योगदानको महत्त्व**बुझ्न**सहयोग गर्छ।

१४.**मानिन्छ** – भाषा प्रयोगमा क्रियाको भूमिका अत्यन्त महत्त्वपूर्ण**मानिन्छ**।

१५.**व्यक्त गर्छ** – क्रिया कर्ताद्वारा सम्पन्न गरिने कार्य वा अवस्था**व्यक्त गर्छ**।

१६.**हुँदा** – वाक्यमा क्रिया न**हुँदा**अर्थ अपूर्ण हुन्छ।

१७.**पार्दछ** – क्रियाले कर्ताको प्रकार, काल र उद्देश्य स्पष्ट**पार्दछ**।

१८.**भन्ने** – करण)Affirmative) क्रिया**भन्ने**क्रिया हो।

१९.**जनाउँछन्** – यस्ता क्रियाले कर्ताले कुनै कार्य गरेको बुझाउँछन्।

२०.**बन्न सक्छ** – कलाकार मातृभाषामा गीत गाएर विश्वभर सम्मानित**बन्न सक्छ**।

(घ (**असमापिका क्रिया**-

असमापिका क्रिया (Non-finite Verb) भनेको त्यस्तो क्रिया हो जसले **कर्ताको व्यक्ति, सङ्ख्या, वा काल स्पष्ट रूपमा जनाउँदैन**। यसले मुख्य क्रियाको पूरक वा उद्देश्य, कारण, अवस्था आदि व्यक्त गर्न प्रयोग हुन्छ।

विशेषताहरू:

- काल वा कर्ता अनुसार रूप परिवर्तन हुँदैन।
- प्रायः**Infinitive (सिक्न, गर्न), Participle (देखाउँदै, गरेको), Gerund (गर्दै, बजाउँदै)**रूपमा आउँछ।
- वाक्यमा सहायक, उद्देश्य, कारण, अवस्था आदि व्यक्त गर्न प्रयोग हुन्छ।

उदाहरण वाक्यहरू:

1. म गीत**सिक्न**चाहन्छु। (Infinitive)
2. बच्चा खेल्द**ै छ**। (Present participle)
3. उसले पहिले नै त्यो काम**गरेको**थियो। (Past participle)

असमापिका क्रियाका केही उदाहरण-

१.बढ्दै गइरहो – मौसम गर्मी भएको कारण नदीको पानी स्तरबढ्दै गइरहेकोछ।

२.प्रयत्न गरिरहे – सुमनले दैनिक आफ्नो अङ्ग्रेजी सुधार्नेप्रयत्न गरिरहे।

३.घट्दै गइरहेको – जङ्गलमा रुखहरूको सङ्ख्या लगातारघट्दै गइरहेकोछ।

४.समर्पित भए – उनले आफ्नो जीवन विज्ञान अनुसन्धानमा पूर्णरूपलेसमर्पित भए।

५.गर्थे – बाबुले प्रत्येक साँझ बगैंचामा हिँड्नगर्थे।

६.कुरा गर्थे – साना बच्चा प्रायः आफ्ना अनुभवहरूका बारेमा आमासँगकुरा गर्थे।

७.बजाउन थाले – घण्टाघरले साँझको समय सूचित गर्दै घण्टीबजाउन थाले।

८.अध्ययन थाले – रोहनले नयाँ विषयमा गहिरो ज्ञान पाउनअध्ययन गर्न थाले।

९.सुरु गरेका थिए – शिक्षकहरूले नयाँ परियोजना सबै विद्यार्थीसँगसुरु गरेका थिए।

१०.गुम्रिँदा – वर्षा महिनाहरूगुम्रिँदानदीको पानीको स्तर सामान्य भयो।

करण क्रिया (Affirmative Verb):

करण क्रिया भन्नाले **सकारात्मक, सम्पन्न वा स्थापित कार्यलाई जनाउने क्रिया** हो। यस्ता क्रियाले देखाउँछन् कि कर्ताले कुनै कार्य गरेको छ, कार्य सम्पन्न भएको छ वा सक्रिय रूपमा कार्य प्रदर्शन गरेको छ।

विशेषताहरू:

१. क्रियाले सकारात्मक अवस्था वा कार्यको सम्पन्नता जनाउँछ।

२. वाक्यमा क्रियाको प्रयोगले पुष्टि र स्पष्टता दिन्छ।

३. भावनात्मक वा सामाजिक दृष्टिले कार्यको सक्रियता र सम्भाव्यता देखाउँछ।

उदाहरण:

- ऊ**लेख्छ**।
- विद्यार्थीहरू**पढ्छन्**।
- बालक**हाँस्यो**।
- शिक्षकले विद्यार्थीलाई**सल्लाह दिए**।

करण क्रियाले वाक्यलाई सशक्त, स्पष्ट र सकारात्मक अर्थ दिन मद्दत गर्छ।

करण क्रियाका केही उदाहरण-

१.**लेख्छ** – ऊ आफ्नो डायरीमा दैनिक घटना**लेख्छ**।

२.**पढ्छ** – विद्यार्थीहरूले पाठ्यपुस्तक**पढ्छन्**।

३.**खेल्छ** – बालकहरूले मैदानमा फुटबल**खेल्छन्**।

४.**खुशी हुन्छ** – उसले पुरस्कार पाएपछि धेरै**खुशी हुन्छ**।

५.**भन्ने गर्छ** – शिक्षकले हरेक दिन नयाँ कुरा**भन्ने गर्छन्**।

६.**गाउँछ** – गाउँलेहरूले नयाँ गीत**गाउँछन्**।

७.**सुरु गर्छ** – उसले काम समय**मै सुरु गर्छ**।

८.**बन्छ** – मेहनत गर्दा सफल व्यक्ति**बन्छ**।

९.**देखाउँछ** – शिक्षकले सही बाटो**देखाउँछन्**।

१०.**सल्लाह दिन्छ** – उनका अनुभवले सधैं राम्रो**सल्लाह दिन्छ**।

अकरण क्रिया - अकरण क्रिया ती क्रियाहरू हुन् जसमा **कर्म अनिवार्य हुँदैन**र जसले**कुनै कार्य नभएको, अस्वीकृत, निषेधित वा नकारात्मक अवस्था** व्यक्त गर्छ। यस्ता क्रियाले कार्यको अभाव , नकार, निराशा, प्रतिबन्ध वा असम्भवतालाई जनाउँछन्।अकर्मक क्रियामा प्रायः**"न", "छैन", "भएन", "गरिन"**जस्ता नकारात्मक सूचकहरूको प्रयोग गरिन्छ।

उदाहरण वाक्यहरू:

१. ऊ विद्यालय**जान्छैन**।

२. विद्यार्थीहरूले पाठ**पढेनन्**।

३. बालक स्कुलमा**रोएन**।

४. उनी मेला हेर्न**गएनन्**।

५. उसले काम समय**मै गरिन**।

यो क्रियाले वाक्यमा**कार्य सम्पन्न नभएको वा अस्वीकृत अवस्था**स्पष्ट रूपमा व्यक्त गर्छ।

अकरण क्रियाका थप केही उदाहरण:

१ऊ खेल मैदानमा गएको छैन। .

२ .ऊ बिहान समयमै उठ्न सकेन।

३उनीहरूले उत्सवमा भाग लिएका छैनन्। .

४बच्चाले आफ्नो कक्षाको काम गरेको छैन। .

५शिक्षकले गृहकार्य .का बारेमा सोधेका छैनन्।

६हाम्रो टोलीले प्रतियोगिता जित्न सकेन। .

७उसले त्यो पुस्तक पढ्न चाहेन। .

८हामीले नयाँ गीत सिक्न सकेका छैनौँ .

९उनी साँझसम्म फर्कि .एर आउँदैनन्।

१० .उनले खाना खाइसकेको छैन।

७.७ क्रियाबारे थप प्रसङ्ग

क्रियाबारे थप प्रसङ्गका रूपमा भन्नु पर्दा, क्रियाको महत्त्व अत्यन्तै ठूलो छ, किनकि क्रिया नै वाक्यको मेरुदण्ड हो र यसले कर्ताको कार्य , अवस्था वा प्रक्रियालाई स्पष्ट रूपमा व्यक्त गर्छ। वाक्यमा क्रिया नभएमा अर्थ अपूर्ण रहन्छ र

सन्देश अधुरो हुन्छ। क्रियाले मानवका विचार , भाव र उद्देश्यलाई भाषामा प्रभावकारी रूपले प्रस्तुत गर्न सहयोग गर्छ , र सकर्मक तथा अकर्मक क्रियाले कार्यको उपस्थिती वा अभाव देखाउँछन्। क्रियाको प्रयोगले वाक्यको संरचना र उद्देश्यलाई स्पष्ट बनाउँछ, जसमा Affirmative (करण) क्रियाले सकारात्मक वा सम्पन्न कार्यलाई जनाउँछ भने Negative (अकरण) क्रियाले कार्य नभएको , अस्वीकृत वा नकारात्मक अवस्थालाई जनाउँछ। सन्दर्भअनुसार क्रियाको उचित प्रयोगले भाषा प्रयोगलाई सन्तुलित, स्पष्ट र अभिव्यक्तिपूर्ण बनाउँछ।

त्यसैगरी, क्रियाका विभिन्न प्रकारहरू छन्। कालको आधारमा वर्तमान, भूत र भविष्य काल पर्दछन् भने भावको आधारमा आज्ञार्थक, विनयार्थक, सम्भावनार्थक र प्रतिक्रियात्मक आदि प्रकारहरू पाइन्छन्। कार्यको आधारमा कर्म माग्ने सकर्मक क्रिया (जस्तै—लेख्नु, गाउनु) र कर्म आवश्यक नहुने अकर्मक क्रिया (जस्तै —उठ्नु, बस्नु) हुन्छन्। सम्पूर्णताको आधारमा कार्य पूरा भएको जनाउने समापिका क्रिया र कार्य जारी रहेको वा अपूर्ण अवस्था जनाउने असमापिका क्रिया पर्दछन्। साथै, संरचनाको आधारमा धातुजन्य, व्युत्पन्न, संयुक्त, सहायक र मुहान आदिका क्रियाहरू प्रयोगमा आउँछन् , जसले भाषालाई अझ स्पष्ट, व्यवस्थित र सार्थक बनाउँछन्।

अज्ञात भूत क्रिया

नेपाली भाषामा कुनै घटना , अवस्था वा तथ्य वक्ताले प्रत्यक्ष रूपमा नदेखेको , नसुनेको वा प्रत्यक्ष अनुभव नगरेको अवस्थामा घटेको कुरालाई जनाउन **अज्ञात भूत क्रिया** प्रयोग गरिन्छ। यस्तो क्रियाले "सुनिएको कुरा", "थाहा पाइएको नयाँ तथ्य" वा "पछि बुझिएको अवस्था" लाई व्यक्त गर्छ। यसले घटनाको वास्तविक स्थिति अनुमान , सूचना वा अन्य स्रोतको आधारमा प्रस्तुत गर्छ। यो प्रकारको क्रिया नेपाली भाषाको मौलिक र विशिष्ट विशेषता मानिन्छ , किनकि अङ्ग्रेजी, हिन्दी, बाङ्ला वा अन्य अधिकांश दक्षिण एसियाली भाषामा यति स्पष्ट रूपमा यस्तो व्याकरणिक रूप पाइँदैन् र नेपालीमा यसको प्रयोग अत्यन्त व्यापक र अर्थपूर्ण छ।

१. रहेछ

यो रूप वर्तमान वा चालू अवस्थाबारे पछि थाहा पाउँदा प्रयोग गरिन्छ।

उदाहरण:

(क) ऊ अहिले गुवाहाटीमा रहेछ। (सुनेको जानकारीको आधारमा)

(ख) विद्यालयको वातावरण धेरै रमाइलो रहेछ।

(ग) यो ठाउँ त धेरै सुन्दर रहेछ।

२. भएछ

यो रूप कुनै घटना वा परिवर्तन भइसकेको रहेछ भन्ने अर्थ दिन प्रयोग हुन्छ।

उदाहरण:

(क) नयाँ पुस्तक बजारमा छापछाप्पी भएछ।

(ख) हिजो त झगड़ा पो भएछ।

(ग) ऊ त पुरस्कार विजेता नै भएछ।

३. रहेनछ

यो रूप कुनै वस्तु, अवस्था वा गुण नभएको रहेछ भन्ने थाहा पाउँदा प्रयोग गरिन्छ।

उदाहरण:

(क) यो गाउँमा शान्ति रहेनछ।

(ख) उसित पैसा रहेनछ।

(ग) यहाँ पहिले जस्तो सुविधा रहेनछ।

४. भएनछ

यो रूप कुनै काम, घटना वा अवस्था नघटेको रहेछ भन्ने जानकारी दिन प्रयोग हुन्छ।

उदाहरण:

(क) हिजो परीक्षा स्थगित भएनछ।

(ख) बजारमा पर्याप्त तरकारी उपलब्ध भएनछ।

(ग) उनीहरूको भेट अन्ततः भएनछ।

यसरी, अज्ञात भूत क्रियाले नेपाली भाषामा सुनिएको, पछि थाहा पाइएको वा अनुमानमा आधारित घटनालाई स्पष्ट, सजीव र भावपूर्ण ढङ्गले प्रस्तुत गर्न सहयोग गर्छ, जसले भाषिक अभिव्यक्तिलाई अझ समृद्ध बनाउँछ।

स्वनिरीक्षण-

प्रश्न नम्बर ५- माथिको पाठका आधारमा समापिका क्रिया र असमापिका क्रियाको अर्थ स्पष्ट पार्दै , तिनको प्रयोग र भिन्नता उदाहरणसहित व्याख्या गर्नुहोस्।

प्रमुख बुँदा

- क्रिया भाषा प्रयोगको अत्यन्तै महत्त्वपूर्ण अङ्ग हो, किनकि क्रियालाई वाक्यको मेरुदण्ड मानिन्छ।
- बिना क्रिया वाक्यको अर्थ अधूरो रहन्छ।
- क्रियाले कर्ताको कार्य, अवस्था, प्रक्रिया वा परिवर्तनलाई प्रस्ट रूपमा व्यक्त गर्छ।
- यसले वाक्यको काल, भाव, वाच्य तथा उद्देश्य स्पष्ट बनाउँछ।
- भाषालाई जीवन्त, सजीव र प्रभावकारी बनाउने प्रमुख आधार नै क्रिया हो।
- क्रियाका विभिन्न प्रकार छन्:

कालको आधारमा: वर्तमान, भूत, भविष्य।

भावको आधारमा: आज्ञार्थक, विनयार्थक, सम्भावनार्थक, प्रतिक्रियात्मक।

कार्यको आधारमा:

सकर्मक क्रिया (कर्म आवश्यक): लेख्नु, खानु।

अकर्मक क्रिया (कर्म नचाहिने): बस्नु, हाँस्नु।

सम्पूर्णताको आधारमा:

समापिका क्रिया (काम सम्पन्न भएको जनाउने)

असमापिका क्रिया (कार्य जारी रहेको जनाउने)

संरचनाको आधारमा:धातुजन्य, व्युत्पन्न, संयुक्त, सहायक, मुहान।

- **करण र अकरण क्रियाले**कार्य सम्पन्न वा असम्पन्न भएको अर्थ दिन्छ।

करण (Affirmative) क्रियाले सकारात्मक र सम्पन्न कार्य जनाउँछ: लेख्छ, गयो, खायो।

अकरण (Negative) क्रियाले कार्य नभएको जनाउँछ: लेख्दैन, गएन, खाएन।

- नेपाली भाषाको एउटा मौलिक विशेषता **अज्ञात भूत क्रिया** हो, जुन प्रत्यक्ष नदेखिएको वा नसुनेको घटनालाई जनाउन प्रयोग हुन्छ।

यसको लागि रहेछ, भएछ, रहेनछ, भएनछ जस्ता शब्दहरू प्रयोग हुन्छ।
यो विशेषता अन्य धेरै भाषामा पाइँदैन।

- जुबिन गार्ग बहुआयामी प्रतिभाका धनी व्यक्ति हुन् , जो गायक , गीतकार, अभिनेता, निर्देशक, कवि तथा समाजसेवीका रूपमा परिचित छन्।
- उनले ३८,००० भन्दा बढी गीत र ४० भन्दा बढी भाषामा योगदान दिएका छन्।
- असमिया गीत–सङ्गीतको पुनर्जागरणमा उनको उल्लेखनीय भूमिका रहेको छ।
- उनी समाजसेवामा समर्पित व्यक्तित्व हुन् र मातृभाषाप्रति उनको प्रेम अटुट तथा प्रेरणादायी रहेको छ।

७.८ सारांश

भाषामा क्रियाको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ , किनभने यसले वाक्यको अर्थ स्पष्ट पार्छ र मानव विचार , भावना तथा उद्देश्यलाई अभिव्यक्त गर्न सहयोग पुर्या उँछ। भाषा प्रयोगको सन्दर्भमा क्रिया वाक्यको मेरुदण्डको रूपमा काम गर्छ। कुनै वाक्यमा क्रिया नहुने हो भने त्यसको अर्थ अधूरो रहन्छ , र सन्देश सम्पूर्ण रूपमा प्रष्ट हुन सक्दैन।नेपाली भाषामा क्रियाका विविध प्रकारहरू रहेका छन्। यी प्रकारहरू मुख्यतः तीन आधारमा वर्गीकृत गरिन्छ

१:कालको आधारमा.

- वर्तमान काल,
- भूतकाल,
- भविष्यत काल।

२:भावको आधारमा.

- आज्ञार्थक कुनै आदेश), निर्देशन जनाउने(,
- विनयार्थक (भद्र अनुरोध जनाउने),
- सम्भावनार्थक (असक्ने सम्भावना जनाउने/सक्ने),
- प्रतिक्रियात्मक ।(भाव प्रतिक्रिया व्यक्त गर्ने)

३: कार्यको आधारमा.

- सकर्मक क्रियायसमा कर्म आवश्यक हुन्छ:, अर्थात् क्रियाको प्रभाव कुनै व्यक्ति वा वस्तुमा पर्छ। जस्तैलेख्नु :, खानु, पढ्नु।
- अकर्मक क्रियायसमा कर्म आवश्यक हुँदैन। जस्तो कि बस्नु:, हाँस्नु, सुत्नु।
  क्रियालाईसम्पन्नता वा जारी भएको अवस्थाको आधारमापनि वर्गीकरण गरिन्छ
- समापिका क्रियाकार्य सम्पन्न भएको जनाउँछ:, जस्तैगयो :, लेख्यो।
- असमापिका क्रियाकार्य जारी रहेको जनाउँछ:, जस्तैगरिरहेको छ :, पढ्दैछ।
  क्रियाकोसकागात्मक वा नकारात्मक प्रकृतिअनुसार पनि वर्गीकरण हुन्छ
- करण)Affirmative) क्रियासकारात्मक कार्य:, सक्रियता वा सम्पन्न कार्य देखाउँछ, जस्तैलेख्छ :, गयो, खायो।
- अकरण)Negative) क्रियाकार्य नभएको:, अस्वीकृत वा नकारात्मक अवस्था जनाउँछ, जस्तैलेख्दैन :, गएन, खाएन।

साथै, नेपाली भाषामा पाइनेअज्ञात भूत क्रियापनि क्रियाको विशेषता हो। यसमा प्रत्यक्ष नदेखिएको वा नसुनेको घटनालाई जनाउन शब्दहरू प्रयोग गरिन्छ , जस्तैरहेछ :, भएछ, रहेनछ, भएनछ। यो विशेषता अन्य धेरै भाषामा सामान्य रूपमा पाइँदैन।

जुबिन गार्गको जीवन र योगदानको अध्ययनले क्रियाको प्रयोग र भाषाको सामाजिक , सांस्कृतिक र कलात्मक पक्षसँग कसरी जोड़िन्छ भन्ने स्पष्ट देखाउँछ। जुबिन गार्ग केवल असमियामा मात्र नभई समग्र भारतीय सङ्गीत र चलचित्र क्षेत्रमा बहुआयामी कलाकार थिए। उनले ३८ हजारभन्दा बढी गीत र ४० भन्दा बढी भाषामा योगदान दिएका छन्। उनका गीत र काव्यले सङ्गीतप्रेमीहरूलाई प्रेरित गरे। उनी समाजसेवा, मानवता र मातृभूमिप्रति समर्पित व्यक्ति थिए।

उनको बाल्यकालमै सङ्गीतमा रुचि र अभ्यास सुरु भएको थियो। उनले कठिनाइ र चुनौतीहरूको सामना गर्दै निरन्तर अभ्यास गरिरहे। मातृभाषामा गीत गाएर आधुनिक असमिया सङ्गीतको पुनर्जागरण गरेका उनले अन्य कलाकारहरूलाई पनि प्रेरित गरे। यसरी जुबिन गार्गको जीवन र योगदानले के देखाउँछ भने भाषामा क्रियाको प्रयोग केवल व्याकरणिक अभ्यास मात्र होइन, सामाजिक, सांस्कृतिक र कलात्मक मूल्यसँग जोड़िएको छ।

क्रियाका विभिन्न रूप, काल, भाव र प्रयोगले वाक्यलाई जीवन्त , प्रभावकारी र अभिप्रेरणायुक्त बनाउँछ। यसले सम्पूर्ण भाषिक संप्रेषण प्रक्रियालाई सफल बनाउँछ। यसरी , भाषा र क्रियाको अध्ययनले केवल भाषिक दक्षता मात्र होइन , सामाजिक र सांस्कृतिक चेतनाको विकासमा पनि सहयोग पुर्या उँछ।

७.९ उपसंहार

क्रिया भाषा संरचनाको आधारशिला हो। यसको बिना वाक्य अर्थपूर्ण र प्रभावकारी हुँदैन। भाषामा क्रियाको प्रयोगले वाक्यलाई स्पष्टता , सजीवता र अभिव्यक्तिपूर्णता प्रदान गर्छ। करण र अकरण क्रियाको सन्तुलित प्रयोगले भाषालाई सशक्त र प्रभावकारी बनाउँछ। सकर्मक क्रियाले कर्म आवश्यक पर्ने कार्य जनाउँछ भने अकर्मक क्रियाले स्वतः कार्य वा अवस्था देखाउँछ। समापिका क्रियाले सम्पन्न कार्य देखाउँछ भने असमापिका क्रियाले कार्य जारी रहेको देखाउँछ।

नेपाली भाषामा पाइने अज्ञात भूत क्रियारहेछ :जस्तै), भएछभाषाको विशेषता हो (, जसले प्रत्यक्ष नदेखिएको वा नसुनेको घटना जनाउँछ। जुबिन गार्गको जीवन अध्ययनले देखाउँछ कि भाषा , सङ्गीत र सामाजिक सेवा गहिरो रूपमा एकअर्कासँग जोड़िएका छन्। उनले मातृभाषामा गीत गाएर आधुनिक असमिया सङ्गीतलाई पुनर्जीवित गरे। समाजसेवा , मानवता र संस्कृतिप्रतिको योगदानले उनी प्रेरणादायी उदाहरण बने।

यस पाठले विद्यार्थीलाई भाषिक दक्षता मात्र होइन , जीवन मूल्य, सामाजिक जिम्मेवारी र कलात्मक दृष्टिकोण विकास गर्न मद्दत पुर्याभउँछ। यसैले क्रिया केवल व्याकरणिक विषय मात्र होइन , जीवनसँग प्रत्यक्ष सम्बन्धित शक्तिशाली माध्यम हो। भाषा, सङ्गीत र सामाजिक चेतनाको माध्यमबाट व्यक्तिको समग्र विकासमा क्रियाको भूमिका अपरिहार्य छ।

७.१० थप अध्ययनका लागि

- नेपाली लेखन शैली, २०२५, भारतीय भाषा संस्थान र सिक्किम अकादमी
- अधिकारी, हेमाङ्ग राज, समसामयिक व्याकरण, काठमाडौँ, कुञ्जल प्रकाशन
- उप्रेती, गङ्गाप्रसाद (प्रधान सम्पा.), प्रज्ञा नेपाली शैक्षणिक व्याकरण, काठमाडौँ, नेपाल प्रज्ञा प्रतिष्ठान
- शर्मा, खगेन, फाङ्सनेल नेपाली, गुवाहाटी : आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभाग, गुवाहाटी विश्वविद्यालय, सन २०२५
- शर्मा, खगेन, नेपाली क्रियाको रूपावली, गुवाहाटी : पूर्वायण पब्लिकेसन, सन २०२२
- शर्मा, शिवराज, पूर्वोत्तर माध्यमिक नेपाली व्याकरण र रचना, गान्तोक, जनपक्ष प्रकाशन, २००८

✓ ७.११ स्वनिरीक्षण

१. नम्बर प्रश्नोत्तर

भाषा प्रयोगमा क्रियाको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ , किनकि क्रियाले वाक्यमा कर्ताद्वारा गरिने कार्य , अवस्था, प्रक्रिया वा परिवर्तनलाई स्पष्ट गर्छ। क्रिया बिना वाक्यको अर्थ अपूर्ण रहन्छ , त्यसैले यसलाई वाक्यको मेरुदण्ड मानिन्छ। क्रियाले कार्यको समय , भाव, सकारात्मक–नकारात्मक अवस्था तथा कर्ता –कर्मको सम्बन्ध स्पष्ट पारेर सन्देशलाई अर्थपूर्ण बनाउँछ।

जुबिन गार्गको जीवन र योगदानलाई आधार बनाएर हेर्दा , उनका गीत गाउनु , सङ्गीत सिर्जना गर्नु , चलचित्र निर्देशन गर्नु , समाजसेवा गर्नु जस्ता क्रियाकलापहरूले उनको बहुआयामी व्यक्तित्व उजागर गर्छन्। उनका कार्यहरूले असमिया भाषा, संस्कृति र सङ्गीतलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाएका छन्।

यसरी, जुबिन गार्गको जीवनकथामा प्रयोग भएका विविध क्रियाहरूले केवल भाषिक संरचना मात्र होइन , सामाजिक, सांस्कृतिक र मानवीय सन्देश पनि प्रभावकारी रूपमा व्यक्त गर्छन्। त्यसैले भाषा प्रयोगमा क्रियाको महत्त्व बुझ्न जुबिन गार्गको जीवन र योगदान एक उपयुक्त तथा प्रेरणादायी आधार सावित हुन्छ।

२. नम्बर प्रश्नोत्तर

"असमियाको मुटुको धड़कन जुबिन गार्ग : एक अविस्मरणीय अध्याय' मा प्रयुक्त क्रियाहरूले जुबिन गार्गको जीवन, कर्म र व्यक्तित्वलाई अत्यन्त सशक्त र जीवन्त रूपमा प्रस्तुत गरेका छन्। पाठमा आएका"छाइदियो", "रोए", "भरिए", "भाग लिए", "गाए", "रचना गरे", "स्थापित भए", "प्राप्त गरे", "समर्पित भए", "सहयोग गर्थे" जस्ता क्रियाहरूले उनको सक्रिय, कर्मशील र संवेदनशील जीवनशैली स्पष्ट गर्छन्।

यी क्रियाहरूले केवल घटनाको वर्णन मात्र गर्दैनन् , बरु समय , भाव र सामाजिक प्रभाव पनि उजागर गर्छन्। भूतकालीन क्रियाहरूले उनको जीवनयात्रा र उपलब्धिहरूलाई ऐतिहासिक तथ्यका रूपमा प्रस्तुत गर्छन् भने वर्तमान र अभ्यस्त क्रियाहरूले उनको निरन्तर समाजसेवा, प्रकृतिप्रेम र मानवीय संवेदनालाई देखाउँछन्।

सकर्मक क्रियाहरू —जस्तै "गीत गाए", "चलचित्र निर्देशन गरे ", "समाजसेवा गरे "—ले उनको कर्मप्रधान व्यक्तित्व देखाउँछन् भने अकर्मक क्रियाहरू —जस्तै "रोए", "बने", "समर्पित भए "—ले भावनात्मक पक्षलाई उजागर गर्छन्।

यसरी, पाठमा प्रयुक्त विविध क्रियाहरूले जुबिन गार्गलाई केवल कलाकारका रूपमा होइन , समाजप्रति उत्तरदायी, मातृभाषाप्रेमी र प्रेरणादायी व्यक्तित्वका रूपमा स्थापित गर्छन्। क्रियाको सशक्त प्रयोगले पाठलाई भावनात्मक , प्रभावकारी र स्मरणीय बनाएको छ , जसले जुबिन गार्गको जीवन र योगदानलाई अविस्मरणीय अध्यायका रूपमा प्रस्तुत गरेको छ।

३. नम्बर प्रश्नोत्तर

क्रियापद वाक्यको मुख्य आधार हो, जसले कर्ताद्वारा गरिने कार्य, अवस्था वा परिवर्तनलाई व्यक्त गर्छ। माथि उल्लिखित वाक्यहरूमा प्रयुक्त क्रियापदहरूले नेपाली भाषामा क्रियाको विविध अर्थ र प्रयोग देखाउँछन्।

"काम गरे ", "गीत गाए ", "निर्देशन गरे ", "सहयोग दिए " जस्ता क्रियाहरू सकर्मक क्रिया हुन् , किनकि यी क्रियाले कर्मको आवश्यकता राख्छन्। "उठ्यो", "निस्किए", "रोए", "बसे" जस्ता क्रियाहरू अकर्मक क्रिया हुन् , जसमा कर्म अनिवार्य हुँदैन।

त्यस्तै, "भयो", "प्राप्त गरे ", "विवाह गरे " जस्ता क्रियाहरू समापिका क्रिया हुन् , किनकि कार्य पूरा भएको जनाउँछन्। "बढ्दै गइरहेको", "प्रयत्न गरिरहे", "सिक्दै थिए" जस्ता क्रियाहरू असमापिका क्रिया हुन्, जसले कार्य निरन्तर चलिरहेको अवस्था देखाउँछन्।

यसरी, सामान्य वाक्यहरूमा प्रयुक्त क्रियापदहरूले कार्यको प्रकृति , अवस्था र समय स्पष्ट पार्दै भाषा प्रयोगलाई अर्थपूर्ण, सजीव र प्रभावकारी बनाएका छन्।

४. नम्बर प्रश्नोत्तर

सकर्मक क्रिया भनेको त्यस्तो क्रिया हो जसमा कर्ताले कार्य सम्पन्न गर्न कर्मको आवश्यकता पर्छ। कर्म बिना यस्तो क्रियाले पूर्ण अर्थ दिन सक्दैन। उदाहरणका रूपमा "उसले कविता लेख्यो", "शिक्षकले विद्यार्थीलाई सल्लाह दिए", "कविले नयाँ कविता रचना गरी पत्रिकामा छापे " जस्ता वाक्यहरू सकर्मक क्रियाका उदाहरण हुन्। यी वाक्यहरूमा कर्म उपस्थित भएकाले अर्थ स्पष्ट र पूर्ण हुन्छ।

अकर्मक क्रिया भनेको त्यस्तो क्रिया हो जसमा कर्म अनिवार्य हुँदैन। यस्ता क्रियाले केवल कार्य , अवस्था वा घटना व्यक्त गर्छन्। उदाहरणका रूपमा "पानी बर्सियो", "सबै जना रोए", "विद्यार्थीहरू कक्षाबाट निस्किए", "अचानक गाउँमा शोक छाइदियो " आदि वाक्यहरू अकर्मक क्रियाका उदाहरण हुन्। यी वाक्यहरूमा कर्म नभए पनि अर्थ सम्पूर्ण हुन्छ।

समापिका क्रिया भनेको त्यस्तो क्रिया हो जसले कर्ताको व्यक्ति , सङ्ख्या र काल स्पष्ट रूपमा जनाउँछ र वाक्यलाई पूर्ण अर्थ दिन्छ। उदाहरणका रूपमा "ऊ खेल्छ", "हामीले त्यो काम गरेका थियौं ", "उनी भोलि विद्यालय जान्छन्" जस्ता वाक्यहरू समापिका क्रियाका उदाहरण हुन्। यसरी , सकर्मक, अकर्मक र समापिका क्रियाले नेपाली भाषामा कार्य, अवस्था र समयको स्पष्ट अभिव्यक्ति गर्दै वाक्यलाई अर्थपूर्ण बनाउँछन्।

५. नम्बर प्रश्नोत्तर

समापिका क्रिया भनेको त्यस्तो क्रिया हो जसले वाक्यमा कर्ताको व्यक्ति, सङ्ख्या र काल स्पष्ट रूपमा जनाउँछ र वाक्यलाई पूर्ण अर्थ प्रदान गर्छ। यस्ता क्रियाहरू मुख्य क्रियाका रूपमा प्रयोग हुन्छन्। उदाहरणका रूपमा "भाषामा क्रियाको अहम भूमिका हुन्छ", "यसले वाक्यको संरचना र अर्थ निर्धारणमा योगदान पुर्यानउँछ", "उनले विभिन्न भाषाका सङ्गीत प्रेमीहरूलाई प्रेरणा दिए", "उनको सङ्गीत यात्रा ३३ वर्ष लामो रह्यो" आदि वाक्यहरूमा प्रयुक्त क्रियाहरू समापिका क्रिया हुन्। यी क्रियाहरूले कार्य, अवस्था वा तथ्यलाई स्पष्ट र पूर्ण रूपमा व्यक्त गरेका छन्।

असमापिका क्रिया भनेको त्यस्तो क्रिया हो जसले कर्ताको व्यक्ति , सङ्ख्या वा काल स्पष्ट रूपमा जनाउँदैन। यस्ता क्रियाहरू प्रायः मुख्य क्रियाको सहायक , उद्देश्य, कारण वा अवस्था जनाउन प्रयोग हुन्छन्। उदाहरणका रूपमा "म गीत सिक्न चाहन्छु", "बच्चा खेल्दै छ", "उनले निरन्तर अभ्यास गरिरहे", "जङ्गलमा रुखहरूको सङ्ख्या घट्दै गइरहेको छ" आदि वाक्यहरूमा प्रयुक्त क्रियाहरू असमापिका क्रिया हुन्। यी क्रियाहरूले कार्य जारी रहेको , उद्देश्य वा अवस्था मात्र जनाउँछन्।यसरी, समापिका क्रियाले वाक्यलाई पूर्ण र स्पष्ट बनाउँछ भने असमापिका क्रिया

७.१२ अभ्यासार्

१- क्रिया भनेको के हो ? भाषा प्रयोगमा यसको महत्त्व लेख्नुहोस्।

२. सकर्मक र अकर्मक क्रियाबीच भिन्नता लेख्नुहोस्।

३. अज्ञात भूत क्रिया भनेको के हो ? उदाहरण दिनुहोस्।

४. समापिका र असमापिका क्रियाबीच फरक लेख्नुहोस्।

५. क्रियाको कालगत वर्गीकरण लेख्नुहोस्।

*** ***** ***

एकाइ ८ भाषामा पदवर्गको महत्त्व

एकाइ संरचना

८.१ उद्देश्य
८.२ प्रस्तावना
८.३ पदवर्ग र भाषा सिकाइ
८.४ पाठमा पदवर्गको प्रयोग
८.५ नेपालीमा विभक्ति प्रयोग
८.६ सारंश
८.७ उपसंहार
८.८ थप अध्ययनका लागि
८.९ स्वनिरीक्षण
८.१० अभ्यासार्थ

८.१ उद्देश्य

यस एकाइको मुख्य उद्देश्य भाषा सिकाइमापदवर्गको महत्त्वस्पष्ट गराउनु हो। यस पाठमार्फत विद्यार्थीलाई शब्दको अर्थ मात्र होइन , त्यसकोप्रकृति, कार्य र वाक्यमा हुने प्रयोगबुझ्न सक्षम बनाउने लक्ष्य राखिएको छ। विशेष गरी नाम , सर्वनाम, क्रिया, विशेषण, क्रियाविशेषण र अव्ययजस्ता पदवर्गहरूलाई पहिचान गर्न सक्ने क्षमता विकास गराउनु यस एकाइको प्रमुख उद्देश्य हो।

यस एकाइले विद्यार्थीमावाक्य संरचना बुझ्ने क्षमताविकास गर्न , भाषिक शुद्धता कायम राख्न तथा अभिव्यक्तिलाई स्पष्ट र प्रभावकारी बनाउने लक्ष्य राख्छ। साथै , पाठमा समावेश गरिएकोडा. भूपेन हाजरिकासम्बन्धी सामग्रीमार्फत वास्तविक पाठ्य सामग्रीमा पदवर्गको प्रयोग कसरी हुन्छ भन्ने व्यावहारिक उदाहरण प्रदान गर्नु पनि यसको उद्देश्य हो।

अन्ततः, यो एकाइको उद्देश्य विद्यार्थीलाईभाषिक सचेतना र व्याकरणिक दक्षताप्रदान गर्दै , उनीहरूलाई सही र सशक्त भाषिक प्रयोगमा सक्षम बनाउनु हो , ताकि उनीहरू बोलेको र लेखेको भाषा अझ शुद्ध , स्पष्ट र प्रभावकारी बनाउन सकून्।

८.२ प्रस्तावना

भाषा केवल शब्दहरूको सङ्कलन मात्र होइन , विचार, भावना र अनुभूतिको सशक्त माध्यम हो। भाषा सिक्ने क्रममा शब्दको अर्थ बुझ्नु मात्र पर्याप्त हुँदैन ; ती शब्दहरूकसरी, कहिले र कुन सन्दर्भमा प्रयोग गर्नेभन्ने ज्ञान पनि अत्यन्त आवश्यक हुन्छ। यही कारणले भाषामा पदवर्गको अध्ययन अनिवार्य मानिन्छ।

पदवर्गले शब्दकोभूमिका, कार्य र स्थाननिर्धारण गर्छ। यदि शब्दहरूको पदवर्ग स्पष्ट नभए वाक्य अस्पष्ट , भ्रमपूर्ण र अर्थहीन समेत बन्न सक्छ। यस एकाइमा भाषा सिकाइमा पदवर्गले खेल्ने भूमिकालाई केन्द्रमा राखी , कसरी यसले वाक्य संरचना, अर्थबोध र अभिव्यक्तिलाई प्रभावकारी बनाउँछ भन्ने विषय स्पष्ट गरिएको छ।

यस पाठमा डा. भूपेन हाजरिकाको जीवन र योगदानसम्बन्धी सामग्रीलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ , जसले पदवर्गको प्रयोग वास्तविक सन्दर्भमा कसरी हुन्छ भन्ने बुझ्न सहयोग पुर्याउँछ। यसरी, यो एकाइले व्याकरणिक ज्ञानलाई सैद्धान्तिक मात्र नभई व्यावहारिक रूपमा बुझ्ने अवसर प्रदान गर्दछ।

८.३ पदवर्ग र भाषा सिकाइ

भाषा सिक्ने काम केवल शब्दको अर्थ मात्र बुझ्ने होइन , ती शब्दलाई वाक्यमा कसरी, कहिले र किन प्रयोग गर्ने बुझ्नु हो। पदवर्गले भाषा सिक्ने विद्यार्थीलाई वाक्यको आधारभूत संरचना बुझ्न मद्दत गर्छ।

पदवर्गका प्रमुख पक्षहरू

१. वाक्य संरचना बुझ्न मद्दत

नाम (संज्ञा), क्रिया, विशेषण, सर्वनाम, अव्यय आदि पदवर्ग हुन्। यदि यी छुट्याउन सकिएन भने वाक्य अस्पष्ट हुन्छ। जस्तै "गति" र "गति गर्ने" बिचको फरक बुझ्न आवश्यक हुन्छ।

२. शुद्धता र स्पष्टता ल्याउँछ

पदवर्ग नबुझ्दा शब्दको गलत प्रयोग हुन्छ जसले वाक्यलाई गलत बनाउँछ। पदवर्गको ज्ञानले सही शब्द सही स्थानमा राख्न सजिलो हुन्छ।

३. भाषा सिकाइ सरल र व्यवस्थित हुन्छ

जब विद्यार्थीले कुन शब्द कुन पदवर्गमा पर्छ र त्यसले के काम गर्छ बुझ्छ , भाषा सिक्न गतिको वृद्धि हुन्छ। खासगरी विदेशी भाषा सिक्दा पदवर्ग ज्ञान आवश्यक हुन्छ।

४. रचनात्मक अभिव्यक्तिमा सहयोग पुर्याहउँछ

शब्दहरूको भूमिका थाहा पाएपछि विद्यार्थी आकर्षक, स्पष्ट र साहित्यिक भाषामा लेख्न सक्षम हुन्छन्।

५. अर्थ स्पष्ट हुन्छ

एकै शब्दले विभिन्न सन्दर्भमा भिन्न अर्थ दिन सक्छ। पदवर्गले यस्ता अस्पष्टता हटाउँछ र सही अर्थ बुझ्न मद्दत गर्छ ।

पदवर्गको गहिरो अध्ययनले भाषा सिक्ने क्षमतामा सुधार ल्याउँछ , व्याकरणको ज्ञान बढाउँछ र अभिव्यक्तिलाई प्रभावकारी बनाउँछ। कुनै पनि भाषाको अध्ययनमा पदवर्गलाई व्याकरणको एउटा अध्याय मात्र नभई भाषा बुझ्ने आधारभूत ढोका मान्नु आवश्यक छ। तलको पाठमा प्रयुक्त पदवर्गको अध्ययन गरौँ।

८.४ पाठमा पदवर्गको प्रयोग

डा. भूपेन हाजरिका आधुनिक भारतीय उपमहाद्वीपका एक विशिष्ट र विलक्षण व्यक्तित्व हुन्। उनले सङ्गीत , साहित्य, चलचित्र र सामाजिक चेतनाका माध्यमबाट मानिसहरूको मनमा गहिरो छाप छोडेका छन्। उनी केवल गायक , सङ्गीतकार वा कवि मात्र थिएनन्, उनी एक सांस्कृतिक चैतन्य, मानिसबिच एकताको दूत र मानवीय मूल्यहरूको बलियो पक्षधर थिए।

भूपेन हाजरिका भन्ने बित्तिकै ब्रह्मपुत्र नदीको बगाइ , असमको हरियाली , भारतको सांस्कृतिक बहुलता र मानवताको उज्यालो चित्रण स्मरणमा आउँछ। उनका गीतहरूले जनभावना र सामाजिक आवाजलाई आवाज दिएका छन्।
प्रारम्भिक जीवन र पृष्ठभूमि

डा. भूपेन हाजरिका सन् १९२६ सेप्टेम्बर ८ मा असमको तिनसुकिया जिल्लाको सदिया गाउँमा असमिया ब्राह्मण परिवारमा जन्मिएका थिए। बाल्यकालदेखि नै उनी सङ्गीत, कविता र कथासँग निकट थिए। उनी भौतिक रूपमा असमका भए पनि भावनात्मक रूपमा भारत र विश्वभरका सबै जाति, भाषा, धर्म र समुदायका मानिसहरूको प्रतिनिधि थिए।

बाल्यकाल र प्रतिभा विकास

उनको घरमा कलात्मक वातावरण थियो। उनकी आमा विद्यावती हाजरिका परम्परागत असमिया गीत गाउँथिन्, जसले भूपेन दाइलाई सानै उमेरमा सङ्गीतप्रति आकर्षित गरायो। नौ –दस वर्षको उमेरमा उनी आफ्नै शब्द र धुनमा गीत लेख्न र गाउन सक्षम भए। स्थानीय गाउँ र समाजमा उनी बालकलाकारको रूपमा लोकप्रिय भए।ब्रह्मपुत्र नदी , असमको ग्रामीण जीवन, बंसीबाजाका धुनहरू, चुल्हो–दाउनेका गीत र चर्खा चलाउने आमाका दृश्यहरूले उनको भित्री संवेदनालाई गहिरो सांगीतिक भावले भरिदिए। यही पृष्ठभूमिले उनलाई जीवनभर आम मानिसका पीडा, खुशी, सङ्घर्ष, प्रेम र सामाजिक न्यायका आवाज बन्न प्रेरित गर्यो।

शैक्षिक यात्रा र वैचारिक विस्तार

भूपेन हाजरिकाको शैक्षिक यात्रा पनि उत्कृष्ट थियो। उनले गुवाहाटी विश्वविद्यालयबाट स्नातक गरेपछि हिन्दू विश्वविद्यालय, वाराणसीमा राजनीतिशास्त्रमा स्नातकोत्तर गरे। पछि अमेरिका गएर कोलम्बिया विश्वविद्यालयबाट सङ्गीत र जनसञ्चार विषयमा PhD प्राप्त गरे। अमेरिकामा बिताएको समयले उनको विचार र चेतनालाई अन्तर्राष्ट्रिय दृष्टिकोण दिएको थियो।

त्यहाँ उनले अफ्रो-अमेरिकी सङ्गीत , सामाजिक न्यायका आन्दोलनहरू र सांस्कृतिक पहिचानका सङ्घर्षहरूसँग संवाद गरे। अमेरिकी लोकगीतकार र नागरिक अधिकारका अगुवा Paul Robeson सँगको मित्रता उनको जीवनमा महत्वपूर्ण मानिन्छ। रोबेसनका गीतहरूमा रहेको समानता र सङ्घर्षको भावनाले भूपेन दाइलाई गहिरो प्रभावित गर्यो। यसले उनलाई प्रेरित गर्दै उनीहरूले लेखेका गीतहरूजसमा "मानुहे मानुहर बाबे" सबैभन्दा चर्चित छ—मानवता र एकताको संदेश प्रवाह गर्योई।

साङ्गीतिक योगदान

उनको सङ्गीत मनोरञ्जन मात्र नभएर समाज परिवर्तनको माध्यम पनि थियो। उनका गीतहरूमा तीन मुख्य पक्ष देखिन्छन्—

१. गहिरो मानवीयता
२. सामाजिक चेतना र सङ्घर्ष
३. पूर्वोत्तर भारतको सांस्कृतिक सौन्दर्य

उनका लोकप्रिय गीतहरूमा "बिस्तिर्न पारे," "गङ्गा बेहती हो क्यौ ," "दिल हुम हुम करे ," "मइ एटि जाजाबर ," "मानुहे मानुहर बाबे " समावेश छन्। भूपेन हाजरिका बहुभाषी कलाकार थिए र असमिया , बङ्गाली, हिन्दी, नेपाली, अङ्ग्रेजी भाषामा आफ्नो कला प्रस्तुत गरेका छन्।

चलचित्र, साहित्य र सामाजिक नेतृत्व

भूपेन हाजरिका केवल सङ्गीतकार मात्र होइनन्, उनी असमिया चलचित्रलाई नयाँ उचाइमा पुर्याउने निर्देशक र सङ्गीत निर्देशक पनि थिए। "शकुन्तला," "एरा बाटर सुर ," "सिक मिक बिजुली " जस्ता चलचित्र उनका कृतिहरू हुन्। गीत-सङ्गीतमार्फत उनले जातीय सद्भाव, भाषिक एकता र राष्ट्रिय पहिचानका मुद्दा उठाए।

राजनीतिक रूपमा उनी मानववादी विचारधाराका समर्थक थिए। जनजीवन सुधार , शिक्षा, शान्ति र सभ्यता विस्तारमा सक्रिय रहे। असम आन्दोलनका संवेदनशील समयहरूमा शान्ति र सद्भावको गीत गाएर समाजलाई सम्हाल्ने काम गरे। रेडियो, चलचित्र क्षेत्र र सङ्गीत परिषद् लगायत विभिन्न सङ्घसंस्थासँग उनको सम्बन्ध गाढा थियो।

समाज–सांस्कृतिक चेतना

उनका गीतहरूले सिधै आम मानिसको जीवन अनुभवलाई सम्बोधन गर्छन्—भोक, गरीबी, युद्ध, अन्याय जस्ता विषयहरू। "गङ्गा बेहती हो क्यौं" जस्तो गीतले सभ्यताका दोषहरू र मानव हिंसाको प्रश्न उठाउँछ। "मानुहे मानुहर बाबे" ले सबैलाई मानवताको सन्देश दिन्छ।उनका गीतहरूमा वर्ग भेद, जात–धर्म–भाषा भेद, आर्थिक असमानता, जातीयता र विभाजनको विरोध गरेर प्रेम र एकताको सन्देश प्रबल छ।

पुरस्कार–सम्मान

अन्तिम वर्षमा उनले सङ्गीत, साहित्य र चलचित्र क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरे। उनी भारतको सर्वोच्च नागरिक सम्मान भारत–रत्न पुरस्कारका धनी हुन्। साथै उनलाई पद्मश्री, पद्मभूषण, राष्ट्रिय चलचित्र पुरस्कार, दादा साहेब फाल्के पुरस्कार लगायत थुप्रै राज्यस्तरीय पुरस्कारहरूले सम्मानित गरिसकिएको छ।डा. भूपेन हाजरिकाको निधन सन् २०११ नोभेम्बर ५ मा भयो, तर उनको सङ्गीत, मानवीयता र चेतनाको आवाज आज पनि जीवित छ। असममा उनलाई आदरपूर्वक "शुधाकण्ठ" भनेर सम्झन्छन्।

मोठमाठमा डा. भूपेन हाजरिका केवल कलाकार थिएनन्, उनी मानवता, कला र समाज परिवर्तनका आवाज हुन्। उनको गीतले नदीझैं हजारौं मन छोएको छ, पहाडझैं दृढ प्रेरणा दिएका छन् र फूलझैं सुगन्धित आशा फैलाएका छन्। असम मात्र नभई भारत र विश्वका लाखौं मानिसका हृदयमा उनको स्थान अतुलनीय छ।उनको जीवनले दिएको सन्देश छ— "सङ्गीत केवल कला होइन, समाज बदल्ने शक्ति हो।"

स्वनिरीक्षण

प्रश्न नम्बर -१-पदवर्ग भाषा सिकाइमा आधारशिला किन मानिन्छ? यसले शब्द, वाक्य र अभिव्यक्तिमा के–के भूमिका खेल्छ भन्ने विस्तृत रूपमा वर्णन गर्नुहोस्।

१. व्यक्तित्व/चरित्र जनाउने विशेषणहरू

(१) विलक्षण — उहाँको सङ्गीतमा एक विलक्षण प्रतिभा छ जसले सबैलाई मन्त्रमुग्ध बनाउँछ।

(२) महान — डा. भूपेन हाजरिका एक महान कलाकार थिए जसले सङ्गीतको माध्यमबाट समाज परिवर्तन गराउनुभयो।

(३) मानवीय — उनका गीतहरूमा मानवीय मूल्यहरू गहिरोसँग झल्किन्छन्।

४. मानववादी — उनी सधैं मानववादी दृष्टिकोणबाट समाजका समस्याहरूलाई हेरिरहनुभएको थियो।

५. संवेदनशील — भूपेन दाइ संवेदनशील मनका व्यक्ति हुनुहुन्थ्यो जसले सबैको पीडा महसुस गर्न सक्थ्यो।

६. अमिट — उनको योगदान भारतीय सङ्गीत क्षेत्रमा अमिट छाप छोडेको छ।

७. अतुलनीय — उनको सांगीतिक प्रतिभा अतुलनीय छ र अरू कसैले सजिलै भुल्न सक्दैन।

८. प्रभावशाली — उनको भाषणले सबैमा प्रभावशाली प्रभाव पारेको थियो।

९. प्रेरणादायी — उनको जीवनशैली हामी सबैका लागि प्रेरणादायी उदाहरण हो।

१०. सरल — उनको बोलाइ सरल र सहज भएकाले सबैले सजिलै बुझ्न सक्थे।

११. गम्भीर — डा. हाजरिका सधैं गम्भीर रूपमा सामाजिक मुद्दाहरूमा विचार गर्थे।

१२. दृढ — उनको दृष्टिकोण सामाजिक न्यायका लागि दृढ र अटल थियो।

२. सांस्कृतिक, कलात्मक, सामाजिक विशेषणहरू

१. सांस्कृतिक — भूपेन हाजरिकाको सांस्कृतिक योगदानले पूर्वोत्तर भारतको पहिचानलाई विश्वसामु चिनायो।

२. कलात्मक — उनको कलात्मक प्रतिभाले सङ्गीत र चलचित्रमा नयाँ उचाइ स्थापना गर्यो।

४. सामाजिक — भूपेन दाले सामाजिक अन्यायको विरोध गर्दै समावेशी समाजको पक्षमा गीतहरू रचे।

५. साहित्यिक — उनका साहित्यिक कृतिहरूले असमिया भाषा र साहित्यमा अमूल्य योगदान पुर्‍याएका छन्।

६. मानवीय — उनका गीतहरूमा मानवीय भावनाहरू स्पष्ट रूपमा व्यक्त हुन्छन्।

७. जनभावनात्मक — उनका गीतहरूले जनभावनात्मक आन्दोलनलाई सशक्त बनाएका छन्।

८. सङ्घर्षशील — भूपेन हाजरिका एक सङ्घर्षशील व्यक्तित्व थिए जसले जीवनभर अनेक चुनौतीहरू सामना गरे।

९. लोक–सांगीतिक — उनको लोक–सांगीतिक धुनहरूले ग्रामीण जनताको जीवन झल्काउँछ।

१०. बहुभाषिक — उनी बहुभाषिक कलाकार थिए जसले असमिया, हिन्दी, नेपाली लगायत भाषामा गीतहरू गाए।

११. समाज–सांस्कृतिक — उनको समाज–सांस्कृतिक दृष्टिकोणले मानिसहरूबिच एकता र सद्भाव बढायो।

१२. राष्ट्रिय — उनले राष्ट्रिय एकताको पक्षमा सदैव आवाज उठाए।

३. स्थान, प्रकृति, क्षेत्रसँग सम्बन्धित विशेषणहरू

१. आधुनिक — डा. भूपेन हाजरिकाले आधुनिक सङ्गीतशैलीलाई असमिया लोकगीतसँग मिलाएर नयाँ प्रयोग गरे।

२. भारतीय — उनको सङ्गीतले भारतीय सांस्कृतिक विविधतालाई उजागर गरेको छ।

३. असमिया — भूपेन हाजरिकाका असमिया गीतहरू आज पनि जनमनमा लोकप्रिय छन्।

४. ग्रामीण — उनले ग्रामीण जीवनका कथा र पीडाहरू आफ्ना गीतमा प्रभावकारी रूपमा समेटेका छन्।

५. अन्तर्राष्ट्रिय — उनको सङ्गीतले अन्तर्राष्ट्रिय स्तरमा पनि प्रशंसा पाएको छ।

६. पूर्वोत्तरी (पूर्वोत्तर भारतको) — पूर्वोत्तरी भारतको सांस्कृतिक धरोहरमा भूपेन हाजरिकाको योगदान अतुलनीय छ।

७. विश्वव्यापी — उनको गीतहरूले विश्वव्यापी मानवताको भावना फैलाउन महत्वपूर्ण भूमिका खेलेका छन्।

४. समय, अवस्था वा भाव जनाउने विशेषणहरू

• बाल्यकालीन — उनको बाल्यकालीन यादहरूले गीत लेख्न प्रेरणा दिएको थियो।

• शुरुआती — शुरुआती कृतिहरूले नै भूपेन हाजरिकाको प्रतिभा प्रष्ट पारेका थिए।

• अन्तिम — उनको अन्तिम गीतले सबैलाई भावुक तुल्यायो।

• महत्वपूर्ण — उनले सामाजिक न्यायको लागि महत्वपूर्ण सन्देश दिने गीतहरू गाए।

• चर्चित — उनका चर्चित गीतहरू अहिले पनि सांगीतिक कार्यक्रमहरूमा गाइन्छन्।

• प्रसिद्ध — भूपेन हाजरिका भारतका प्रसिद्ध सङ्गीतकार मध्ये एक थिए।

५. कलाकृतिहरू तथा सङ्गीत–भावनासँग सम्बन्धित विशेषणहरू

यहाँ ती विशेषणहरूको वाक्यमा प्रयोगका उदाहरणहरू छन्:

१. गहिरो — उनको गीतहरूले मानवीय भावनामा गहिरो प्रभाव पार्छन्।

२. मधुर — भूपेन हाजरिकाको मधुर स्वरले सबैको मन छोएको छ।

३. सुन्दर — उनले बनाएको सङ्गीत सुन्दर र शान्तिदायी छ।

४. प्रसिद्ध — उनका प्रसिद्ध गीतहरू सबैले जान्ने गर्छन्।

५. चर्चित — उनको चर्चित फिल्म सङ्गीतले पुरस्कार जित्यो।

६. आकर्षक — उनको आवाजमा एक आकर्षक मिठास थियो।

७. प्रभावशाली — उनको भाषण प्रभावशाली भएर सबैलाई प्रेरित गर्‍यो।

८. भावपूर्ण — उनका गीतहरू भावपूर्ण र जीवन्त छन्।

६. पुरस्कार–उपाधि तथा उपलब्धिसँग जोडिएका विशेषणहरू

• सर्वोच्च — भारत सरकारले उनलाई सङ्गीत क्षेत्रमा सर्वोच्च पुरस्कार प्रदान गर्‍यो।

• अनुपम — उनको कलात्मक योगदान अनुपम र अतुलनीय छ।

• सम्माननीय — डा. भूपेन हाजरिका एक सम्माननीय व्यक्तित्व हुन् जसले समाजमा ठुलो प्रभाव पारे।

७. भाषिक तथा सम्बन्धजन्य विशेषणहरू

• असमिया — भूपेन हाजरिकाले असमिया भाषामा धेरै सुन्दर गीतहरू रचना गरे।

• हिन्दी — हिन्दी चलचित्र सङ्गीतमा पनि उनले आफ्नो प्रतिभा देखाए।

• नेपाली — उनका केही गीत नेपाली भाषामा पनि अनुवाद गरिएका छन्।

• बङ्गाली — बङ्गाली साहित्यले उनलाई गहिरो प्रभाव पार्यो।

• अङ्ग्रेजी — उनले अङ्ग्रेजी भाषामा पनि अध्ययन गरेर आफ्नो ज्ञान विस्तार गरे।

स्वनिरीक्षण

प्रश्न नम्बर २- भाषामा पदवर्गले वाक्य संरचना बुझ्न कसरी मद्दत गर्छ? यससँग सम्बन्धित उदाहरण सहित विश्लेषण गर्नुहोस्।

समग्रमा प्रयोग भएका प्रमुख विशेषणहरूको सूची यस प्रकार छन्-

विलक्षण, महान, मानवीय, संवेदनशील, प्रभावशाली, सांस्कृतिक, बहुल, कलात्मक, सामाजिक, साहित्यिक, जनभावनात्मक, सङ्घर्षशील, बहुभाषिक, अन्तर्राष्ट्रिय, पूर्वोत्तरी, ग्रामीण, आधुनिक, भारतीय, गहिरो, मधुर, सुन्दर, चर्चित, प्रसिद्ध, सरल, प्रेरणादायी, महत्वपूर्ण, सर्वोच्च, अनुपम, सम्माननीय, अन्तिम, बाल्यकालीन, राष्ट्रिय, दृढ।

पाठमा प्रयोग भएका क्रियाविशेषण (Adverbs)

१. **गहिरोसँग** – उनले यो विषय**गहिरोसँग**अध्ययन गरे।

२.**निकट** – ऊ शिक्षकसँग**निकट**भएर कुरा गर्यो।

३.**निरन्तर** – उसले लक्ष्यतर्फ**निरन्तर**प्रयास गरिरह्यो।

४.**सम्मानपूर्वक** – विद्यार्थीसँग उसले**सम्मानपूर्वक**व्यवहार गर्योण।

५.**प्रभावशाली रूपमा** – नेताले भाषण**प्रभावशाली रूपमा**गरे।

६.**स्पष्ट रूपमा** – उनले आफ्ना विचार**स्पष्ट रूपमा**व्यक्त गरे।

७.**सरल रूपमा** – शिक्षकले पाठ**सरल रूपमा**बुझाए।

२. समय जनाउने क्रिया–विशेषण (When? कहिले?)

१.**बाल्यकालदेखि** – ऊ सङ्गीतमा रुचि**बाल्यकालदेखि**गाख्दै आएको छ।

२.**जीवनभर** – उनले जनसेवामा आफ्नो योगदान**जीवनभर**दिइरहे।

३.**पछि** – परीक्षा सकिए**पछि**विद्यार्थीहरूले बिदा पाए।

४.**अन्त्यमा** – कार्यक्रममा सबै भाषणहरू सुने**अन्त्यमा**पुरस्कार वितरण भयो।

५.**आज पनि** – उनका गीतहरू**आज पनि**सबैको मन छुन्छ।

३. स्थान जनाउने क्रिया–विशेषण (Where? कहाँ?)

(स्पष्ट स्थानक्रियाविशेषणहरू कम छन्; कथ्यमा स्थानको नाम छ तर क्रियाविशेषणको रूपमा प्रयोग न्यूनपाइन्छ)

१.**घरमै** – पढाइको तयारी ऊ**घरमै**गरेको थियो।

२.**संसारभर** – उनको सङ्गीतको प्रसिद्धि**संसारभर**फैलिएको छ।

३.**भारतभर** – यो परम्परा**भारतभर**मानिने गरिन्छ।

४.**विश्वभर** – उनका गीतहरूले मानवताको सन्देश**विश्वभर**पुर्याएका छन्।

४. मात्र, परिमाण वा तीव्रता जनाउने क्रियाविशेषण (How much? कति? कति धेरै?)

मात्र, परिमाण वा तीव्रता जनाउने क्रियाविशेषणभनेको क्रियाको मात्रा, परिमाण वा तीव्रताको स्तर जनाउन प्रयोग गरिने क्रियाविशेषण हो।

१.**निकै** – उनको प्रस्तुति दर्शकहरूलाई**निकै**मन परेको थियो।

२.**अत्यन्त** – बालकले परीक्षा दिन**अत्यन्त**उत्साहित देखियो।

३.**अनगिन्ती** – हिमालयको सुन्दरता हेर्न मानिसहरू**अनगिन्ती**संख्या मा आउँछन्।

४.**विशाल** – ब्रह्मपुत्र नदीको प्रवाह**विशाल**र शक्तिशाली छ।

५.**सीधै** – शिक्षकले प्रश्नको उत्तर विद्यार्थीलाई**सीधै**सोधे।)

५. सम्बन्ध, कारण वा भाव जनाउने क्रियाविशेषण

सम्बन्ध, कारण वा भाव जनाउने क्रियाविशेषणभनेको क्रियाको अवस्था, कारण, उद्देश्य वा भावनात्मक स्थिति स्पष्ट पार्ने क्रियाविशेषण हो।

१.**एकैपटक** – सबै विद्यार्थीहरूले**एकैपटक**प्रश्नको उत्तर दिए।

२.**खासै** – आजको कार्यक्रममा शिक्षक**खासै**उपस्थित भएनन्।

३.**विशेष रूपमा** – यो परियोजना ग्रामीण विकासमा**विशेष रूपमा**प्रभावकारी छ।

समग्र रूपमा क्रियाविशेषणको एउटा एकीकृत सूची यस प्रकार छन्-

गहिरोसँग, निकट, निरन्तर, सम्मानपूर्वक, प्रभावशाली रूपमा, सरल रूपमा, बाल्यकालदेखि, जीवनभर, पछि, आज पनि, घरमै, संसारभर, भारतभर, विश्वभर, निकै, अत्यन्त, अनगिन्ती, सिधै, एकैपटक।

पाठमा प्रयोग भएका सर्वनामहरू (Pronouns)

१. पुरुषवाचक सर्वनाम (Personal Pronouns)(व्यक्ति जनाउने)

पुरुषवाचक सर्वनाम भनेको वक्ता, श्रोता वा अन्य व्यक्तिलाई जनाउन प्रयोग गरिने सर्वनाम हो।

१.**उनी** – **उनी**बिहानै व्यायाम गर्न निस्के।

२.**उनको** – **उनको**किताब टेबलमा राखिएको छ।

३.**उनीहरु** – **उनीहरु**खेल मैदानमा खेलिरहेका छन्।

४.**उहाँ** – **उहाँ**हाम्रो शिक्षक हुनुहुन्छ।

२. निजवाचक सर्वनाम (Reflexive Pronouns)

निजवाचक सर्वनाम भनेको कर्ताले आफैंलाई जनाउन प्रयोग गरिने सर्वनाम हो, जसले क्रियाको प्रभाव कर्तामै फर्किएको जनाउँछ।

१.**आफ्नै** – सुष्माले **आफ्नै** घरको रंग आफैं छाने।

२.**आफ्नो** – रामले **आफ्नो** झोला स्कूलमा लिएर गयो।

३. सङ्केतवाचक सर्वनाम (Demonstrative Pronouns)(कुन? त्यो? त्यस?)

सङ्केतवाचक सर्वनाम भनेको व्यक्ति, वस्तु वा स्थानतर्फ सङ्केत गर्न प्रयोग गरिने सर्वनाम हो।

१.**यो** – **यो**पुस्तक निकै रोचक छ।

२.**त्यसैले** – भारी वर्षा भयो, **त्यसैले** कार्यक्रम स्थगित भयो।

३.**त्यही** – मैले खोजेको कुर्सी**त्यही**हो।

४. सम्बन्धवाचक सर्वनाम (Relative Pronouns)(जो, जस, जुन, जहाँ... आदि)

सम्बन्धवाचक सर्वनाम भनेको वाक्यमा दुई उपवाक्यबिच सम्बन्ध जोड्न प्रयोग गरिने सर्वनाम हो।

१.**जसले** – **जसले**यो काम सम्पन्न गर्यो , उसलाई पुरस्कार दिइयो ।

२.**जससँग** – मैले भेटेको साथी**जससँग**म सधैं रमाउँछु ।

३.**जसका** – त्यहाँ किताबहरू छन्**जसका**पाना पुराना छन् ।

४.**जहाँ** – हामी त्यो ठाउँमा गयौं**जहाँ**फूलहरू राम्ररी फुलेका थिए ।

स्वनिरीक्षण

प्रश्न नम्बर ३- पदवर्ग नबुझ्दा वाक्यमा हुने अर्थ भ्रम र सम्भावित त्रुटिहरूको विश्लेषण गर्नुहोस् । उदाहरणसहित स्पष्ट पार्नुहोस् ।

पाठमा प्रयोग भएका अव्ययहरूको सूची

अव्यय भनेको रूप परिवर्तन नहुने त्यस्ता शब्दहरू हुन् , जसले वाक्यमा अन्य शब्द , वाक्यांश वा वाक्यलाई जोड्ने, सम्बन्ध जनाउने, समय, स्थान, तरिका, कारण आदि सूचित गर्ने काम गर्छन् । अव्ययले अर्थ बोके पनि लिंग, वचन, व्यक्ति वा काल अनुसार परिवर्तन हुँदैन । नेपाली व्याकरणअनुसार अव्ययमा समुच्चयबोधक , सम्बन्धबोधक, क्रिया–विशेषणीय अव्यय, निपात आदि पर्दछन् ।

तल पाठमा प्रयोग भएका अव्ययहरू वर्गीकरणसहित दिइएका छन्—

१) सम्बन्धबोधक अव्यय – वाक्य प्रयोग

१.**मा** – ऊ किताब**मा**गहिरो ध्यान दिएर पढ्दै थियो ।

२.**बाट** – उनी विद्यालय**बाट**घर फर्किए ।

३.**का** – नेपाल**का**हिमालहरू विश्वप्रसिद्ध छन् ।

४.**को** – यो राम**को**कलम हो ।

५.**की** – सीता**की**साथी आज स्कूल आइकी छैन ।

६.**देखि** – बिहान**देखि**पानी परिरहेको छ ।

७.**जस्तै** – ऊ बाघ**जस्तै**बलियो छ ।

८.**अन्तर्गत** – यो योजना शिक्षा मन्त्रालय**अन्तर्गत**सञ्चालन गरिएको छ ।

९.**पछि** – खाना खाइसके**पछि**ऊ सुत्यो ।

१०.**पहिले** – ऊ पहिले गाउँमा बस्थ्यो ।

११.**अर्थमा** – यो शब्द "स्वतन्त्रता" **अर्थमा**प्रयोग भएको छ ।

१२.**रूपमा** – उनले शिक्षक**रूपमा**आफ्नो कर्तव्य निभाए ।

२) समुच्चयबोधक अव्यय – वाक्य प्रयोग

१.**र** – राम**र**श्याम विद्यालय गए ।

२.**वा** – तिमी चिया**वा**कफी पिउ?

३.**तर** – उनी धनी छन्, **तर**सरल जीवन बिताउँछन् ।

४.**किनकि** – ऊ खुसी छ**किनकि**उसले सफलता पायो ।

५.**यदि** – **यदि**तिमी मेहनत गर्छौं भने सफल हुन्छौ ।

६.**अथवा** – तिमी आज पढ**अथवा**भोलि पढ ।

७.**जब** – **जब**ऊ आयो, सबै खुसी भए ।

८.**तब** – **तब**मात्र हामीले साँचो कुरा बुझ्यौं।

९.**मात्र** – उसले दूध**मात्र**पियो।

निपात –

१. मात्र — उसले फल मात्र खायो।

२. भने — उसले सत्य भने सबैले विश्वास गरे।

३. अनि — ऊ आयो अनि हामी बसेर कुरा गर्यौंझ।

४. पनि — म पनि आज विद्यालय जान्छु।

५. नै — उसले मलाई नै बोलायो।

६. चाहिँ — म आज चाहिँ घरमै बस्छु।

७. त — तिमी त हिजो नै आइपुगेका रहेछौ।

८. नि — मलाई पनि नि त्यसै लाग्यो।

९. पो — यही किताब पो मैले खोजिरहेको थिएँ।

१०. चाइनेजो — आज त चाइनेजो पानी पर्यो बाहिर जानै सकिनँ।

४) क्रिया–विशेषणीय अव्यय – वाक्य प्रयोग

१.**स्पष्ट रूपमा** – उनले आफ्नो विचार**स्पष्ट रूपमा**व्यक्त गरे।

२.**प्रभावकारी रूपमा** – शिक्षकले पाठ**प्रभावकारी रूपमा**पढाए।

३.**ठीकसँग** – कृपया गृहकार्य**ठीकसँग**गर।

४.**सजिलै** – उसले यो समस्या**सजिलै**समाधान गर्यो।

५.**गहिरोसँग** – उनले विषयलाई**गहिरोसँग**अध्ययन गरे।

६.**सही रूपमा** – उनले सबै प्रश्नको उत्तर**सही रूपमा**लेखे।

७. **ठ्याक्कै** – यो काम**ठ्याक्कै**समयमै सम्पन्न भयो।

स्वनिरीक्षण

प्रश्न नम्बर ४. डा. भूपेन हाजरिकाको जीवन र सांगीतिक योगदानको उदाहरण प्रयोग गर्दै पदवर्गले लेखन र बोलाइमा अभिव्यक्ति क्षमतामा कसरी सुधार ल्याउँछ भन्ने व्याख्या गर्नुहोस्।

सम्बन्धबोधक / समुच्चयबोधक / निपात / क्रिया–विशेषणीय अव्यय – वाक्य प्रयोग

१.**मा** – ऊ कक्षाकोठा**मा**बसेर पढ्दै थियो।

२.**बाट** – उनी बजार**बाट**घर फर्किइन्।

३.**का** – हिमालय**का**शिखरहरू प्रसिद्ध छन्।

४.**को** – यो मेरो दाजु**को**किताब हो।

५.**की** – सीता**की**बहिनी घरमा छिन्।

६.**देखि** – बिहान**देखि**वर्षा भइरहेको छ।

७.**जस्तै** – ऊ सिंह**जस्तै**साहसी छ।

८.**अन्तर्गत** – यो योजना शिक्षा मन्त्रालय**अन्तर्गत**सञ्चालन गरिएको छ।

९.**पछि** – खाना खाए**पछि**ऊ सुत्यो।

१०.**पहिले** – ऊ**पहिले**गाउँमा बस्थ्यो।

११.**अर्थमा** – यो शब्द प्रेम**अर्थमा**प्रयोग गरिएको छ।

१२.**रूपमा** – उनले स्वयंसेवक**रूपमा**सेवा गरे।

१३.**र** – राम**र**श्याम साथी हुन्।

१४.**वा** – तिमी चिया**वा**कफी पिउछौ ?

१५.**तर** – ऊ गरिब छ**तर**इमानदार छ।

१६.**किनकि** – ऊ खुसी छ**किनकि**उसले परीक्षा पास गर्योए।

१७.**यदि** – **यदि**तिमी मेहनत गर्छौ भने सफल हुन्छौ।

१८.**अथवा** – तिमी आज जान्छौ**अथवा**भोलि ?

१९.**जब** – **जब**ऊ आयो, सबै चुप लागे।

२०.**तब** – ऊ आयो, **तब**मात्र हामी सुरु गर्यौँछ।

२१.**मात्र** – उसले दूध**मात्र**पियो।

२२.**भने** – उसले सत्य कुरा**भने**सबैले पत्याए।

२३.**सके भने** – काम आज गर**सके भने**राम्रो हुन्छ।

२४.**पनि** – म**पनि**कार्यक्रममा सहभागी भएँ।

२५.**नै** – उसले मलाई**नै**बोलायो।

२६.**छैन** – ऊ आज घरमा**छैन**।

२७.**भएर** – ऊ शिक्षक**भएर**काम गरिरहेको छ।

२८.**स्पष्ट रूपमा** – उनले आफ्नो योजना**स्पष्ट रूपमा**सुनाए।

२९.**प्रभावकारी रूपमा** – शिक्षकले विषय**प्रभावकारी रूपमा**बुझाए।

३०.**सजिलै** – उसले प्रश्न**सजिलै**हल गर्योर।

३१.**गहिरोसँग** – उनले कविता**गहिरोसँग**पढे।

३२.**ठीकसँग** – गृहकार्य**ठीकसँग**नगरे समस्या हुन्छ।

---कोष्ठबाट लिएर सही शब्दले खाली ठाउँ भर्नुहोस्।

१. डा. भूपेन हाजरिका आधुनिक भारतीय उपमहाद्वीपका एक विलक्षण---थिए।(व्यक्तित्व / वातावरण)

२. उनले सङ्गीत, साहित्य, चलचित्र र सामाजिक चेतनाका विभिन्न -होस्--प्रयोग गरे।(माध्यम / नदी)

३. भूपेन हाजरिका भन्नासाथ ब्रह्मपुत्रको बगाइ र असमको हरियालीसँगै भारतको बहुल सांस्कृतिक---सम्झना हुन्छ।(सौन्दर्य / सङ्घर्ष)

४. उनका पिता–आमाले सानो उमेरमै कलात्मक -----प्रदान गरेका थिए।(वातावरण / आन्दोलन)

५. बाल्यकालमा उनले आफ्नै शब्द र धुनमा धेरै ---लेखे।(गीत / पुरस्कार)

६. ब्रह्मपुत्र नदी, गाउँ–समुदाय र परम्परागत जीवनले उनको भित्री _____ निर्माण गर्योन।
(संवेदना / विश्वविद्यालय)

७. भूपेन दाको शैक्षिक यात्रा गुवाहाटी र वाराणसीका प्रतिष्ठित---सँग जोडिएको छ।(विश्वविद्यालय / पुरस्कार)

८. अमेरिकामा उनले अफ्रो–अमेरिकन ---- तथा सामाजिक न्यायका आन्दोलन बुझ्ने अवसर पाए।(सङ्गीत / नदी)

९. पल रबसनसँगको मित्रताले उनको जीवनमा ठुलो ----पारेको थियो।(प्रभाव / किताब)

१०. उनका गीतहरूमा गहिरो मानवीयता र सामाजिक-----अभिव्यक्त हुन्छ।(चेतना / परिवार)

११.‘‘मानुहे मानुहर बाबे’’ गीतले मानिसको लागि मानिस बन्ने महान-----दिन्छ।(सन्देश / चलचित्र)

१२. उनले असमिया चलचित्रलाई नयाँ उचाइ दिन धेरै-----निर्देशन गरे।(चलचित्र / नदी)

१३. उनले विभिन्न सङ्घ–संस्था र सङ्गीत परिषद्हरूमा ठुलो-----पुर्याएर।(योगदान / वेदना)

१४. उनका गीतहरूले गरिबी, युद्ध र अन्यायको ----प्रस्तुत गर्छन्।(यथार्थ / सम्मान)

१५. उनले प्राप्त गरेका पद्मश्री, पद्मभूषण र दादा साहेब फाल्के जस्ता धेरै -----।(पुरस्कार / नदी)

--तल क्रिया, विशेषण, सर्वनाम, सर्वनाम–विशेषण, र अव्यय—सबै पदवर्ग समेटेर खाली

A. सर्वनाम-द्वारा खाली ठाउँ भर्नुहोस् ।

१. भूपेन हाजरिकालाई विश्वले "भारतका महान बेटा" भनेर चिन्छ, किनकि---सधैँ मानवताको पक्षमा बोल्थे।(उनी / म)

२. असमिया जनताले _____ अत्यन्त माया गर्छन्।(उनीहरूलाई / तिमीलाई)

३. उनको गीत सुन्दा लाग्छ, _____ सबै एउटै मानवीय रक्तस्रावबाट बनेका हौँ।(हामी / तिमीहरू)

४. डा. हाजरिकाले भनेका शब्दहरूले आज पनि _____ प्रेरणा दिन्छन्।(हामीलाई / तिमीलाई)

५. अमेरिकामा अध्ययन गर्दा _____ धेरै नयाँ अनुभव प्राप्त भयो।(उहाँलाई / तिनीहरूलाई)

B. विशेषणद्वारा खाली ठाउँ भर्नुहोस् ।

१. उनको आवाज अत्यन्तै -----थियो, जसले लाखौँ मानिसको मन छोथ्यो।(मधुर / गहिरो)

२. भूपेन दाइको व्यक्तित्व बहुआयामिक र -----मानिन्छ।(सृजनात्मक / साधारण)

३. उनका गीतहरू सामाजिक न्याय र मानवीय मूल्यका -----स्वरूप हुन्।(बलिया / कमजोर)

४. उनले असमिया चलचित्रलाई एकदमै -----रूप दिए।(नयाँ / सुस्त)

५. उनका सङ्गीतले असमको-----संस्कृति उजागर गरिदियो।(समृद्ध / खाली)

C. क्रियाद्वारा खाली ठाउँ भर्नुहोस् ।

१. बाल्यकालमै उनले आफ्नै शब्दमा धेरै गीत -----।(लेखे / बिर्से)

२. अमेरिकामा रहँदा उनले अफ्रो–अमेरिकन सङ्घर्ष नजिकबाट-----।(बुझे / छोडे)

३. उनका गीतहरूले असमानता र अन्यायका विरुद्ध मानिसहरूलाई-----।(उठाए / घटाए)

४. उनले धेरै चर्चित चलचित्रहरू निर्देशन----।(गरे / बाँधे)

५. पद्मभूषण सम्मान उनले भारतीय संस्कृतिमा दिएको योगदानका लागि----।(पाए / हराए)

D. अव्यय (Adverbs/Particles/Prepositions)द्वाराखाली ठाउँ भर

१. उनका गीतहरू संसारभरि _____पनि लोकप्रिय छन्।(आजसम्म / पहिले नै)

२. अमेरिकाबाट फर्किएपछि उनले सामाजिक मुद्दामा लगातार_____ काम गरे।(गहिरोसँग / डराएर)

३. उनका गीतहरू सुन्दा मानिसलाई भित्रबाटै _____ छुन्छ।(सजिलै / अल्छी भएर)

४. उनले आफ्नो सिर्जनामा संस्कृतिको विविधतालाई _____ प्रस्तुत गरेका छन्।(स्पष्ट रूपमा / झुक्किएर)

५. ब्रह्मपुत्रको बगाइ र मानिसको पीड़ालाई उनले गीतमार्फत _____ जोडिदिए।(अबद्ध रूपमा / मनपरी)

स्वनिरीक्षण

प्रश्न नम्बर ५- पदवर्गको ज्ञानले भाषा सिकाइलाई व्यवस्थित, सरल र प्रभावकारी बनाउने प्रक्रिया विश्लेषण गर्नुहोस्। यसमा विदेशी भाषा सिकाइसँगको सम्बन्ध पनि समावेश गर्नुहोस्।

५. नेपालीमा विभक्ति प्रयोग

नेपाली भाषामा विभक्ति सधैं नाम , सर्वनाम वा संज्ञासँग जोडिएर मात्र प्रयोग हुन्छ , जसले वाक्यमा त्यसको भूमिकालाई स्पष्ट गर्छ। नामसित जोडिएका विभक्तिहरूले कर्ता , कर्म, सम्बन्ध, स्थान, साधन वा दिशा जस्ता व्याकरणिक कार्य पहिचान गराउँछन्, त्यसैले नेपाली वाक्य संरचना अर्थपूर्ण र स्पष्ट बन्छ।

१. कर्तृकारक (Nominative)

- **(शून्य विभक्ति)** – राम स्कुल गयो।
- **ले** – रामले किताब पढ्यो।

२. कर्मकारक (Accusative / Objective)

- **लाई** – उसले सीतालाई बोलायो।
- **प्रति** – उसले शिक्षकप्रति सम्मान देखायो।
- **सँग** – म आमासँग कुरा गर्दै थिएँ।

३. सम्प्रदानकारक (Dative / Recipient)

- **लाई** – उसले गरिबलाई खाना दियो।
- **का** – यो किताब विद्यार्थीका लागि हो।
- **को** – यो पुरस्कार रामको लागि हो।
- **की** – यो उपहार सीताकी लागि हो।

४. सम्बन्धकारक (Genitive / Possessive)

- **को** – यो रामको घर हो।
- **का** – ती बालकहरूका खेलौना नयाँ छन्।
- **की** – यो सीताकी किताब हो।
- **हरूको** – ती विद्यार्थीहरूको कक्षा सफा छ।

५. अधिकरणकारक (Locative)

- **मा** – ऊ कोठा**मा**बस्छ।
- **भित्र** – पुस्तक झोला**भित्र**छ।
- **माथि** – किताब टेबुल**माथि**छ।
- **बिचमा** – ऊ साथीहरू**बिचमा**बसेको छ।
- **तिर** – ऊ बजार**तिर**गयो।
- **समक्ष** – ऊ गुरु**समक्ष**उभियो।

६. अपादानकारक (Ablative / Source)

- **बाट** – हामी विद्यालय**बाट**आयौं।
- **देखि** – बिहान**देखि**पानी परिरहेको छ।
- **सँगबाट** – मैले साथी**सँगबाट** किताब लिएँ।
- **माथिबाट** – रुख**माथिबाट**पात झर्यो)।

७. करणकारक (Instrumental)

- **ले** (उपकरण) – उसले कलम**ले**लेख्यो।
- **द्वारा** – पत्र शिक्षक**द्वारा**लेखियो।
- **मार्फत** – सूचना रेडियो**मार्फत**फैलियो।

८. सम्बन्धकारक–समानता/उपमा (Comparative)

१. **जस्तै-** डा. भूपेन हाजरिकाका गीतहरू सामाजिक चेतनाको उदाहरण जस्तै मानिन्छन्।

२. **सरह**-उनको योगदान सङ्गीत क्षेत्रमा राष्ट्रकै गर्व सरह छ।

३. **बराबर**-सङ्गीतको महत्व साहित्य बराबर नै हुन्छ।

४.**जत्तिकै**-उनको प्रतिभा उनको मेहनत जत्तिकै गहिरो थियो।

-प्रमुख बुँदा-

१. पदवर्गको आधारभूत बुझाइ

- पदवर्ग भनेको शब्दको प्रकृति, प्रकार र भूमिका जनाउने आधारभूत व्याकरणिक तत्व हो।
- हरेक शब्द कुन वर्गमा पर्छ भन्ने पहिचान भाषा सिकाइको पहिलो चरण हो।

२. वाक्य संरचना बुझ्ने क्षमता विकास

- वाक्य अर्थपूर्ण बन्न पदवर्ग अत्यावश्यक हुन्छ।
- नाम, क्रिया, विशेषण, क्रियाविशेषण आदि पदवर्गहरूको प्रयोगबारे स्पष्टता प्राप्त हुन्छ।
- पदवर्ग नबुझे वाक्य गलत बन्ने सम्भावना धेरै हुन्छ भन्ने ज्ञान प्राप्त हुन्छ।

३. शब्दको सही प्रयोग सिक्ने अवसर

- कुन स्थानमा कुन शब्द प्रयोग गर्ने भन्ने दक्षता विकास हुन्छ।
- पदवर्ग बुझ्दा लेखन र बोलाइमा शुद्धता आउँछ।
- समान शब्दले विभिन्न सन्दर्भमा फरक भूमिका खेल्न सक्छ भन्ने बोध हुन्छ।

४. भाषा सिकाइ सरल, व्यवस्थित र प्रभावकारी बन्छ

- पदवर्गले भाषा संरचनालाई व्यवस्थित रूपमा बुझ्न सहयोग गर्छ।
- नयाँ वा विदेशी भाषा सिक्दा पदवर्गले आधारभूत ढाँचा स्पष्ट बनाउँछ।

५. अभिव्यक्ति क्षमता वृद्धि

- सही पदवर्ग प्रयोगले लेखन, कथन र संवादमा स्पष्टता र प्रभावकारिता आउँछ।
- छात्र–छात्राले सुन्दर, आकर्षक र साहित्यिक अभिव्यक्ति विकास गर्न सक्दछन्।

६. अर्थबोधमा स्पष्टता प्राप्त

- पदवर्गले शब्दको अस्पष्टता हटाएर अर्थ बुझाउन मद्दत गर्छ।
- जस्तै: "अर्को" कहिले विशेषण र कहिले सर्वनाम बन्न सक्छ—यी भिन्नताहरू बुझ्न सिकिन्छ।

७. व्याकरणिक शुद्धता र भाषिक आत्मविश्वास

- पदवर्गको ज्ञानले विद्यार्थीमा लेखन तथा बोलाइ दुवैमा आत्मविश्वास बढ्छ।
- भाषा सिकाइ पूर्ण रूपमा प्रभावकारी बन्न पदवर्गको गहिरो अध्ययन आवश्यक हुन्छ भन्ने बोध हुन्छ।

८.६ सारांश

भाषा सिकाइको आधार शब्द र तिनको सही प्रयोग भएकाले पदवर्गको ज्ञान अत्यन्त महत्त्वपूर्ण मानिन्छ। कुनै पनि शब्द कुन वर्गमा पर्छ भन्ने बुझाइले वाक्यलाई अर्थपूर्ण र स्पष्ट बनाउन सहयोग गर्छ। पदवर्गले शब्दको प्रकृति , कार्य र वाक्यमा निभाउने भूमिका बारे सचेत गराउँछ , जसले भाषा प्रयोगलाई व्यवस्थित बनाउँछ। विद्यार्थीले नाम , क्रिया, विशेषण, क्रियाविशेषण, सर्वनाम, अव्यय आदिको भिन्नता बुझ्दा वाक्य बनावट बुझ्नु सहज हुन्छ। पदवर्गको जानकारीले वाक्यको अर्थ , संरचना र अभिव्यक्तिमा स्पष्टता आउँछ। शब्द सही स्थानमा नआए अर्थ –बदलिने भएकाले पदवर्गले भाषिक शुद्धता कायम राख्न महत्त्वपूर्ण सहयोग गर्दछ। भाषा सिकाइको प्रारम्भिक चरणमै पदवर्ग अध्ययन गरेपछि लेखन ,

बोल्ने कला , वाचन तथा विश्लेषण क्षमतामा उल्लेख्य सुधार हुन्छ। पदवर्गको ज्ञानले विद्यार्थीलाई तार्किक सोच , संरचनागत चेतना र भाषिक आत्मविश्वास विकास गर्न मद्दत गर्छ। विदेशी भाषा सिक्दा पनि पदवर्गले आधारभूत ढाँचा बुझ्न सरलता प्रदान गर्छ। सही पदवर्ग पहिचान गर्ने क्षमताले शब्दप्रयोगमा दक्षता बढ्छ र विद्यार्थी स्वयं आकर्षक एवं साहित्यिक अभिव्यक्ति दिन सक्षम बन्छ। पदवर्गले अर्थ –अस्पष्टता हटाई प्रत्येक शब्दको सही भूमिकालाई स्पष्ट बनाउँछ। कुनै शब्द विशेषण , सर्वनाम वा अन्य रूपमा कहिले प्रयोग हुन्छ भन्ने थाहा भएपछि वाक्य सटीक बन्छ। यसले सम्पूर्ण भाषा सिकाइलाई व्यवस्थित, सरल र प्रभावकारी बनाउँछ। पदवर्गको गहिरो समझ नै व्याकरणिक कौशलको आधार हो , जसले विद्यार्थीलाई भाषाको सही उपयोगमा सक्षम बनाउँछ। जसकारण पदवर्गलाई केवल व्याकरणको भाग नभई भाषा बुझ्ने मूल ढोका मानिन्छ। यसरी, भाषा सिक्दा पदवर्गको अध्ययन अत्यावश्यक छ, किनकि यसले सम्पूर्ण भाषिक दक्षता, स्पष्टता र संप्रेषण कौशललाई मजबुत बनाउँछ।

८.७ उपसंहार .

समग्र अध्ययनबाट स्पष्ट हुन्छ कि **पदवर्ग भाषा सिकाइको आधारशिला** हो। शब्द कुन वर्गमा पर्छ , त्यसले वाक्यमा के भूमिका खेल्छ भन्ने ज्ञान बिना भाषा प्रयोग प्रभावकारी हुन सक्दैन। यस पाठले प्रमाणित गरेको छ कि पदवर्गको सही ज्ञानले वाक्य संरचनालाई स्पष्ट, अर्थपूर्ण र व्यवस्थित बनाउँछ।

पदवर्गको अध्ययनले केवल व्याकरणिक ज्ञान मात्र बढाउँदैन , यसले**लेखन, बोलाइ, वाचन र श्रवण** जस्ता भाषिक सीपहरूलाई पनि सुदृढ बनाउँछ। विद्यार्थीमा भाषिक आत्मविश्वास बढ्दै जान्छ र उनीहरू स्वतन्त्र रूपमा स्पष्ट , आकर्षक र प्रभावकारी अभिव्यक्ति दिन सक्षम बन्छन्।

अन्ततः, पदवर्गलाई केवल व्याकरणको एउटा सानो अध्यायको रूपमा होइन , **भाषा बुझ्ने मूल ढोकाको रूपमा**लिनु आवश्यक छ। भाषा शिक्षण र सिकाइ प्रक्रियामा पदवर्गको महत्त्वलाई आत्मसात् गर्दा मात्र प्रभावकारी, शुद्ध र सार्थक भाषा प्रयोग सम्भव हुन्छ भन्ने निष्कर्ष यस एकाइबाट प्राप्त हुन्छ।

८.८ थप अध्ययनका लागि

- अधिकारी, बलराम. अनुवाद सिद्धान्त र प्रयोग. काठमाडौं : त्रिपिटक प्रकाशन्, २०७१।
- अधिकारी, बलराम (अनु.). अनुवाद अध्ययन परिचय (दो.सं.). काठमाडौं : रत्न पुस्तक भण्डार्, २०७२।
- अधिकारी, हेमाङ्ग राज. समसामयिक व्याकरण. काठमाडौँ : कुञ्जल प्रकाशन।
- अधिकारी, हेमराज. भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार्, २०६७।
- उप्रेती, गङ्गाप्रसाद (प्रधान सम्पा.). प्रज्ञा नेपाली शैक्षणिक व्याकरण. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।
- कोइराला, अयुत बाबु. पत्रपत्रिकाको विश्व इतिहास. ताहाचल : जे. के. जैन बुक्स एन्ड स्टेशनरी, २०६०।
- क्षेत्री, यमबहादुर. "विश्वसाहित्यबाट नेपालीमा अनूदित कृतिहरू : एक परिचर्चा ". नेपाल प्रज्ञा–प्रतिष्ठान एवं चेतना।
- शर्मा, खगेन. फाङ्सनेल नेपाली. गुवाहाटी : आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभाग , गुवाहाटी विश्वविद्यालय, सन् २०२५।
- शर्मा, खगेन. नेपाली क्रियाको रूपावली. गुवाहाटी : पूर्वायण पब्लिकेसन्, सन् २०२२।
- शर्मा, शिवराज. पूर्वोत्तर माध्यमिक नेपाली व्याकरण र रचना. गान्तोक : जनपक्ष प्रकाशन्, २००८।

- थापा, रेणुका."अनुवादबारे केही कुरा ".नेपाल प्रज्ञा –प्रतिष्ठान एवं चेतना संरक्षण प्रतिष्ठान , विराटनगरको तत्वावधानमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र, २०६८।
- दाहाल, राजकुमार. अनुवाद विमर्श (दो.सं.). सिलगढी : प्रतिमा प्रकाशन, २०१०।
- भट्टराई, गोविन्दराज. "विश्वसाहित्य एवं अनुवादबीचको अन्तरसम्बन्ध ...".नेपाल प्रज्ञा –प्रतिष्ठान एवं चेतना संरक्षण प्रतिष्ठान, विराटनगर, गोष्ठी कार्यपत्र, २०६८।.
- नेपाली लेखन शैली, भारतीय भाषा संस्थान र सिक्किम अकादमी, २०११

✓ ८.९ स्वनिरीक्षण

१ नम्बरको प्रश्नोत्तर-

पदवर्ग भाषा सिकाइको आधारशिला मानिन्छ, किनकि यसले प्रत्येक शब्दको प्रकृति, प्रकार र कार्य स्पष्ट पार्छ। शब्द कुन वर्गमा पर्छ भन्ने ज्ञान बिना वाक्य संरचना र अर्थ बुझ्न कठिन हुन्छ। उदाहरणका लागि , "गति" शब्दले संज्ञा वा क्रियाको रूप लिन सक्छ ; संज्ञा भएमा यो वस्तु वा अवधारणा जनाउँछ , तर क्रियामा प्रयोग गर्दा क्रियाकलाप जनाउँछ। यसरी, पदवर्गको सही ज्ञानले वाक्यलाई अर्थपूर्ण , स्पष्ट र व्यवस्थित बनाउँछ। साथै , यसले लेखन, बोलाइ र वाचनमा शुद्धता र तार्किकता कायम राख्न सहयोग पुर्याउँछ। विद्यार्थीले नाम, सर्वनाम, क्रिया, विशेषण, क्रियाविशेषण, अव्यय आदिको भिन्नता बुझ्दा वाक्य बनावट सजिलो र प्रभावकारी हुन्छ।

२ नम्बरको प्रश्नोत्तर

पदवर्गले शब्दको भूमिका र स्थान निर्धारण गरेर वाक्य संरचना बुझ्न मद्दत गर्दछ। उदाहरणका लागि , "रामले किताब पढ्यो" वाक्यमा "राम" कर्ता , "किताब" कर्म, र "पढ्यो" क्रिया हो। यदि "किताब" र "पढ्यो" बिचको सम्बन्ध नबुझियो भने वाक्य अस्पष्ट वा अर्थहीन बन्न सक्छ। नाम , क्रिया, विशेषण र क्रियाविशेषणले वाक्यमा स्पष्टता र सुसंगतता ल्याउँछ। यसरी विद्यार्थीले पदवर्गको ज्ञान प्रयोग गरेर वाक्यको संरचना सजिलै बुझ्न , लेखन र बोलाइमा सुधार ल्याउन सक्षम हुन्छ।

३ नम्बर प्रश्नोत्तर:

पदवर्ग नबुझ्दा वाक्य अस्पष्ट, भ्रमपूर्ण वा गलत अर्थ दिने सम्भावना हुन्छ। उदाहरणका लागि , "अर्को आउँछ" वाक्यमा "अर्को" विशेषण हो भने यो व्यक्तिको विशेषता जनाउँछ ; तर यदि सर्वनामको रूपमा बुझियो भने वाक्यको अर्थ बदलिन्छ। यस्तो भ्रमले संप्रेषणमा अवरोध पुर्या उँछ। त्यस्तै , क्रियाविशेषण नबुझ्दा "सजिलै गरे" वा "गहिरोसँग पढ्यो" जस्ता भावको सही अर्थ व्यक्त गर्न सकिँदैन। यसले भाषा प्रयोगमा शुद्धता र स्पष्टतालाई असर पुर्याउँछ।

नम्बरको प्रश्नोत्तर

डा. भूपेन हाजरिकाको गीत र भाषिक अभिव्यक्ति उदाहरणका रूपमा लिँदा देखिन्छ कि विशेषण, क्रियाविशेषण र नामको सही प्रयोगले भावनाको गहिराइ र सामाजिक सन्देश प्रष्ट हुन्छ। उदाहरणका लागि, उनका गीतहरूमा "मानवीय," "संवेदनशील," "सांस्कृतिक" जस्ता विशेषणहरूले भाव व्यक्त गर्छन् भने "गहिरोसँग ," "स्पष्ट रूपमा" जस्ता क्रियाविशेषणले क्रियाको प्रभाव थप्छ। यसरी विद्यार्थीले पदवर्गको ज्ञान प्रयोग गरेर लेखन र बोलाइमा आकर्षक , स्पष्ट र प्रभावकारी अभिव्यक्ति दिन सक्दछन्। पदवर्गले शब्दको भूमिका स्पष्ट पार्ने भएकाले विचार व्यक्त गर्दा शुद्धता र आत्मविश्वास पनि बढ्छ।

५ नम्बरको प्रश्नोत्तर

पदवर्गले भाषा सिकाइलाई व्यवस्थित बनाउँछ, किनकि यसले शब्दको सही वर्ग, कार्य र स्थान निर्धारण गर्दछ। नाम, क्रिया, विशेषण, सर्वनाम, अव्यय आदिको भिन्नता बुझ्दा विद्यार्थी वाक्य संरचना सजिलै बुझ्छ। यसले भाषिक

आत्मविश्वास बढाउँछ र लेखन, बोलाइ, वाचन तथा विश्लेषण क्षमतामा सुधार ल्याउँछ। विदेशी भाषा सिक्दा पनि पदवर्गले आधारभूत ढाँचा बुझ्न सरलता दिन्छ। उदाहरणका लागि , अङ्ग्रेजी वा फ्रेन्चमा संज्ञा , क्रिया र विशेषणको सही स्थान नबुझ्दा अर्थ बिग्रन्छ; तर पदवर्ग बुझ्दा वाक्य बनावट सरल र प्रभावकारी हुन्छ। यसरी , पदवर्ग भाषा सिकाइको मूल ढोका हो र सम्पूर्ण भाषिक दक्षता विकासमा महत्वपूर्ण योगदान दिन्छ।

? ८.१० अभ्यासार्थ

१. पदवर्गको ज्ञान भाषा सिकाइमा किन आवश्यक मानिन्छ? स्पष्ट पार्नुहोस्।

२. भाषा सिकाइमा वाक्य संरचना बुझ्न पदवर्गले कसरी मद्दत गर्छ? वर्णन गर्नुहोस्।

३. पदवर्ग नबुझ्दा वाक्यको अर्थ कसरी गलत हुन सक्छ? उदाहरणसहित लेख्नुहोस्।

४. पदवर्ग र भाषिक शुद्धताको सम्बन्ध स्पष्ट पार्नुहोस्।

५. पदवर्गले लेखन र बोलाइमा अभिव्यक्ति क्षमतामा कसरी प्रभाव पार्छ? छोटकरीमा व्याख्या गर्नुहोस्।

*** ***** ***

एकाइ ९ अर्थ–व्याख्या र यसका फाइदा

एकाइ संरचना

९.१ उद्देश्य
९.२ प्रस्तावना
९.३ अर्थ–व्याख्याको अवधारणा
९.४ अर्थ–व्याख्याका प्रकारहरू
९.५ अर्थ–व्याख्याका चुनौतीहरू
९.६ अर्थ–व्याख्याका फाइदाहरू
९.७ अनुवाद र अर्थ–व्याख्या बिचको भिन्नता
९.८ सारांश
९.९ उपसंहार
९.१० थप अध्ययनका लागि
९.११ स्वनिरीक्षण
९.१२ अभ्यासार्थ

९.१ उद्देश्य

यस अध्ययन/लेखनका मुख्य उद्देश्यहरू निम्नलिखित छन्—

- अर्थ–व्याख्याको आधारभूत अवधारणालाई स्पष्ट पार्नु।
- अनुवाद र अर्थ–व्याख्याबीचको भिन्नता बुझाउनु।
- अर्थ–व्याख्याका विभिन्न प्रकारहरूको परिचय दिनु।
- साहित्य, शिक्षा, धर्म, कानुन, दर्शन, सञ्चार आदि क्षेत्रमा यसको महत्त्व स्पष्ट गर्नु।
- अर्थ–व्याख्याका प्रमुख चुनौतीहरूको पहिचान गर्नु।
- भाषिक, सांस्कृतिक तथा व्यक्तिगत पूर्वाग्रहले अर्थ–व्याख्यामा पार्ने प्रभाव देखाउनु।
- शुद्ध र प्रभावकारी अर्थ–व्याख्याका लागि आवश्यक सिप, दृष्टिकोण र ज्ञानको आवश्यकता औँल्याउनु।
- अनुवाद र अर्थ–व्याख्या एक–अर्काका पूरक प्रक्रिया हुन् भन्ने कुरा प्रष्ट पार्नु।
- विद्यार्थी तथा पाठकमा आलोचनात्मक र विश्लेषणात्मक सोच विकसित गर्नु।
- अर्थ–व्याख्यालाई केवल सैद्धान्तिक विषय नभई व्यवहारिक जीवनसँग जोडिएको प्रक्रियाका रूपमा बुझाउनु।

९.२ प्रस्तावना

अर्थ–व्याख्या (Interpretation) मानव बौद्धिक गतिविधिको एक महत्त्वपूर्ण प्रक्रिया हो। कुनै पनि पाठ , कथन, घटना वा सङ्केतको सतही अर्थ मात्र बुझ्नु पर्याप्त हुँदैन ; त्यसको अन्तर्निहित भाव , उद्देश्य, सन्दर्भ र सन्देश बुझ्नु नै वास्तविक अर्थ–व्याख्या हो। भाषिक अभिव्यक्तिसँगै सामाजिक , सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक पृष्ठभूमिले अर्थ

निर्माणमा गहिरो प्रभाव पार्छन्। त्यसैले एउटै पाठलाई फरक –फरक व्यक्तिले फरक ढंगले बुझ्न सक्छन्। यही विविधताले अर्थ–व्याख्यालाई रोचक र जटिल दुवै बनाउँछ।

साहित्य, शिक्षा, धर्म, दर्शन, कानुन, राजनीति, सञ्चार र विज्ञानजस्ता क्षेत्रमा अर्थ–व्याख्याको भूमिका अत्यन्त प्रभावकारी रहेको छ। साहित्यमा प्रतीक, विम्ब र रूपकबाट व्यक्त भावनालाई बुझ्न व्याख्या आवश्यक पर्छ भने शिक्षामा शिक्षकको व्याख्याले जटिल विषयलाई सरल बनाउँछ। धर्म र दर्शनमा फरक–फरक व्याख्याले विभिन्न धाराहरू जन्माएका छन् भने कानुनमा न्याय सम्पादनका लागि स्पष्ट व्याख्याको अपरिहार्यता रहन्छ। आधुनिक सञ्चार माध्यम र सामाजिक सञ्जालको युगमा गलत अर्थ –व्याख्याबाट ठूलो भ्रम र गलतफहमी पनि सिर्जना हुन सक्ने भएकाले यसको महत्त्व अझ बढेको छ।

यसरी, अर्थ–व्याख्या केवल भाषिक अभ्यास मात्रै होइन ; यो सोच्ने तरिका, बुझ्ने कला र निष्कर्ष निकाल्ने क्षमता पनि हो। मानव ज्ञानको विकासमा यसको योगदान अत्यन्त महत्त्वपूर्ण रहेको छ। त्यसैले अर्थ –व्याख्याको स्वरूप, प्रकार, क्षेत्र, चुनौती र अनुवादसँगको सम्बन्धलाई समग्र रूपमा बुझ्नु आजको समयको आवश्यकता बनेको छ।

९.३ अर्थ–व्याख्याको अवधारणा

अर्थ–व्याख्या भनेको कुनै पनि पाठ, घटना, विचार, सङ्केत वा अभिव्यक्तिको गहिरो अर्थ खोज्ने र बुझ्ने प्रक्रिया हो। केवल सुन्नु वा पढ्नु मात्र पर्याप्त हुँदैन ; त्यसको वास्तविक आशय, सन्दर्भ र भावनात्मक तहसम्म पुग्नु नै अर्थ –व्याख्याको मुख्य लक्ष्य हो। यही कारणले यो शिक्षा, साहित्य, दर्शन, धर्म, कानुन र सञ्चारजस्ता क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण मानिन्छ।

साहित्यमा अर्थ–व्याख्याको भूमिका विशेष महत्त्वपूर्ण हुन्छ। कविता, कथा, उपन्यास वा नाटकको भाव सधैँ सतहमा स्पष्ट हुँदैन। पाठभित्र लुकेका भावना, प्रतीक र सङ्केतलाई बुझ्न पाठकले व्याख्या गर्नुपर्छ। एउटै कृति फरक पाठकले फरक ढंगले बुझ्नु साहित्यको जीवन्तता हो। कसैले कुनै कवितालाई प्रेमको अभिव्यक्ति ठान्न सक्छ भने कसैले त्यसैलाई सामाजिक विद्रोहको स्वरूपका रूपमा पनि ग्रहण गर्न सक्छ। यसले अर्थ –व्याख्या व्यक्तिगत अनुभव र दृष्टिकोणसँग जोडिएको प्रक्रिया हो भन्ने देखाउँछ।

शिक्षा क्षेत्रमा पनि यसको भूमिका गहिरो छ। विद्यार्थीले केवल पाठ कण्ठ गर्ने होइन, त्यसको अर्थ आत्मसात् गर्नुपर्छ। शिक्षकको स्पष्ट व्याख्या, उदाहरण र दृष्टान्तले विषयवस्तुलाई सरल बनाउँछ। त्यसैले प्रभावकारी शिक्षक दृढ व्याख्याकार पनि हुन्छ।

धर्म र दर्शनमा अर्थ–व्याख्या अझ संवेदनशील र जटिल विषय हो। धार्मिक ग्रन्थहरूका भिन्न –भिन्न व्याख्याले एउटै धर्मभित्र पनि विविध धारणा र विचार जन्माएका छन्। कसैले पाठलाई शाब्दिक रूपमा बुझ्छ भने कसैले प्रतीकात्मक अर्थ लगाउँछ। यसले सहिष्णुता बढाउन पनि सक्छ र कहिलेकाहीँ विवादको कारण पनि बन्न सक्छ।

कानूनी क्षेत्रमा अर्थ–व्याख्या अनिवार्य प्रक्रिया हो। कानुनका शब्दहरू सामान्य भए पनि तिनको प्रयोग विशिष्ट सन्दर्भमा गर्नुपर्छ। न्यायाधीशले कानुनको मर्म, उद्देश्य र परिस्थिति बुझेर व्याख्या गर्छन्, जसले न्याय सुनिश्चित गर्न सहयोग पुर्याभउँछ।

समग्रमा, अर्थ–व्याख्या केवल अर्थ बुझ्ने प्रक्रिया मात्र होइन, यो सोच्ने शैली हो। यसले मानिसलाई गहिरो रूपमा विचार गर्न, बहुआयामिक दृष्टिले विषय बुझ्न र सन्तुलित निष्कर्ष निकाल्न सक्षम बनाउँछ। बिना अर्थ–व्याख्या ज्ञान अधुरो रहन्छ। त्यसैले यसलाई मानव बौद्धिक विकासको आधारशिला भन्न सकिन्छ।

स्वनिरीक्षण

प्रश्न नम्बर १- अर्थ–व्याख्यालाई केवल भाषिक प्रक्रिया नभई बौद्धिक र सामाजिक प्रक्रिया भन्नु पर्ने कारणहरू आलोचनात्मक रूपमा विवेचना गर्नुहोस्।

९.४ अर्थ–व्याख्याका प्रकारहरू

अर्थ– व्याख्याका प्रकारहरू प्रयोगको क्षेत्र र दृष्टिकोणअनुसार विभाजन गर्न सकिन्छ।

पहिलो, **शाब्दिक व्याख्या** हो, जसमा शब्दको प्रत्यक्ष र सतही अर्थलाई प्राथमिकता दिइन्छ। यस प्रकारको व्याख्या कानुन, नियम, निर्देशनजस्ता क्षेत्रमा उपयोगी हुन्छ, जहाँ स्पष्टता र सटीकताको विशेष आवश्यकता हुन्छ।

दोस्रो, **भावात्मक वा आशयात्मक व्याख्या** हो, जसले लेखक वा वक्ताको भावना र उद्देश्य बुझ्न प्रयास गर्छ। यसले पाठको अन्तर्निहित सन्देशलाई प्रकट गर्छ र पाठकलाई कृतिसँग भावनात्मक रूपमा जोड्छ।

तेस्रो, **प्रतीकात्मक व्याख्या**हो, जसमा शब्द, पात्र वा घटनाको प्रत्यक्ष अर्थभन्दा फरक, गहिरो र लुकेको अर्थ खोजिन्छ। साहित्यमा आकाश, नदी, अन्धकार, उज्यालो जस्ता शब्द जीवन , आशा वा निराशाका प्रतीकका रूपमा प्रयोग हुन सक्छन्।

चौथो, **ऐतिहासिक व्याख्या**हो, जसले पाठलाई त्यसको समयको सामाजिक, राजनीतिक र सांस्कृतिक पृष्ठभूमिमा बुझ्छ। यसबाट कृतिको वास्तविक मर्म अझ स्पष्ट हुन्छ।

पाँचौँ, **सामाजिक व्याख्या**हो, जसमा समाजको वर्ग संरचना, परम्परा, मूल्य र संस्कारको सन्दर्भमा अर्थ निकालिन्छ।

छैटौँ, **मनोवैज्ञानिक व्याख्या**हो, जसले लेखक वा पात्रको मनोस्थिति , अवचेतन चाहना र दबिएका भावनाको अध्ययन गर्छ।

सातौँ, **आलोचनात्मक व्याख्या** हो, जसमा पाठको शैली , संरचना र विचारधाराको मूल्याङ्कन गर्दै अर्थ निष्कर्ष निकालिन्छ।

आठौँ, **दार्शनिक व्याख्या**हो, जसले जीवन, सत्य, नैतिकता र अस्तित्वजस्ता गहिरा प्रश्नको प्रकाशमा पाठलाई बुझ्छ।

नवौँ, **व्यावसायिक/संस्थागत व्याख्या**हो, जसअन्तर्गत संसद, सर्वोच्च अदालत, राष्ट्रपतिको कार्यालय आदि निकायमा गरिने आधिकारिक व्याख्या तथा दुभाषे सेवाहरू पर्छन्।

अन्त्यमा, **व्यक्तिगत वा आधुनिक व्याख्या** हो, जसमा पाठकका व्यक्तिगत अनुभव , सामाजिक पृष्ठभूमि र दृष्टिकोणअनुसार अर्थ निर्माण हुन्छ। एउटै कृतिले फरक पाठकका लागि फरक अर्थ दिन सक्नु नै यसको विशेषता हो।

यी सबै प्रकारका अर्थ–व्याख्याले ज्ञान र साहित्यलाई गतिशील, बहुआयामिक र जीवन्त बनाउँछन्। अर्थ–व्याख्या केवल बुझ्ने प्रक्रिया नभई सोच विस्तार गर्ने र विश्लेषणात्मक क्षमता विकास गर्ने सशक्त माध्यम हो।

स्वनिरीक्षण

प्रस्न नम्बर २- साहित्य र शिक्षामा अर्थ–व्याख्याको भूमिकालाई आलोचनात्मक रूपमा तुलना गर्दै यसको सीमाहरू पनि उल्लेख गर्नुहोस्।

९.५. अर्थ–व्याख्याका चुनौतीहरू

अर्थ–व्याख्याका चुनौतीहरू

अर्थ–व्याख्या (अर्थ-व्याख्या) कुनै पनि पाठ, घटना, भनाइ, सङ्केत वा व्यवहारको गहिरो अर्थ बुझ्ने प्रक्रिया हो। साधारण रूपमा भन्नुपर्दा, शब्दको सतही अर्थभन्दा पर गएर वास्तविक आशय बुझ्नु नै अर्थ-व्याख्या हो। यद्यपि यो प्रक्रिया जति महत्त्वपूर्ण छ , त्यति नै जटिल र चुनौतीपूर्ण पनि छ। अर्थ –व्याख्याका क्रममा अनेक समस्या , भ्रम र मतभेद उत्पन्न हुन्छन्, जसले सही बुझाइमा अवरोध पुर्यालउँछ। यी चुनौतीहरू भाषिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक र प्राविधिक पक्षसँग गाँसिएका हुन्छन्।

सबैभन्दा ठुलो चुनौती भाषिक अस्पष्टता हो। भाषामा धेरै शब्दहरू बहुअर्थी हुन्छन् , जसका अलग–अलग सन्दर्भमा फरक अर्थ लाग्न सक्छ। उदाहरणका लागि , कुनै शब्द एक ठाउँमा सकारात्मक अर्थमा प्रयोग भएको हुन सक्छ भने अर्को सन्दर्भमा नकारात्मक अर्थ दिन सक्छ। यस्ता शब्दहरूको सही अर्थ नबुझ्दा पाठको सम्पूर्ण सन्देश नै गलत रूपमा बुझिन सक्छ। साथै , भाषामा प्रयोग हुने उखान–टुक्का, रूपक, विम्ब र प्रतीकहरू बुझ्न गाह्रो हुन्छ , विशेष गरी ती भाषा बाहिरका व्यक्तिका लागि।

दोस्रो प्रमुख चुनौती सांस्कृतिक भिन्नता हो। अर्थ–व्याख्या सधैँ एक साझा संस्कृति मात्रमा आधारित हुँदैन। एउटा संस्कृति भित्र प्रयोग भएको सङ्केत , इशारा वा भनाइ अर्को संस्कृतिमा बिल्कुल फरक रूपमा बुझिन सक्छ। उदाहरणका लागि , केही संस्कृतिमा मौनताले सम्मान जनाउँछ भने अन्यत्र उदासीनता वा असहमतिको सङ्केत हुन सक्छ। यदि व्याख्याकारले सांस्कृतिक पृष्ठभूमि नबुझी व्याख्या गर्यो भने गलत निष्कर्ष निस्किन सक्छ।

तेस्रो चुनौती ऐतिहासिक पृष्ठभूमिको अभाव हो। कुनै पनि पाठ वा दस्तावेज आफ्नो समय र परिस्थितिसँग जोडिएको हुन्छ। कुनै कृति लेखिएको समयमा विद्यमान राजनीतिक अवस्था , सामाजिक संरचना , धार्मिक विश्वास र आर्थिक परिस्थिति बुझ्न नसक्दा पाठको सही आशय बुझ्न कठिन हुन्छ। उदाहरणका लागि , सयौँ वर्ष पुरानो धार्मिक वा साहित्यिक ग्रन्थलाई आधुनिक दृष्टिले मात्र हेरेर व्याख्या गर्दा त्यतिबेलाको सन्दर्भ हराउँछ र अर्थ विकृत हुन सक्छ।

चौथो चुनौती व्यक्तिगत पूर्वाग्रह हो। हरेक व्यक्तिको सोच , विश्वास, विचारधारा र जीवनअनुभव फरक –फरक हुन्छ। यही फरक पृष्ठभूमिले व्याख्यामा प्रभाव पार्छ। कुनै व्यक्ति आफ्नो धारणा अनुरूप पाठलाई मोड्न सक्छ , जसले निष्पक्ष व्याख्यामा बाधा पुऱ्याउँछ। आफूलाई मन पर्ने पक्षलाई मात्र सही र मन नपर्ने पक्षलाई गलत ठान्ने प्रवृत्तिले अर्थ-व्याख्या मा असन्तुलन ल्याउँछ।

पाँचौँ चुनौती भावनात्मक प्रभाव हो। कहिलेकाहीँ पाठ वा घटनासँग व्यक्तिको भावनात्मक सम्बन्ध जोडिएको हुन्छ। मनपर्ने लेखक , नेता वा विचारधारासँग सम्बन्धित सामग्रीलाई व्यक्ति भावनाको आधारमा व्याख्या गर्छ। यसले तर्कभन्दा भावना हावी हुन्छ र वास्तविक अर्थ ओझेलमा पर्न सक्छ।

छैटौँ, अनुवादसँग सम्बन्धित समस्या पनि ठुलो चुनौती हो। एक भाषाको सामग्री अर्को भाषामा अनुवाद गर्दा धेरैपटक शब्दशः अनुवाद सम्भव हुँदैन। कुनै भाषामा रहेको संस्कृति–विशेष शब्द अर्को भाषामा हुबहु नहुन सक्छ। त्यसैले अनुवादित पाठको अर्थ-व्याख्या गर्दा मूल भाषाको अर्थ हराउने सम्भावना रहन्छ।

सातौँ, सूचनाको अपूर्णता पनि व्याख्यामा ठुलो अवरोध हो। कहिलेकाहीँ पाठ अधूरो हुन्छ , पृष्ठभूमि स्पष्ट हुँदैन वा सबै तथ्य उपलब्ध हुँदैनन्। यस्तो अवस्थामा अनुमानका आधारमा व्याख्या गरिन्छ, जसले गलत अर्थतर्फ लैजान सक्छ।

आठौँ चुनौती आधुनिक प्रविधिको प्रभाव हो। सामाजिक सञ्जाल , डिजिटल सञ्चार र छोटा सन्देशहरूको युगमा सन्देश संक्षिप्त र अस्पष्ट हुने गर्छ। इमोजी, सङ्केत र छोटकरी शब्दहरूले गलत अर्थ उत्पन्न गर्न सक्छन्। एकै सन्देश कसैले मजाकका रूपमा लिन्छ भने कसैले गम्भीर रूपमा लिन्छ।

नवौँ, ज्ञान र दक्षताको अभाव पनि अर्थ–व्याख्याका लागि समस्या हो। सम्बन्धित विषयको पर्याप्त ज्ञान नभएका व्यक्तिले गहिरो पाठको सही व्याख्या गर्न सक्दैन। साहित्य , धर्म, विज्ञान वा कानुनजस्ता विषयमा विशेष अध्ययन बिना गरिने व्याख्या अपुरो वा गलत हुन सक्छ।

अन्ततः निष्कर्षमा पुग्ने हतार पनि एउटा चुनौती हो। धैरैजसो मानिस पूर्ण रूपमा बुझ्न नपाइ निष्कर्ष निकाल्छन्। यसले गलत धारणालाई जन्म दिन्छ र भ्रम फैलाउँछ।

समग्रमा, अर्थ-व्याख्या सरल कुरा होइन। यसमा भाषा, संस्कृति, ज्ञान, भावना र अनुभव सबै मिसिएको हुन्छ। यी चुनौतीहरूलाई न्यूनीकरण गर्न व्यापक अध्ययन , खुला सोच , सहिष्णुता र निष्पक्ष दृष्टिकोण आवश्यक पर्छ। जब व्याख्याकारले विभिन्न दृष्टिकोणलाई सम्मान गर्दै, सन्दर्भ बुझ्दै र पूर्वाग्रह त्यागेर अर्थ खोज्छ , तब मात्र सही अर्थ-व्याख्या सम्भव हुन्छ। त्यसैले अर्थ–व्याख्याका चुनौतीहरूलाई बुझ्नु नै सफल व्याख्याता बन्ने पहिलो पाइला हो।

मुख्य बुँदाः अर्थ–व्याख्याको अवधारणा र महत्त्व

१. अर्थ–व्याख्या कुनै पनि पाठ, घटना, भनाइ वा सङ्केतको गहिरो अर्थ बुझ्ने प्रक्रिया हो।
२. यसले केवल सतही अर्थ होइन, भित्री भाव, उद्देश्य र सन्दर्भ उजागर गर्छ।
३. यो मानवको बौद्धिक क्रियाकलापसँग गहिरो रूपमा सम्बन्धित छ।
४. एउटै पाठलाई फरक व्यक्तिले फरक तरिकाले बुझ्नु यसको प्रमुख विशेषता हो।
५. साहित्यमा प्रतीक, विम्ब र रूपक बुझ्न अर्थ–व्याख्या आवश्यक हुन्छ।
६. फरक–फरक पाठकको व्याख्याले साहित्यलाई जीवन्त बनाउँछ।
७. शिक्षा क्षेत्रमा विद्यार्थीको बुझाइ शिक्षकको व्याख्यामा निर्भर हुन्छ।
८. जटिल विषय सरल बनाउन अर्थ–व्याख्या अत्यन्त महत्त्वपूर्ण छ।
९. राम्रो शिक्षक हुन राम्रो व्याख्याकार हुनु आवश्यक हुन्छ।
१०. धर्म र दर्शनमा फरक–फरक व्याख्याबाट विभिन्न धाराहरू विकास भएका छन्।
११. धार्मिक ग्रन्थहरूलाई शाब्दिक वा प्रतीकात्मक रूपमा व्याख्या गर्न सकिन्छ।
१२. कानुनी क्षेत्रमा अर्थ–व्याख्या बिना न्याय सम्भव हुँदैन।
१३. न्यायाधीशले कानुनको उद्देश्य र सन्दर्भअनुसार व्याख्या गर्छन्।

स्वनिरीक्षण

प्रश्न नम्बर ३- धर्म, कानुन र सञ्चार क्षेत्रमा हुने गलत अर्थ –व्याख्याले समाजमा कस्ता नकारात्मक प्रभाव पार्न सक्छन्? आलोचनात्मक रूपमा विश्लेषण गर्नुहोस्।

९.६ अर्थ–व्याख्याका फाइदाहरू

अर्थ–व्याख्या (अर्थ-व्याख्या) भन्नाले कुनै पनि पाठ , विचार, अभिव्यक्ति, सङ्केत वा घटनाको गहिरो अर्थ खोज्ने र बुझ्ने प्रक्रिया जनाउँछ। यसले केवल शब्दको सतही अर्थ मात्र होइन , त्यसको भाव, आशय, उद्देश्य र सन्दर्भलाई समेत समेट्छ। आजको बहुआयामिक समाजमा अर्थ-व्याख्या को दायरा अत्यन्त फराकिलो छ। यसको प्रयोग केवल साहित्यमा मात्र सीमित नभई शिक्षा , कानुन, धर्म, राजनीति, सञ्चार, अनुवाद, दर्शन र मनोविज्ञानजस्ता थुप्रै क्षेत्रमा फैलिएको छ। त्यसैले आधुनिक युगमा अर्थ-व्याख्या को scope दिनप्रतिदिन विस्तार हुँदै गएको देखिन्छ।

सबैभन्दा पहिले, साहित्यको क्षेत्रमा अर्थ-व्याख्या को ठुलो महत्त्व छ। कविता, कथा, नाटक र उपन्यासमा प्रयोग भएका प्रतीक, विम्ब, रूपक र कलात्मक भाषाले सतहमा भन्दा गहिरो अर्थ बोकेको हुन्छ। पाठकले त्यसमा लुकेको भाव बुझ्न अर्थ–व्याख्याको सहारा लिनुपर्छ। एउटै कृतिलाई फरक–फरक पाठकले फरक दृष्टिले हेर्ने हुँदा अर्थ-व्याख्याको दायरा अझ फराकिलो हुन्छ। यसले साहित्यलाई गतिशील र जीवन्त बनाउँछ।

शिक्षा क्षेत्रमा , अर्थ-व्याख्या अत्यन्त उपयोगी छ। पाठ्यपुस्तक , पाठ्यक्रम र शिक्षण सामग्रीको अर्थ बुझ्न विद्यार्थी र शिक्षक दुवैले व्याख्यामा ध्यान दिनुपर्छ। शिक्षकले विद्यार्थीका लागि जटिल विषयलाई सजिलो भाषामा व्याख्या गर्नुपर्ने हुन्छ। यसरी , अर्थ–व्याख्याले सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउँछ। परीक्षामा पनि विद्यार्थीले केवल याद गर्नु मात्र होइन, विषयको अर्थ बुझेरै उत्तर लेख्नुपर्छ, जसले अर्थ-व्याख्या को scope शिक्षा क्षेत्रमा कत्तिको महत्त्वपूर्ण छ भन्ने देखाउँछ।

कानुनी क्षेत्रमा, अर्थ-व्याख्या को भूमिकाका बिना कानुनको कार्यान्वयन सम्भव हुँदैन। कानुनका धारा र उपधारा प्रायः सामान्य र व्यापक भाषामा लेखिएका हुन्छन्। वास्तविक जीवनका घटनामा त्यसलाई लागू गर्दा न्यायाधीशले व्याख्या गर्नुपर्छ। शब्दको आशय , कानुनको उद्देश्य र समाजको हितलाई ध्यानमा राखेर अर्थ निकालिन्छ। यसरी अर्थ-व्याख्या न्यायको आधार बन्न पुग्छ।

धर्म र अध्यात्ममा पनि अर्थ-व्याख्या को दायरा व्यापक छ। धार्मिक ग्रन्थहरूको फरक –फरक व्याख्याबाट विभिन्न सम्प्रदाय र धाराहरू जन्मिएका छन्। कोही ग्रन्थलाई शाब्दिक रूपमा बुझ्छन् भने कोही प्रतीकात्मक रूपमा। यही विविध व्याख्याले धार्मिक दर्शनलाई बहुआयामिक बनाएको छ। साथै , धर्मका शिक्षाहरूलाई आधुनिक सन्दर्भमा बुझ्न पनि अर्थ-व्याख्या अत्यन्त आवश्यक हुन्छ।

दर्शनमा, अर्थ-व्याख्या जीवन, सत्य, चेतना, नैतिकता र अस्तित्वजस्ता प्रश्नहरूको उत्तर खोज्ने माध्यम हुन्छ। कुनै दार्शनिक कृतिको व्याख्याबिना त्यसको गहिरो मर्म बुझ्न सकिँदैन। एकै दर्शनलाई फरक –फरक विद्वानहरूले फरक कोणबाट व्याख्या गर्नु नै दर्शनको सुन्दरता हो। यसले नयाँ विचार जन्माउँछ र ज्ञानको दायरा विस्तार गर्छ।

राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धमा, अर्थ-व्याख्या को scope झन् संवेदनशील हुन्छ। राजनीतिक भाषण, संधि–सम्झौता र नीति घोषणाहरूको फरक –फरक व्याख्या हुन सक्छ। एउटै वक्तव्यलाई कसैले समर्थनको रूपमा बुझ्छ भने कसैले धम्कीका रूपमा। त्यसैले सही अर्थ-व्याख्या बिना गलत बुझाइ, विवाद र द्वन्द्व उत्पन्न हुन सक्छ।

सञ्चार माध्यम (मिडिया) मा , अर्थ-व्याख्या अत्यन्त प्रभावशाली हुन्छ। समाचार कसरी प्रस्तुत गरिन्छ , कुन शब्द प्रयोग गरिन्छ र कुन पाटोलाई प्राथमिकता दिइन्छ, यसले पाठक वा दर्शकको बुझाइ निर्धारण गर्छ। कहिलेकाहीँ एउटै समाचार फरक मिडियामा फरक तरिकाले व्याख्या गरिएको पाइन्छ, जसले जनमत निर्माणमा ठुलो भूमिका खेल्छ।

अनुवाद क्षेत्रमा, अर्थ-व्याख्या आधारभूत तत्व हो। केवल शब्द अनुवाद गर्नु पर्याप्त हुँदैन ; सांस्कृतिक सन्दर्भ, भाव र उद्देश्य बुझेर अनुवाद गर्नुपर्छ। त्यसैले अनुवादक स्वयं राम्रो interpreter हुनु आवश्यक हुन्छ। एक भाषाबाट अर्को भाषामा विचार सार्दा गलत अर्थ-व्याख्या भए मूल अर्थ नै बदलिन सक्छ।मनोविज्ञानमा , अर्थ-व्याख्या व्यक्तिको व्यवहार, सपना, बोली र सङ्केतहरूको अर्थ बुझ्ने माध्यम हुन्छ। चिकित्सकले बिरामीको कुरा , भावना र व्यवहारको व्याख्या गरेर समस्याको समाधान खोज्छ। यसले व्यक्तिको मानसिक स्वास्थ्य बुझ्न सहयोग पुर्याउँछ।

वैज्ञानिक क्षेत्रमा पनि अर्थ-व्याख्या महत्त्वपूर्ण छ। वैज्ञानिक तथ्य , तथ्याङ्क र परिणामहरूको व्याख्याबिना अनुसन्धान अधूरो हुन्छ। एउटै तथ्यलाई फरक वैज्ञानिकले फरक तरिकाले व्याख्या गर्न सक्छन् , जसले नयाँ खोजतर्फ मार्ग खोल्छ।

समग्रमा भन्नुपर्दा, अर्थ–व्याख्याको दायरा अनन्त छ। जहाँ भाषा, विचार, भावना र ज्ञान छ, त्यहाँ अर्थ-व्याख्या आवश्यक छ। यसको scope केवल सैद्धान्तिक मात्र होइन, व्यवहारिक जीवनसँग पनि गहिरो रूपमा जोडिएको छ। दैनिक जीवनमा हामी अरूका भनाइ , व्यवहार र सङ्केतहरूको व्याख्या गर्दै अघि बढ्छौँ। त्यसैले अर्थ-व्याख्या मानव बौद्धिक

विकासको मेरुदण्ड हो। सही अर्थ –व्याख्याले समझदारी बढाउँछ , सम्बन्ध सुदृढ बनाउँछ र समाजलाई समन्वयतर्फ डोऱ्याउँछ।

स्वनिरीक्षण

प्रश्न नम्बर ४- अर्थ–व्याख्याका चुनौतीहरूलाई केवल समस्या नभई अवसरका रूपमा कसरी हेर्न सकिन्छ ? आलोचनात्मक दृष्टिकोण प्रस्तुत गर्नुहोस्।

९.७ अनुवाद र अर्थ–व्याख्या बिचको भिन्नता

भाषा मानव समाजको सम्पर्क र अभिव्यक्तिको मुख्य माध्यम हो। संसारमा विभिन्न भाषा भएकै कारण एक भाषामा व्यक्त विचार अर्को भाषाका मानिससम्म पुर्याउन अनुवाद (अनुवाद) र अर्थ-व्याख्या (अर्थ –व्याख्या) दुवै आवश्यक पर्छन्। यद्यपि यी दुई शब्द प्रायः एउटै अर्थमा प्रयोग गरिए पनि , व्यवहारमा यिनको कार्यक्षेत्र, प्रक्रिया र उद्देश्य फरक–फरक हुन्छ। त्यसैले अनुवाद र अर्थ-व्याख्या बिच स्पष्ट भिन्नता बुझ्नु अत्यन्त आवश्यक छ।अनुवाद (अनुवाद) भन्नाले एउटा भाषामा लेखिएको वा भनिएको सामग्रीलाई अर्को भाषामा रूपान्तरण गर्ने प्रक्रिया हो। यसमा मूल भाषाको भाव, सन्दर्भ र आशय जस्ताको तस्तै अर्को भाषामा उतार्ने प्रयास गरिन्छ। अनुवाद सामान्यतः लिखित भाषासँग सम्बन्धित हुन्छ। जस्तै, अङ्ग्रेजीको पुस्तक नेपालीमा अनुवाद गर्नु, संस्कृतको श्लोकलाई अर्थसहित नेपालीमा रूपान्तरण गर्नु आदि अनुवाद का उदाहरण हुन्। राम्रो अनुवादले मूल कृतिको आत्मा सुरक्षित राख्दछ।

अर्कोतर्फ, अर्थ-व्याख्या (अर्थ –व्याख्या) भन्नाले कुनै पनि पाठ , भनाइ, सङ्केत वा घटनाको अर्थ बुझ्ने र त्यसको आशय स्पष्ट गर्ने प्रक्रिया हो। यसमा केवल भाषा मात्र होइन , भाव, सङ्केत, सांस्कृतिक पृष्ठभूमि र सन्दर्भलाई समेत समेटिन्छ। अर्थ-व्याख्या लिखित मात्र नभई मौखिक संवादमा पनि महत्त्वपूर्ण हुन्छ। जस्तै , शिक्षकले गाह्रो विषय विद्यार्थीलाई सजिलै बुझाउने तरिकाले व्याख्या गर्नु , न्यायाधीशले कानुनको व्याख्या गर्नु , धार्मिक गुरुहरूले ग्रन्थको व्याख्या गर्नु आदि अर्थ-व्याख्या का उदाहरण हुन्।

हुन त अनुवाद र अर्थ-व्याख्या दुवै अर्थसम्बन्धी कार्य हुन्, तर यिनका बिच केही मुख्य भिन्नता देखिन्छ।

पहिलो भिन्नता कार्यको स्वरूपमा छ। अनुवाद मुख्यतः एक भाषाबाट अर्को भाषामा रूपान्तरणसँग सम्बन्धित हुन्छ भने अर्थ-व्याख्या अर्थ बुझाउने र व्याख्या गर्ने प्रक्रियासँग जोडिएको हुन्छ।

दोस्रो भिन्नता उद्देश्यमा छ। अनुवाद को उद्देश्य भाषा परिवर्तन गर्नु हो , जबकि अर्थ-व्याख्याको उद्देश्य अर्थ प्रस्ट पार्नु हो।

वर्तमान अकरण वाक्य बनाउन क्रियामूलमा जस्ता "दैनौं/दैनँ/दिन्नँ"अकरण प्रत्ययहरू जोडिन्छन् , जसले कुनै कार्य हालको समयमा *नै भइरहेको छैन* , *नै गरिँदैन*, वा*कसैले गर्न अस्वीकार गरेको अवस्था* स्पष्ट व्यक्त गर्छ। उदाहरणका लागि, प्रथम पुरुष एकवचनमा मिलेर 'न्नँ ' + 'खान'*खान्नँ*, 'पढमिलेर 'दिन्नँ ' + '*पढ्दिनँ*, र 'दिन्नँ ' + 'बोल' मिलेर*बोल्दिनँ*बन्ने गर्छ, जसले "म अहिले खान्नँ", "म पढ्दिनँ", वा भन्ने अर्थ दिन्छ। त्यस्तै "म बोल्दिनँ", प्रथम पुरुष बहुवचनमा प्रत्यय प्रयोग गरिन्छ 'दैनौं', जस्तैमिलेर 'दैनौं' + 'खान'—*खान्दैनौं*, 'बोलमिलेर 'दैनौं' + '*बोल्दैनौं*,र + 'पढ' मिलेर 'दैनौं'*पढ्दैनौं*रूप बन्ने गर्छ, जसले हा"मी अहिले खान्दैनौं", "हामी बोल्दैनौं", वा भन्ने स्पष्ट अर्थ "हामी पढ्दैनौं" दिन्छ। यी सबै रूपहरूले कुनै कार्य हालको समयमा भइरहेको छैन वा भएको छैन भन्नेवर्तमान अकरण अवस्थालाई सूचित गर्दछ र नेपाली व्याकरणमा अकरणता व्यक्त गर्ने अत्यन्तै महत्त्वपूर्ण ढाँचा मानिन्छ।यी रूपहरूले कुनै काम वर्तमानमा *नहुँदो* अवस्था जनाउँछन्।

? १०. ११ अभ्यासार्थ

१. नेपाली भाषामा काल (वर्तमान, भूत, भविष्य) र आदरसूचक क्रियापदको महत्त्व के हो? तिनको संरचना तथा उदाहरणसहित व्याख्या गर्नुहोस्।

२. सकारात्क (Affirmative) र अकरण (Negative) क्रियापदको रूपान्तरण प्रक्रिया स्पष्ट गर्दै विस्तृत तालिका वा उदाहरणसहित व्याख्या गर्नुहोस्।

३. संयोजन क्रिया (Compound Verb) भन्नाले के बुझिन्छ? यसका प्रकार तथा कम्तीमा चार उदाहरणसहित यसको प्रयोग स्पष्ट पार्नुहोस्।

४. "चतुर स्याल र भोको कुकुर" कथाको सारांश लेखी, कथाबाट प्राप्त हुने प्रमुख शिक्षा तथा नैतिक सन्देशहरू क्रमबद्ध रूपमा व्याख्या गर्नुहोस्।

५. भाषा सिकाइमा कथा , संवाद र उदाहरणहरूको भूमिका के हुन्छ ? "चतुर स्याल र भोको कुकुर" जस्ता कथाले सिकाइमा कसरी प्रभाव पार्छन्? व्याख्या गर्नुहोस्।

*** ***** ***

एकाइ ११ पूर्वोत्तर भारतकोनेपाली अनुवादको एक झलक

एकाइ संरचना

११.१ उद्देश्य
११.२ प्रस्तावना
११.३ पूर्वोत्तर भारतमा नेपाली साहित्यको पृष्ठभूमि
११.४ अनुवाद प्रवृत्ति
११.५ सारांश
११.६ उपसंहार
११.७ थप अध्ययनका लागि
११.८ स्वनिरीक्षण
११.९ अभ्यासार्थ

११. १ उद्देश्य

- यस एकाइको प्रमुख उद्देश्य पूर्वोत्तर भारतमा विकसित नेपाली अनुवाद साहित्यको ऐतिहासिक पृष्ठभूमि, विकासक्रम र साहित्यिक विशेषताको समग्र अध्ययन गर्नु हो।
- बहुभाषिक तथा बहुसांस्कृतिक परिवेशमा अनुवादले नेपाली भाषा र साहित्यको विस्तार तथा सुदृढीकरणमा खेलेको भूमिकालाई स्पष्ट गर्नु यस एकाइको लक्ष्य हो।
- विद्यार्थीहरूलाई अनुवादको अवधारणा, आवश्यकता र महत्त्वबारे व्यवस्थित ज्ञान प्रदान गर्दै अनुवादलाई स्वतन्त्र साहित्यिक विधाका रूपमा बुझ्न सक्षम बनाउनु यसको उद्देश्य हो।
- असमिया, बङ्गला, हिन्दी, संस्कृत, अङ्ग्रेजी लगायत भाषाबाट नेपालीमा तथा नेपालीबाट अन्य भाषामा भएका अनुवाद कृतिहरूको अध्ययनमार्फत भाषिकप्रदानको प्रक्रिया बुझाउनु पनि यसको–सांस्कृतिक आदान–उद्देश्य हो।
- प्रमुख अनुवादकहरू र तिनका कृतिहरूको परिचय दिँदै अनुवाद साहित्यले सामाजिक सद्भाव, आपसी समझदारी र राष्ट्रिय एकतामा पुर्याएको योगदानको मूल्याङ्कन गर्नु यस एकाइको अर्को उद्देश्य हो

११.२ प्रस्तावना

अनुवाद भनेको एक भाषामा सिर्जना गरिएको साहित्यिक वा बौद्धिक कृतिलाई अर्को भाषामा अर्थ , भाव र सन्देश सुरक्षित रहने गरी प्रस्तुत गर्ने प्रक्रिया हो। मानव सभ्यताको विकासमाँगै ज्ञान , विचार, संस्कृति र दर्शनको प्रसारमा अनुवादले सेतुको भूमिका निर्वाह गर्दै आएको छ। पूर्वोत्तर भारतको नेपाली साहित्य बहुभाषिक र बहुसांस्कृतिक परिवेशमा विकसित भएकाले यहाँ अनुवाद साहित्यले विशेष स्थान हासिल गरेको देखिन्छ। असम , पश्चिम बङ्गाल , मणिपुर, नागाल्यान्ड, मिजोराम आदि क्षेत्रमा नेपाली भाषाले अन्य भाषासँग निरन्तर सम्पर्क राख्दा अनुवादको परम्परा सशक्त रूपमा अघि बढेको छ। यही पृष्ठभूमिमा यस एकाइमा पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको एक झलक यहाँ प्रस्तुत

गरिएको छ तर जम्मे अनुवादकहरूको परिचय प्राविधिक कारणले समावेश हुन सकेका छैन। यहाँ नेपालीमा भएका अनुवादको झलक मात्र प्रस्तुत गरिएको छ। यसमा पनि केही अनुवादकहरूको जानकारी समावेश हुन सकेको छैन र यो , झलक मात्र हो।

११.३ पूर्वोत्तर भारतमा नेपाली साहित्यकोपृष्ठभूमि

नेपाली साहित्यमा अनुवादको पृष्ठभूमि परम्परा अत्यन्तै पुरानो र समृद्ध रहेको पाइन्छ। संस्कृत भाषामा रचित वेद, उपनिषद्, पुराण, रामायण, महाभारत, पञ्चतन्त्र, हितोपदेशजस्ता ग्रन्थहरूलाई जनसाधारणसम्म पुर्याउने उद्देश्यले नेपाली भाषामा गरिएको अनुवादले नेपाली साहित्यको प्रारम्भिक आधार निर्माण गरेको देखिन्छ। यस प्रकारको अनुवाद परम्पराले नेपाली भाषा र साहित्यलाई मात्र समृद्ध बनाएको होइन , धार्मिक, नैतिक तथा दार्शनिक चेतनाको विकास र सामाजिक चेतनाको विस्तारमा पनि महत्वपूर्ण योगदान पुर्याएको छ।

पूर्वोत्तर भारतको नेपाली साहित्य मूलतः बहुभाषिक र बहुसांस्कृतिक परिवेशमा विकसित भएको साहित्यिक परम्परा हो। असम, पश्चिम बङ्गाल, मणिपुर, नागाल्यान्ड, मिजोगमलगायत विभिन्न क्षेत्रमा बसोबास गर्ने नेपाली समुदाय असमिया, बङ्गला, हिन्दी, बोडो, मिजो, मणिपुरी आदि भाषासँग निरन्तर सम्पर्कमा रहँदै आएको छ। यही घनिष्ठ भाषिक सम्पर्कको परिणामस्वरूप पूर्वोत्तर भारतमा नेपाली अनुवाद साहित्यले विशिष्ट स्थान र व्यापक स्वीकृति प्राप्त गरेको देखिन्छ।

पूर्वोत्तर भारतका नेपाली साहित्यकारहरूले विविध भाषाबाट नेपालीमा तथा नेपाली भाषाबाट अन्य भाषामा कृतिहरू अनुवाद गर्दै साहित्यिक तथा सांस्कृतिक सेतु निर्माण गरेका छन्। यस प्रक्रियाले एकातर्फ नेपाली साहित्यको विषयवस्तु र दायरा विस्तार गरेको छ भने अर्कातर्फ विभिन्न भाषाभाषी समुदायहरूबीच आपसी समझदारी , सहिष्णुता र सांस्कृतिक सद्भावको प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुर्यानएको छ।

यस सन्दर्भमा हेर्दा , पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्य भाषा , साहित्य र संस्कृतिको सङ्गमस्थलका रूपमा स्थापित भएको पाइन्छ। यही पृष्ठभूमिमा यस एकाइले अनुवादको सैद्धान्तिक आधार , ऐतिहासिक विकासक्रम तथा प्रमुख अनुवादकहरू र तिनका कृतिहरूको अध्ययनमार्फत पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको समग्र स्वरूपलाई बुझ्ने प्रयास गरेको छ।

एउटा भाषामा उपलब्ध कुनै पनि साहित्यिक वा बौद्धिक कृतिलाई अर्को भाषामा प्रस्तुत गर्ने प्रक्रियालाई अनुवाद भनिन्छ।) 'अनु'पछि) 'वाद' र (कथनशब्दले पूर्ववर्ती बोलाइ 'अनुवाद' भन्ने शब्दांशबाट बनेको (, उक्ति, कथन, घटना वा विशेष तथ्यलाई अर्को भाषा वा बोलिमा अर्थ र भाव सुरक्षित रहने गरी सरल , सहज र बोधगम्य रूपमा पुनः अभिव्यक्त गर्ने कार्यलाई जनाउँछ। अझ स्पष्ट रूपमा भन्नुपर्दा , एक भाषामा व्यक्त गरिएको विचार वा सन्देशलाई अर्को भाषिक माध्यममा पुनः प्रस्तुत गर्नु नै अनुवाद हो।

स्वनिरीक्षण

प्रश्न नम्बर-१पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको विकासलाई किन बहुभाषिक.–बहुसांस्कृतिक परिवेशसँग जोडेर हेर्नुपर्छ ?

उदाहरणका रूपमा नेपाली समाजमा प्रचलित पुराणकथा तथा श्रुति परम्परालाई आधुनिक सन्दर्भमा बुझ्न– अनुवादको आवश्यकता पर्छ। वेद, उपनिषद्, पुराणजस्ता ग्रन्थहरू संस्कृत भाषामा रचित भएकाले ती सर्वसाधारणका लागि सहज रूपमा बोधगम्य हुँदैनन्। त्यसैले ती ग्रन्थमा निहित विचार , दर्शन र सन्देशलाई सबैले बुझ्न सक्ने गरी नेपाली

भाषामा प्रस्तुत गर्नु आवश्यक हुन्छ। संस्कृत भाषामा अभिव्यक्त भएको विचारलाई नेपाली भाषामा भन्नु , व्याख्या गर्नु वा सरल रूपमा बुझाउनु नै अनुवादको मूल उद्देश्य हो।

नेपाली साहित्यमा अनुवादको परम्परा अत्यन्त प्राचीन मानिन्छ। भानुभक्त आचार्यको समयभन्दा अघिदेखि नै रामायण, महाभारत, पुराण, पञ्चतन्त्र, हितोपदेश आदि ग्रन्थका विभिन्न आख्यान , उपाख्यान तथा विशेष घटनाहरूलाई नेपाली भाषामा अनुवाद गरी प्रस्तुत गरिएका प्रशस्त उदाहरणहरू पाइन्छन्। उल्लेखनीय कुरा के छ भने अनुवाद साहित्यको विकास नेपाली भाषामै सीमित नभई भारतीय अन्य सगोत्रीय भाषाहरूमा पनि प्राचीन कालदेखि निरन्तर रूपमा हुँदै आएको देखिन्छ।

यसै परम्पराको निरन्तरताका रूपमा पूर्वोत्तर भारतको नेपाली साहित्यमा अनुवाद साहित्यले विशेष लोकप्रियता हासिल गरेको पाइन्छ। यस क्षेत्रका नेपाली समुदाय बहुभाषिक परिवेशमा बसोबास गर्ने भएकाले असम , बंगाल, मणिपुर, नागाल्यान्ड, मिजोराम आदि भूभागमा नेपाली भाषासँगै असमिया–, बङ्गला, हिन्दी, बोडो, मिजो, मणिपुरीजस्ता भाषासँग प्रत्यक्ष सम्पर्क रहँदै आएको छ। यही भाषिक अन्तर्क्रियाका कारण यहाँका नेपाली लेखक तथा साहित्यकारहरू विभिन्न भाषाका कृतिहरू पढ्ने, बुझ्ने र तिनलाई नेपाली भाषामा अनुवाद गर्ने कार्यमा सक्रिय देखिन्छन्।

पूर्वोत्तर भारतका नेपाली साहित्यकारहरूमध्ये केहीले असमियाबाट नेपालीमा कृतिहरू अनुवाद गरेका छन् भने केहीले नेपालीबाट असमियामा , नेपालीबाट हिन्दीमा वा हिन्दीबाट नेपालीमा अनुवाद गरेका उदाहरणहरू प्रस्तुत गरेका छन्। यसैगरी कतिपय साहित्यकारहरूले नेपाली भाषाका कृतिहरूलाई अन्य भारतीय भाषामा रूपान्तरण गरेका दृष्टान्तहरू पनि पाइन्छन्। यस प्रकारको निरन्तर प्रयासबाट विभिन्न भाषाबीच साहित्यिक आदान प्रदान सुदृढ हुँदै गएको– छ र अनुवादको आवश्यकता तथा महत्त्व दिनप्रतिदिन बढ्दै गएको तथ्य स्पष्ट रूपमा देखिन्छ।

पूर्वोत्तर भारतको नेपाली साहित्यको इतिहासमा अनुवाद विधाले विशेष जनप्रियता हासिल गरेको कुरा माथि नै उल्लेख गरिसकिएको छ। अनुवाद विधाको बढ्दो लोकप्रियताको प्रमुख कारण के हो भने यस विधामार्फत विश्वका विभिन्न भाषामा सिर्जित उत्कृष्ट कृतिहरूलाई आफ्नै भाषामा ल्याउन सकिन्छ भने आफ्नै भाषाका उत्कृष्ट कृतिहरूलाई पनि अन्य भाषामा पुर्यातउन सकिन्छ। यसरी एउटै भाषाबाट सम्पूर्ण विश्वका विभिन्न भाषा साहित्यको रसास्वादन गराउने अनुवाद– कलाको प्रयोजनशीलता आज झन् तीव्र गतिमा बढ्दै गएको छ।

यस भेगको साहित्यिक इतिहासमा अनूदित कृतिहरू विभिन्न प्रकारका देखिन्छन्। जस्तै—

(कअन्य भाषाबाट नेपालीमा (,

(खनेपालीबाट अन्य भाषामा (,

(गनेपाली भित्रैका भाषाबाट नेपाली भाषामा। (

स्वनिरीक्षण

प्रश्न नम्बर-२ अनुवादको अर्थ के हो.? अनुवादको मूल उद्देश्य स्पष्ट गर्नुहोस्।

११.४ अन्य भाषाबाट नेपालीमा अनुवाद

पूर्वोत्तर भारतको नेपाली साहित्यमा अनुवाद साहित्यको विकास कहिलेदेखि सुरु भयो भन्ने विषयमा निश्चित मिति वा कालखण्ड तोक्न कठिन भए तापनि नेपाली भाषाको विकाससँगै अन्य भाषाका कथा , आख्यान, ऐतिहासिक विवरण तथा धार्मिक दार्शनिक ग्रन्थहरूलाई आफ्नै भाषामा प्रस्तुत गर्ने प्रवृत्ति प्रारम्भ भएको देखिन्छ। यस प्रवृत्तिलाई– पूर्वोत्तर भारतका नेपाली समाजका लागि अपवादका रूपमा हेर्न सकिँदैन।

यस सन्दर्भमा स्मरणीय कुरा के छ भने भारतीय भाषाहरूको उत्पत्ति र विकासमा संस्कृत भाषा साहित्यको– अत्यन्त महत्वपूर्ण भूमिका रहेको तथ्य सर्वस्वीकृत छ। भारतका आधुनिक भाषाहरूको विकासको प्रारम्भिक चरणमै आफ्ना भाषामा अनुवाद गरिएको पाइन्छ। आज पनि नेपाली जनजीवनमा पुराणकथा–संस्कृतका कृतिहरूलाई आ, श्रुति–परम्परा र धार्मिक आख्यानहरूको निरन्तर प्रयोग भइरहेको छ, जुन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुवादकै परिणाम हो।

प्रारम्भिक चरणमा मौखिक परम्परामार्फत कथाउपाख्यान तथा समसामयिक घटनाहरूको वर्णन गरिएको पाइन्छ– भने पछिल्लो चरणमा शिक्षित समुदायले अन्य भाषाबाट लिएका कथा, विवरण र विचारलाई नेपाली अथवा आफ्ना मातृभाषामा अनुवाद गर्न थालेको देखिन्छ। यसै प्रक्रियाबाट लिखित परम्पराको आधार तयार भएको हो। त्यसपछि मात्र अनुवाद कार्यमा क्रमशः गति आएको तथ्य यहाँ उल्लेखनीय छ।

हरिनारायण उपाध्याय

अहिलेसम्मको खोजअनुसन्धानको आधारमा हेर–ा दा इसाको उन्नाइसौँ शताब्दीको अन्त्य र बीसौँ शताब्दीको आरम्भदेखि यस भेगमा अनुवादको लिखित परम्परा स्थापित भएको देखिन्छ। यस सन्दर्भमा हरिनारायण उपाध्याय विशेष रूपमा उल्लेखनीय छन्। उनलाई पूर्वोत्तर भारतको नेपाली साहित्यमा एक सशक्त अनुवादकका रूपमा चिनिन्छ।

हरिनारायण उपाध्यायले संस्कृत साहित्यका विभिन्न नाट्यकृतिहरूलाई नेपाली भाषामा अनुवाद गरी मञ्चनसमेत गराएका थिए। कालिदासको *शकुन्तला*, भासको*स्वप्नवासवदत्ता*, भट्टनारायणको*वेणीसंहार*, कृष्णमित्रको*प्रबोधचन्द्रोदय*आदि संस्कृत नाटकहरूलाई उनले नेपालीमा रूपान्तरण गरी सन् १९१४तिरदेखि बिहाल – १९३३ बटियामारी क्षेत्रमा मञ्चन गराएका थिए। उनका यी कृतिहरू सन्–३४तिर प्रकाशित भएका थिए भन्ने उल्लेख पाइन्छ।

मणिसिंह गुरुङ

पूर्वोत्तर भारतका प्रारम्भिक स्नातकहरूमध्ये एक मणिसिंह गुरुङले पनि अनुवाद क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍यातएका छन्। कलकत्ता विश्वविद्यालयबाट स्नातक गुरुङ बनारसबाट सन् १९१९ तिर प्रकाशित *गोर्खाली*साहित्यिक पत्रिका तथा दार्जिलिङको*चन्द्रिका*पत्रिकासँग संलग्न रहँदै अनुवाद विधामा सक्रिय देखिन्छन्।

उनका फुटकर रचनाका साथै सन् १९३६देखि प्रकाशित *गोर्खा सेवक* साप्ताहिक पत्रिकामा अनुवादसम्बन्धी सामग्री नियमित रूपमा प्रकाशित हुन्थ्यो। साहित्य अकादेमीले अनुवाद विधालाई विशेष महत्त्व दिँदै विशिष्ट अनुवादकलाई पुरस्कार प्रदान गर्न थालेपछि यस क्षेत्रमा साहित्यकारहरूको ध्यान अझ आकर्षित भएको देखिन्छ। यस धाराको प्रभाव पूर्वोत्तर भारतको नेपाली साहित्यमा पनि स्पष्ट देखिन्छ।

अघिनबहादुर क्षेत्री

स्वाधीनोत्तर कालमा अनुवाद विधामा विशेष रुचि लिने व्यक्तित्वमध्ये अघिनबहादुर क्षेत्री एक प्रमुख नाम हुन्। उनी सफल अनुवादकका रूपमा परिचित छन्। उनले पाठ्यपुस्तक मात्र होइन , साहित्यका विभिन्न विधाका कृतिहरू असमियाबाट नेपालीमा तथा नेपालीबाट असमियामा अनुवाद गरी दुवै भाषाको साहित्यलाई समृद्ध बनाएका छन्।

उनका प्रमुख अनुवाद कृतिहरूमध्ये *असमको इतिहास* (१९६३) उल्लेखनीय छ, जुन असमियाबाट नेपालीमा अनूदित पाठ्यपुस्तक हो। यसैगरी असमिया साहित्यकार सयद अब्दुल मालिकको बालकथा सङ्ग्रह *टिन चाके गाडी* (१९६६) पनि उनले नेपालीमा अनुवाद गरेका छन्। यस्ता कृतिहरूले असमिया र नेपाली साहित्यबीच सेतुको काम गरेका छन्।

हरिप्रसाद शर्मा खनाल

पूर्वोत्तर भारतको नेपाली साहित्यको अनुवाद विधामा निरन्तर साधनाद्वारा छुट्टै स्थान ओगट्न सफल प्रतिभा हुन्—नौगाउँ जिल्लाको लठा निवासी हरिप्रसाद शर्मा खनाल। उनले असमिया , अङ्ग्रेजी आदि भाषाबाट नेपालीमा धेरै कृतिहरू अनुवाद गरेका छन्। अनुवादको क्रममा उनका केही महत्वपूर्ण कृतिहरू उल्लेखनीय छन्।

मैक्सिम गोर्कीको प्रसिद्ध उपन्यास *मदर*लाई उनले*आमा* (१९५५) शीर्षकमा नेपालीमा प्रस्तुत गरेका छन्। त्यस्तै , टल्स्टोयका कृतिहरूमध्ये *What Life Is*लाई*कस्तो जीवन* (१९६३) र*War and Peace*लाई*युद्ध र शान्ति* (१९६३) शीर्षकमा नेपालीमा अनुवाद गरेका छन्। यसैगरी *Resurrection*लाई*पुनरुत्थान* (१९६८), *Anna Karenina*लाई*अन्ना करेनीना* (१९७०) र*Love and Passion*लाई*प्रेम र वासना* (१९७२) शीर्षकमा प्रकाशित गरेका छन्।

यसका अतिरिक्त उनले जवाहरलाल नेहरूको *Discovery of India*तथा शेक्सपियरका *Othello*र*Julius Caesar*नाटकहरूलाई पनि नेपाली भाषामा अनुवाद गरेका छन्। असमिया साहित्यका प्रतिष्ठित कवि जितेन्द्रनाथ दुबराको कवितासङ्ग्रह*आपोन स्वर* लाई उनले *आफ्नो स्वर* (१९७०) शीर्षकमा नेपालीमा अनुवाद गरेका छन्। सरल र सहज भाषाशैली उनका अनुवाद कृतिहरूको विशेषता मानिन्छ।

हरिभक्त कटुवाल

हरिभक्त कटुवालले पनि यस भेगको नेपाली साहित्यमा अनुवादमार्फत उल्लेखनीय योगदान दिएका छन्। उनले विशेष गरी गीत र कवितालाई असमियाबाट नेपालीमा अनुवाद गरेका छन्। असमियाका प्रतिष्ठित कवि दुर्गेश्वर शर्माको*धूलिकणामयी*कवितालाई नेपालीमा अनुवाद गरी आफ्नै गीतसङ्ग्रह*सम्झना*मा समावेश गरेका छन्।

त्यसैगरी लक्ष्मीनाथ बेजबरुवाले रचेको प्रसिद्ध असमिया गीत *ओ मोर आपोन देश* लाई पनि उनले नेपालीमा अनुवाद गरेका छन्। उनका अनुवादहरूमा भावानुवादको सशक्त प्रयोग देखिन्छ , जसले मूल कृतिको संवेदना नेपाली पाठकसमक्ष प्रभावकारी रूपमा प्रस्तुत गर्दछ।

गीता उपाध्याय

अनुवाद साहित्यमा विशेष रुचि राख्ने गीता उपाध्याय एक अविस्मरणीय नाम हुन्। उनले असमिया , अङ्ग्रेजी आदि भाषाबाट नेपालीमा तथा नेपाली र अङ्ग्रेजीबाट असमिया भाषामा थुप्रै कृतिहरू अनुवाद गरेकी छन्। अङ्ग्रेजीबाट नेपालीमा अनूदित उनको पहिलो कृति*एन फ्राङ्ककको डायरी* (१९७२) हो।

असमिया साहित्यका विभिन्न विधाका कृतिहरूलाई उनले नेपाली भाषामा रूपान्तरण गरेकी छन्। विशेषतः होमेन बरगोहाइँको उपन्यास *अभिज्ञान*लाई उनले सोही शीर्षकमा सन् २००८मा नेपालीमा अनुवाद गरेकी छन्। यसैगरी ज्योतिप्रसाद अग्रवालको असमिया नाटक *कारेङेर लिगिरी*लाई*दरबारकी सुसार*शीर्षकमा सन् २००८मा नेपालीमा अनुवाद गरिन्। उक्त कृतिले सन् २०१२मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्राप्त गरेको छ।

टिकाराम उपाध्याय

मौलिक लेखनका साथसाथै अनुवादमार्फत पनि योगदान पुर्‍याउने टिकाराम उपाध्याय(१९३६)) पूर्वोत्तर भारतको नेपाली साहित्यको इतिहासमा एक चर्चित नाम हुन्। उनले रूसी साहित्यकार अलेक्सान्दर पुस्किनका केही काव्यकृतिहरूलाई नेपालीमा अनुवाद गरेका छन्। पुस्किनका *जिप्सी*खण्डकाव्य तथा केही कविताको नेपाली अनुवाद उनका उल्लेखनीय योगदानमध्ये पर्दछन्। यसरी विदेशी साहित्यलाई नेपाली भाषामा ल्याउने क्रममा टिकाराम उपाध्यायले नेपाली पाठकलाई विश्वसाहित्यसँग जोड्ने महत्वपूर्ण काम गरेका छन्।

१९७०–१९९०को कालखण्ड

यस छलफलबाट के स्पष्ट हुन्छ भने सन् १९७०देखि १९९०सम्मको अवधिमा यस भेगमा संस्कृत , अङ्ग्रेजी, हिन्दी, असमिया आदि भाषाबाट केही नाटक तथा अन्य विधाका कृतिहरू सीमित मात्रामा भए पनि नेपालीमा अनूदित भएका थिए। तर १९९०को दशकपछि यस क्षेत्रमा लेखक तथा साहित्यकारहरूको अनुवादप्रति विशेष रुचि बढेको देखिन्छ।

हरिनारायण विद्याभूषण, टङ्कनाथ उपाध्याय, रामप्रसाद उपाध्याय, गङ्गाधर खतिवडा, विष्णुलाल उपाध्याय, जगन्नाथ गुरागाईं, हर्षबहादुर शाही, हरिप्रसाद शर्मा, अघिनबहादुर क्षेत्री, पण्डित ढकाल, हरिभक्त कटुवाल, गीता उपाध्याय

आदि साहित्यकारहरूले अनुवाद विधामा जुन गोरेटो बसालेका थिए , त्यसकै परिणामस्वरूप पछिल्ला समयमा यस विधाका विविध कृतिहरू पत्रपत्रिकामा निरन्तर प्रकाशित हुँदै आएका छन्।–

यस प्रक्रियाको स्वाभाविक परिणामस्वरूप आज पूर्वोत्तर भारतको नेपाली साहित्यमा असमिया लगायत विभिन्न भाषाका विभिन्न विधाका कृतिहरू नेपालीमा व्यापक रूपमा अनुवाद भइरहेका छन्। यसले अनुवाद साहित्यलाई स्वतन्त्र विधाका रूपमा स्थापित गर्न सहयोग पुर्या एको छ।

छविलाल उपाध्याय

पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको इतिहासमा छविलाल उपाध्याय १९३६)) एक अत्यन्त महत्वपूर्ण नाम मानिन्छ। उनले हिन्दी , असमिया आदि भाषाबाट धेरै कृतिहरू नेपालीमा अनुवाद गरेका छन्। उनका अनुवाद कृतिहरूमध्ये जयशंकर प्रसादको हिन्दी नाटक*चन्द्रगुप्त*को नेपाली अनुवाद विशेष रूपमा उल्लेखनीय छ। यस कृतिका लागि उनले सन् १९९८मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्राप्त गरेका छन्।

उनका अन्य अनुवाद कृतिहरूमा जयशंकर प्रसादकै *स्कन्दगुप्त* (२००३), असमिया उपन्यासकार रजनीकान्त बरदलैको*मिरी जयराम* को नेपाली अनुवाद *मिरी कन्या* (२००५), महापुरुष शंकरदेवद्वारा रचित *कीर्तनघोषा*को नेपाली अनुवाद २०११)) उल्लेखनीय छन्। यी कृतिहरूमा छविलाल उपाध्यायको काव्यात्मक प्रतिभाको झल्को पनि पाइन्छ।

दुर्गा खतिवडा

पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यमा दुर्गा खतिवडा १९५९)) एक अविस्मरणीय नाम हुन्। शोणितपुर जिल्लाको शिंगरीमा जन्मिएका खतिवडाले१९५९ शिलिखाबारीमा– सन् १९७६मा प्रवेशिका परीक्षा उत्तीर्ण गरे। हिन्दीमा प्रवीण परीक्षा पास गरेपछि उनी गुवाहाटीको पूर्वोत्तर हिन्दी विद्यापीठमा शिक्षक बने।

उनको पहिलो अनूदित कृति असमियाबाट नेपालीमा रूपान्तरित *जिरेन बरुआको बाबा मृत्युजय* (१९९२) हो, जसका सह अनुवादक लीलबहादुर क्षे–त्री थिए। त्यसपछि उनले दिनेश शर्मा द्वारा रचित *गप्पर गाछपेरा*कथासङ्ग्रहलाई*छाप्राका छालहरू* (१९९६) शीर्षकमा नेपालीमा अनुवाद गरे। यो कृतिले सन् २००२मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्राप्त गरेको उल्लेखनीय छ।

विभिन्न संस्था संगठनसँग संलग्न रहँदै खतिवडाले नेप–ाली साहित्य परिषद् , असमका मूल सचिवको जिम्मेवारी पनि वहन गरेका छन्। अनेक पत्र पत्रिका–, स्मृतिग्रन्थ आदिको सम्पादन गर्दै उनले अनुवादसँगै आलोचनात्मक लेखनमा पनि योगदान पुर्या एका छन्।

किरणकुमार राई

दार्जिलिङको भातकभर चियाबारीमा जन्मिए पनि असमको तेजपुरस्थित रक्षा अनुसन्धान प्रयोगशालामा कार्यरत किरणकुमार राई १९६७)) एक सशक्त कवि , निबन्धकार तथा अनुवादक हुन्। असमिया भाषा आत्मसात् गरी उनले असमियाबाट नेपालीमा थुप्रै महत्वपूर्ण कृतिहरू अनुवाद गरेका छन् जुन उपलब्धि उल्लेखनीय मानिन्छ।

उनका अनूदित कृतिहरूमध्ये ममनि रायसम गोस्वामीको उपन्यास *आधा लिखा दस्तावेज*–को नेपाली अनुवाद*अधूरो जीवनयात्रा* (१९९७), दत्ताल हाजिर उर्दूको *खोवा हाउदा* को अनुवाद *अत्यन्तर दक्षिण कामरूप* (२०००), दशरथी जगदम्बाको *खोज*को अनुवाद *खोजको अयन दशरथी* (२००४) तथा छिन्नमस्तर मानुहटोको *देवीको उपासक* (२००८) उल्लेखनीय छन्।

यसैगरी फणीन्द्रकुमार देव चौधरीको *अनुराधार देश*को नेपाली अनुवाद *अनुराधाको मुलुक* (२००७) र*इन्डियस–इन्डियस* (२०११) पनि उनका महत्वपूर्ण अनुवाद कृतिहरू हुन्।*अधूरो जीवनयात्रा*का लागि उनलाई सन् १९९९मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्रदान गरिएको थियो।

तारानाथ उपाध्याय

नन्दलाल उपाध्याय र दमयन्ती देवीका सुपुत्र तारानाथ उपाध्यायको जन्म नौबिलमा भएको हो। उनले गुवाहाटी विश्वविद्यालयबाट संस्कृत साहित्यमा एमउपाधि प्राप्त गरेका छन्। शिक्षण पेशामा संलग्न रहँदै उनले नेपाली र असमिया .ए. दुवै भाषामा निरन्तर लेखन गरेका छन्।

अनुवाद विधामा उनको पहिलो कृति हो असमिया साहित्यका प्रतिष्ठित उपन्यासकार होमेन बरगोहाइँको उपन्यास*हालधिया चराए बाहुधान खाय* को नेपाली अनुवाद *बाघको छालामा स्यालको रजाइँ* (२००३)। उनको अर्को कृति*नीतिकथा* (२००५) हो, जसमा संस्कृतबाट अनूदित बाइसओटा नीतिकथा समावेश छन्।

उनको तेस्रो कृति *पुरुष परीक्षा* (२००५) असमियाबाट अनूदित कथा सङ्ग्रह हो , जसमा एकाइसवटा कथा सङ्कलित छन्। सहज र सरल भाषाशैली तारानाथ उपाध्यायको लेखनको मुख्य विशेषता मानिन्छ।

स्वनिरीक्षण

प्रश्न नम्बर-३पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको प्रारम्भिक पृष्ठभूमि कसरी निर्माण भएको देखिन्छ.?

चन्द्रमणि उपाध्याय

शोणितपुर जिल्लाको कन्धारिघाट गाउँमा १९५८मा जन्मिएका चन्द्रमणि उपाध्यायका पिता पिताम्बरप्रसाद र माता तुलसा देवी हुन्। वाणिज्य विषयमा दरङ कलेजबाट स्नातकसम्मको शिक्षा हासिल गरेका उपाध्यायले नेपाली तथा असमिया दुवै भाषामा कलम चलाएका छन्।

उनको पहिलो नेपालीमा अनूदित कृति प्रेमचन्दको हिन्दी उपन्यास *मंगलसूत्र* (१९६२) हो। यसपछि खेमराज नेपाल र ज्ञानबहादुर क्षेत्रीको सहकार्यमा सम्पादित , साहित्य अकादेमी पुरस्कार विजेता कृति *नेपाली साहित्यकारको असमिया अनुवादसंकलन*– (२००४) प्रकाशित भएको पाइन्छ।

असमिया कथाकार अपूर्वकुमार शर्माको कथा सङ्ग्रह *बाघे टापु र रात* को नेपाली रूपान्तरण *बाघे टापुको रात* (२००८) तथा वर्मा शर्माको उपन्यास (विरञ्चिकुमार बरुवाको छद्म नाम)*जीवनर बाटत* को नेपाली अनुवाद *जीवनका बाटामा* (२०१४) उनका महत्वपूर्ण कृतिहरू हुन्। तेजपुर चाँदमारी निवासी उपाध्याय विभिन्न साहित्यिक संस्थासंगठनसँग– आवद्ध रहेका छन्।

मोहन सुवेदी

नौगाउँ जिल्लाको लठामा १९६४मा जन्मिएका मोहन सुवेदीको योगदान मौलिक सिर्जनासँगै अनुवाद क्षेत्रमा पनि उल्लेखनीय छ। अङ्ग्रेजी मूलका मुकुन्दराम आनन्दका कथाहरूको सङ्ग्रहको नेपाली अनुवाद *मोरा* (२०००) उनका अनूदित कृतिहरूमध्ये एक हो।

नेपाली, असमिया आदि भाषामा सक्रिय सुवेदीले असमिया कवि नीलमणि फुकनका केही कविताहरूलाई नेपालीमा अनुवाद गरी*कविता* (२०००) शीर्षकमा प्रकाशित गरेका छन्।

शान्ति थापा

नेपालीसँगै हिन्दी र असमिया भाषामा पनि कलम चलाउने शान्ति थापा १९६१)) मौलिक सिर्जनासँगै अनुवादमा विशेष रुचि राख्ने साहित्यकार हुन्। उनको पहिलो अनूदित कृति असमिया उपन्यासकार अतुलानन्द गोस्वामीको उपन्यास*नामघरिया*को नेपाली अनुवाद*नामघर* (२०००) हो।

असमिया साहित्यका अर्का प्रतिष्ठित उपन्यासकार होमेन बरगोहाइँको उपन्यास *अन्तराग*को नेपाली अनुवाद पनि उनले सोही शीर्षकमा २००२)) प्रकाशित गरेकी छन्। उल्लेखनीय कुरा के छ भने *नामघर*कृतिले सन् २००४मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्राप्त गरेको छ।

ज्ञानबहादुर क्षेत्री

मौलिक कथा, कविता र निबन्धका सर्जक ज्ञानबहादुर क्षेत्री १९५७)) ले अनुवाद विधामा पनि सशक्त कलम चलाएका छन्। उनको पहिलो अनूदित कृति *मनपरेका कथा* (२००३) हो, जसमा अङ्ग्रेजी र असमियाबाट अनूदित गरी जम्मा बाइसवटा कथा समावेश छन्।

यसपछि उनको अर्को अनूदित कृति हो राजेन्द्रसिंह वेदीको हिन्दी उपन्यास *मैले चादर*को नेपाली रूपान्तरण *मैले ओढेको चादर* (२०१०)। यसैगरी गजेन्द्र त्रिपाठीको हिन्दी कविता सङ्ग्रह *तलाश*को नेपाली अनुवाद *खोज* (२०१२) पनि उनको महत्वपूर्ण योगदान हो।

साहित्य अकादेमीका विभिन्न अनुवाद कार्यशालामा सहभागी भई उनले असमियाका कविता , कथा आदिलाई नेपालीमा तथा नेपाली कृतिहरूलाई असमियामा अनुवाद गरेका छन्।

पुष्पधर शर्मा

यस भेगका नेपाली सर्जक तथा अनुवादकहरूमध्ये पुष्पधर शर्मा १९६४)) उल्लेखनीय नाम हुन्। उदालगुडी निवासी पुष्पधर शर्माले हिन्दी , असमिया आदि भाषाबाट नेपालीमा थुप्रै कृतिहरू अनुवाद गरेका छन्। उनका अनूदित कृतिहरूमध्ये होमेन बरगोहाइँको असमिया निबन्ध *उच्चाकांक्षा* (२००४) को नेपाली अनुवाद विशेष उल्लेखनीय छ। यसैगरी हिन्दी मूलबाट नेपालीमा अनूदित*बमडिला* (२००४) पनि उनका महत्वपूर्ण कृतिहरूमध्ये पर्दछ।

त्यस्तै असमियाका प्रसिद्ध कवि हिरण भट्टाचार्यका कविताहरूको नेपाली अनुवाद *हिरण भट्टाचार्यका निर्वाचित कविता* (२००७) उनका अर्को महत्वपूर्ण कृति हुन्। यस कृतिका लागि उनलाई सन् २००९मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्रदान गरिएको थियो।

खड्गराज गिरि

डिगबोईमा जन्मिएका खड्गराज गिरि १९५८)) ले मौलिक लेखनसँगै अनुवाद क्षेत्रमा पनि योगदान दिएका छन्। हिन्दीबाट नेपालीमा अनूदित उनका कथासङ्ग्रह*भारतले कथाहरू* (२००४) उल्लेखनीय छ। यसैगरी हिन्दी लेखक हरिराम पाठकको साहित्यिक समालोचनात्मक कृतिको नेपाली अनुकृति*साहित्यिक परिचर्चाका केही बुँदाहरू* (२०१०) पनि उनको महत्वपूर्ण योगदान हो।

केनेपा .बी.ली

गीत, कविता, कथा१९२९) नेपाल .बी. उपन्यास आदि विधामा सक्रिय के–) अनुवादकका रूपमा पनि अत्यन्त परिचित छन्। महाकवि कालिदासको संस्कृत मूलको अमर कृति *मेघदूत*को नेपाली अनुवाद*मेघदूत* (२००४) उनको चर्चित कृति हो। यस कृतिले सन् २००७मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्राप्त गरेको थियो।

यसैगरी*बिन्दु*पत्रिकाको*भारतीय रचनाहरूको अनुवाद विशेषाङ्क* (२०१०) उनको सम्पादनमा प्रकाशित भएको उल्लेखनीय कृति हो।

खेमराज नेपाल

नेपाली, असमिया, संस्कृत आदि भाषाका ज्ञाता तथा मौलिक कविता, कथा र निबन्धका सर्जक खेमराज नेपाल १९५७)) ले अनुवादकका रूपमा पनि सशक्त कलम चलाएका छन्। संस्कृत र असमिया भाषाबाट नेपालीमा अनूदित उनका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन्।–

संस्कृत मूलको विष्णुनारायण शास्त्रीको उपन्यास *अविनाशी*को नेपाली रूपान्तरण *अविनाशी* (२००५) उनका प्रमुख अनूदित कृतिहरूमध्ये एक हो। यस कृतिका लागि उनलाई सन् २०११मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्रदान गरिएको थियो। साहित्य अकादेमीद्वारा आयोजित विभिन्न अनुवाद कार्यशालामा सहभागी भई उनले असमियाका कविता, कथा आदि नेपालीमा तथा नेपालीका कृतिहरू असमियामा अनुवाद गरेका छन्।

स्वनिरीक्षण

प्रश्न नम्बर-४. हरिनारायण उपाध्यायको अनुवाद योगदानको संक्षिप्त मूल्याङ्कन गर्नुहोस्।

तारापति उपाध्याय

पूर्वोत्तर भारतका अन्य महत्वपूर्ण अनुवादक तारापति उपाध्याय १९३२)) हुन्। उदालगुडी निवासी उपाध्यायले नेपाली र असमिया दुवै भाषामा समान रूपले कलम चलाएका छन्। उनका मौलिक र अनूदित कृतिहरूले पूर्वोत्तर भारतको नेपाली साहित्यलाई सशक्त बनाएको देखिन्छ।

भारतीय नवजागरणका अग्रणी साहित्यकार बङ्गाली लेखक बङ्किमचन्द्र चट्टोपाध्यायको उपन्यास*आनन्दमठ*लाई उनले सोही शीर्षकमा नेपालीमा अनुवाद गरेका छन्। यस कृतिका लागि उनलाई सन् २०१०मा साहित्य अकादेमीको अनुवाद पुरस्कार प्रदान गरिएको थियो।

उनको अर्को अनूदित कृति *स्वदेशी चिन्तनः साहित्य मन्थन* (२०१०) हो, जसले सामाजिक सांस्कृतिक–चिन्तनलाई नेपाली भाषामा प्रभावकारी रूपमा प्रस्तुत गरेको छ।

इन्दुप्रभा देवी १९६९))

पूर्वोत्तर भारतका नेपाली नारी साहित्यकारहरूमध्ये इन्दुप्रभा देवी १९६९)) एक सशक्त हस्ताक्षर हुन्। उनले मौलिक कविता, कथा र निबन्धका साथसाथै अनुवादमा पनि उल्लेखनीय योगदान पुर्याकएकी छन्। असमिया र नेपाली दुवै भाषामा निरन्तर लेखन गर्ने इन्दुप्रभा देवीको माधव कन्दलिको *रामायण*को अयोध्या काण्ड अन्तर्गत अध्याय १ को ४१–मा साहित्य अकादेमीले प्रकाशित गरेको हो।२००६ गद्यअनुवाद उल्लेखनीय छ। यस कृतिलाई सन्

विजयादेवी

गहिन उपाध्याय र वेदवती देवीकी छोरी विजयादेवीको जन्म सन् १९५३मा बिहाली माजगाउँमा भएको हो। उनी असमेली नेपाली समाजमा खानपान संस्कृतिको परिचय गराउने कृति *चख्ला चमना* (१९८७) का कारण परिचित छन्। उनका लघु रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन्।–

अनुवाद क्षेत्रमा पनि उनले उल्लेखनीय योगदान दिएकी छन्। असमिया साहित्यका प्रतिष्ठित लेखक लक्ष्मीनाथ बेझबरुवाकोबु*ढ़ो आइर साधु*लाई नेपालीमाबु*ढ़ी आमाका दन्त्यकथा* (२००७) शीर्षकमा अनुवाद गरेकी छन्।

युद्धवीर राणा

डिगबोई निवासी बहुमुखी प्रतिभाका धनी युद्धवीर राणा १९४२)) साहित्य, सङ्गीत, कला तथा भाषाशास्त्रका क्षेत्रमा सक्रिय देखिन्छन्। अनुवाद क्षेत्रमा पनि उनले योगदान पुर्यातएका छन्। असमिया साहित्यका प्रतिष्ठित निबन्धकार कनकसेन डेकाको*युक्ति र तर्कपूर्ण निबन्ध*लाई उनले*नयाँ पिँढीका लागि* (२००७) शीर्षकमा नेपालीमा अनुवाद गरेका छन्।

खड्गबहादुर क्षेत्री (क्षेत्री .बी.के)

पूर्वोत्तर भारतको नेपाली साहित्यमा आफ्ना मौलिक रचनामार्फत गहिरो छाप छोड्न सफल खड्गबहादुर क्षेत्री ले अनुवाद क्षेत्रमा पनि योगदान दिएका छन्। उनको पहिलो अनूदित कृति धनशंकर इंग्तिको (क्षेत्री .बी.के) काव्यसङ्ग्रह*स्वर्णिल जोनाक*को नेपाली अनुवाद*स्वर्णिल जुनले* (२००८) हो।

यसैगरी प्रतापनारायण श्रीवास्तवको हिन्दी उपन्यास *विद्विता*को नेपाली रूपान्तरण पनि उनका महत्वपूर्ण कृतिहरूमध्ये पर्दछ। साथै, हिन्दीका विभिन्न कथाकारका कथाहरूको नेपाली अनुवाद सङ्ग्रह *दशमी* (२०१४) मा दशवटा कथा समावेश छन्।

छविलाल शास्त्री

शोणितपुर जिल्लाको गमरीमा जन्मिएका छविलाल शास्त्री १९३१)) विशेषतः छन्दोबद्ध कविताका सशक्त सर्जकका रूपमा परिचित छन्। उनले नेपालीका साथै असमिया भाषामा पनि कलम चलाएका छन्। अनुवाद क्षेत्रमा उनको

उल्लेखनीय योगदान महाकवि कालिदासको अमर कृति *मेघदूत*को नेपाली अनुवाद २००८)) हो। यस कृतिले नेपाली पाठकलाई संस्कृत काव्यपरम्परासँग सजीव रूपमा जोड्ने कार्य गरेको छ।

देवराज उपाध्याय सापकोटा

डिसेम्बर १६ , १९५६ मा जन्मिएका देवराज उपाध्याय सापकोटाका पिता रमेशप्रसाद सापकोटा र माता फूलमाया देवी हुन्। पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यमा देवराज सापकोटा र छविलाल उपाध्यायले नयाँ आयाम थपेका छन् भन्ने मान्यता रहेको छ।

उनको प्रमुख कृति महापुरुष शंकरदेवद्वारा रचित *कीर्तनघोषा*को नेपाली अनुवाद २००८)) हो। यसपछि उनले माधवदेवद्वारा रचित*नामघोषा* (२००८), *भक्तिप्रदीप* (२००९) र*गुणमाला* (२००९) लाई पनि नेपालीमा अनुवाद गरेका छन्।

यसका साथै भूपेन्द्रकुमार बरुवाको असमिया मूलको जीवनी ग्रन्थ–*शंकरदेव* (२००९) लाई उनले नेपालीमा रूपान्तरण गरेका छन्। शंकरदेव र माधवदेवका जीवन तथा कृतिसम्बन्धी प्रश्नोत्तर समेटिएको उनको कृति*समन्त शंकरदेव* र *माधवदेव जीवनलीला* (२००७) पनि उल्लेखनीय छ।

भानुभक्त ठाकुरी

हाइलाकान्दी निवासी भानुभक्त ठाकुरी १९५५)) असमेली नेपाली साहित्यकारहरूमध्ये महत्वपूर्ण मानिन्छन्। उनले मौलिक कविता र कथाका साथै अनुवाद विधामा पनि निरन्तर योगदान दिएका छन्। विशेषतः बङ्गला भाषाबाट नेपालीमा तथा नेपालीबाट बङ्गलामा अनुवाद गर्ने क्रममा उनको योगदान उल्लेखनीय छ।

बङ्गलाबाट नेपालीमा अनूदित उनका कृतिहरूमध्ये देवनाथ बन्द्योपाध्यायद्वारा सम्पादित *ममै नरेन्द्रसिंह गीति–काव्य* (२००८), *साधुकवि रामप्रसादका कविता र गीत* (२००९) आदि उल्लेखनीय छन्। उनले संयुक्त रूपमा पनि केही कृतिहरू अनुवाद गरेका छन्।

मित्रदेव शर्मा

बिहाली माजगाउँमा जन्मिएका मि त्रदेव शर्मा १९४२)) ले साहित्य क्षेत्रमा आफ्नो लगनशीलताद्वारा महत्वपूर्ण योगदान पुर्याएँका छन्। मौलिक र अनुवाद दुवै विधामा , साथै असमिया र नेपाली दुवै भाषामा सशक्त रूपमा कलम चलाउने मित्रदेव शर्माको अनूदित कृति तेलुगु मूलको उपन्यास*जन्मभूमिको सुवास* (२००८) हो।

रवि तिम्सिना

दधिराम तिम्सिना र कृष्णमायाका सुपुत्र रवि तिम्सिना १९५४)) उदालगुडी जिल्लाको रौता स्टेशनका निवासी हुन्। उनी मौलिक कृतिका सर्जक मात्र होइन, अनुवादकका रूपमा पनि परिचित छन्।

उनका दुई प्रमुख अनूदित कृतिहरू शरच्चन्द्र चट्टोपाध्यायका बङ्गला मूलका उपन्यास *परिणीता*र*बडो दीदी*का नेपाली अनुवाद हुन्, जसलाईठू*ली दीदी* (२०११) शीर्षकमा प्रकाशित गरिएको छ।

बद्री गुरागाईं

अविभक्त नलबारी तथा वर्तमान बक्सा जिल्लाका निवासी बद्री गुरागाईं १९५९)) पूर्वोत्तर भारतको नेपाली साहित्यको फाँटमा एक चर्चित नाम हुन्। मौलिक रचनाका साथै अनूदित कृतिहरूबाट उनले यस भेगको साहित्यलाई समृद्ध पारेका छन्। असमिया साहित्यका केही चर्चित कथाकारका कथाहरू अनुवाद गरी उनले*निर्वाचित असमिया कथा*शीर्षकमा सन् २००९मा प्रकाशित गराएका छन्।

यसका अतिरिक्त जानकी उपाध्याय , केदारकल्प लम्साल आदिको सहयोगमा कमलकुमार जैनका कवितासङ्ग्रह*आलोड़ित अभिव्यक्ति*लाई*कल्पित बाँच्छा* (२००५) शीर्षकमा नेपालीमा अनुवाद गरेका छन्।

नव सापकोटा

मौलिक कविता, कथा, निबन्ध र नाटकका सर्जक गुवाहाटी निवासी नव सापकोटा १९५०)) अनुवाद कलामा पनि दक्ष देखिन्छन्। उडिया मूलका कवि सन्तकान्त महापात्रका कविताहरूको नेपाली अनुवाद सङ्ग्रह *शब्दको आकाश* (२०१०) उनका प्रमुख अनूदित कृतिहरूमध्ये एक हो।

सञ्जीव उपाध्याय

विश्वनाथ चारालीको गलापोखरी निवासी शिवप्रसाद उपाध्याय र टिका देवीका सुपुत्र सञ्जीव उपाध्याय १९७०)) ले स्थानीय बाबुजी हाईस्कुलबाट म्याट्रिक परीक्षा उत्तीर्ण गरी विश्वनाथ महाविद्यालयबाट बी हासिल गरे। .एस्सी. उपाधि प्राप्त गरेका छन्। .डी.तथा पीएच .एस्सी.पछि गुवाहाटी विश्वविद्यालयबाट एम

जामुगुडीस्थित त्यागवीर हेमबहादुर कलेजमा अध्यापनरत उपाध्यायले नेपाली, असमिया तथा अङ्ग्रेजी भाषामा निरन्तर लेखन गर्दै आएका छन्। उनका रचनाका केही कृतिहरू विश्वविद्यालयस्तरका पाठ्यपुस्तकका रूपमा प्रकाशित छन्। अर्नेस्ट हेमिङ्वेको विश्वविख्यात उपन्यास*The Old Man and the Sea*को नेपाली अनुवाद*बुढो मान्छे र सागर* (२०१०) तथा अलेक्जान्दर डुमासको *The Count of Monte Cristo*को नेपाली अनुवाद *मोन्टे क्रिस्टोको अधिपति* (२०११) उनका प्रमुख अनूदित कृतिहरू हुन्।

वर्मा शर्मा

शोणितपुर जिल्लाको बिहाली माजगाउँमा जन्मिएकी वर्मा शर्मा १९५६)) हाल गहपुरकी निवासी हुन्। हिन्दीमा एम तथा रत्न उपाधि प्राप्त गरेकी शर्मा शिक्षण पेशामा .ए.ा संलग्न रहँदै आएका छन्। मौलिक कथा कविताका साथै– उनका केही अनूदित कृतिहरू पनि प्रकाशित छन्, जसले उनको साहित्यिक साधनाको साक्ष्य दिन्छ।

असमिया र नेपाली दुवै भाषामा कलम चलाउने वर्मा शर्माले असमिया साहित्यकार शिलभद्र रविन्द्रमोहन) को कथा सङ्ग्रह (दत्तचौधुरी*मधुपुर बहुदूरको* नेपाली अनुवाद*मधुपुरको सम्झना* (२०११) का रूपमा प्रस्तुत गरेकी छन्।

रश्मिरेखा शर्मा

गहपुर निवासी फणिन्द्र शर्मा र वर्मा शर्माकी सुपुत्री रश्मिरेखा शर्माले छात्रावस्थादेखि नै साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएकी छन्। एक मेधावी छात्राका रूपमा परिचित रश्मिरेखा हाल प्रशासनिक सेवामा संलग्न छन्।

कविता, कथा, निबन्धका साथै अनुवादमा विशेष रुचि राख्ने रश्मिरेखाका प्रकाशित कृतिहरूमध्ये असमिया कथाकार महिम बराको उपन्यास *एधार्नी माहिरी हाँहि* को नेपाली अनुवाद *एधार्नी सानीको हाँसो* (२०१०) उल्लेखनीय छ। उनको अर्को अनूदित कृति हो होमेन बरगोहाइँको उपन्यास*मृगसन्धान* (२०११)।

खगेन शर्मा

उदालगुडी निवासी हाल गुवाहाटी विश्वविद्यालयको आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभागका प्राध्यापक डा खगेन शर्मा नेपाली भाषा विकासका साथा अनुवा लाचद कार्यमा पनि संलग्न छन्। उनले अङ्ग्रेजीबाटदीपककुमार पाण्डाको bezbaroa and Sambalpurलाई नेपालीमा बेजबरुवा र सम्बलपुर अनुवाद (२०१९) गरेका छन् भने अरूप कुमा दत्तको ASSAM'S BRAVEHEART LACHIT BARPHUKAN लाई असमका महावीर लाचित बरफुकन शर्माले साहित्य अकादमीका लागि. नाम राखी अनुवाद गरेका छन्। डा (२०२३) नेपालीमा अनूदित केही असमीया कथा सम्पादन गरेका छन्। उनले एनबीटीको अङग्रेजी बाल कथा (२०२४)Heros Do not Grow on Treesलाई नेपालीमा नायकहरू रुखमा फल्दैनन्नाम राखी अनुवाद गरेका छन्। तामिल साहित्यको (२०२२) Avvaiyaar को AaththiSoodi लाई नेपालीमा आत्ती सुदी नाम नै राखी अनुवाद गरेका छन्। (२०२६)

रुद्र बराल

शोणितपुर जिल्लाको बड़सोला निवासी रुद्र बरालले नेपाली साहित्यको सेवा गर्दै विभिन्न भाषाबाट महत्त्वपूर्ण कृतिहरूको अनुवाद गरेका छन्। उनका प्रमुख अनुवाद कार्यहरूमा सहिद-ए-आजम भगत सिंह (हिन्दीबाट असमिया ,

२००७), विप्लवी आन्दोलनर मतादर्शगत उत्तरण (अङ्ग्रेजीबाट असमिया , २००८), दमिताको दस्तावेज (असमियाबाट नेपाली, २०१६), काव्याले आफ्नो मन स्थिर गरी (अङ्ग्रेजीबाट नेपाली , २०२१) तथा हजुराआमाले पढाएको पाठ (अङ्ग्रेजीबाट नेपाली, २०२१) उल्लेखनीय छन्।

जयन्तकृष्ण शर्मा

शोणितपुर निवासी वर्तमान हुवाहाटी विस्वविद्यालयको राजमीतिविज्ञान विभागका प्राध्यापक डा जयन्त कृष्णले नेपालीबाट असमियामा अनुवाद गरेका छन् भने अङग्रेजीबाट Nail लाई नेपाली पुच्छर(१९९५) नाम कथा राखी एनबीटीका लागि अनुवाद गरेका छन्।

वैद्यनाथ उपाध्याय

उदालगुडी निवासी वैद्यनाथ उपाध्यायले पत्रकारितासँगै अनुवाद कार्य पनि गरेका छन्। उनले हिन्दी र बोडो भाषाबाट नेपालीमा विभिन्न साहित्यिक कृतिहरू अनुवाद गरेका छन्। उनका प्रमुख अनुवाद कृतिहरू यस प्रकार छन् — हिन्दी लेखिका अरूणा सब्बरवालको कथा सङ्ग्रह क्लब क्रौलिङ को नेपाली अनुवाद क्लब क्रौलिङ (२०२२), हिन्दी लेखिका अञ्जना वर्माको कथा सङ्ग्रह दबी हुई फाइल को नेपाली अनुवाद दबिएको फाइल र बोडो भाषाका (२०२३) ।(२०२५)लेखक नन्देश्वर दैमारीको कथा सङ्ग्रह जीउ सफरनि दाखोन को नेपाली अनुवाद जीवनको सफरमा लागेको दाग

चम्पा उपाध्याय

कामरूप निवासी चम्पा उपाध्याय मुख्यतः अनुवादकका रूपमा परिचित हुन्। उनले नेपाली र असमियाबीच साहित्यिक कृतिहरूको अनुवाद गर्दै भाषा –सांस्कृतिक सेतु निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएकी छिन्। उनका अनुवाद कृतिहरूमध्ये नेपालीबाट असमियामा अनुवाद गरिएका उपन्यासहरूमा अथाह पर्दछन् भने (२०१९) र मालती (२०१५) उल्लेखनीय छन्। (२०२२) र अरण्य (२०२१)असमियाबाट नेपालीमा अनुवाद गरिएका उपन्यासहरूमा डम्पू

पूजा आचार्य

शोणितपुर जिल्लाको कुसुमतला निवासी पूजा उपाध्यायले असमिया भाषाका साहित्यिक कृतिहरूलाई नेपालीमा अनुवाद गर्ने कार्य गरेकी छिन्। उनी एक सफल अनुवादकका रूपमा देखापरेकी छिन्। उनले अनुराधा शर्मा पूजारीको असमिय कृति 'इयात एखन अरण्य आसिल ' लाई नेपालीमा 'यहाँ एउटा जङ्गल थियो ' (२०२४ शीर्षकमा (अनुवाद गरेकी छिन्। साथै, डा मृणाल कलिताको बाल उपन्यास .'बकुल फुलर दरे ' लाई 'बकुल फुलसरी' (२०२५(शीर्षकमा नेपालीमा रूपान्तरण गरेकी छिन्। यी दुवै कृतिले असमिया भाषाका लागि २०२१ सन्मा क्रमशः साहित्य अकादमी र साहित्य अकादमी बाल साहित्य पुरस्कार प्राप्त गरेका हुन्।

तिलक ओली

बाक्सा निवासी तिलक ओसि पनि अनुवाद जगतमा प्रवेश गरेका छन्। उनले असमिया उत्कृष्ट लेखक 'अनुराधा शर्मा पुजारी'को 'साहेबपुरार बरखुन'लाई 'नेपाली'मा 'साहेबपुरको झरी'(२०२३ शीर्षकमा अनुवाद गरेका छन्। (

स्वनिरीक्षण

प्रश्न नम्बर- ५. पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यले सामाजिक र सांस्कृतिक क्षेत्रमा के कस्तो योगदान पुर्याएको छ?

यसरी हेर्दा पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यले क्रमिक रूपमा समृद्धि हासिल गर्दै आएको स्पष्ट देखिन्छ। प्रारम्भिक चरणमा संस्कृत, हिन्दी तथा अन्य भारतीय भाषाबाट नेपालीमा धार्मिक, दार्शनिक तथा नैतिक कृतिहरू अनूदित भए भने पछिल्ला चरणमा असमिया , बङ्गला, अङ्ग्रेजी, रूसी, तेलुगु आदि भाषाबाट कथा , उपन्यास, कविता, नाटक तथा निबन्धहरू नेपालीमा अनुवाद हुन थालेका छन्। यसले नेपाली पाठकलाई विश्वसाहित्यसँग प्रत्यक्ष रूपमा परिचित गराउने महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

पूर्वोत्तर भारतजस्तो बहुभाषिक तथा बहुसांस्कृतिक परिवेशमा अनुवाद साहित्य केवल भाषिक अभ्यास मात्र नभई सांस्कृतिक सेतुका रूपमा पनि स्थापित भएको छ। अनुवादमार्फत एक भाषाका अनुभूति , विचार र जीवनदृष्टि अर्को भाषिक समुदायसम्म पुग्ने हुँदा आपसी समझदारी, सहिष्णुता र सांस्कृतिक सद्भाव अभिवृद्धि भएको देखिन्छ। यही कारणले अनुवाद साहित्यलाई साहित्यको सहायक विधा मात्र नभई स्वतन्त्र र सशक्त विधाका रूपमा स्वीकार गर्न थालिएको छ।

आजको विश्वव्यापीकरणको युगमा अनुवादको आवश्यकता झन् बढ्दै गएको छ। नयाँ पुस्ताका नेपाली लेखक तथा साहित्यकारहरूले अनुवादलाई सिर्जनात्मक कर्मका रूपमा आत्मसात् गर्दै विभिन्न भाषाका उत्कृष्ट कृतिहरू नेपालीमा ल्याइरहेका छन्। यस प्रक्रियाले पूर्वोत्तर भारतको नेपाली साहित्यलाई गुणात्मक र परिमाणात्मक दुवै दृष्टिले समृद्ध बनाउने अपेक्षा गर्न सकिन्छ।

अन्ततः भन्नुपर्दा, पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यले नेपाली भाषा , साहित्य र संस्कृतिको विस्तारमा उल्लेखनीय योगदान पुर्याएको छ। यस क्षेत्रका अनुवादकहरूको निरन्तर साधना , लगनशीलता र भाषिक चेतनाले भविष्यमा अझ सशक्त र व्यापक अनुवाद परम्परा निर्माण गर्ने विश्वास गर्न सकिन्छ।

११.४ अनुवाद प्रवृत्ति

पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको विकासक्रम हेर्दा यसमा स्पष्ट रूपमा देखिने संक्रमण –प्रवृत्ति तीन चरणमा विभाजित भएको पाइन्छ। प्रारम्भिक चरणमा अनुवाद मुख्यतः संस्कृत , हिन्दी तथा अन्य भारतीय भाषाबाट नेपालीमा धार्मिक, दार्शनिक र नैतिक ग्रन्थहरूलाई केन्द्रमा राखेर गरिएको देखिन्छ। यस चरणको उद्देश्य जनसाधारणलाई शास्त्रीय ज्ञान र धार्मिक–नैतिक चेतनासँग जोड्नु थियो, जहाँ अनुवादलाई शिक्षण र बोधगम्यताको माध्यमका रूपमा प्रयोग गरिएको पाइन्छ।

दोस्रो चरणमा प्रवेश गर्दा अनुवादको क्षेत्र क्रमशः साहित्यिक विधातर्फ उन्मुख हुँदै गएको देखिन्छ। यस अवधिमा असमिया, बङ्गला, हिन्दी र अङ्ग्रेजी भाषाका कथा, उपन्यास, कविता र नाटकहरू नेपालीमा अनूदित हुन थाले। अनुवाद अब केवल ज्ञान प्रसारणको साधन मात्र नभई साहित्यिक अभिव्यक्तिको महत्वपूर्ण माध्यमका रूपमा स्थापित हुन थाल्यो। यही चरणमा हरिनारायण उपाध्याय , मणिसिंह गुरुङ, हरिप्रसाद शर्मा खनाल, अघिनबहादुर क्षेत्री, हरिभक्त कटुवालजस्ता अनुवादकहरूको सक्रियताले लिखित अनुवाद परम्परालाई मजबुत बनायो।

तेस्रो तथा समसामयिक चरणमा आइपुग्दा अनुवाद साहित्यले गुणात्मक र परिमाणात्मक दुवै दृष्टिले उल्लेखनीय विस्तार गरेको देखिन्छ। १९९० को दशकपछि अनुवादलाई स्वतन्त्र र सृजनात्मक साहित्यिक विधाका रूपमा ग्रहण गर्ने प्रवृत्ति सशक्त बनेको छ। यस अवधिमा असमिया, अङ्ग्रेजी, रूसी, तेलुगु, बङ्गला आदिबाट मात्र होइन, नेपालीबाट अन्य भाषामा समेत अनुवाद कार्य तीव्र रूपमा अघि बढेको छ। अनुवाद अब सांस्कृतिक सेतु , साहित्यिक संवाद र विश्वसाहित्यसँग नेपाली पाठकलाई जोड्ने प्रभावकारी माध्यम बनेको छ।

यसरी हेर्दा, पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्य धार्मिक–शैक्षिक प्रयोजनबाट सुरु भई साहित्यिक सौन्दर्य र अन्ततः विश्वसाहित्यसँगको सृजनात्मक संवादतर्फ संक्रमण हुँदै आएको स्पष्ट देखिन्छ। यही संक्रमण –प्रवृत्तिले अनुवाद साहित्यलाई सहायक विधाबाट मुक्त गर्दै एक सशक्त, स्वायत्त र सम्मानित साहित्यिक विधाका रूपमा स्थापित गरेको छ।

प्रमुख बुँदा

१. **बहुभाषिक–बहुसांस्कृतिक पृष्ठभूमि**

पूर्वोत्तर भारत बहुभाषिक र बहुसांस्कृतिक क्षेत्र भएकाले नेपाली भाषा अन्य भाषासँग निरन्तर सम्पर्कमा रहँदै आएको छ, जसले अनुवाद साहित्यको विकासलाई स्वाभाविक र आवश्यक बनाएको छ।

२. **प्राचीन परम्पराबाट आधुनिक विकाससम्म**

नेपाली अनुवाद परम्परा संस्कृत ग्रन्थहरूको अनुवादबाट सुरु भई आधुनिक कालमा असमिया, बङ्गला, हिन्दी, अङ्ग्रेजी, रूसी, तेलुगु आदि भाषाका विविध साहित्यिक विधासम्म विस्तार भएको छ।

३. **साहित्यिक तथा सांस्कृतिक सेतुको भूमिका**

अनुवादले विभिन्न भाषाभाषी समुदायबीच साहित्यिक आदान–प्रदान गर्दै सांस्कृतिक सद्भाव, सहिष्णुता र आपसी समझदारी अभिवृद्धि गरेको छ।

४. **प्रमुख अनुवादक र कृतिहरूको योगदान**

हरिनारायण उपाध्यायदेखि समसामयिक अनुवादकहरूसम्मका कृतिहरूले पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यलाई समृद्ध र सुदृढ बनाएका छन्।

५. **अनुवादको विधागत विस्तार र स्वीकृति**

कथा, उपन्यास, कविता, नाटक, निबन्ध, जीवनी, पाठ्यपुस्तक आदि विविध विधामा अनुवाद भई अनुवाद साहित्य स्वतन्त्र साहित्यिक विधाका रूपमा स्थापित भएको छ।

६. **समकालीन सन्दर्भ र भविष्यको सम्भावना**

विश्वव्यापीकरणको सन्दर्भमा अनुवादको आवश्यकता बढ्दै गएको छ र नयाँ पुस्ताका अनुवादकहरूको सक्रियताले भविष्यमा पूर्वोत्तर भारतको नेपाली अनुवाद परम्परा अझ व्यापक र सशक्त हुने अपेक्षा गर्न सकिन्छ।

५. सारांश

पूर्वोत्तर भारतको बहुभाषिक र बहुसांस्कृतिक परिवेशमा नेपाली अनुवाद साहित्यको विकास क्रमिक र समृद्ध रहँदै आएको छ। संस्कृत, असमिया, बङ्गला, हिन्दी, अङ्ग्रेजी, रूसी, तेलुगु आदि भाषाबाट नेपालीमा तथा नेपालीबाट अन्य भाषामा भएका अनुवादहरूले नेपाली भाषा र साहित्यको दायरा विस्तार गरेका छन्। विभिन्न कालखण्डमा सक्रिय अनुवादकहरूका कृतिहरूले साहित्यिक आदान –प्रदानलाई सुदृढ गर्दै नेपाली पाठकलाई राष्ट्रिय तथा विश्वसाहित्यसँग जोड्ने काम गरेका छन्। यसरी अनुवाद साहित्यले भाषा मात्र होइन , संस्कृति, विचार र चेतनाको सेतुको भूमिका निर्वाह गरेको देखिन्छ।

६. उपसंहार

समग्रमा हेर्दा, पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्य नेपाली साहित्यको एक सशक्त र स्वतन्त्र विधाका रूपमा स्थापित हुँदै गएको छ। बहुभाषिक समाजमा अनुवादले आपसी समझदारी , सांस्कृतिक सद्भाव र राष्ट्रिय एकतालाई बल पुर्याुएको छ। विश्वव्यापीकरणको वर्तमान सन्दर्भमा अनुवादको आवश्यकता अझ बढ्दो भएकाले नयाँ पुस्ताका अनुवादकहरूको सक्रियताबाट यस परम्परा भविष्यमा अझ सुदृढ र व्यापक बन्ने अपेक्षा गर्न सकिन्छ। यसरी पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यले नेपाली भाषा , साहित्य र संस्कृतिको निरन्तर विकासमा दीर्घकालीन योगदान पुर्या उने विश्वास गर्न सकिन्छ।

११.७ थप अध्ययनका लागि

- अधिकारी, बलराम. अनुवाद सिद्धान्त र प्रयोग. काठमाडौं : त्रिपिटक प्रकाशन्, २०७१।
- अधिकारी, बलराम (अनु.). अनुवाद अध्ययन परिचय (दो.सं.). काठमाडौं : रत्न पुस्तक भण्डार्, २०७२।
- अधिकारी, हेमाङ्ग राज. समसामयिक व्याकरण. काठमाडौँ : कुञ्जल प्रकाशन।
- अधिकारी, हेमराज. भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार्, २०६७।
- उप्रेती, गङ्गाप्रसाद (प्रधान सम्पा.). प्रज्ञा नेपाली शैक्षणिक व्याकरण. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

- कोइराला, अयुत बाबु. पत्रपत्रिकाको विश्व इतिहास. ताहाचल : जे. के. जैन बुक्स एन्ड स्टेशनरी, २०६०।
- क्षेत्री, यमबहादुर. "विश्वसाहित्यबाट नेपालीमा अनूदित कृतिहरू : एक परिचर्चा". नेपाल प्रज्ञा–प्रतिष्ठान एवं चेतना।
- शर्मा, खगेन. फाङ्सनेल नेपाली. गुवाहाटी : आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभाग, गुवाहाटी विश्वविद्यालय, सन् २०२५।
- शर्मा, खगेन. नेपाली क्रियाको रूपावली. गुवाहाटी : पूर्वायण पब्लिकेसन, सन् २०२२।
- शर्मा, शिवराज. पूर्वोत्तर माध्यमिक नेपाली व्याकरण र रचना. गान्तोक : जनपक्ष प्रकाशन, २००८।
- थापा, रेणुका."अनुवादबारे केही कुरा".नेपाल प्रज्ञा–प्रतिष्ठान एवं चेतना संरक्षण प्रतिष्ठान, विराटनगरको तत्वावधानमा आयोजित गोष्ठीमा प्रस्तुत कार्यपत्र, २०६८।
- दाहाल, राजकुमार. अनुवाद विमर्श (दो.सं.). सिलगढी : प्रतिमा प्रकाशन, २०१०।
- भट्टराई, गोविन्दराज. "विश्वसाहित्य एवं अनुवादबीचको अन्तरसम्बन्ध...".नेपाल प्रज्ञा–प्रतिष्ठान एवं चेतना संरक्षण प्रतिष्ठान, विराटनगर, गोष्ठी कार्यपत्र, २०६८।.
- नेपाली लेखन शैली, भारतीय भाषा संस्थान र सिक्किम अकादमी, २०११

✓ ११.८ स्वनिरीक्षण

१ नम्बर प्रश्नोत्तर-

पूर्वोत्तर भारत बहुभाषिक र बहुसांस्कृतिक क्षेत्र भएकाले यहाँ बसोबास गर्ने नेपाली समुदाय असमिया, बङ्गला, हिन्दी, बोडो, मिजो, मणिपुरी आदि भाषासँग निरन्तर सम्पर्कमा रहँदै आएको छ। यही भाषिक अन्तर्क्रियाका कारण नेपाली साहित्यमा अनुवादको आवश्यकता बढेको हो। यस परिवेशले अनुवाद साहित्यलाई स्वाभाविक रूपमा विकास गर्न सहयोग पुर्याउँदै नेपाली भाषा र साहित्यलाई समृद्ध बनाएको छ।

२ नम्बर प्रश्नोत्तर-

एउटा भाषामा अभिव्यक्त साहित्यिक वा बौद्धिक कृतिलाई अर्को भाषामा अर्थ, भाव र सन्देश सुरक्षित रहने गरी प्रस्तुत गर्ने प्रक्रियालाई अनुवाद भनिन्छ। अनुवादको मूल उद्देश्य एक भाषामा रहेको विचार , दर्शन र अनुभूतिलाई अर्को भाषिक समुदायसम्म सहज, सरल र बोधगम्य रूपमा पुर्यामउनु हो। यसले ज्ञान, संस्कृति र चेतनाको प्रसारमा सेतुको भूमिका निर्वाह गर्छ।

३ नम्बर प्रश्नोत्तर-

पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको पृष्ठभूमि संस्कृत ग्रन्थहरूको नेपाली अनुवादबाट निर्माण भएको देखिन्छ। वेद, उपनिषद्, पुराण, रामायण, महाभारत, पञ्चतन्त्र, हितोपदेशजस्ता कृतिहरूको अनुवादले नेपाली साहित्यको प्रारम्भिक आधार तयार गर्योन। यसले धार्मिक, नैतिक तथा दार्शनिक चेतनाको विकासमा पनि महत्वपूर्ण योगदान पुर्यादयो।

४ नम्बर प्रश्नोत्तर-

हरिनारायण उपाध्याय पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यका प्रारम्भिक र सशक्त अनुवादक हुन्। उनले कालिदास, भास, भट्टनारायण आदि संस्कृत नाटकहरूलाई नेपालीमा अनुवाद गरी मञ्चनसमेत गराएका थिए। उनका अनुवाद कृतिहरूले नेपाली रंगमञ्च र साहित्यलाई समृद्ध बनाउँदै यस क्षेत्रमा लिखित अनुवाद परम्पराको स्थापनामा महत्वपूर्ण भूमिका खेलेका छन्।

५ नम्बर प्रश्नोत्तर-

पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यले विभिन्न भाषाभाषी समुदायबीच साहित्यिक तथा सांस्कृतिक आदान–प्रदानलाई सुदृढ बनाएको छ। अनुवादमार्फत एक भाषाको विचार र जीवनदृष्टि अर्को समुदायसम्म पुगेकाले आपसी समझदारी, सहिष्णुता र सांस्कृतिक सद्भाव अभिवृद्धि भएको छ। यसरी अनुवाद साहित्य सामाजिक एकता र सांस्कृतिक समन्वयको सशक्त माध्यम बनेको छ।

? ११.९ अभ्यासार्थ

१. पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको अध्ययन गर्नु यस एकाइको प्रमुख उद्देश्य के–के हुन् ?
२. अनुवाद भन्नाले के बुझिन्छ ? मानव सभ्यताको विकासमा अनुवादले कस्तो भूमिका निर्वाह गरेको छ?
३. पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको प्रारम्भिक पृष्ठभूमि कसरी निर्माण भएको देखिन्छ?
४. बहुभाषिक तथा बहुसांस्कृतिक परिवेशले पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यको विकासमा कसरी सहयोग पुर्याबएको छ?
५. पूर्वोत्तर भारतको नेपाली अनुवाद साहित्यले सामाजिक, सांस्कृतिक तथा साहित्यिक क्षेत्रमा पुर्यानएको योगदानको संक्षेपमा चर्चा गर्नुहोस्।

**** **** ***